आशा

प्रकाशक

अमलाचौंर स्कुल अल्मुनाई एसोसियसन र
श्री पृथ्वी उच्च माध्यमिक विद्यालय

सम्पादन मण्डल

राजन पौडेल
चिरन शर्मा

डिजाइन

प्रिन्ट मेकर
बागबजार, फोन : ९८४१-४४७९००

आवरण

अनु योगी

मुद्रण

क्लासिक प्रिन्टिङ्ग सर्भिस
अनामनगर, फोन नम्बर: ०१-४२२४८१०

प्रकाशित प्रति

१०००

ठेगाना

विद्यालय

श्री पृथ्वी उच्च मा.वि, अमलाचौर – ६, अमलाचौर, बागलुङ

अल्मुनाई

अमलाचौंर स्कुल अल्मुनाई एसोसियसन, स्युचाटार– २ नयाँबस्ती, काठमाडौं

वेवसाइट

www.asaanepal.org

इमेल

info@asaanepal.org
asaaamalachour@gmail.com
www.facebook.com/amalachourschool

सम्पादकीय

स्कुले जीवन जीवनकै सबैभन्दा महत्वपूर्ण क्षण हो । बाल्यकालदेखि किशोरावस्थाको महत्वपूर्ण समय स्कुलमा बित्ने गर्छ । कोही पनि व्यक्तिका लागि पहिलो पाठशाला घर र पहिलो शिक्षक आमा हुन्, जहाँ सिकेको सामान्य संवाद् कलालाई स्कुले जीवनको सुरुवात देखि थप समृद्ध पार्दै लगिन्छ । मनोवैज्ञानिकहरू बाल्यावस्थालाई खाली कागजको रूपमा व्याख्या गर्ने गर्छन् । र, त्यही खाली कागजमा सकारात्मक लेखनको सुरुवात मानिन्छ, बाल्यकालको स्कुल प्रवेशको समयलाई । बालबालिकालाई जे सिकायो, जस्तो सिकायो र जस्तो सिकाउने वातावरण सिर्जना गरियो, उनीहरूमा त्यस्तै प्रकृतिको मानसिक परिपक्कता बन्दै जान्छ । सामाजिक प्रतिक्रियामा त्यही पहिलो सिकाइ नै महत्वपूर्ण आधार बन्दछ । किशोरावस्थाको समय त जीवनकै सबैभन्दा संवेदनशील समय मानिन्छ । शारिरीक एवं मानसिक उमेरलाई विश्लेषण गर्ने हो भने बालमनोवैज्ञानिकहरू ११ वर्षको समयलाई प्रारम्भिक किशोरावस्थाको अवस्थामा मान्ने गर्छन् भने १५/१६ वर्षसम्मको उमेर अवस्थालाई किशोरावस्था उत्तरार्धको समय मान्ने गर्छन् । व्यक्तिको जीवनलाई सही मार्गमा लैजाने अथवा गलत कर्ममा फसाउने मुख्य भूमिका निर्वाह गर्छ, यो उमेर समुहले । हरेक बाबुआमा अभिभावक आफ्नो सन्तानको लागि सुखद भविष्यको कल्पना गर्छन् र उनीहरू राम्रो चरित्रको बनुन भन्ने अपेक्षा गर्छन् । सत्मार्ग र खराबबीचको यो द्वन्द्वात्मक अवस्थालाई किशोर किशोरीले छुट्याउन सकेनन् भने भोलिको पुरै जीवन खतरामा पर्ने सम्भावना रहन्छ । सम्पूर्ण स्कुले जीवनमा यही महत्वपूर्ण समय व्यतित हुन्छ कुनै पनि व्यक्तिको ।

जीवनका यिनै महत्वपूर्ण समय बिताएका छौं हामीले पनि स्कुलमा । हामीले पृथ्वी उच्च माध्यमिक विद्यालय अमलाचौर मा स्कुले जीवन पुरा गर्‍यौं । यस विद्यालयमा पढेका हामी पूर्व विद्यार्थीहरू होऔं या वर्तमानका, सबैको बाल्यकालदेखि किशोरावस्थाको उमेर यही ऐतिहासिक विद्यालयमा बितेको छ । हामीलाई सत्मार्गमा अघि बढ्नका लागि हाम्रो प्यारो विद्यालयले प्रेरणा दिएको छ । यहाँ अध्यापन गराउने भूतपूर्व र बहालवाला सबै शिक्षक कर्मचारीप्रति हामी नमन व्यक्त गर्दछौं । स्कुल स्थापनाको लागि पहल गर्ने सबै शिक्षाप्रेमी अभिभावकप्रति हामी गौरवान्वित छौं । उहाँहरूले पहलकदमी नलिएको भए सायद पृथ्वी प्रावि अमलाचौरको स्थापना हुने थिएन र समयक्रममा यो निमावि मावि हुँदै उच्चमाविसम्म आइपुग्ने थिएन ।

हामी अहिले व्यवस्थित र भौतिक पूर्वाधारले भरिपूर्ण विज्ञान प्रविधिको विषय समेत पढाइ हुने क्याम्पसको खोजी गर्न थालेका छौं । हाम्रा अभिभावकहरूले विद्यालय स्थापनाका लागि धेरै पसिना बगाउनुभयो । अब यसको स्थायित्व र गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने सवल शैक्षिक संस्थाको रूपमा विस्तार गर्ने दायित्व हाम्रो काँधमा आएको छ । यो कामलाई मलजल गर्नका लागि पूर्व विद्यार्थीहरूको सक्रियता बढेको छ । हो, यसै का लागि पृथ्वी उच्च माविमा पढेका हामी पूर्व विद्यार्थीहरूले अमलाचौर स्कुल अल्मुनाई एसोसिएसन 'आशा' खोल्यौं । यौटा व्यक्तिको चेतबाट जन्मिएको आशाले सुरुवातबाटै आशावादी काम गर्न थालेकोमा हामी स्वयं गर्व गर्छौं । विद्यार्थी जीवनको पूर्वाधका महत्वपूर्ण १०/११ वर्ष बिताएको स्कुलका लागि केही गर्नुपर्छ भन्ने अग्रगामी सोचका साथ डा. हेमराज शर्माको अगुवाईमा अघि बढेको आशाले स्कुलको भौतिक र शैक्षिक स्तरोन्नतीका लागि सक्रिय भूमिका निर्वाह गर्ने लक्ष्य लिएको छ । तत्कालका लागि भने कमसेकम स्कुलबारे सही सूचना र तथ्याङ्क दिनका लागि हामीले प्रयत्न गरेका छौं । पृथ्वी उच्च माविसँगको सहकार्यमा 'आशा' नामको स्मारिका तयार भएको छ । यसप्रति हामी धेरै नै आशावादी बनेका छौं ।

हुन त हाम्रो सोच २०७२ बैशाख १ गते विमोचन गर्नेगरी स्मारिका प्रकाशन गर्ने भन्ने थियो । स्कुलको सही र तथ्यपरक तथ्याङ्क संकलन गर्न हामीलाई केही समय लाग्यो र विस्तारै पछि धकेलियो । बैशाखको तेस्रो सातामा प्रकाशित गर्नेगरी काम अघि बढ्दै गरेको समयमा बैशाख १२ गतेको विनाशकारी भूकम्पले हाम्रो आशा नराम्रोसँग प्रभावित भयो । राजधानी काठमाडौं देखि हाम्रै गाउँ अमलाचौर समेत भूकम्पबाट क्षतिग्रस्त भयो । हाम्रा विद्यार्थी भाईबहिनीका घर भत्किन पुगे । हामी अमलाचौर लगायत देशभर भूकम्पबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दछौं र भूकम्पमा परि निधन हुने सबै मृतकप्रति गहिरो समवेदना व्यक्त गर्न चाहन्छौं । सबै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

ढिलै भएपनि अन्ततः आशाले आफ्नो स्वरुप ग्रहण गरेको छ । आशाको यो पहिलो अंक हो । यसमा हामीले स्कुलसँग सम्बन्धित धेरै तथ्याङ्कलाई सम्बोधन गर्न प्रयास गरेका छौं । यो अझै पनि पूर्ण नहुन सक्छ । हामीले यसलाई सुरुवातका रूपमा मात्र हेरेका छौ । यो अन्तिम दस्तावेज होइन्, सबैले यसैअनुसार बुझिदिनुहुनेछ भन्ने हामी विश्वास गर्दछौं । भोलिको दिनमा थप तथ्यप्रमाणसहित इतिहासको गम्भीर अन्वेषण हुनेछ भन्नेमा हामी हाम्रा अभिभावकसामु प्रतिवद्धता जनाउँछौं । आगामी अंक अझ बढी परिस्कृत र पढनीय हुनेछ भन्नेमा हामी विश्वास दिलाउन चाहन्छौं ।

काठमाडौं, नेपाल

प्रधानमन्त्री

शुभकामना

नाग्लुङ्ग जिल्लाको अमलाचौरमा अवस्थित **पृथ्वी उच्च माध्यमिक विद्यालयमा** अध्ययन गरेका पूर्व विद्यार्थीहरुको सक्रियतामा स्थापित **अमलाचौर स्कूल पूर्व विद्यार्थी संघ,नार्गाजुन नगरपालिका स्यूचाटार काठमाण्डौंले स्मारिका** प्रकाशित गर्न लागेकोमा मलाई ज्यादै खुसी लागेको छ ।

शिक्षा मानव जातिको उन्नति र प्रगतिको पहिलो र ज्यादै प्रभावकारी माध्यम हो । सभ्य नागरिक र आदर्श समाज निर्माण गर्न शिक्षाको महत्वपूर्ण योगदान रहेको हुन्छ । शिक्षा बिना सामाजिक, आर्थिक, सांस्कृतिक ,विज्ञान-प्रविधि लगायत कुनै पनि क्षेत्रको विकासको कल्पना गर्न सकिंदैन । मानवीय व्यवहारमा सकारात्मक परिवर्तन ल्याई सभ्य र समुन्नत समाज निर्माण गर्न शिक्षाको भूमिका अग्रणी रहने भएकाले हाम्रो शिक्षा प्रणालीलाई गुणस्तरीय, प्रतिस्पर्धी, वैज्ञानिक र व्यवहारिक बनाउन अपरिहार्य हुन्छ । विद्यालय परिवार सहित शिक्षामा सरोकार राख्ने समस्त नागरिकहरुले यसमा यथेष्ट ध्यान दिनुपर्दछ । शिक्षालाई सर्वसुलभ, गुणस्तरीय, समयानुकूल,रोजगारमुखी र व्यवहारिक बनाउन सरकार सदैव तत्पर रहेको छ ।

आफ्नो समाजलाई सुशिक्षित, सुसंस्कृत बनाउदै वैज्ञानिक शिक्षाको ज्योति फैलाउन आफूहरुले शिक्षा आर्जन गरेको **पृथ्वी उच्च माध्यमिक विद्यालयको** कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने उद्देश्यले **अमलाचौर स्कूल पूर्व विद्यार्थी संघले** विज्ञान प्रयोगशाला स्थापनाका निमित्त कोष जुटाउने जुन प्रयास थालेकोछ, त्यो ज्यादै प्रशंसनीय छ । यस विद्यालयमा शिक्षा लिएर स्वदेश तथा विदेशका विभिन्न क्षेत्रमा सेवा गरिरहेका पूर्व विद्यार्थीहरुले यो प्रयासलाई साकार पार्ने मैले विश्वास लिएको छु ।

अमलाचौर स्कूल पूर्व विद्यार्थी संघले प्रकाशन गर्ने **स्मारिकाले** यस संस्थाको मात्र नभएर **पृथ्वी उच्च माध्यमिक विद्यालयको समेत** इतिहास र वर्तमानलाई समेट्ने छ । यो **"स्मारिका"** पूर्व विद्यार्थी संघ र विद्यालय परिवारका सदस्यहरुको प्रतिभा प्रष्फुटनको माध्यम पनि बन्ने छ भन्ने मेरो विश्वास छ । यस अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दै विद्यालयका सम्पूर्ण अध्यापक-अध्यापिका, विद्यार्थी, कर्मचारी, अभिभावक लगायत शिक्षाप्रेमीहरुलाई उहाँहरुको योगदानका लागि धन्यवाद दिन चाहन्छु । **स्मारिकाको** सम्पादन समूह सहित प्रकाशक **पूर्व विद्यार्थी संघ परिवारलाई** मेरो **हार्दिक शुभकामना** ।

जय नेपाल !

१३ चैत २०७१ ।

(सुशील कोइराला)

नेपाल सरकार
शिक्षा मन्त्रालय
माननीय मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार

फोन नं. : ४२००३५३
फ्याक्स नं. : ४२००३७३

मिति: २०७२/०१/१०

प. सं:
च.नं.:

विषय :- शुभकामना

श्री पृथ्वी उच्च माध्यमिक विद्यालय अमलाचौर बागलुङका भूतपूर्व विद्यार्थीहरूले अमलाचौर विद्यालय पूर्व विद्यार्थी संघ गठन गरी विद्यालयको उन्नयनमा योगदान पुऱ्याउँदै आएको तथा आफ्ना गतिविधिहरूलाई समेटेर स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ ।

हरेक वर्ष विद्यलायले आफ्ना फूलबारीमा फूलाएका फूलरुपी विद्यार्थीहरूलाई असल भविष्यको कामना गर्दै विदा गर्ने गर्दछ र विद्यार्थीहरू आ-आफ्नो रुची र क्षमता अनुसारका अध्ययन तथा पेशामा लागेका हुन्छन् । धेरैले आफ्नो शिक्षाको सुरुवाता गरेको विद्यालयलाई भुल्ने गरेको पाइन्छ । तर, अमलाचौरका कर्मठ हातहरूले आफु देशविदेशको विभिन्न भागमा बसेर कर्ममा लागिरहेको समयमा पनि आफ्नो विद्यालयको विकासमा पुर्‍याएको योगदान सराहनीय छ । यस्तै, हरेक विद्यालयबाट हरेक वर्ष बाहिरिने विद्यार्थीहरूले थोरै भए पनि सहयोग पुऱ्याउने हो भने शिक्षा विकासमा ठूलो यो गदान पुग्नेछ । यहाँहरूले सुरुवात गर्नुभएको असल कामको अनुशरण गर्न अन्य विद्यालयका भूपू विद्यार्थीहरूलाई पनि प्रेरणा मिल्नेछ भन्ने आशा एव्म विश्वास लिएकी छु ।

अन्त्यमा, विभिन्न ठाउँमा विभिन्न पेशामा लाग्नुभएका अमलाचौरका भूपू विद्यार्थीहरूको कामको अनुशरण गर्न सबैलाई प्रेरणा मिलोस भन्दै शैक्षिक उन्नयनमा लागेका योगदानकर्ताहरूलाई धन्यवादका साथै सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

(चित्रलेखा यादव)
मन्त्री

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

०६८.५२०१०५
०६८.५२११०२

जिल्ला शिक्षा कार्यालय
बागलुङ

पत्र संख्या : ०७०।०७१
च.नं. :

मिति :२०७१।१२।१०

शुभकामना ।

श्री पृथ्वी उच्च माध्यमिक विद्यालय अमलाचौर, बागलुङले नयां वर्ष २०७२ को पावन अवसरमा विद्यालयको स्थापनाकाल देखि हाल सम्मको शैक्षिक, आर्थिक तथा अन्य विविध पक्षलाई समेटेर स्मारिका प्रकाशन गर्न लागेको जानाकारी पाउँदा अत्यन्तै खुशी लागेको छ ।

शिक्षा देश विकासको आधारस्तम्भ हो । जुनसुकै देशमा पनि आर्थिक एवं सामाजिक विकास गर्नका लागि शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । २१ औं शताब्दीको माग अनुसार सम्पूर्ण बालबालिकालाई गुणस्तरीय शिक्षाको पहुँच पुर्‍याउनु राज्यको दायित्व हो । गुणस्तरीय शिक्षा प्राप्तिका लागि विविध शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने मुख्य थलो नै विद्यालय हो । यस विद्यालयले स्मारिका प्रकाशन मार्फत शिक्षक विद्यार्थीका लेख रचना तथा विद्यालयका ऐतिहासिक गतिविधि समावेश गरी शैक्षिक सन्दर्भ सामाग्रीको रुपमा उपयोग गर्ने गरी आफ्नो शैक्षिक सूचना र सचेतनाको कोसेली पस्कने जमर्को गर्नु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसले सम्पूर्ण विद्यालय समुदाय लगायत आम सरोकारवालाहरुका लागि समेत यस स्मारिका अत्यन्त उपयोगी हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

यस स्मारिका प्रकाशनका लागि अहोरात्र खट्नुहुने सम्पूर्ण विद्यालय परिवार तथा पूर्व विद्यार्थी संघ प्रति हार्दिक धन्यबाद व्यक्त गर्दै विद्यालयको सर्वाङ्गीण विकासमा सबै सरोकारवालाहरुको सहयोग र समन्वय रहन सकोस् र शैक्षिक उत्कृष्टता हासिल गरोस भन्ने शुभेच्छाका साथ स्मारिका प्रकाशनको उद्देश्य प्राप्तिमा सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०७१।१२।१०

विष्णुप्रसाद तिवारी
जिल्ला शिक्षा अधिकारी
जिल्ला शिक्षा कार्यालय
बागलुङ ।

मा. प्रकाश शर्मा पौडेल
संविधान सभा सदस्य
एवं
सभापति नेपाली कांग्रेस बागलुङ

Hon'ble Prakash Sharma Paudel
C.A. Member
&
President, Nepali Congress Baglung

शुभकामना

मिति:- २०७२/३/१५

झण्डै ६ दशक पहिला शिक्षाको ज्योति छर्ने उद्देश्यले स्थापना भएको यस श्री पृथ्वी उच्च माध्यामिक विद्यालयका पूर्व विद्यार्थी डा. हेमराज शर्मा अध्यक्ष रहेको यस अमलाचौर पूर्व विद्यार्थी संघ गठन गरी विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धि गर्न तथा यस विद्यालयमा अध्यानरत विद्यार्थीहरुको सुनौलो भविष्य निर्माणमा टेवा पुऱ्याउने उद्देश्यका साथ देश र विदेशमा रहेका यस विद्यालयका पूर्व विद्यार्थीहरु ऐक्यबद्धता गर्दै विद्यालयको गतिविधि इतिहास र तथ्याङ्कहरु समेटेर पहिलो चोटि स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ ।

हाम्रो सुन्दर देश नेपाल त्यसमा पनि नेपाल जस्तै भौगोलिक अवस्था रहेको बागलुङ, पर्यटकिय स्थल भैरव स्थान रहेको बलेवामा अवस्थित गा.वि.स बडा नं. ६ मा रहेको यस श्री पृथ्वी उच्च माध्यामिक विद्यालयको इतिहास धेरै लामो छ । यस विद्यालयले आफ्ना फुलवारीमा फुलाएका फूल रुपी विद्यार्थीहरुलाई असल भविष्यको कामना गर्दै विदा गर्दछ र विद्यार्थीहरुले आ-आफ्नो रुची र क्षमतामा लागेका हुन्छन् । कसैले पनि आफूले अध्यायन गरेको विद्यालय भूल्न सक्दैन । जसरी अमलाचौरका पूर्व विद्यार्थीहरुले देश विदेशका विभिन्न ठाउँहरुमा यसैर विद्यालयको विकासमा योगदान पुऱ्याउनु भएको छ । त्यस्तै हरेक वर्ष विद्यालयबाट बाहिरिने विद्यार्थीहरुले थोरै भएपनि सहयोग पुऱ्याउने हो भने शिक्षा विकासमा ठूलो योगदान पुग्नेछ । जुन जमकों यस विद्यालयका पूर्व विद्यार्थीले गर्नुभएको छ ।

अन्त्यमा विभिन्न ठाउँ विभिन्न देश विविध पेशामा लाग्नु भएका यस पृथ्वी उच्च माध्यामिक विद्यालयका पूर्व विद्यार्थीहरुको कामको अनुशरण गर्न सबैलाई प्रेरण मिलोस आगामी दिनहरुमा पनि यस विद्यालयले प्रगतिको शिखर चुम्न सफल होस् । यस विद्यालयका विद्यार्थीहरु सच्चा इमान्दार, समाजसेवी र देश प्रेमी बनुन् भन्दै समग्र विद्यालय परिवार श्री पृथ्वी उच्च माध्यामिक विद्यालय पूर्व विद्यार्थी संघ प्रति धन्यावादका साथै सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

प्रकाश शर्मा पौडेल
सभासद
नेपाली कंग्रेस क्षेत्र नं. २ बागलुङ

फोन:-०१४४७६९९९/९८५७६२०१५८/९८४१३६८७०० इमेल:- prakashpaudelnc@yahoo.com

"तमसोमा ज्योतिर्गमय"

पृथ्वी उच्च माध्यमिक विद्यालय
Prithvi Higher Secondary School

अमलाचौर, बागलुङ, नेपाल

Amalachaur, Baglung, Nepal

स्था: २०७७ (Estd:2017)

पत्र संख्या/Let. No. :
चलानी नम्बर/Ref. No. :

धवलगिरि बञ्चल
मिति : २०७२-३-८

शुभकामना

बागलुङ जिल्लाको दह्रोको भेग अमलाचौर गा०वि० सा०को केन्द्रमा अवस्थित १०+२ सम्मको शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आइरहेको यस पृथ्वी उच्च मा०वि० अमलाचौरले आफ्नो २२औं वर्ष पार गरिसकेको अवसरमा विद्यालय र पूर्व विद्यार्थीहरूको सक्रियतामा विद्यालयको शैक्षिक आर्थिक भौतिक र प्रशासनिक गतिविधिलाई समेटेर आशा स्मारिकाको प्रकाशन गर्न लागेकोमा ज्यादै खुसी लागेको छ,

विद्यालयले आफ्नो स्थापनाकाल देखि हालसम्म शैक्षिक क्षेत्रमा गरेको प्रगति तथा अन्य विविध क्षेत्रमा पुऱ्याउँदै आएको सहयोग अनुकरणीय छ। स्मारिका ऐतिहासिक अभिलेखको रूपमा रहने छ भन्ने विश्वासका साथ यसलाई विद्यालयको उत्तरोत्तर प्रगति पथमा सक्रिय रहन सधैं सफलता मिलिरहोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

प्रेमप्रसाद [illegible]
प्रधानाध्यापक
पृथ्वी उ०मा० वि०
अमलाचौर

अमलाचौर विद्यालय पूर्व विद्यार्थी संघ

काठमाडौं, नेपाल

Amalachaur School Alumni Association

Kathmandu, Nepal

पृथ्वी उच्च मावि अम लाचौर स्थापना भएको ५६ वर्षमा पहिलो पटक विद्यालयको स्मारिका प्रकाशन गर्ने अवसर प्राप्त भएकोमा अमलाचौर स्कुल अल्मुनाई एसोसियसन गौरवान्वित भएको छ । विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने अल्मुनाईको अभियानका लागि स्मारिका कोसे ढुङ्गा हुने विश्वास लिएको छ । विद्यालयको ऐतिहासिक पृष्ठभूमिदेखि हालसम्म विद्यालयमा अध्यापन गरेका शिक्षकहरू, विद्यालयबाट उत्तीर्ण विद्यार्थीहरू, व्यवस्थापन समिति सबैको विवरण समावेश भएको स्मारिकाले स्थापनाकालदेखि अहिले सम्मका विद्यार्थी, शिक्षक र अभिभावकलाई एकै ठाउँमा उभ्याएको छ । विद्यालय स्थापनाका लागि पुरानो पुस्ताले गरेको संघर्षको कथाबाट नयाँ पुस्ताले केही सिक्ने र विद्यालय र समाजप्रतिको दायित्वबोध गराउने आशा गरेको छु । स्मारिकामा प्रस्तुत पूर्व विद्यार्थीहरूको तथ्याङ्कको आधारमा अल्मुनाईको सञ्जाल बढाउन सहयोग मिल्नेछ ।

पहिलो अङ्क भएकोले चाहे जतिको सामाग्री प्रस्तुत गर्न नसके पनि आगामी अंकमा समावेश हुने अपेक्षा गरेको छु । खासगरी विद्यालयका छात्र/छात्राका रचनाहरू बढि भन्दा बढी समावेश गर्न सकेमा उनीहरूलाई हौसला मिल्नेछ । यसैगरी पूर्व विद्यार्थीहरूको अहिले अवस्थाबारे जानाकारी दिन सकिएमा उनीहरूको ज्ञान र सीपलाई विद्यालयको हितमा सदुपयोग गर्ने सकिने छ । सफल विद्यार्थीहरूको आत्मकथाले विद्यार्थीहरूलाई प्रेरणा मिल्नेछ ।

स्मारिका प्रकाशन गर्न अहोरात्र खट्ने प्रकाशन समितिलाई विशेष धन्यवाद दिन चाहन्छु । विद्यालयको ऐतिहासिक दस्तावेज तथा तथ्याङ्क उपलब्ध गराउनु भएकोमा विद्यालय प्रशासन तथा अविभावकप्रति अल्मुनाई आभारी छ । आलेखहरू उपलब्ध गराउने लेखकहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा, विज्ञापन उपलब्ध गराई स्मारिका प्रकाशन सम्भव गराउनु भएको मा सबै सौजन्यकर्ताप्रति पनि अल्मुनाई ऋणी छ ।

डा. हेम राज शर्मा
अध्यक्ष
अमलाचौर स्कुल अल्मुनाई एसोशिएसन
मिति: २०१५ जुन २८, लिभरपुल, बेलायत

विद्यालयको सहयोग स्वरुप मुल्य रु २५०/- (सदस्यहरूलाई नि:शुल्क)

विषय सूची

सम्पादकीय		
शुभकामना		
सबैको आशा बन्दै आशा	डा. हेम राज शर्मा	१०
पृथ्वी मावि : इतिहासदेखि वर्तमानसम्म	ईश्वरीप्रसाद शर्मा ढकाल	१६
पृथ्वी उच्च माध्यमिक विद्यालय अमलाचौर दश जोड दुई : विगत र वर्तमान	पशुपति शर्मा	२३
आमालाई पत्र (कविता)	दिप पाठक	२९
चुनौतीपूर्ण यात्राका दिन सम्झिँदा	दीनानाथ शर्मा	३०
पृथ्वी मावि अमलाचौरमा १२ वर्ष : एक स्मरण	योगेश्वर ढकाल	३४
स्कुल (कविता)	विनोद ढकाल	३९
सफल व्यक्तित्व : चन्द्र ढकाल		४०
केही गरौं (कविता)	भुवन बि.सि.	४२
मेरो शैक्षिक अनुभव	डिल्लीप्रसाद शर्मा	४३
प्राविदेखि निमाविसम्म मैले जे देखँ	आत्माराम शर्मा	४६
मेरो पहिलो पाठशाला	डा. मोति ढकाल	४८
छोरीको स्कुलभन्दा मेरै विद्यालय राम्रो	एकराज पाठक	५०
जन्मभूमिप्रतिको कर्तव्य	चिरन शर्मा	५२
गजल	दीपेन्द्र ढकाल	५३
दलितको आँगनमा ज्योति छर्न सफल पृथ्वी उच्च मावि	हेमबहादुर विश्वकर्मा	५४
मेरो पृथ्वी : प्यारो पृथ्वी (कविता)	युवकराज पौडेल	५५
अमलाचौर गा.वि.स.को वर्तमान अवस्था र पूर्वविद्यार्थीको भूमिका	ज्ञानेन्द्रप्रसाद पौडेल	५६
पृथ्वी मावि (कविता)	हिरादेवी शर्मा	५९
प्राविधिक तथा व्यवसायिक शिक्षाको आवश्यकता र अघि बढ्ने बाटो	महाश्रम शर्मा	६०
शिक्षा (कविता)	कुशलप्रिया शर्मा	६३
बालबालिकालाई कसरी असल बनाउने ?	कृष्ण पौडेल	६४
पहिलो टेष्ट परीक्षा दिलाएर ठूलै विजयको महशुस गर्‍यौं	गुरुदत्त पाठक	६६
फौजदारी न्यायको सिद्धान्त	भोलानाथ ढकाल	६८
बागलुङ मण्डल याम्य भेकतिरको (कविता)	चुडामणि शर्मा	७२
थुनेलो रोग	डा. नारायणप्रसाद शर्मा	७३
जाँगरले देश बन्छ (कविता)	घननाथ पौडेल	७५
लेखापरीक्षण के हो ?	मित्रप्रसाद शर्मा पौडेल	७६
प्रचुर सम्भावना, गरीब मानसिकता	डिल्लीप्रसाद शर्मा	७९
शिक्षा, संस्कृति र राष्ट्र	टुकनाथ शर्मा	८१
मेरो विद्यालय (कविता)	मञ्जु शर्मा	८३
गाउँ विकासका लागि सहकारी	गोविन्दप्रसाद शर्मा	८४
प्रशसात्मक जीव्न शैली कसरी अपनाउने	शिवप्रसाद चापागाईं	८६
जुत्ता खोई (कविता)	कल्पना शर्मा	८७
विनाशकारी भूकम्प : फेरि भोग्न नपरोस	राजन पौडेल	८८
विद्यालय गतिविधि		९०
परिशिष्ठ		९२

- एसएलसी पास गर्ने विद्यार्थीहरू कक्षा १२ उत्तीर्ण हुने विद्यार्थीहरू
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको विवरण
- पूर्व प्रधानाध्यापकहरूको विवरण
- पूर्व शिक्षकहरूको विवरण
- वर्तमान शिक्षकहरूको विवरण
- सेवा अवधि पूरा गरी निवृत्त शिक्षक विवरण
- पुराना फोटोहरू
- आशाका सहयोगीहरू

सबैको आशा बन्दै 'आशा'

डा. हेम राज शर्मा
अध्यक्ष, अमलाचौर स्कुल अल्मुनाई एसोसियसन

विकसित मुलुकको विकासक्रम हेर्दा शिक्षाले मात्र समाजको परिवर्तन गर्न सक्छ भन्ने कुरा प्रष्ट गर्दछ। शिक्षाप्रेमी नोबेल पुरस्कार विजेता मलालाको 'एक बच्चा, एक शिक्षक एक कलम र एक कपीले संसार परिवर्तन गर्न सक्छ' भन्ने भनाइले यो सत्यलाई बल पुग्दछ। नेपालमा औपचारिक शिक्षा सुरु भएको धेरै भएको छैन। राणाकालमा परिवारका सदस्यलाई शिक्षित बनाउन सन १८५३ गुरुकुलको स्थापना भएको भए पनि आम नेपालीको लागि पहिलो स्कुल भने सन १९५१ मा मात्र स्थापना भएको थियो। जब कि बेलायतको पहिलो एन्डिपेन्टेण्ट स्कुल सन् ६०० भन्दा पहिले नै स्थापना भएको थियो। यो ६४ वर्षको अवधिमा नेपाल सरकारले शिक्षाको विकासको लागि निकै जोड दिदै आएको देखिन्छ, कागजी रूपमा। सरकारले आधार भूत स्कुले शिक्षाको लागि कुल बजेटको सबैभन्दा धेरै रकम खर्चिने गर्छ। अबौंको बजेट त साक्षरता अभियान सञ्चालन गर्नैमा खर्च भैरहेको छ। तर, उपलब्धी निकै न्यून छ। पछिल्लो समयमा आएर निजी विद्यालय र सरकारी विद्यालयको शिक्षाको स्तरको खाडल बढ्दो छ।

दुर्भाग्यबस पृथ्वी उच्च मावि अमलाचौर पनि अन्य सरकारी विद्यालय भन्दा फरक छैन। सरकारी विद्यालयमा शिक्षाको स्तर कमजोर हुनुको कारणबारे विभिन्न अध्ययन विश्लेषण हुने गरेका छन्। शिक्षकको गुणस्तरका लागि कुनै एउटा पक्षलाई मात्र दोष दिनु भन्दा शिक्षक, विद्यार्थी, अभिभावक, सरकारको शैक्षिक नीति तथा संरचना, प्राप्त स्रोत, परीक्षा प्रणाली, पठनपाठन प्रकृया आदि र केही हदसम्म हाम्रो संसारसँग जोडेर हेरिनुपर्छ।

पृथ्वी उच्च माविका विद्यार्थीहरु पुरानो पुस्ताप्रति आभारी छन्। नेपालमा औपचारिक शिक्षाको सुरु भएको केही वर्षमा नै स्थापित यस विद्यालय अहिले उच्च माविसम्म आईपुगेको छ। राजधानीबाट टाढा दुर्गम गाउँमा, अहिले जस्तो सञ्चारमाध्यम नभएको र प्रायः सबै अभिभावक निरक्षर रहेको अवस्थामा पनि शिक्षाको महत्व बुझेर विद्यालयको स्थापना गर्ने हाम्रो हजुरबुवा पुस्ताप्रति अनुग्रही छौं। अहिले जस्तो विद्यालयको स्थापना गर्ने दायित्व राज्यको हो र शिक्षा प्राप्त गर्ने हाम्रो अधिकारको भन्ने धारणा त्यति बेला थिएन। आफ्नो गास कटाएर, हप्तौं पैदल हिँडेर, राज्यपक्षलाई अनुनय विनय गरेर विद्यालय स्थापनाको लागि पुरानो पुस्ता लाग्नु भयो। यसै विद्यालयको शिक्षाले हामीहरुलाई यहाँसम्म ल्याई पुऱ्यायो। यसको बदलामा हामीले विद्यालयलाई के दियौं, समाजलाई के दियौं, पुरानो पुस्ता भन्दा हामी अलि बढी स्वार्थी त भएनौं, आदि प्रश्नको जवाफ खोज्ने बेला भएको छ।

उचित अवसर हुने हो यस विद्यालयका विद्यार्थीहरू राष्ट्रिय मात्र हो ईन अन्तर्राष्ट्रिय स्तरमा पनि प्रतिस्पर्धा गर्न सक्छन भन्ने थुप्रै उदाहरण छन्। आउने पुस्तामा झन बढी संभावना रहेको छ। उनीहरुको लागि उचित वातावारण र अवसर तयार गर्न पूर्व विद्यार्थीहरूले ठूलो भूमिका खेल्न सक्छन्। यसै धारणाका साथ अमचाचौर स्कुल अल्मुनाई'Amalachaur School Alumni Association 'ASAA' स्थापना भएको हो।

हामीले विद्यालय अध्ययन गर्ने बेलामा संसार यति ठूलो छ र यहाँ यति धेरै संभावना छन भन्ने कल्पनासम्म भएको भए भविष्यमा केही गर्ने र केही बन्ने महत्वाकांक्षी हुने थियौं। तर हाम्रो पुस्तालाई समयले जता डोरायो गन्तव्य त्यतै बन्यौं। गाउँको सरकारी विद्यालयमा पढेकोले प्रतिस्पर्धी हुन सकिदैंन कि भन्ने भय सधैं रह्यो। तर हामीले यो गलत सवित गरेका छौं। हाम्रा अनुभवहरू अहिलेका विद्यार्थीहरूलाई बाँढ्ने

लेखक अमलाचौर स्कुल अल्मुनाई एसोसिएसनका अध्यक्ष हुनुहुन्छ

हो भने उनीहरुको आत्मविश्वास अवश्य बढ्ने छ । आत्मविश्वास र दृढताले मानिसलाई आधा सफल बनाउँछ, बाँकी उसको क्षमता र अवसरमा भर पर्छ ।

पहिले 'knowledge is power' भनिन्थ्यो । अहिलेको सूचना प्रविधिको जमानामा knowledge को साथमा network र communication पनि त्यति कै महत्व छ । हामीले आर्जन गरेको अनुभव नै knowledge हो । अल्मुनाईमार्फत हामीले network को स्थापना गरेका छौ । अब आपसी संवाद्लाई प्रभावकारी बनाएर विद्यार्थीहरूलाई Empower, Encouragement and Exposure (3E) दिनु पर्छ ।

विद्यार्थीको सफलताको लागि उनीहरुको आत्मविश्वासका साथमा शिक्षकहरुको लगनशीलता र अभिभावको सहभागिता पनि महत्वपूर्ण छ । शिक्षकको प्रभावबाट विद्यार्थीले आफ्नो भविष्य निर्धारण गर्ने गर्छन । खासगरी हाम्रो जस्तो ठाउँमा, जहाँ भविष्य निर्माणको सुझाव र सल्लाह लिने अरु माध्यम छैनन, गुरुहरुले आफ्नो जिम्मेवारीको बोध गर्नु जरुरी छ । विद्यार्थीहरुको असफताको पछि अक्सर शिक्षकलाई दोष दिने गरिन्छ । तर, त्यसको भागिदार अभिभावक पनि हुनुपर्छ । सरकारले तलब दिएको छ शिक्षकले पढाउनु पर्छ, स्कुल गए पछि विद्यार्थी जसरी पनि पास हुनुपर्छ भन्ने धारण राखेर मात्र पुग्दैन । आफ्ना छोराछोरीको नियमित पठनपाठन र प्रगति नजिकबाट अनुगमन गर्नुपर्छ । राजनीतिक चश्माले भन्दा क्षमताको आधारमा शिक्षकको मुल्यांकन गर्नु पर्छ । विद्यालयमा हुने राजनीतिक भागबण्डा र क्रियाकलापले आफ्नो छोराछोरीको भविष्यमा प्रभाव पार्ने कुरालाई अभिभावकले ध्यान दिनु जरुरी छ । विद्यार्थी, शिक्षक र अविभावक ओदानका तीन खुट्टा हुन, एउटाको भूमिका मात्र कमजोर भयो भने भान्सा पाक्न कठिन हुन्छ । अल्मुनाई त केवल सहयोगी मात्र बन्न सक्छ ।

अमलाचौर स्कुल पूर्व विद्यार्थी संघ र यसका गतिविधि

स्वदेश तथा विदेशमा रहेका पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौरका पूर्वविद्यार्थीलाई एकताबद्ध गर्दै विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धि गरी यस विद्यालयमा अध्यनरत विद्यार्थीको सुनौलो भविष्य निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यसाथ सन् २०१३ को नयाँ वर्षका दिन एउटा अभियान थालनी गरिएको थियो । पूर्वविद्यार्थीले आर्जन गरेको अनुभव, सीप र ज्ञानबाट विद्यालयलाई

२०१३ अक्टोवरमा २३ मा काठमाडौंमा सम्पन्न पहिलो साधारणसभामा उपस्थित पूर्व शिक्षामन्त्री दीनानाथ शर्मा, एनआरएनका निर्वतमान अध्यक्ष जिबा लामिछाने लगायतका सहभागीहरू

लाभान्वित गराउने उद्देश्यले थालनी गरिएको अभियानलाई टेवा पुऱ्याउन प्रारम्भमा अमलाचौर स्कुल अल्मुनाई एसोसिएसन (Amalachaur School Alumni Association) 'आशा' नामक संस्था बेलायतमा दर्ता गरियो ।

'हाम्रो स्कुल हाम्रो गौरव हाम्रो पौरख' नारासाथ अगाडि बढेको अभियानलाई संस्थागत गर्न २०१३ अक्टोबर २३ तारिख (६ कात्तिक २०७०) मा काठमाडौंमा अल्मुनाईको पहिलो साधारणसभा सम्पन्न भयो । तत्पश्चात् जिल्ला प्रशासन कार्यालय काठमाडौंमा समेत दर्ता भई 'आशा'ले विभिन्न गतिविधि सञ्चाल गर्दै आएको छ । पहिलो साधारणसभामा काठमाडौंमा रहनुभएका पूर्वविद्यार्थी, शिक्षक, अभिभावकको सहभागिता थियो । अथितिका रूपमा पूर्वशिक्षामन्त्री दीनानाथ शर्मा, गैरआवासीय नेपाली संघ अध्यक्ष शेष घले, निवर्तमान अध्यक्ष जीवा लामिछाने लगायतको सहभाहिता थियो । साधारणसभाले डा. हेमराज शर्माको अध्यक्षतामा एक समिति चयन गऱ्यो । समिति उपाध्यक्षमा हेमराज ढकाल, सचिव राजन पौडेल, कोषाध्यक्ष दुर्गालाल शर्मा चापागाईं र सदस्यमा चमत्कार पौडेल, रवीन्द्र ढकाल, मित्र शर्मा पौडेल रहनुभयो ।

संस्था दर्ता, बैंक खातालगायतका कानुनी काम छिटो-छरितो गर्न काठमाडौंमा उपस्थितमध्येबाट सानो समिति गठन गरिए पनि अर्को अधिवेशनबाट समितिको विस्तार गरिँदै लगिने योजना रहेको छ । बढीभन्दा बढी पूर्वविद्यार्थी र अभिभावकलाई समेट्दै आसाले आफ्नो कामलाई अघि बढाउनेछ ।

एसोसिएसनले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि एक अक्षयकोष स्थापना गर्ने प्रमुख लक्ष्य लिएको छ । हालसम्म प्राप्त करिब ५६ लाख रुपैयाँमध्ये आधाभन्दा बढी पूर्वविद्यार्थीबाट प्राप्त भएको छ । बाँकी रकम भने गैरआवासीय नेपाली र शुभचिन्तकबाट प्राप्त भएको हो । रकम संकलनका लागि फेसबुक क्याम्पेन तीव्र बनाइएको थियो भने जापानको टोकियोमा पूर्वविद्यार्थीको सक्रियतामा च्यारिटी कार्यक्रम गरिएको थियो । यस वर्ष युरोपको विभिन्न देशमा यस्तै कार्यक्रम गर्ने योजना रहेको छ ।

समितिको यसै वर्षको प्रारम्भमा काठमाडौंमा बसेको बैठकले पहिलो चरणको कार्यक्रम घोषणा गरेको छ (हेर्नुहोस् बक्स) । जसमध्ये विद्यालयमा एउटा 'कम्प्युटर तथा विज्ञान प्रयोगशाला स्थापनाका लागि सहयोग जुटाउने काम तीव्र रूपमा अघि बढेको छ । प्रयोगशालाको प्रारम्भिक खाका प्रस्तावित गरिसकिएको छ (हेर्नुस तस्बिर) । यस प्रयोगशालामा माध्यमिक विद्यार्थीको ict को कक्षा, निम्न माध्यमिक विद्यार्थीका लागि कम्प्युटरमा आधारित अध्यापन तथा विज्ञान विषयको प्रयोगात्मक कक्षा सञ्चालन गरिनेछ । साथै स्थानीयका लागि समेत इन्टरनेट, कम्युनिकेसन, ई-लाइब्रेरी, बैठक आदि सुविधा व्यवस्था गरिनेछ । building, interior, computers, technician support सहित कम्तीमा ७०/८० लाख रुपैयाँको परियोजना सम्पन्न गर्न पूर्वविद्यार्थीबाट मात्र सम्भव छैन । स्थानीय जनसहभागिता, विद्यालय, गाविस, त्यस क्षेत्रका सांसदलगायत अन्य स्रोतबाट सहयोग अपेक्षा गरिएको छ ।



श्रोत	सहयोग रकम (रु)
पूर्व विधार्थी तथा शिक्षक	२९७०००००
एनआरएन	१२५८०००
शुभचिन्तक	६२३०००
एनआरएन र शुभचिन्तकबाट प्रतिवद्दता	६५६०००
पूर्व विधार्थीबाट प्रतिवद्दता	१०१३००
जम्मा	५६०८३००

प्रस्तावित कम्प्युटर तथा विज्ञान प्रयोगशालाको नमूना, ईन्जिनियर सुभाष अधिकारीबाट डिजाईन गरिएको

पहिलो चरणका कार्यक्रम

(१) अमलाचौर स्कुलबाट एसएलसीमा उत्कृष्ट अंक ल्याउने एक छात्र, एक छात्रा तथा उत्कृष्ट शिक्षकलाई पुरस्कार व्यवस्था गर्ने । पुरस्कार विद्यालयको जन्मोत्सवको अवसर पारेर वितरण गर्ने ।

(२) निवृत्त भइसकेका विद्यालयका पूर्वशिक्षकलाई सम्मान गर्ने ।

(३) विद्यालयको स्मारिका प्रकाशन गर्ने । जसमा विद्यालयको ऐतिहासिक पृष्ठभूमि, हालको अवस्था, स्थापनादेखि अहिलेसम्मका शिक्षक, व्यवस्थापन समिति, विद्यालयबाट एसएलसी उत्तीर्ण हुने विद्यार्थी, सहयोगदाता आदिको विवरणसहित लेख-रचना रहनेछन् ।

(४) चिल्ड्रेन नेपालसहितका गैरसरकारी संस्थाको सहकार्यमा शिक्षकलाई तालिम व्यवस्था गर्ने ।

(५) विद्यार्थीलाई हौसला बढाउन प्रत्येक ६ महिलामा विज्ञलाई आमन्त्रण गरी टक प्रोग्राम गर्ने ।

(६) एक कम्प्युटर तथा विज्ञान प्रयोगशाला स्थापनाका लागि आवश्यक गृहकार्य गरी परियोजना तयार गर्ने ।

विद्यालय बनाउने अभियानमा हाल विदेशमा रहेका पूर्वविद्यार्थीको सक्रियता रहेको भए पनि स्थानीयस्तरको सहभागिताविना अभियान सफल बनाउन सम्भव छैन । त्यसैले, अल्मुनाईले समय-समयमा अभिभावक, शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति, स्थानीय राजनीतिक दलसम्बद्ध प्रतिनिधि, समाजसेवीसँग विभिन्न समयमा अन्तर्क्रिया गर्दै आएको छ । साथै, शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थासँग पनि परामर्श गर्दै आएको छ । बालमैत्री विद्यालयमा कार्यरत चिल्ड्रेन नेपाल नामक गैरसरकारी संस्थाका सहयोगमा शिक्षकलाई आवासीय तालिम सुरुवात गरिएको छ। (हेर्नुस तस्विर) एसोसिएसनले सामाजिक संस्थामा कार्यरत विज्ञसँग पनि परामर्श गर्दै आएको छ । (हेर्नुहोस् बक्समा हेल्प नेपालका संस्थापक अध्यक्ष तथा बीबीसी नेपाली सेवाका प्रमुख रवीन्द्र मिश्रको शुभकामना सन्देश ।)

हालसम्म भएका गतिविधि केवल सुरुवातमात्र हुन् । पूर्वविद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सबैको सहभागिता भएमा मात्र हाम्रो विद्यालयलाई नमुना विद्यालय बनाउन सकिन्छ । यसरी नेपालभरि सबै पूर्वविद्यार्थीले आ-आफ्नो स्कुल बनाउन जुट्ने हो भने समग्र नेपालमा शिक्षाको गुणस्तर बढाउन सम्भव छ । आफ्नो स्कुल बनाउन अरूको मुख नताकौं ।

२०१३ अक्टोवर २३ मा काठमाडौंमा सम्पन्न पहिलो साधरणसभामा उपस्थित सहभागीहरू

२०१३ अक्टोवर २३मा काठमाडौंमा सम्पन्न पहिलो साधरणसभालाई सम्बोधन गर्दै एनआरएन अध्यक्ष शेष घले

२०१३ जनवरी २८ मा लण्डनमा अल्मुनाईको वेवसाईट http://www.asaanepal.org उद्घाटन गर्नुहुँदै तत्कालिन शिक्षामन्त्री दीनानाथ शर्मा)

२०१३ अगष्ट ११ मा टोकियोमा सम्पन्न च्यारिटी कार्यक्रमा सहभागी हुँदै पूर्व विद्यार्थीहरू

२०१३ अक्टोवरमा अमलाचौरमा सम्पन्न अल्मुनाईको सक्रियतामा शिक्षक, अभिभावक, समाजसेवी तथा अल्मुनाईका प्रतिनिधि अन्तर्क्रिया

२०१५ जनवरी अमालाचौर: विद्यालयको स्मारिका प्रकाशन लागि ऐतिहासिक दस्तावेज खोतल्दै पूर्व तथा वर्तमान शिक्षक र समाजसेवीहरु

२०१५ जनवरीमा काठमाडौंमा सम्पन्न पूर्व विद्यार्थी, अभिभावक तथा शिक्षकहरूको अन्तर्क्रियामा सहभागीहरु

२०१५ जनवरी काठमाडौंमा सम्पन्न अल्मुनाईको बैठकमा सहभागी हुँदै शिक्षाप्रेमी भोला चालिसे तथा खुला विश्वविद्यालयका अभियन्ता डा. प्रमोद ढकाल

२०१५ जनवरी चिल्ड्रेन नेपाल र अल्मुनाई प्रतिनिधिबीच भएको अन्तक्रिया पश्चात खिचिएको तस्वीर

२०१५ जनवरी अल्मुनाईको भावी कार्यक्रमाबारे जानाकारी लिँदै विद्यार्थीहरु

पूर्व विद्यार्थी तथा सफल व्यवसायी आईएमईका अध्यक्ष चन्द्र ढकाललाई अल्मुनाईको गतिविधिबारे जानकारी दिँदै ।

२०१५ जनवरी विद्यालय र अल्मुनाई प्रतिनिधि शिक्षा विभागका निर्देशक लवदेव अवस्थीसँग भेटघाट

शुभकामना : रवीन्द्र मिश्र, हेल्प नेपाल नेटवक

अमलाचौर स्कुल अल्मुनाई एसोसिएसनले संसारभरी छरिएर रहेका सो स्कूलका पूर्व विद्यार्थी तथा अन्य शुभेच्छुकहरूको सहयोगबाट स्कूलको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धि गर्ने तथा सो स्कूलमा अध्यनरत विधार्थीहरूको भविष्य निर्माणमा टेवा पुऱ्याउने उद्देश्यका साथ रू एक करोडको अक्षय कोष स्थापना गर्न लागेको खबर पढ्न पाउँदा असाध्यै खुशी लागेको छ ।

खबर पढ्ने वित्तिकै लाग्यो, देशभरका सबै स्कूलका विद्यार्थीहरूले यसैगरी आ-आफ्नो स्कूलको हितका लागि यस्तै परोपकारी प्रयास गर्ने हो भने त्यसको असर कस्तो होला ?

अमलाचौर स्कुल अल्मुनाई एसोसिएसनको प्रयास चाँडोभन्दा चाँडो पुरा हुनेछ भन्नेमा कुनै शंकै छैन किनभने सो स्कूलमा पढेर 'खान पुग्ने' अवस्थामा पुगेका हरेक विद्यार्थीले यो अभियान साथ दिने नै छन् । तर यो अभियान अमलचौरका पूर्व विद्यार्थीहरूमा मात्र सीमित रहने छैन । यसले अरू धेरैलाई आफ्ना स्कूलहरूको सम्झना दिलाउँदै सहयोगको हात फैलाउन प्रेरित गर्नेछ ।

कुनै विन्दुमा म आवद्ध परोपकारी संस्था हेल्प नेपाल नेटवर्क साहयोगी हुनसक्छ भन्ने लागेमा हामीलाई सम्पर्क गर्नु नै हुनेछ भन्ने विश्वासका साथ तपाईंहरूको प्रयासप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रवीन्द्र मिश्र
संस्थापक अध्यक्ष
हेल्प नेपाल नेटवर्क

Silica Japan Inc.
Marton Trading Pvt. Ltd.
Authorised Agency for South Asia & Middle East Countries

Mr. Marton, GPO Box 8477, Kathmandu, Nepal
Tel: 4104437, 4104438, Fax: 4104434
E-mail: [illegible]
Website: [illegible]

Cargo Packers & Movers International Pvt. Ltd.

G.P.O. Box : 13996, Manbhawan, Lalitpur, Nepal,
Tel: 977-1-5547060/314, 5008657/658, 98510 25863, Fax: 977-1-5523601,
E-mail: cpmintl@wlink.com.np | Website : www.packersmovers.com.np

Members: NEFFA, FIATA, HHGFAA (IAM), MOVERS POE, IGLN *(WCA Family of Logistics Networks)*
Official Freight Forwarder for UN system & ICRC-Geneve Nepal
Remember us for Reliable & Efficient Logistics Service Worldwide

- ईश्वरी प्र. शर्मा ढकाल

अमलाचौर गाविस बागलुङ जिल्लाको दक्षिण भेग बलेवामा पर्ने पवित्र धार्मिक एवम् पर्यटकीय स्थल अमलाचौर गाउ विकास समिति भैरवस्थान, पाउजाकोट र कालीगण्डकी नदीबीचमा ८३ डिग्री ३३ पूर्वी देशान्तरदेखि ८३ डिग्री ३५ देशान्तरमा अवस्थित छ । कुल जनसंख्या ६ हजार ७४२ अमलाचौर गाविस बागलुङ सदरमुकाम देखि दक्षिणपट्टि लगभग १८ किमि दूरीमा रहेको छ । यो गाविसको पूर्वमा कालीगण्डकी पश्चिममा प्राचीन ऐतिहासिक स्थल पाउजाकोट र भकुन्डे रायडाँडा गाविस पर्छन् । उत्तरमा धामाखोला पैयुपाटा, नारायणस्थान गाविस पर्छन् भने दक्षिणमा जुम्ली दोला, मौरीभरीखोला, कुश्मी र रायडाडा गाविस पर्छन् । यस गाविसलाई फाट, पाखा, जंगल, पहरा, सुख्खा पाटा, ढाँड, हरियाली घाँसका पखेराका साथै शिरमा रहेको कालभैरवको प्रसिद्ध मन्दिर, कोट र कालीगण्डकी किनारमा रहेको लिंगेढुंगा र भाङभुगे गुफा, चमेरे ओडार, दमाहढुंगाले शोभायमान बनाएको छ । परापूर्वकालसम्म अमलाचौर गाविसका विभिन्न चौर तथा पाखाभरि अमलाका रुख पाइने भएको हुँदा तिनै अमला पाइने चौरबाट अमलाचौर नाम रहेको किंवदन्ती छ ।

विद्यालयको ऐतिहासिक पृष्ठभूमि :

शैक्षिक दृष्टिले धेरैपछि मात्र औपचारिक शिक्षा सुरुवात भए पनि यहाँका केही शिक्षाप्रेमीले परम्परागत शैलीमा धार्मिक कर्मकाण्ड र ज्योतिष, व्याकरण, संस्कृत आदि शिक्षाका लागि विभिन्न पाठशाला गुरुकुलमा गई शिक्षा लिने गरेको पाइन्छ। त्यसको सकारात्मक प्रभाव व्यक्ति र समुदायमा परेको देखिन्छ । जसरी राणा शासनकालमा देशव्यापी रूपमा शैक्षिक विकास हुन सकेन, राणा शासनको पतनपछि शिक्षा क्षेत्रमा व्यापक लहर छायो, हिमालदेखि तराईसम्म र सहर देखि ग्रामीण क्षेत्रमा औपचारिक शिक्षाका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन हुनेक्रममा आए ।

शैक्षिक क्षेत्रमा आएको लहर तथा शिक्षाप्रेमी, समाजसेवीको शिक्षाप्रतिको आकर्षण छिमेकीको प्रभावका कारण गाउँमा विद्यालय सञ्चालन गरी सुलभ तरिकाबाट शिक्षा दिन विद्यालय सञ्चालन प्रक्रिया अगाडि बढ्यो। जसको परिणामस्वरूप अमलाचौर गाविसको केन्द्रमा अवस्थित हालको पृथ्वी उच्चमावि भएको ठाउँमा विक्रम संवत् २०१६ सालमा गाउँका भद्रभलाद्मी र मुखियासमेतको उपस्थितिमा जम्मा भई जिमु दुर्गाबहादर खत्री सभापति, नन्दलाल पाध्या उपसभापति, प्रेमप्रसाद आचार्य कोषाध्यक्ष, कृष्णप्रसाद शर्मा सहकोषाध्यक्ष, पं भवानीप्रसाद शर्मा सेक्रेटरी, नारायणदत्त उपाध्याय ढकाल उपसेक्रेटरी र मणिरत्न पाध्या सदस्य रहेको भवन निर्माण समिति गठन गरी एक स्कुल निर्माण भएको तथ्य हस्तलिखित तथ्य रहेको छ। अर्कोतर्फ बलराम आचार्य, जो प्राइमरी संस्थापक प्रधानाध्यापक समेत हुनुहुन्थ्यो, बाट प्राप्त अभिलेखबाट २०१४ देखि २०१७ सम्म आफ्नै घर-आँगनमा पठनपाठन गर्दै आएकोमा विद्यालयको प्रांगणमा विद्यालय सञ्चालन गर्न एक विद्यालय निर्माण कमिटी गठन भयो । जसमा बलराम अध्यक्ष, गजाधार पाध्या कोषाध्यक्ष, भगवतीप्रसाद आचार्य सचिव समेत रहेको दसजनाको विद्यालय निर्माण कमिटी गठन भएको भनाइ छ । साथै, अर्कोतिर अमलाचौर गाविसको सम्माचौरमा हरिप्रसाद पौडेल सभापति, विष्णुप्रसाद उपाध्या ढकाल, मानबहादुर हमाल, कलाधर पाठक, शशिधर पौडेल, बालकृष्ण पुलामी, जितबहादुर भेटाल, दुर्गाबहादुर पौडेलले बुद्धिदात्री प्राइमरी स्कुल सञ्चालन गरिरहनुभएको थियो। (बुद्धिदात्री प्राइमरीमा अंग्रेजी शिक्षा पढाउने डिल्लीप्रसाद शर्मा पयुँपाटा पढाउन गएपछि सो स्कुल केही समयमा

पृथ्वी उच्च मा. वि.:

नै बन्द हुन पुगेको थियो ।)

यसैक्रममा, २०१७ मा पञ्चायत अफिसर हरिप्रसाद शर्मा र भागीरथ चालिसेको उपस्थितिमा दुवै ठाउँका स्कुल निर्माण कमिटी र जनतालाई अमलाचौरमा भेला गराई पृथ्वी प्राइमरी र बुद्धिदात्री प्राइमरीलाई समायोजन गरी एउटै विद्यालयको नाम पृथ्वी प्राइमरी स्कुल स्थापना गर्ने विषयमा छलफल भयो । तत्कालीन बडाहाकिम गौरीश्वरबाट पाँच सय रुपैयाँ आर्थिक सहायता लिई भवन निर्माण कार्य सुरु गर्न २०१७ पुस ९ गते भवन शिलान्यास भई उक्त दिनबाटै स्कुल अफ इन्सपेक्टर तौलिहवाबाट स्वीकृत प्राप्त भएपछि यस विद्यालयको संस्थागत विकास भएको पाइन्छ । पं. भवानीप्रसाद पौडेल (नारायणस्थान) सभापति, पं. हेमराज शर्मा (पैयुँपाटा) सेक्रेटरी प्रेमप्रसाद आचार्य सदस्य, भविश्वर रेग्मी सदस्य भई कक्षा १ देखि ३ सम्म विद्यालय सञ्चालन भएको थियो । अर्कोतिर तत्कालीन उपप्रधानपन्च जायश्वर पाठकको अध्यक्षतामा बसेको गाउँसभा र गाउँ पञ्चायतको बैठकबाट उक्त विद्यालयको कक्षा स्तरोन्नति गर्न २०३१ मा विद्यालय सदस्य प्रेम आचार्यको अध्यक्षतामा सञ्चालन समिति गठन भई विद्यालय सञ्चालन भएकोमा समयको माग र स्थानीयको चाहनाअनुसार उक्त विद्यालयको कक्षा स्तर वृद्धि गर्न (कक्षा १ देखि ४) का लागि सञ्चालन समितिले काम गर्दै रहँदा २०३४ मा निमावि तहमा पठनपाठनका लागि उक्त सञ्चालक समितिले काम गरिरहेकोमा तत्कालीन प्रधानपन्च टुकनाथ शर्मालाई गाउँ भेला र गाउँ पञ्चायतबाट कक्षा १ देखि ७ सम्म सञ्चालन गर्न निजको अगुवाइ एवम् अन्य समाजसेवी, चन्दादाताको सक्रिय सहयोगबाट निमावि तहसम्म सञ्चालन भएको थियो ।

माध्यमिक विद्यालय तहको अध्ययन गर्न पैयुँपाटामा सञ्चालित त्रिभुवन माविमा गएमा विद्यार्थी र पैयुँपाटाका विद्यार्थी, अभिभावकबीच पटक-पटक असहज परिस्थिति उत्पन्नपश्चात् त्रिभुवन माविमा अध्यापन गर्ने शिक्षक दीनानाथ शर्मा, भूमिश्वर शर्मा र ईश्वरीप्रसाद ढकाल समेतले २०४० माघ २ गते तत्कालीन प्रधानपन्च झपेन्द्रप्रसाद पाठक र अभिभावकलाई वास्तविकता अवस्था अवगत गराउनु भयो । २०४० माघ २ गते तत्कालीन प्रधानपन्चको अध्यक्षतामा भएको भेला र २०४०/१०/७ गते गाउँ पञ्चायतको बैठकबाट माध्यमिक विद्यालय सञ्चालन गर्न विष्णुप्रसाद उपाध्याय ढकाल विव्यस सभापति, टीकाराम शर्मा सदस्य, प्रेमबहादुर खत्री सदस्य, डिल्लीप्रसाद सदस्य, झपेन्द्रप्रसाद पाठक सदस्य र दीनानाथ शर्मालाई प्रअमा नियुक्ति गरी प्रस्तावित माध्यमिक विद्यालय सञ्चालन गर्ने निर्णय भयो । अर्कोतर्फ निमावि विव्यसमा टुकानाथ शर्माको अध्यक्षतामा रहेको विव्यस यथावतै थियो । सो समितिमा कोपिलामणि शर्मा, मणिरत्न पाध्या, निलप्रसाद शर्मा, मतिप्रसाद शर्मा, प्रेमप्रसाद शर्मा, सदस्य सचिब उमानाथ शर्मा, एकनाथ शर्मा रहनुभएको थियो ।

(माध्यमिक विद्यालय खोल्ने र विद्यालय व्यवस्थापन समितिका विषयमा त्यतिबेला ठूलै विवाद भएको थियो -सम्पादन मण्डल)

२०४०/१०/८ गतेदेखि माध्यमिक विद्यालय सञ्चालन गर्न टीकाराम शर्मा, प्रेमबहादुर खत्री, कुलप्रसाद शर्मा, तेजेन्द्रप्रसाद ढकाल, जायश्वर ढकाल, ईश्वरीप्रसाद ढकाल, बालकृष्ण शर्मा, कृष्णप्रसाद पाठक, दीनानाथ शर्मा, हीराबहादुर खत्री, कृष्णप्रसाद आचार्य, दिलबहादुर पाठक, जिमु दुर्गाबहादुर पौडेल, मानबहादुर हमाल, जवाहरलाल शर्मा, काशीराम शर्मा, कर्णबहादुर केसीसमेतका १७ सदस्य रहेको चन्दा संकलन कमिटी गठन भएको थियो । समितिले सुरुमा १ लाख ५५ हजार ५६६ रुपैयाँ चन्दा लेखिएकोमा ५० हजार चन्दा उठाई जिशिस जिल्ला शिक्षा कोषमा धरौटीसमेत जम्मा गरिएको थियो । प्रवासमा बस्ने अमलाचौरवासीबाट उठाइएको ४४ हजार २५५ रुपैयाँ गरी जम्मा ९४ हजार २२५ रुपैयाँ विव्यस अध्यक्ष विष्णुप्रसाद उपाध्याय ढकाल र सदस्य प्रेमबहादुर खत्री र डिल्लीप्रसाद शर्माको नाममा नेपाल बैंक लिमिटेड बागलुङमा खाता खोली रकम जम्मासमेत भएको थियो । शिक्षा मन्त्रालयबाट कक्षा ८ को समेत अनुमति स्वीकृत भएको विभिन्न अभिलेखबाट पुष्टि हुन्छ । साथै, चरणबद्ध कक्षागत अनुमति लिई २०४६ मा माध्यमिक विद्यालयको स्थायी स्वीकृति लिइएको थियो ।

२०५५ मा माध्यमिक विद्यालयलाई उच्चमाध्यमिक विद्यालयका रूपमा अगाडि बढाउन तत्कालीन गाविसअध्यक्ष खेमप्रकाश पाठक, विव्यस अध्यक्ष तेजेन्द्रप्रसाद ढकाललगायतका शिक्षाप्रेमीको अगुवाइमा उच्चमाध्यमिक विद्यालय सञ्चालन गर्ने निर्णय गरिएको थियो । यसरी यस विद्यालय प्राथमिकबाट जन्म लिई निमावि, मावि र उच्चमाविसम्म सञ्चालनमा आएको छ ।

इतिहासदेखि वर्तमानसम्म

बि. सं. २०१६ सालको हस्तलिखित दस्तावेज



लिखितम हामी जग्गा जग्गा र जिल्ला जिल्लाबस्ने मानिसहरु आगे हामीहरुले १६ सालको स्कुल भवन निर्माणको लागि दर्जा र श्रद्धा अनुसार चन्दा प्रदान श्रमदानसमेत गरी स्कुल तयार गर्नेछौं भनि निर्माण कमिटीमा रहने भएका मानिसहरु र अरु मानिसहरु यस अमलाचौर स्कुलमा ... सोधनी गर्दा कमिटी समेतका मानिसहरुले यसप्रकारको अनुमति ...गर्नुभएको छ कि यस कुरिया गाउँबस्तीका मानिसहरुले तपसिलमा नाम लेखि जो जति चन्दा र शक्तिअनुसार कुरियाको ५ खेताला उठाई स्कुल तयार गर्नेछौं भनि सहीछाप गरि दियौं कि समिति गठन भै यस समितिमा भर्ना भै हामी सब मानिसले जेजे कार्य कर्म गर्नुपर्छ हामी एकैमुष्ठ भै गर्ने काममा तत्पर भै गर्नेछौं कमिटीको सल्लाहबाट पास गरिएको कुरामा एकएक प्रमुख व्यक्तिलाई एकएक कामको अधिकार दिइने छ र सो व्यक्तिले चन्दा र श्रमदान लेखिएका खेतालाहरुमा यस समितिका मानिसहरुले गाउँ एरिया भित्रका मानिसहरुले अटेर गरेछ भने समितिको भए समितिबाट र गाउँको भए गाउँबाट बाहेक गराई दुगुना चन्दा र श्रमदान लिइनेछ गाउँका मानिसहरुले पनि जो लेखिएकामा अटेर गरेछ भने उक्त लेखिएकोमा दुगुना गरी लिइने र यस समितिमा लेई कायलनाम लेखि समितिमा भर्ना गराउने र नआए समिति र गाउँ बाहेक गराउनेछौं हाम्रो जे जति खर्च नोक्सान परेमा हाम्ले नै कौनै कुराको उजुरबाजुर गर्नेछैनौं गरे हाम्रो बदर यस कागजको सदर गराउनु भनि हामीहरुको

मनोमानि खुशीराजीले तपसिलमा नाम लेखि सहिछाप गर्ने

तपसिलका मानिसहरु

सभापति चाम्टारा बस्न जि. दुर्गाबहादुर क्षेत्री
उपसभापति थाराघर बस्ने नन्दलाल पाध्या
कोषाध्यक्ष ज्यामिरे बस्ने प्रेमप्रसाद शर्मा
स.कोषाध्यक्ष अमलाचौर बस्ने कृष्णप्रसाद शर्मा
सेक्रेटरी ज्यामिरे बस्ने पं. भवानी शर्मा
उपसेक्रेटरी अमलाचौर बस्ने नारायणदत्त शर्मा
महामन्त्री गिठे देउराली बस्ने भविश्वर जैसी
उपमन्त्री अमलाचौर बस्ने मणिरत्न शर्मा
सहायकमन्त्री थाराघर बस्ने रत्नबहादुर क्षेत्री
सं. मन्त्री ठाडाखेत बस्ने भविलाल शर्मा
रक्षे मन्त्री अमलाचौर बस्ने ज्यो. आत्माराम शर्मा
मन्त्री अमलाचौर बस्ने गौरीश्वर

कार्यकारिणी सदस्यहरू

अमलाचौर पाखाघर बस्ने रत्नाखर
...बस्ने पदमपानी
ज्यामिरेबस्ने पदमबहादुर क्षेत्री
ऐ. बस्ने भाइरथ शर्मा
ऐ. बस्ने छविलाल शर्मा
ठाडाखेत बस्ने कृष्णप्रसाद शर्मा
अमलाचौर बस्ने ज्यो. जायश्वर शर्मा
ऐ. ठाडाघर बस्ने बलिप्रसाद
मेहलबोट बस्ने शंखे कामी
पिपलबोट बस्ने जये सार्की
टिट्नेटार बस्ने दलवीर सार्की
उप्रेतथर पुछाराघर ताराप्रसाद
गवाउँदी बस्ने तोयनाथ शर्मा
टिट्नेटार बस्ने अगने सार्की
ऐ. बस्ने जने सार्की
पिपलबोट बस्ने भवे सार्की
ज्योत्नीरुम्टा बस्ने पधेँरे खगेश्वर
चाम्टारा बस्ने जनार्दन
चाम्टारा बस्ने बालाकृष्ण
गिठे बस्ने श्री कृष्ण शर्मा
गिठेबस्ने पदमपानी जैसी
अमलाचौर बस्ने कलाधर
अमलाचौर बस्ने भवदत्त पाध्या
कमेरे बस्ने मोहदत्त शर्मा
अमलाचौर बस्ने घनश्याम जैसी खरदार
वीरबरटार बस्ने जि. रविलाल कामी
ऐ. बस्ने मनिराम कामी
गवाउँदी बस्ने भविदत्त शर्मा
टिट्नेटार बस्ने जनार्दन शर्मा
ऐ. बस्ने पद्मे सार्की
ऐ. बस्ने पहले सार्की
गाइनेथर बस्ने टिके गाइने
पिपलबोट बस्ने रभे सार्की
टिम्लेरुम्टा खडानन्द
धौलेचौर पुछाराघर बस्ने बालकृष्ण जैसी
गवाउँदी कमलपति
गहतेरा शशिधर शर्मा
डाँडा पदमपानी शर्मा
चिसापानी गंगादत्त
गहतेरा चन्द्रदत्त जैसी
गिठे बस्ने नन्दलाल
ऐ बस्ने गौरिश्वर
ऐ बस्ने हरिदत्त
ऐ बस्ने खगेश्वर

पहिलो प्रधानाध्यापक बलाराम शर्मा

सल्यानको हरिहर पाठशालाबाट शिक्षा प्राप्त गर्नुभएका बलराम शर्माले २०१४ सालमा आफ्नै जन्मथलो बलेवा अमलाचौरमा गाउँका बालवालिकालाई पढाउन सुरु गर्नुभएको थियो । घर नजिकै रहेको बाँसको रूखमुनि बालबालिकालाई शिक्षा दिने बालाराम अमलाचौर क्षेत्रकै पहिलो व्यक्ति हुनुहुन्छ । गाउँ घरकै पुरोहितहरूबाट सामान्य ज्ञान बटुल्नुभएका उहाँले औपचारिक शिक्षा भने विभिन्न स्थानमा रहेका पाठशालाबाट लिनुभएको थियो ।

२०१२ सालमा बनारसबाट संस्कृतका पुस्तक ल्याइ गाउँका बालबालिकालाई शिक्षा दिने अठोट गर्नुभएको थियो उहाँले । चाहेको खण्डमा के हुँदैन भन्ने अठोटका साथ शिक्षा बाँढ्ने काममा लाग्नुभएका बलराम शर्माले चार/चार बर्षसम्म पनि बाँसकै छहारीमा बिद्यार्थीहरूलाई पढाउने काम गर्नुभयो । चार वर्षसम्म बिना तलव कामगर्नुभएका उहाँले पछि आफ्नै गाउँका व्यक्तिलाई मासिक १०० रुपैंया दिने गरी शिक्षकको जिम्मेवारी सुम्पेको बताउनुहुन्छ ।

सम्माचौरको बुद्धिदात्रि प्रा.वि स्थापना गर्न आफुले पहल गरेको बलाराम शर्मा बताउनुहुन्छ । केही समयमात्र चलेको यो बिद्यालयमा ४ कक्षा सम्मको पढाइ हुने गर्थो । पछि विद्यालय बन्द भयो ।

जिल्ला शिक्षा कार्यालय बागलुङले अमलाचौरकै मध्य भागमा पर्ने पृथ्वी प्राविलाई संचालन अनुमति दियो । सोही प्राविको संस्थापक अध्यापक आफै भई पढाएको बलराम शर्मा बताउनुहुन्छ । पछि यही विद्यालय नै स्थानीयबाट श्रमदान लिएर विद्यालयलाई प्रावि हुदै मावि उच्चमावि बनेको छ । विद्यालयलाई व्यवस्थित बनाउन आफुले छोड्ने बेलामा एक लाख बराबरको जग्गा दान गर्नुभएको थियो । शर्मा हाल चितवनको टाँडीमा बसोबास गर्नुहुन्छ ।

विद्यालय स्थापनाका लागि २०१६ सालमा बसेको पहिलो गाउँ भेलाबाट सभापतिमा चयन हुनुभएका जि.दुर्गाबहादुर खत्री

पूर्वशिक्षक चूडामणि शर्माको अनुभव

बागलुङ जिल्लाको दक्षिण भेग, श्री भैरव देवताको चरण तथा मुक्ति क्षेत्र, तीर्थस्थलबाट प्रवाहित पुतकाली गण्डकी नदी ऊर्ध्व सामिप्य अमलाचौर गाविसको केन्द्र अवस्थित वर्तमानमा श्री पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौर रहेको छ ।

२०१९ भदौ १ गते मैले यो विद्यालयमा नियुक्ति लिई अध्यापन गर्न सुरु गरें । त्यो समयभन्दा अतीतको जानकारीमा, पृथ्वी प्रावि अमलाचौर र बुद्धिदात्री प्रावि सम्माचौरमा राख्ने भन्नेबारे दुईथरिको खिचातानी भएको थियो । यो विवाद मिलाउन खटिएको जाँच कमिसनले निर्देशन दिए अनुसार अमलाचौर नै उपयुक्त ठानियो र २०१७मा राज्यबाट केही आर्थिक सहयोग प्राप्त भई तत्कालीन भवन निर्माण समितिले २०१७/०९/०९ मा विद्यालय स्थापना हुन पुग्यो । त्यसपश्चात् प्रथम बलाराम, द्वितीय कृष्णप्रसाद शर्मा, तृतीय यदुनाथ शर्माले अध्यापन गर्नुभएको थियो । पछि सबैले छाडेर जाँदा विद्यालय प्रायः बन्द थियो । त्यस्तो अवस्थामा मेरो प्रवेश भएको हो । सबै संस्थापकको सहयोगमा विद्यार्थी जम्मा गर्ने र विद्यालय सञ्चालन गर्न प्रारम्भ गरियो । आर्थिक कठिनाइ पर्ने भएकाले गाउँमा पाथी उठाई शिक्षकलाई पारिश्रमिक दिने गरिन्थ्यो । विद्यालयको आवश्यकता महसुस भएपछि स्तरोन्नतितिर उन्मुख भयौं ।

२०१९ असारमा गल्कोटमा रहेको राज्यको कार्यालयबाट एक शैक्षिक सामग्रीसहितको एक बाकस र ९ सय रुपैयाँ आर्थिक सहायता प्राप्त भयो । यसरी आएको आर्थिक सहयोग, विद्यार्थीबाट उठाएको न्यूनतम शुल्क र जनताबाट प्राप्त सहयोगले विद्यालय सञ्चालन हुँदै गयो । विद्यार्थीको चाप बढ्दै गयो । शिक्षक थपिँदै गए । धेरै शिक्षकले सहकर्मीमै सेवा गर्नुभयो । आफ्नो अनुकूल व्यवसाय गर्न बाहिरिनुभयो । संस्थापक तथा सञ्चालकले आफ्नो योगदान छाडेर जानुभयो भने कोही अझै पनि योगदान गर्न इच्छुक हुनुहुन्छ । एवम्क्रमले विद्यालयको स्तरोन्नति हुँदै गयो । २०४० मा मावि हुँदै २०५६ मा उच्चमाविले जन्म लियो । अब हुनुपर्ने क्याम्पसको अवतार पनि पक्कै हुनेछ ।

अन्त्यमा मैले जीवनको उत्तरार्द्धसम्म ४१ वर्ष ४ महिना १५ दिन सम्म सेवा गरी अवकाश लिएको मेरो सेवास्थल विद्यालयलाई उत्तरोत्तर प्रगतिको कामना गर्नु मेरो नैतिक कर्तव्य ठान्छु ।

शैक्षिक अवस्था :स्थानीय जनतामा बढ्दै आएको शिक्षाप्रतिको अभिरुचिका कारण पृथ्वी निमाविलाई २०४० माघ २ गते तत्कालीन गाउँ पञ्चायतको आमभेला र २०४० माघ ७ गतेको गाउँसभाको निर्णयबाट माध्यमिक विद्यालयका रूपमा सञ्चालन गरियो । विद्यालयको स्तर वृद्धि गर्नेक्रममा २०५५ सालमा उच्चमाध्यमिक शिक्षा परिषद्बाट उच्चमाध्यमिक विद्यालयको सम्बन्धन लिँदा मानविकी संकायको अनुमति लिई उच्चमावि संचालन गरियो । हाल आएर मानविकी, शिक्षा र वाणिज्य संकाय हुनेगरी पृथ्वी उच्चमाध्यमिक विद्यालय जिरो प्लस टु को रूपमा सञ्चालन भइरहेको छ ।

यो विद्यालय बाग्लुङको दक्षिणी भेगमा स्थापना भएको विद्यालय सुरुमा बाहिरबाट आई अध्ययन गरी शिक्षा आर्जन गर्ने सु-अवसर प्राप्त गरिरहेका थिए भने हाल आएर यसै गाविस का विद्यार्थीले मात्र शिक्षा आर्जन गरेका छन् । भविष्यमा यस विद्यालयको स्तर वृद्धि गरी ग्रामीण क्षेत्रमा उच्च शिक्षाको उज्यालो ज्योतिको विद्यार्थीले शिक्षा आर्जन गर्न पाउनेछन् भन्ने आशा गरिएको छ ।

२०७१ को शैक्षिकसत्रमा भएका विद्यार्थी विवरण

कक्षा	बालविकास	१	२	३	४	५	६	७	८	९	१०	११	१२
छात्रा	१०	१९	८	१२	१३	२२	४५	४०	४६	५३	५६	३०	१०
छात्र	९	४	११	६	१३	१३	३७	३१	३४	४२	५१	२४	१०
जम्मा	१९	२३	१९	१८	२६	३५	८२	७१	८०	९५	१०७	५४	२०

विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि "गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता" भन्ने कुरालाई आत्मसात् गरेको छ । जसअनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न तथा विद्यार्थीको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि बालविकास नर्सरीदेखि नेपाली माध्यमको साथसाथै अंग्रेजी माध्यमबाट अध्यापन गराइरहेको छ ।

विद्यालयको दैनिक पठनपाठनबाट गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि बालविकासतर्फ १, प्रावि ७ निमावि राहतसहित ५ र प्रावि चारजना, कम्प्युटर अपरेटर १, कार्यालय सहयोगी १ दिवाकालीन अवस्थामा कार्यरत छन् भने उच्च मावि दस जोड दुईतर्फ पूर्णकालीन दुई, आंशिक चार, कार्यालय सहयोगी एक छन् ।

शैक्षिक सत्र २०७० को तहगत शैक्षिक उपलब्धि : प्रावि तहकको शैक्षिक उपलब्धि

विषय	नेपाली	अंग्रेजी	गणित	सामाजिक	विज्ञान, वातावरण	कैफियत
पूर्णांक	१००	१००	१००	१००	१००	
उपलब्धि प्रतिशत	४८.९	४८.०४	५०	५१.०२	५१.०७	

निमावि तह

विषय	नेपाली	अंग्रेजी	गणित	विज्ञान	सामाजिक	जनसंख्या	स्वा.शा	पूर्व.व्या	ना.नैतिक	कैफियत
पूर्णांक	१००	१००	१००	१००	१००	५०	५०	५०	५०	
उपलब्धि प्रतिशत	३८.६७	४२.१३	२६.२४	४४.७६	४५.२०	३१.१६	३७.१३	३१	३१	

मावि तह

विषय	नेपाली	अंग्रेजी	गणित	विज्ञान	सामाजिक	जनसंख्या	कैफियत
पूर्णांक	१००	१००	१००	१००	१००	५०	
उपलब्धि प्रतिशत	४६.३२	४२.७६	३०.९४	४७.६२	३४.०७	५६.८३	

भौतिक पक्ष :

समयको आवश्यकताअनुरूप यस विद्यालयकको भौतिक तथा शैक्षिक सामग्रीमा समय सापेक्षित विकास तथा वृद्धि हुँदै गएको छ । विद्यालयको आफ्नै स्वामित्वमा ६ रोपनी तीन आना क्षेत्रफलभित्र विद्यालयको मूल भवन रहेको छ । जनश्रमदानमा २०३८ र २०४६ मा बनाइएको पुरानो भवन मा १० कोठा रहेका थिए । २०४७ मा निर्मित परियोजना भवनमा दुई कोठा, २०६१ मा भीमनाथ प्रतिष्ठानको सहयोगबाट निर्मित दुई तला भएको पक्की पुस्तकालय भवन एक, २०६८ मा जिल्ला शिक्षा कार्यालयको सहयोगबाट निर्मित छात्रा शौचालय एक र ग्रामीण जागरण मञ्च (raf) नामक गैरसरकारी संस्थाको सहयोगबाट निर्मित शौचालय, छात्रछात्राका लागि एक शौचालय बन्यो । २०६९ मा खानेपानी तथा सरसफाइ

डिभिजन कार्यालय बाग्लुङको सहयोगमा निर्मित खानेपानी ट्यांकी बन्यो भने २०६९ मा जिल्ला शिक्षा कार्यालयको सहयोगबाट छात्रका लागि अर्को युरिनरी शौचालय बन्यो । २०६५ मा शिक्षा विभागबाट लागत जनसहभागितामा आधारित दुई भवन बन्यो, जसबाट चार कोठा थपियो । २०६८/०६९ मा शिक्षा विभागको सहयोगमा निर्मित चारकोठे पक्की भवन (rcc) बनेको छ ।

प्रवासमा बस्ने चक्रपाणि, तेजप्रसाद ढकाल, दलबहादुर खड्का, डिल्लीप्रसाद रेग्मी र यज्ञप्रसाद शर्माको सक्रियतामा २०४२ सालमा विद्यालय हाताभित्र निर्मित सरस्वती मन्दिर जीर्ण मन्दिरपछि २०७१ माघमा विद्यालय व्यवस्थापन समितिको पहलमा मन्दिरको जीर्णोद्धार गरी पक्की बनाइएको छ ।

विद्यालयका भूतपूर्व प्रधानाध्यापक कृष्णप्रसादसमेतका केही दाताको सहयोगमा अमलाचौर-७ दूधबारीमा चार रोपनी तीन आना एक पैसा क्षेत्रफलको चाहर जग्गासमेत विद्यालयको नाममा रहेको छ ।

२०६९ मा विद्यालयको संस्थापक सदस्य एवम् प्रधानाध्यापकसमेत र हनुभएका बलराम आचार्यले अमलाचौर-२ स्यानीचौर ज्यामिरेमा एक रोपनी १२ आना एक पैसा क्षेत्रफलको चाहर खरबारी दान गर्नुभएको थियो । विद्यालयको नाममा हाल जम्मा १२ रोपनी तीन आना दुई पैसा एक दाम जग्गा रहेको छ ।

२०५८ मा स्थानीय जनसहभागिता र जनसहयोगबाट तल्लो चौरस्थित तारेभीर सामुदायिक वन क्षेत्रभित्र ६ कोठाको एउटा प्रावि शाखा भवनसमेत छ भने विद्यालयमा हाल फर्निचर संख्या डेस्क, बेन्च ३१४, टेबुल ९, दराज ६ काठका र स्टिलका गरी सात, कम्प्युटर १० थान, सादा बेन्च पाँच, कुर्सी काठका १९, प्लास्टिक कुर्सी २५, सोफा दुई, ड्रमसेट एक, गिलास १८, भित्तेघडी दुई, सिडिएमए फोन एक, क्यासेट एक, कम्प्युटर नौ, ओएलई नेपालको सहयोगबाट २०६९ मा प्राप्त ई-पाटी (मिनिल्यापटप) ४०, प्राथमिक उपचार बक्स दुई, राष्ट्रिय झन्डा दुई, विद्यालय झन्डा दुई, निर्माणसामग्री गल, घन, गैंची, बेल्चा, ह्वाइटबोर्ड १६, स्ट्रेचर एक, हिलट्यांक एक, पानीट्यांक दुई, विद्यालय हाताभित्र पक्की चौपारी एक, विविध किसिमका चार्ट, फोटो तथा दृश्य शैक्षिक सामग्री एवम् विभिन्न महादेशका नक्सा एवम् ग्लोबको साथै आईसीटी सेवा र टेलिसेन्टरबाट आधारभूत कम्प्युटर तालिम, फोटोकपी, प्रिन्ट, स्क्यानिङजस्ता आन्तरिक तथा बाह्य रूपमा सेवा दिने गरिएको छ भने भीमनाथ शर्मा स्मृति पुस्तकालयमा दर्ता भएका पुस्तक संख्या एक हजार सात सय ८५ दर्ता नभएका पाँच सय ७५ को साथै इसर्भर बाट सात हजार पाँच सय इ-लाइब्रेरी प्रयोग गरी अध्ययनसमेत गरिएको छ ।

आर्थिक पक्ष :

यस विद्यालयको आर्थिक पक्षलाई चुस्त र दुरुस्त र पारदर्शी बनाउनका लागि सामाजिक लेखा परीक्षण विव्यसको निर्णय तथा आन्तरिक लेखा परीक्षण एवम् सूचीकृत लेखापरीक्षकबाट सालिन्दा लेखापरीक्षण समेत गर्ने गरिएको छ । जसअनुसार आव २०७०/०७१ को आयव्यय विवरण निम्न छ ।

श्री पृथ्वी उच्चमाध्यमिक विद्यालय, अमलाचौर

आर्थिक वर्ष २०७०/०७१ को आयव्यय विवरण

क्र.सं	आय विवरण	रकम	व्यय विवरण	रकम
१	अल्या बैंक	२,४७५,४३५।२०	शिक्षक तलब-भत्ता	४,१२५,८९८।६६
२	अल्या नगद	५,१०७।८०	बालविकास तलब खर्च	५०,०००।००
३	तलब भत्ता निकासा	४,६८७,८२४।२०	कस कोष	५,७८,९९७।००
४	कर्मचारी व्यवस्थापन अनुदान	१९२,३९५	नाल कोष	५९,२००।००
५	लेप अनुदान	१,०००।००	छात्रवृत्ति वितरण	२०८,९००।००
६	मसलन्द अनुदान	३०,०००।००	शैक्षिक भ्रमण	३५,०००।००
७	छात्रवृत्ति अनुदान	१६९,१००।००	सामाजिक सुरक्षा कर तिरेको	३७,२९४।८४
८	शैक्षिक सामग्री व्यवस्थापन अनुदान	११६,७७०।००	पारिश्रमिक कर तिरेको	५४,०१४।७५
९	भवन निर्माण अनुदान	१,४००,०००।००	बैंक खाता रोक्का	६००।००
१०	पाठ्यपुस्तक अनुदान	२११,६७५।१५	मसलन्द/छपाइ	३५,०३६।००
११	एसआईपी निर्माण	१,०००।००	शैक्षिक सामग्री खरिद	३२,१८४।७४
१२	साक्षरता कार्यक्रम	२३७,०८४।००	खेलकुद सामग्री खरिद	१२,३००।००
१३	कम्प्युटर अनुदान	१४०,०००।००	टेलिफोन सञ्चार	७,२००।००
१४	गाविस अनुदान	५१,५००।००	भवन निर्माण (आरसीसी)	२,७४३,४१६।००
१५	बैंक ब्याज प्राप्त	१०,४३५।२५	साक्षरता कार्यक्रम खर्च	२३७,०४८।००
१६	एसएलसी पूरक आवेदन	३३,०००।००	पठ्यपुस्तक खरिद	२०६,९७४।००
१७	वर्षे घाँस बिक्री बाट	२,५००।००	पोटोकपी मेसिन मर्मत	५,८००।००
१८	रूख लिलाम बिक्रीबाट	१४,६००।००	अतिथि सत्कार खाजा	११,८०२।००

१९	दाउरा बिक्रीबाट	१,७००।००	वाइरिङ+विद्युत् महसुल	७,७२५।००
२०	एक्जाम्टेडबाट आवेदन शुल्क (५००×४३)	२१,५००।००	ढुवानी खर्च	४,९८०।००
२१	प्रमाणपत्र शुल्क	२६,६००।००	पत्रपत्रिका खर्च	४,८००।००
२२	नियमित फाराम शुल्क (५००×६६)	३३,०००।००	कम्प्युटर खरिद तथा व्यवस्थापन	२००,०००।००
२३	टेलिसेन्टरबाट प्राप्त	३,३००।००	आवेदन शुल्क राजस्व	१०४,२९०।००
२४	रजिस्ट्रेसन शुल्क प्राप्त	३१,५००।००	प्रमाणपत्र राजस्व खर्च	८,२००।००
२५	टिन बिक्रीबाट प्राप्त	१७०००।००	मर्मत खर्च	११,२२०।००
२६			अन्य खर्च	४,८४५।००
२७			टेलिसेन्टरमा खर्च	१,१६०।००
२८			विज्ञापन खर्च	३,०००।००
२९			वार्षिकोत्सव खर्च	४५,८७१।००
३०			बाँकी मौज्दात	१,०५७,६५४।२१
३१	जम्मा	९,९१३,९९१।४०	जम्मा	९,९१३,९९१।४०

विविध पक्ष :

पाठ्यपुस्तकको अतिरिक्त विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक, तथा संवेगात्मक विकासका लागि विद्यालयमा गठित आदर्श बाल क्लब, जुरेससँग समन्वय गरी अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ । जसअनुसार साहित्यिक कार्यक्रम, हाजिरीजवाफ, हिज्जे, खेलकुद, सांस्कृतिक कार्यक्रम प्रार्थना समयमा पिटी खेल्ने कार्यक्रम राष्ट्रियगान, एसेम्बली क्वीज र दैनिक सरसफाइ कार्यक्रमसमेत गरिन्छ । कक्षा दुईदेखि सातसम्म कम्प्युटर विषय राखी अध्यापन गरिन्छ भने अंग्रेजी माध्यमबाट पठनपाठन कक्षा एकदेखि पाँचसम्म र कक्षा ६ देखि नौसम्म विज्ञान, गणित विषय अंग्रेजी माध्यमबाट पठनपाठन गर्दै आएको छ । विद्यालयमा विव्यस तथा शिक्षक एवम् विद्यार्थीको संयुक्त बैठकको निर्णयबाट आचारसंहिता निर्माण गरी विद्यालय कार्यकक्षमा सबैले देख्नेगरी राखिएको छ भने शिक्षकलाई कला class father र class mother को जिम्मेवारी प्रदान गरी अझ क्रियाशील बनाई बालमैत्री विद्यालय निर्माण गर्न प्रयत्नशील बनाइएको छ ।

लैंगिक सुनुवाइ समिति गठन गरी विद्यालयभित्र र बाहिर हुने विभेद अन्त्य गर्ने गरिएको छ । साथै विद्यालय शान्तिको क्षेत्र र बालमैत्री बनाउन सरोकार पक्षसँग अन्तरक्रिया गरी शैक्षिक गुणस्तर कायम गर्न भूमिका निर्वाह गर्ने शिक्षक, विद्यार्थी, अभिभावक र विव्यसलाई विद्यालयको वार्षिकोत्सव समारोहको दिन पुरस्कार सम्मान प्रदान गर्दै आएको छ ।

निष्कर्ष :

गुणस्तरीय शिक्षाका लागि राज्यबाट ठूलो लगानी भएको छ भने अभिभावक एवम् समुदायको पनि उल्लेखनीय सहयोग छ तर त्यसको प्रतिफल सकारात्मक नभएको स्थितिमा सम्बन्धित सबै पक्षको ध्यानाकृष्ट भएको छ। एसएलसी परीक्षाको नतिजालाई आधार मानी शैक्षिक गुणस्तर मापन गर्ने हो भने यस विद्यालयको शैक्षिक स्थितिमा थुप्रै सुधार गर्नुपर्नेछ । गुणस्तर सुधारका लागि थुप्रै चुनौतीमध्ये खेलकुद मैदान अभाव, शैक्षिक सामग्री अभाव, समयानुकूल कक्षाकोठा व्यवस्थापन, विज्ञान प्रयोगशाला व्यवस्था, विभिन्न सन्दर्भ सामग्री व्यवस्था, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी व्यवस्था, समय र सापेक्षित शिक्षण तालिम आदि विद्यमान समस्या छन् भने शिक्षक कर्मनिष्ठ, परिश्रमी र पेसाप्रति जिम्मेवारी बोध, विद्यार्थी उत्सुक, मिहिनेती, लगनशील, अनुशासित भएमा एवम् अभिभावक वर्गले विद्यालयप्रति रुचि, चासो देखाइ अपनत्व भावना विकास गरेमा आगामी दिनमा "शैक्षिक गुणस्तर वृद्धि" मा सुधार ल्याउन सकिन्छ। त्यसका लागि सबै पक्षले आ-आफ्नो ठाउँबाट जिम्मेवारीसाथ सहयोग गर्न जरुरी देखिन्छ ।

र, अन्त्यमा, यस विद्यालयमा अध्ययन गरेका विद्यार्थी अहिले ने पालको उद्योग, व्यवसाय र राजनीतिको क्षेत्रमा स्वदेश तथा विदेशमा ख्याति प्राप्त गर्न सफल भएका छन् । माध्यमिक तथा उच्चमाध्यमिक शिक्षा हासिल गरेका हाम्रा विद्यार्थी अहिले विभिन्न सरकारी एवम् गैरसरकारी क्षेत्रको उच्च ओहोदामा कार्यरत छन् भने कतिपय विद्यार्थी शैक्षिक क्षेत्रको विभिन्न तहमा अध्यापन पेसामा लागी योग्य नागरिक उत्पादन गर्ने अभियानमा लागेका छन् । यस विद्यालयबाट उत्पादित विद्यार्थी स्वदेशमा मात्र होइन, विदेशका विश्वविद्यालयमा समेत अध्यापन गर्दै छन् । यसको साथै यस विद्यालयमा अध्ययन गरेका विद्यार्थी, राजनीतिक क्षेत्रमा समेत माथिल्लो तहमा पुगेका छन् । व्यावसायिक, सामाजिक, अध्यापन, सरकारी, राजनीतिलगायत क्षेत्रमा यस विद्यालयमा अध्यापन गरेका विद्यार्थीको परिश्रम, मिहिनेत, लगनशीलताले हरेक क्षेत्रमा सफलता प्राप्त गर्न सक्षम भएको यस विद्यालयमा अध्यापन गराइरहेका एवम् पूर्वशिक्षक सुरुदेखि हालसम्म विद्यालयको स्थायित्व एवम् व्यवस्थापनमा योगदान पुऱ्याउनुहुने व्यक्तित्व, अभिभावकमात्रै होइन विद्यालय परिवारसमेत गौरवान्वित महसुस गर्छ ।

(पृथ्वी उच्च मा. वि.: इतिहासदेखि वर्तमानसम्म : यो इतिहास हस्तलिखित एवम् मौखिक स्रोत, अभिलेखका आधारमा तयार पारिएको हो । इतिहासलाई बुझ्ने र मुल्यांकन गर्ने विषयमा आआफ्ना मत हुनसक्छन् । हामी सबै मतलाई सम्मान गर्दछौं । इतिहासको सत्य र वस्तुनिष्ठ अन्वेषणको खोजी र तर्कपूर्ण बहसका लागि यो एउटा आधार रहनेछ भन्नेमा हामी विश्वस्त छौं ।-सम्पादन मण्डल

पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौर दस जोड दुई विगत र वर्तमान

- पशुपति शर्मा
संयोजक दस जोड दुई

१. विषय प्रवेश :

शिक्षा ज्ञान, सीप र दक्षतायुक्त, प्रतिस्पर्धी एवम् चरित्रवान् जनशक्ति विकास गरी उन्नत समाज निर्माण गर्ने र देशको सर्वांगीण विकासमा ठोस टेवा पुऱ्याउने एक सशक्त माध्यम हो । मानव विकास, समाज विकास एवम् देश विकासको महत्वपूर्ण पूर्वाधार वा आधार शिक्षा हो भन्ने कुरा विश्वका विकसित देशले प्रमाणित गरिसकेका छन् । हाम्रो देश नेपाल शिक्षाको राम्रोसँग विकास हुन नसकेका कारण देश विकासमा पछि परेको छ । नेपालको इतिहासका विभिन्न कालखण्ड हुँदै वर्तमानसम्ममा जे-जति परिवर्तन, रूपान्तरण र विकास भएका छन्, ती सबै मा शिक्षा र शिक्षा माध्यमबाट सिर्जना भएको मानव चेतना नै प्रमुख रहेको देखिन्छ । यसो हुँदाहुँदै पनि नेपालमा शिक्षाको प्रभाव अलि ढिलो र मन्द गतिमा अगाडि बढेको पाइन्छ । विक्रम संवत् २००७ अघिको नेपाली शिक्षा प्रणाली प्राचीन र परम्परागत प्रणालीका रूपमा रहेको र आधुनिक शिक्षा प्रणालीको सुरुवात २००७ को प्रजातन्त्र उदयपछि मात्र भएको पाइन्छ । त्यसभन्दा अघि १०४ वर्ष राणाकालमा शिक्षा विकासलाई निकै संकुचित बनाइयो । राणाका इच्छाअनुसार केही सम्भ्रान्त वर्गमा मात्र सीमित भएकाले त्यतिबेला आम नेपाली नागरिक शिक्षाबाट वञ्चित रहे ।

२००७ सम्म नेपालको साक्षरता प्रतिशत केवल २ प्रतिशतमात्र रहेको तथ्यले त्यसबेलासम्म मानिस शिक्षाबाट वञ्चित रहेको कुरा प्रमाणित गर्छ । २००७ मा भएको प्रजातन्त्र उदयपछि जन चेतनाको लहरसँगै आधुनिक शिक्षा प्रणाली सञ्चालन प्रयासको परिणामस्वरूप देशका कुनाकाप्चासम्म विभिन्न किसिमका विद्यालय स्थापना गरी सञ्चालनमा आएपछि शिक्षा विकासको पनि लहर अगाडि बढ्यो । शिक्षा विकास र विस्तार गर्न विभिन्न किसिमका शिक्षा बोर्ड, शिक्षा योजना आयोग गठन गरिए, शिक्षक तालिमकेन्द्र स्थापना गरिए, प्रौढ शिक्षा कक्षा सञ्चालन गरिए, घुम्ती शिक्षक तालिम कार्यक्रम सञ्चालनमा आए, विद्यालय निरीक्षण प्रशासन खडा गरिए, स्कुल विभाग र शैक्षिक प्रशासनिक निकाय गठन भए । यी सबै प्रयासको प्रभाव बिस्तारै-बिस्तारै गाउँ-गाउँसम्म पुग्न थाल्यो । शिक्षाको आवश्यकता चेतनाको विकास समाजमा बढ्दै जान थाल्यो । अनि गाउँ-गाउँमा विद्यालय स्थापना गरी सञ्चालन गर्ने क्रम बढ्यो ।

> २००७ सम्म नेपालको साक्षरता प्रतिशत केवल २ प्रतिशतमात्र रहेको तथ्यले त्यसबेलासम्म मानिस शिक्षाबाट वञ्चित रहेको कुरा प्रमाणित गर्छ । २००७ मा भएको प्रजातन्त्र उदयपछि जनचेतनाको लहरसँगै आधुनिक शिक्षा प्रणाली सञ्चालन प्रयासको परिणामस्वरूप देशका कुनाकाप्चासम्म विभिन्न किसिमका विद्यालय स्थापना गरी सञ्चालनमा आएपछि शिक्षा विकासको पनि लहर अगाडि बढ्यो ।

२. विद्यालयको ऐतिहासिक पृष्ठभूमि :

१०४ वर्षे राणा शासन अन्त्य २००७ पछि नेपाल खुला प्रजातान्त्रिक समाजमा बदलिएपछि समाजमा आएको नयाँ जागरण र शिक्षाको आवश्यकता एवम् महत्वबोध हुँदै जान थालेको हो । देशका विभिन्न स्थान तथा गाउँका छरछिमेकको पनि प्रभाव पर्दै जाँदा राणा शासन अन्त्य भई प्रजातन्त्र प्राप्तिको एक दशकपछि २०१७ मा अमलाचौरमा केही सामाजिक अग्रज, समाजसेवी र शिक्षाप्रेमीले आफ्नो सामाजिक कर्तव्य तथा सामाजिक दायित्व समेत बोध गर्दै विद्यालय स्थापना एवम् सञ्चालन र व्यवस्थापन सुरुवात गरेको पाइन्छ । अहिलेको पृथ्वी उच्चमाध्यमिक विद्यालय तत्कालीन अवस्थामा पृथ्वी प्राइमरी स्कुलको नामबाट सञ्चालन भई क्रमशः स्तरोन्नति हुँदै २०३२ मा निम्नमाध्यमिक तह (मिडिल स्कुल) र २०४० मा माध्यमिक तह सञ्चालन भएको थियो।

१० वर्षे विद्यालय तहको शिक्षामा दुई वर्षको एक शैक्षिक तह कक्षा ११ र १२ थपी उच्च शिक्षा प्रवेशका लागि आधार एवम् मध्यम स्तरीय जनशक्ति उत्पादन गर्नका लागि उच्चमाध्यमिक शिक्षा ऐन-२०४६ र उच्चमाध्यमिक शिक्षा नियमावली-२०५२ लागू भएपछि नेपालमा उच्चमाध्यमिक विद्यालय दस जोड दुई स्थापना, सञ्चालन र विस्तार प्रक्रिया अगाडि बढ्न थाल्यो । यसबाट गाउँघर, कुनाकाप्चाका विद्यालयबाट एसएलसी उत्तीर्ण गरेपछि प्रवीणता प्रमाणपत्र तह पीसीएल वा सोसरहको शिक्षा लिन सहर-बजारमा रहेका क्याम्पसमा धेरै खर्च गरेर जानुपर्ने बाध्यता पनि रहेन । अर्कोतिर, एसएलसीपछि बीचैमा पढाइ छाड्नुपर्ने अवस्था पनि रहेन । गाउँघरमै सहज रूपमा एसएलसीपछिको पढाइका लागि सजिलो हुन थाल्यो । परिवर्तित समय, परिस्थिति र आवश्यकतालाई दृष्टिगत गर्दै यस अमलाचौर गाविसमा रहेको पृथ्वी माध्यमिक विद्यालयमा उच्चमाध्यमिक तह दस जोड दुई सञ्चालन गर्नुपर्छ भन्ने सोचाइ अगाडि आयो । यहाँबाट एसएलसी उत्तीर्ण गरेपछि क्याम्पस पढ्नका लागि यस गाउँ विकास समितिबाहिर रहेका क्याम्पस पैयुँपाटा, फलेबास, बाग्लुङ बजार, पोखरा, काठमाडौँ जानुपर्ने बाध्यता हुन्थ्यो । यस्तो बाध्यतालाई

ध्यान दिँदै शिक्षा विकासबाट गाउँको समग्र विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यका लागि समाजका अगुवा सामाजिक कार्यकर्ता, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी, राजनीतिक दलका नेता, कार्यकर्ता सबैबीचमा छलफल एवम् अन्तरक्रिया गरी २०५४ को अन्त्यतिर पृथ्वी मावि अमलाचौरलाई उच्चमावि बनाउने र त्यसका लागि आवश्यक स्रोत, साधन तथा सबै प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको थियो । उच्चमाध्यमिक तह सञ्चालन गर्न विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक आर्थिक स्रोत जुटाउन पृथ्वी माध्यमिक विद्यालय अमलाचौरका तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष स्व. तेजेन्द्रप्रसाद ढकाल, गाविस अध्यक्ष खेमप्रकाश पाठक, समाजसेवी एवम् राजनीतिज्ञ दीनानाथ शर्मा, शिक्षाप्रेमी डिल्लीप्रसाद शर्मा, विद्यालयका तत्कालीन प्रधानाध्यापक कुमार पौडल, स्थानीय अगुवा गुरुदत्त पाठक, दलबहादुर खड्का, लोकनाथ शर्मा, विष्णु पुलामी, चित्र सापकोटासहितको अगुवाइमा समाजका अरू भद्रभलाद्मी, शिक्षक, अभिभावक, जनप्रतिनिधिलगायत सबै सामाजिक व्यक्तित्व भेला गरी उच्चमावि सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न आर्थिक स्रोत जुटाउने उद्देश्यले २०५५ को तिहारमा देउसी-भैलो खेलिएको थियो ।

विद्यार्थी, शिक्षक, अभिभावक, व्यवस्थापन समिति, गाउँ विकास समिति, राजनीतिक दलको सक्रिय सहभागितामा देउसी-भैलो खेली आर्थिक संकलनबाट झ्यालढोका, कक्षाकोठा मर्मत-सम्भार, फर्निचर निर्माण लगायतका पूर्वाधारका कार्य भएका थिए ।

शैक्षिक सत्र २०५६ बाट उच्चमाध्यमिक तहको कक्षा ११ सञ्चालन गर्न आवश्यक सबै प्रक्रिया र तयारी गरी २०५६ साउनबाट कक्षा सञ्चालन सुरु गर्ने निर्णय भए अनुसार उच्चमाध्यमिक तह दस जोड दुईको अस्थायी सम्बन्धन लिन २०५५ फागुन ११ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय, २०५५ फागुन १४ गतेको जिल्ला शिक्षा कार्यालय बाग्लुङका कामु जिल्ला शिक्षा अधिकारी रामवृक्ष शाह र तत्कालीन जिल्ला शिक्षा समिति अध्यक्ष एवम् जिविस बाग्लुङ सभापति लीलाबहादुर थापामगरको सिफारिसपत्रसहितका अन्य आवश्यक कागजातसहित उच्चमाध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमा अस्थायी सम्बन्धनका लागि माग निवेदन पेस भयो । उच्चमाध्यमिक विद्यालय सञ्चालन हुन सक्ने वा नसक्ने भन्नेबारे २०५५ फागुन १६ गते उच्चमाध्यमिक शिक्षा परिषद्ले विद्यालयको स्थलगत निरीक्षण भ्रमण गरी प्रतिवेदन पेस गर्न आफ्नो प्रतिनिधिलाई स्थलगत निरीक्षण गर्न पठाएको थियो । त्यसपछि उच्चमावि सञ्चालन गर्न अस्थायी सम्बन्धन लिन विद्यालयले आफ्नो नाममा तीनवर्षे मुद्दति खातामा चार लाख रुपैयाँ जम्मा गर्नुपर्ने भएकाले आर्थिक वर्ष २०५५/५६ को अमलाचौर गाविसको रकम विद्यालयलाई धरौटी राख्न विनियोजन गर्नेबारे छलफल भयो । गाउँ परिषद्मा सर्वसम्मत निर्णय हुन नसके पनि बहुमतको निर्णयका आधारमा गाविसको रकम विद्यालयलाई दस जोड दुई सञ्चालनका लागि रकम विनियोजन गर्ने निर्णय भएको थियो । २०५५ पुसमा भएको उक्त गाउँ परिषद् बैठकको निर्णयबाट विद्यालयका लागि रकम विनियोजन गराउन तत्कालीन गाविस अध्यक्ष खेमप्रकाश पाठक, स्थानीय राजनीतिक सामाजिक व्यक्तित्व गुरुदत्त पाठक, चित्र सापकोटा र विष्णुप्रसाद पुलामीको उल्लेखनीय योगदान रहेको थियो । गाउँ विकास समितिबाट प्राप्त हुने रकम, विद्यालयमा रहेको बचत मौजुदा रकमले मात्र चार लाख धरौटी राख्न रकम नपुगे पछि आवश्यक छलफलपश्चात् अपुग रकम व्यक्तिगत ऋणस्वरूप प्रत्येक व्यक्तिबाट पाँच/पाँच हजारका दरले ऋण लिने र धरौटी जम्मा गर्ने निर्णय भयो । सोअनुसार ३१ जनाबाट पाँच/पाँच हजार रुपैयाँका दरले रकम संकलन गरी धरौटी रकम पूरा गरिएको थियो ।

अब उच्चमाध्यमिक शिक्षा परिषद्ले अस्थायी सम्बन्धन प्रदान गर्नेछ र साउनबाट कक्षा ११ सञ्चालन हुनेछ भन्ने पूर्ण विश्वास लिइए पनि २०५६ असार दोस्रो सातामा उच्चमाध्यमिक शिक्षा परिषद्ले अस्थायी सम्बन्धन दिन नसक्ने निर्णय गरेको थियो । यो निर्णयबाट कक्षा ११ सञ्चालन गर्न सकिएन । त्यसलगत्तै, आकस्मिक रूपमा उच्चमाध्यमिक शिक्षा परिषद्मा डेलिगेसन जाने निर्णय भयो । विद्यालयका तत्कालीन व्यवस्थापन समिति अध्यक्ष स्व. तेजेन्दप्रसाद ढकाल, गाविस अध्यक्ष खेमप्रकाश पाठक, प्रअ कुमार पौडल, चित्र सापकोटा, पशुपति शर्मा काठमाडौँ गई काठमाडौँमा रहनुभएका दीनानाथ शर्मा, डिल्लीप्रसाद शर्मा, कृष्ण अधिकारी, मणिरत्न शर्मा उच्चमाध्यमिक शिक्षा परिषद् उपाध्यक्ष डा. तीर्थ खनियासँग डेलिगेसन गई विद्यालयलाई सम्बन्धन नदिनुका कारणबारे सोधखोज गरियो । जसरी पनि त्यसै वर्ष कक्षा ११ सञ्चालन गर्ने गरी सम्बन्धन प्रक्रिया मिलाइदिन दबाब सिर्जनाका लागि एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई पनि अनुरोध गरियो । चौतर्फी दबाबका कारण उच्चमाध्यमिक शिक्षा परिषद्बाट आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धन दिने आश्वासन प्राप्त भयो । सोअनुसार विद्यालयको स्थलगत निरीक्षण पुनः दोस्रोपटक गर्नुपर्ने भएकाले २०५६ असार १४ गते स्थलगत निरीक्षण गराई प्रतिवेदन पेस गराइयो । २०५६ साउन १४ गते उच्चमाध्यमिक शिक्षा परिषद्बाट पृथ्वी उच्चमाविलाई मानविकी र शिक्षा संकाय सञ्चालनको सम्बन्धन प्राप्त भएपछि २०५६ भदौ ६ गतेबाट कक्षा ११ को पठनपाठन औपचारिक रूपमा सञ्चालन गरिएको थियो । पहिलो वर्षको कक्षा ११ मा ४७ विद्यार्थी भर्ना भई मानविकी र शिक्षा संकायमा अनिवार्य विषयबाहेक ऐच्छिक अंग्रेजी, गणित, नेपाली, संस्कृत, राजनीतिशास्त्र आदि विषयमा पठनपाठन सुरु भएको थियो ।

२०५७ चैत १२ गते बाग्लुङ जिल्ला क्षेत्र नम्बर २ का तत्कालीन सांसद चित्रबहादुर केसीज्यूको प्रमुख आतिथ्यतामा विद्यालयले एक समारोह आयोजना गऱ्यो । कार्यक्रममा उच्चमावि सञ्चालनका लागि ऋण प्रदान गर्नुहुने ऋणदाता महानुभावले आफूले दिएको ऋण विद्यालयका लागि चन्दा सहयोगका रूपमा घोषणा गर्नुभयो । उहाँहरूलाई विद्यालय व्यवस्थापन समितिले विद्यालयका संस्थापक सदस्य रहने निर्णय गरेअनुसार प्रमुख अतिथि केसीले फूल, अबिरले सम्मान गर्नुभएको थियो । यसरी आफ्नो ऋण र कमलाई विद्यालयका लागि चन्दा सहयोगका रूपमा घोषणा गर्नुहुनेमा तेजेन्द्रप्रसाद ढकाल, खेमप्रकाश पाठक, डिल्लीप्रसाद शर्मा, टीकाराम पाध्या, मणिरत्न शर्मा, चित्र सापकोटा, दलबहादुर खड्का, पशुपति शर्मा, पूर्णप्रकाश शर्मा, पद्मनाथ शर्मा पौडेल, बुद्धिप्रसाद चापागाईं, विष्णुप्रसाद पुलामी, सूर्यप्रसाद ढकाल, कोपिलामणि ढकाल, ताराखर ढकाल, मानबहादुर खत्री, मणिरत्न चापागाईं, गौमती हरिजन हुनुहुन्थ्यो भने विशेष कारणवश उक्त कार्यक्रममा उपस्थित हुन नसकेर आफ्नो ऋणस्वरूपको रकम चन्दा सहयोगका रूपमा घोषणा गर्न केही व्यक्ति असमर्थ हुनुहुन्थ्यो । सो अवसर प्राप्त गर्न अहिलेसम्म पनि सकिरहनुभएको छैन । फेरि पनि आगामी दिनमा विद्यालयले यसलाई मूर्त रूप दिन आवश्यक वातावरण मिलाउनुपर्ने अवस्था छ ।

पृथ्वी उच्चमाध्यमिक विद्यालय दस जोड दुईको स्थापनाकाल २०५६ का संस्थापक सदस्य, ऋणदाता एवम् चन्दादाता महानुभाव :

क्र .सं.	नाम	ठेगाना
१	स्व. तेजेन्द्रप्रसाद ढकाल	अमलाचौर, गाविस वडा नं-४, कालीमाटी
२	खेमप्रकाश पाठक	अमलाचौर, गाविस वडा नं-३, काहुले
३	डिल्लीप्रसाद शर्मा	अमलाचौर, गाविस वडा नं-१, बरडाँडा
४	टीकाराम पाध्या	अमलाचौर, गाविस वडा नं-७, धौलेचौर
५	मणिरत्न शर्मा	अमलाचौर, गाविस वडा नं-१, बरडाँडा
६	चित्र सापकोटा	अमलाचौर, गाविस वडा नं-७, गौँदी
७	चक्रपाणि जैसी	अमलाचौर, गाविस वडा नं-७, कुखुरे
८	कृष्णप्रसाद शर्मा	अमलाचौर, गाविस वडा नं-९, सरंगी
९	दलबहादुर खड्का	अमलाचौर, गाविस वडा नं-६, गिठे
१०	पशुपति शर्मा	अमलाचौर, गाविस वडा नं-२, कान्ले
११	श्रीनारायण रेग्मी	अमलाचौर, गाविस वडा नं-, ६ गिठे
१२	कर्णबहादुर खत्री	अमलाचौर, गाविस वडा नं-९, तल्ला सरंगी
१३	पूर्णप्रकाश शर्मा	पैयुँपाटा, गाविस वडा नं-१, ठूलाखेत
१४	पद्मनाथ शर्मा पौडेल	अमलाचौर, गाविस वडा नं-२, पैरे
१५	बुद्धिप्रसाद चापागाईं	अमलाचौर, गाविस वडा नं-७, कमेरे
१६	कृष्णप्रसाद शर्मा	अमलाचौर, गाविस वडा नं-७, गहतेरा
१७	कृष्ण शर्मा	अमलाचौर, गाविस वडा नं-३, काहुले
१८	स्व. विष्णुप्रसाद पौडेल (पुलामी)	अमलाचौर, गाविस वडा नं-५, पाल्लेखेत
१९	सुर्यप्रसाद ढकाल	अमलाचौर, गाविस वडा नं-४, कालीमाटी
२०	कोपिलामणि ढकाल	अमलाचौर, गाविस वडा नं-४, कालीमाटी
२१	स्व. ताराखर ढकाल	अमलाचौर, गाविस वडा नं-६, गिठे
२२	भवानीप्रसाद शर्मा	अमलाचौर, गाविस वडा नं-१, सम्माचौर
२३	स्व. मानबहादुर खत्री	अमलाचौर, गाविस वडा नं-७, चाम्टारा
२४	स्व. मणिरत्न चापागाईं	अमलाचौर, गाविस वडा नं-७, गौदी
२५	द्रोणप्रसाद ढकाल	अमलाचौर, गाविस वडा नं-४, कुँडहर
२६	देवेन्द्र ढकाल	अमलाचौर, गाविस वडा नं-४, कुँडहर
२७	हीराबहादुर बोहोरा	अमलाचौर, गाविस वडा नं-६, गिठे
२८	गीतादेवी शर्मा	अमलाचौर, गाविस वडा नं-९, माइनडाँडा
२९	गौमती हरिजन	अमलाचौर, गाविस वडा नं-६, गिठे
३०	छायादत्त पाध्या	अमलाचौर, गाविस वडा नं-७, ज्यामिरे
३१	यदुनाथ पौडेल	अमलाचौर, गाविस वडा नं-९, टाकुरी
३२	प्रेमप्रसाद पौडेल	अमलाचौर, गाविस वड नं-६

माथि उल्लिखित महानुभावमध्ये अमलाचौर गाविस वडा नं-९ निवासी गीतादेवी शर्माले २०६२ मा आफ्नो सहयोग ऋण रकम पाँच हजार रुपैयाँ तत्कालीन गाविससचिव तिलबहादुर विकमार्फत फिर्ता लिएको तत्कालीन गाविस अध्यक्ष खेमप्रकाश पाठकबाट जानकारी प्राप्त भएको छ ।

यस विद्यालयको उच्चमावि तहको भौतिक व्यवस्थापनमा आर्थिक सहयोग पुऱ्याउनमा अमलाचौर-४, ढकालथरमा जन्मनु भई नेपाल कै सफल उद्यमी बन्न सफल ग्लोबल आईएमई बैंक अध्यक्ष चन्द्र ढकालको ठूलो हात छ । ढकालले २०६४ मा ५० हजार रुपैयाँ सहयोग गर्नुभएको थियो । त्यस्तै, अमलाचौर-२ निवासी विद्यालयका पूर्वशिक्षक नवराज चापागाईंले २०६२ मा पाँच हजार रुपैयाँ सहयोग गर्नुभएको थियो ।

३. विद्यालयको वर्तमान अवस्था :

बागलुङ जिल्लाको क्षेत्र नं. २ अन्तर्गत पर्ने २० गाविसभित्र रहेका विद्यालयमध्ये उच्चमावि दस जोड दुई तह सञ्चालन गर्ने पहिलो विद्यालय गल्कोट उच्चमावि हटिया, दोस्रो सर्वोदय उच्चमावि वरेङ हुग्दिशिर हो भने तेस्रो उच्चमावि पृथ्वी उच्चमावि अमलाचौर हो । आज १६ वर्षको अन्तरालमा पृथ्वी उच्चमाविको शैक्षिक स्तर, भौतिक पूर्वाधार र आर्थिक अवस्था अन्य छिमेकी विद्यालयका तुलनामा निकै पछाडि परेको छ । यो दुःखको कुरा हो । हाम्रै छिमेकी गाविसमा रहेका विद्यालय जनताधन उच्चमावि नारायणस्थान, शान्ति उच्चमावि कुश्मीसेरा, त्रिभुवन उच्चमावि पैयुँपाटा आर्थिक, भौतिक रूपमा पृथ्वी उच्चमाविभन्दा निकै अगाडि र निकै बलिया छन् । यी तीनवटै गाविसमा शैक्षिक स्तर वृद्धि गरी स्नातक तह सञ्चालन भएको पनि धेरै वर्ष भइसकेको छ । पैयुँपाटामा त स्नातकोत्तर तह सञ्चालन तयारी भइरहेको छ । त्यतिमात्र होइन, समयको माग र आवश्यकताअनुसार व्यावसायिक र रोजगारमूलक प्राविधिक शिक्षा प्रदान गर्न पनि ती छिमेकी गाविस सफल भइसके का छन् । पैयुँपाटामा कृषि/जेटीए, कुश्मीसेरामा कम्प्युटर आईटी, नारायणस्थानमा बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहँदा अमलाचौर

गाविसमा अब के हो त ? भन्नेबारे सबैको ध्यान जानु आवश्यक छ ।

हामीले विगतमा भए-गरेका गल्ती कमजोरीबारे एक-अर्कामा दोषारोपण गरेर समय खेर फाल्ने भन्दा विगतका सबै कुराबाट पाठ सिक्ने र आगामी दिनबारे सोच्नुपर्ने हुन्छ । विद्यालय सबैको साझा सम्पत्ति हो । हामी सबैको सामूहिक सहभागिता, क्रियाशिलता, पारस्परिक सहयोग र सद्भावले मात्र यस्ता संघ-संस्था फस्टाउन सक्छन् । हाम्रा अग्रज समाजसेवी, शिक्षाप्रेमीले आफ्नो सामाजिक कर्तव्य र दायित्व पूरा गर्नुभएको छ । अब हामी दोस्रो पुस्ताले आफ्नो सामाजिक दायित्व पूरा गर्ने र भावी पुस्ताका लागि प्रेरणा बन्न सक्ने भावना विकास गरी बृहत् सोचाइ, दृष्टिकोण र कार्ययोजना बनाएर अगाडि बढ्न आवश्यक छ ।

४. विद्यालयको वर्तमान विद्यार्थी, शैक्षिक र आर्थिक अवस्था :

(क) विद्यार्थीको अवस्था :

पृथ्वी उच्चमाविको शैक्षिक सत्र २०७१/७२ अन्तर्गत कक्षा ११, १२ मा अध्ययनरत विद्यार्थीको संख्यात्मक अवस्था :

कक्षा ११ जम्मा विद्यार्थी ५२ जना

छात्रा २९ जना छात्र २३

कक्षा १२ जम्मा विद्यार्थी १७ जना

छात्रा १० जना छात्र ०७

कुल जम्मा विद्यार्थी ६९ जना जम्मा छात्रा ३९ जम्मा छात्र ३०

विगतका तीन शैक्षिक सत्रमा यस विद्यालयको कक्षा ११, १२ को शैक्षिक उपलब्धि/उत्तीर्ण प्रतिशत :

शैक्षिक सत्र	कक्षा ११		कक्षा १२	
	परीक्षामा सम्मिलित जम्मा विद्यार्थी	उत्तीर्ण विद्यार्थी र प्रतिशत	सम्मिलित विद्यार्थी	उत्तीर्ण र प्रतिशत
२०७१	१९	१२ जना ६३ ५	३९ जना	२५ जना ६४ ५
२०७०	३८	८ जना २१५	४५ जना	६ जना १३ ५
२०६९	४२	१६ जना ३८५	९३ जना	३९ जना ४२ ५

हाल विषयगत रूपमा अध्ययनरत विद्यार्थी विवरण :

कक्षा १२		कक्षा ११	
अनिवार्य अंग्रेजी	१७ जना	अनिवार्य अंग्रेजी	५२ जना
शिक्षा समुह	६ जना	अनिवार्य नेपाली	५२ जना
ऐच्छिक अंग्रेजी	६ जना	शिक्षा समुह	३० जना
ऐच्छिक गणित	१ जना	ऐच्छिक अंग्रेजी	२४ जना
ऐच्छिक नेपाली	२ जना	ऐच्छिक नेपाली	०७ जना
बजारशास्त्र	९ जना	अर्थशास्त्र	२९ जना
व्यावसायिक गणित	२ जना	जनसंख्या अध्ययन	२५ जना
अर्थशास्त्र	१७ जना	लेखाविधि	२४ जना
लेखाविधि	११ जना	व्यावसायिक अध्ययन	२४ जना

(ख) आर्थिक अवस्था :

विद्यालयका लागि महत्वपूर्ण स्रोत, साधनका रूपमा आर्थिक पक्ष रहेको हुन्छ । आर्थिक अवस्था कमजोर भयो भने विद्यालय सञ्चालन गर्न अनेकौं कठिनाइ हुने र यसले शैक्षिक उपलब्धिलाई पनि नकारात्मक असर पार्छ । यसलाई ध्यानमा राख्दै आर्थिक अवस्थालाई बलियो र मजबुत बनाउन उच्चमाविको सुरुको अवस्थामा व्यापक आर्थिक चन्दा सहयोग संकलन अभियान सञ्चालन गर्ने, गाउँ विकास समितिको तर्फबाट प्रत्येक वर्ष कम्तीमा एक/एक लाख रुपैयाँ उच्चमावि सञ्चालनमा सहयोग गर्नेलगायत आर्थिक संकलनका अन्य सबै प्रयास र स्रोत खोजी गर्ने निर्णय गरिएको थियो । तर, विद्यालय र समुदायबीचमा सुमधुर सम्बन्ध र समझदारी कायम हुन नसक्दा यी आर्थिक स्रोत, साधनको परिचालन हुन सकेनन् । आर्थिक रूपमा विद्यार्थीबाट लिइने न्यून शुल्क र उच्चमाध्यमिक शिक्षा परिषद्बाट प्राप्त सीमित अनुदानमा विद्यालय यनकेन सञ्चालित छ ।

विद्यार्थीबाट लिइने शुल्क विवरण :

	कक्षा ११	कक्षा १२
१. वार्षिक/भर्ना शुल्क	रु. २,६००/-	रु . २,३००/-
२. मासिक शुल्क	रु. ३२५/-	रु. ३७५/-
३. खेलकुद शुल्क	रु . ४०/-	रु. ५०/-
४. प्रवेश परीक्षा शुल्क	रु. १५०/-	रु. १५०/-
५. रजिष्ट्रेसन शुल्क	रु. ५००/-	-
६. परीक्षा शुल्क	रु. ६००/-	रु. ६००/-
७. ल्याकत परीक्षा शुल्क	रु. १५०/-	रु. १५०/-
८. प्रयोगात्मक शुल्क	रु. ५०/-	रु. ५०/-
९. अभ्यास शिक्षण शुल्क	रु. -	रु. १७५ /-
१०. परिचायक शुल्क	रु. ५०	रु. ५०/-
११. चारित्रिक प्रमाणपत्र शुल्क		रु. १,०००/-

विद्यार्थी शुल्क बाहेक विद्यालयको आम्दानी स्रोतका रूपमा शिक्षकको पारिश्रमिकका लागि उच्च माध्यमिक शिक्षा परिषद्बाट अनुदान स्वरूप वार्षिक करिब पाँच लाख रुपैयाँ प्राप्त हुने गरेको छ । यसरी विद्यार्थी शुल्कबाट प्राप्त हुने आम्दानी र उच्च माध्यमिक शिक्षा परिषद्बाट प्राप्त हुने अनुदानबाट मितव्ययी किसिमले शिक्षकका पारिश्रमिक तथा विद्यालयका दैनिक क्रियाकलाप सञ्चालन भएका छन् । हाल विद्यालयको नगद रकम राष्ट्रिय वाणिज्य बैंक बाग्लुङको मुद्दति खातामा १३ लाख रुपैयाँ, रावा बैंकको बचत खातामा ४० हजार ६४ रुपैयाँ ७९ पैसा र नेपाल बैंक लिमिटेडको चल्ती खातामा पाँच लाख ८२ हजार एक सय ७९ रुपैयाँ गरी जम्मा १९ लाख २२ हजार दुई सय ६१ रुपैयाँ ७९ पैसा रहेको छ ।

(ग) अहिलेसम्म उच्चमावि तह उत्तीर्ण हुने विद्यार्थीको अवस्था :

शैक्षिक सत्र २०५६/५७ देखि कक्षा ११ सञ्चालन गरी उच्च माध्यमिक तह कक्षा ११,१२ उत्तीर्ण भई २०५८ देखि पृथ्वी उच्च माध्यमिक विद्यालय अमलाचौरबाट चारित्रिक तथा स्थानान्तरण प्रमाणपत्र

(character and transfer certificate) लिइसकेका विद्यार्थीको अवस्था निम्नान'सार रहेको छ ।

क .सं.	साल	उच्चमावि तह उत्तीर्ण भई प्रमाणपत्र लिएका विद्यार्थी संख्या
१.	२०५८	१२ जना
२.	२०५९	१५ जना
३.	२०६०	१४ जना
४.	२०६१	१२ जना
५.	२०६२	२६ जना
६.	२०६३	३४ जना
७.	२०६४	२९ जना
८.	२०६५	२५ जना
९.	२०६६	७१ जना
१०.	२०६७	४२ जना
११.	२०६८	५५ जना
१२.	२०६९	५६ जना
१३.	२०७०	४१ जना

यसरी हालसम्म विद्यालयको रेकर्डअनुसार चार सय ३२ जना विद्यार्थी उच्चमावि तह उत्तीर्ण गरी उच्च शिक्षाका लागि प्रवेश गरेको देखिन्छ । विस्तृत रूपमा विद्यार्थीको विवरण तल उल्लेख गरिएको छ ।

५. विद्यालयका तत्कालीन समस्या :

पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौरको दस जोड दुईतर्फ देखिएका केही समस्या र ती समस्या समाधानका उपायबारे विभिन्न विकल्प निम्नअनुसार हुन सक्छन् ।

(क) विद्यालयको भौतिक समस्या :

(अ) कक्षाकोठाको समस्या : विद्यालयको भौतिक समस्या अर्न्तगत पहिलो समस्या कक्षा कोठाको हो । पर्याप्त कक्षाकोठा अभावका कारण उच्चमाध्यमिक तहको कक्षा ११ र १२ को पठनपाठन बिहानी समयमा हुने गरेको छ । एउटै कक्षा कोठालाई बिहानी कक्षा र दिवा कक्षाका रूपमा प्रयोग गर्नुपर्ने भएकाले बिहानी कक्षाका लागि पूरै समयका पिरियड बन्न सकेका छैनन् । केवल ३५-४० मिनेटको पिरियड र खी समय विभाजन गर्नुपर्दा कक्षा पठनपाठन निकै छोटो हुने गरेका छन् । कक्षा १ देखि १२ सम्म दिउँसो एउटै समयमा सञ्चालन गर्न कक्षाकोठा अभाव छ ।

(आ) पुस्तकालय समस्या : पुस्तकालय विद्यालय, समुदायलगायत सबैका लागि ज्यादै महत्वपूर्ण मानिन्छ । अझ विद्यालयका लागि अरू ज्यादै महत्वपूर्ण र आवश्यक हुन्छ । पुस्तकालयमा पुस्तक संकलनमात्र गरेर राख्नुको कुनै अर्थ हुँदैन । ती पुस्तक, पत्रपत्रिकाको सदुपयोग गर्नु महत्वपूर्ण कुरा हो । हाम्रो विद्यालयमा पुस्तकालय भए पनि त्यसको उचित व्यवस्थापन र सदुपयोग हुन सकेको छैन । पुस्तकालयमा पर्याप्त मात्रामा पत्रपत्रिका र अन्य विभिन्न किसिमका पाठ्यपुस्तक हुनुपर्छ । त्यतिमात्र होइन, पुस्तकालयमा अध्ययन कक्ष (reading room) हुनुपर्छ, जहाँ शिक्षक, विद्यार्थी सामूहिक रूपमा बसी स्वअध्ययन गर्न सक्ने वातावरण हुन्छ । हाम्रो विद्यालयमा रहे को पुस्तकालयको अध्ययन कक्ष (reading room) नहुनु र जे-जति पाठ्यसामग्री पुस्तकालयमा छन्, तिनीहरूको अझै सदुपयोग हुन सकिरहेको छैन ।

(इ) सूचना प्रविधिको समस्या : विद्यालयमा अझै पनि आधुनिक सूचना प्रविधि अभाव छ । विद्यालयको पठनपाठन प्रक्रिया पुरानै छ । कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक शिक्षण प्रविधिसँग जोड्न सकिएको छैन ।

(ख) विद्यालयको आर्थिक समस्या :

आर्थिक समस्या विद्यालयको अर्को प्रमुख समस्या हो । भौतिक समस्याका कारण नै आर्थिक पक्ष कमजोर हुनु हो । विद्यालयका आर्थिक स्रोत सीमित छन्, जसबाट विद्यालयका नियमित खर्चमात्र जसोतसो धानिएका छन् । विद्यमान अवस्था रहिरहने हो भने त यिनै नियमित खर्च धान्न सक्ने अवस्था विद्यालयको छैन । त्यसकारण अहिलेको प्रमुख समस्या भनेको आर्थिक समस्या हो ।

(ग) समन्वय र समझदारी अभावको समस्या :

विद्यालय, विद्यालय व्यवस्थापन समिति, राजनीतिक दल, शिक्षक, विद्यार्थी, अभिभावक, समाजसेवी, शुभचिन्तकलगायत विद्यालयका सबै सरोकारवालाबीच आपसी समझदारी, समन्वय, सहयोग, सद्भाव हुनैपर्छ । यदि यसो हुन सकेन भने विद्यालयको प्रगति तथा उन्नति हुन सक्दैन । विद्यालयको प्रगति तथा उन्नति हुन सकेन भने त्यो समाज, समुदाय र गाउँको विकासमा ठेस लाग्छ । अहिलेसम्मको अवस्था हेर्दा विद्यालय यही समस्याका कारण आशा र अपेक्षा गरेअनुसार अगाडि बढ्न नसकेको हो कि भनेर प्रश्न गर्न सकिने अवस्था छ ।

(घ) विद्यार्थीको समस्या :

उच्चमाध्यमिक तहको कक्षा ११ र १२ का लागि विद्यार्थी पनि अर्को समस्या हो । किनभने कक्षा ११ का लागि विद्यार्थीले फलामे ढोका मानिने एसएलसी उत्तीर्ण हुनुपर्ने र एसएलसी उत्तीर्ण हुने विद्यार्थीको संख्या ज्यादै न्यून हुने भएकाले विद्यार्थीको समस्या सिर्जना भएको हो । पृथ्वी उच्चमाविको कक्षा ९ र १० मा करिब १००/१०० को हाराहारी मा विद्यार्थी छन् भने कक्षा ११ र १२ मा विद्यार्थी संख्या ज्यादै न्यून छ । हाल कक्षा १२ मा १७ र ११ मा ५२ विद्यार्थी छन् । त्यसकारण एसएलसीमा उत्तीर्ण हुने विद्यार्थी न्यून भई कक्षा ११ र १२ मा विद्यार्थी संख्याको समस्या सिर्जना भएको छ ।

(ङ) शैक्षिक समस्या :

समयसापेक्षअनुसार विषय छनोट, मौजुदा अवस्थाको शैक्षिक उपलब्धिमा वृद्धि, शैक्षिक तह/स्तरमा सुधार्ने तथा कक्षाकोठा एवम् विद्यालयको समग्र शैक्षिक वातावरणमा समयानुकूल परिवर्तन हुन सकिरहेको छैन ।

६. समस्या समाधानका केही विकल्प :

विद्यालयको आर्थिक, भौतिक व्यवस्थापन एवम् शैक्षिक सुधार र स्तरोन्नतिका लागि निम्नअनुसारका कार्यनीति एवम् कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

(अ) सम्बन्ध, समझदारी र समन्वय :

विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समिति, राजनीतिक दल, समाजसेवी, चन्दादाता, संस्थापक, स्थानीय संघ-संस्था, सरकारी गैरसरकारी विभिन्न निकायलगायत विभिन्न तह र तप्काका व्यक्ति व्यक्तित्वबीचमा निरन्तरको छलफल, अन्तर्क्रिया,

भेटघाट गरी सम्बन्ध, समझदारी र समन्वय विकास गरी विद्यालयप्रति आकर्षणको वातावरण सिर्जना गर्नुपर्छ । विद्यालय हामी सबैको साझा सम्पत्ति हो । सबै मिलेर विभिन्न किसिमको योगदान पुऱ्याउने हो । सबै समस्या समाधान हुन सक्छ भन्ने सोचाइ र धारणा विकास गर्नु आवश्यक छ । यसप्रकारको वातावरण अभावमा समस्या देखापरेका छन् । आशा छ- यसप्रकारको वातावरण बिस्तारै अन्त्य हुँदै जानेछ । सबैसँग राम्रो सम्बन्ध, समझदारी, समन्वय र पारस्परिक सहयोग सद्भाव विकास भई विद्यालयप्रति सबैको आकर्षण बढाउनुपर्छ ।

(आ) विद्यालय व्यवस्थापन समितिको सक्रिय भूमिका :

स्वदेश, विदेशका विभिन्न अध्ययन, अवलोकनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने जहाँ जुन विद्यालयमा विद्यालय व्यवस्थापन समितिको सक्रिय भूमिका छ, ती विद्यालयको अवस्थामा सुधार भएको छ । सबै प्रकारका समस्या समाधान बिस्तारै भइरहेको छ । विद्यालय व्यवस्थापन समिति औपचारिक र कागजी रूपमा मात्र भएमा समस्या यथावत् नै रहन्छन् । माथि उल्लेख गरिएका समस्या समाधान गर्न विद्यालय व्यस्थापन समिति निरन्तर रूपमा क्रियाशील हुनुपर्छ ।

(इ) सामूहिक प्रतिबद्धता :

विद्यालयमा देखापर्ने जुनसुकै समस्या समाधान गर्न विद्यालयको नेतृत्व, शिक्षक, व्यवस्थापन समिति, राजनीतिक दल, अभिभावक, विद्यार्थी सबैको बलियो प्रतिबद्धता आवश्यक पर्छ । सबैको सामूहिक सहभागिता, क्रियाशीलता, निरन्तरता र विद्यालय सुधार गर्ने प्रतिबद्धता र त्यसको कार्यान्वयन हुनु आवश्यक छ । यसले विद्यालयमा देखापर्ने समस्या समाधानमा सघाउ पुऱ्याउँछ ।

(ई) पारदर्शिपूर्ण क्रियाकलाप :

विद्यालयमा हुने सबै गतिविधि, कामकारबाही, निर्णय, आम्दानी, खर्च पारदर्शी हुनुपर्छ । यी कुरामा पारदर्शिता कायम गर्न सकिएन भने विद्यालयले कुनै पनि क्षेत्र, समुदाय र व्यक्तिबाट सहयोग र समर्थन प्राप्त गर्न सक्दैन ।

(उ) सरोकारवालाको संलग्नता, क्रियाशीलता र निरन्तरता :

विद्यालयको शैक्षिक विकासका लागि आर्थिक तथा मानवीय स्रोत आवश्यकता र त्यसको उचित व्यवस्थापन हुनुपर्छ । त्यसका लागि समुदाय तथ विद्यालयका सरोकारवालाबीच आपसी समझदारी समन्वय, पारस्परिक सहयोगको वातावरण सिर्जना गर्नुपर्छ । विद्यालयका तमाम समस्या समाधानका लागि सबै संगठित रूपमा लाग्नुपर्ने हुन्छ । त्यसो भएमा सबै समस्या निराकरण हुन सक्छ । विद्यालय प्रधानाध्यापक तथा अरू शिक्षकबीचको समझदारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, अभिभावक वर्ग, राजनीतिक दल, भूतपूर्व विद्यार्थी संघ-संगठन, सामाजिक सरकारी तथा गैरसरकारी संघ-संगठन, सरकारी निकाय सबैको सक्रिय संलग्नताबाटै विद्यालयमा आवश्यक सम्पूर्ण स्रोत, साधन जुटाउन सहज हुन्छ । स्रोत, साधन जुटाउने र सही सदुपयोग गर्न लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न सबैको सहयोग आवश्यक पर्छ ।

७. शिक्षक विवरण :

पृथ्वी उच्चमावि अमलाचौरको दस जोड दुईतर्फ अध्यापन गराउनु भएका पूर्व/वर्तमान शिक्षकको विवरण विद्यालयको हाजिरी रजिष्टरको रेकर्ड अनुसार देहायबमोजिम रहेको छ ।

क्र.सं.	नाम	पद	मिति वि.सं. मा	
			देखि	सम्म
१	डिल्लीप्रसाद शर्मा	प्राचार्य/संयोजक	२०५६/०५/०६	२०७०/१०/२०
२	राघव शर्मा	शिक्षक	२०५६/०५/०६	२०५६/०५/१८
३	मणिरत्न शर्मा	शिक्षक	२०५६/०५/१८	२०५९/११/०८
४	कुमार पौडेल	शिक्षक	२०५६/०५/०६	-
५	पद्मनाथ शर्मा पौडेल	शिक्षक	२०५६/०५/०६	२०५७/१०/०९
६	पशुपति शर्मा	शिक्षक	२०५६/०५/०६	२०५७/१०/१३
७	रमेश शर्मा	शिक्षक	२०५७/०४/२२	२०७०/०७/१४
८	नारायणप्रसाद चापागाईं	शिक्षक	२०५७/१०/२ ४	२०५७/१२/०६
९	राजेश शर्मा	शिक्षक	२०६०/०४/०६	२०६२/०८/०५
१०	पूर्णप्रकाश शर्मा	शिक्षक	२०६१/०५/१३	२०६१/०८/३०
११	प्रेमप्रसाद पौडेल	शिक्षक	२०६१/०४/२५	हालसम्म
१२	नवराज चापागाईं	शिक्षक	२०६१/०८/१४	२०६६/०७/०४
१३	रामेश्वर थापा	शिक्षक	२०६५/०५/०१	हालसम्म
१४	प्रकाश अधिकारी	शिक्षक	२०६६/०४/१८	२०६७/०८/०३
१५	नुमकुमारीदेवी शर्मा	शिक्षक	२०६६/०४/१८	२०७०/०१/२६
१६	कमल आचार्य	शिक्षक	२०६६/०८/१४	हालसम्म
१७	कल्पना शर्मा	शिक्षक	२०६७/०८/२०	हालसम्म
१८	राजु शर्मा	शिक्षक	२०७०/०८/२१	२०७१/०१/२३
१९	प्रेमप्रसाद चापागाईं	शिक्षक	२०७०/१०/२१	हालसम्म
१	बलबहादुर क्षेत्री	कार्यालय सहयोगी	२०५६/०५/०६	२०६४/०४/२४
२	गोविन्द गौतम	कार्यालय सहयोगी	२०६४/०७/१७	हालसम्म

पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौरको उच्चमाध्यमिक तह दस जोड दुईतर्फको वर्तमान शिक्षक कर्मचारी विवरण निम्नअनुसार रहेको छ ।

क्र.सं.	नाम	पद	ठेगाना
१	पशुपति शर्मा	संयोजक	अमलाचौर-२, बागलुङ
२	रामेश्वर थापा	शिक्षक	देवीस्थान, पर्वत
३	कमल आचार्य	शिक्षक	अमलाचौर-९, बागलुङ
४	प्रेमप्रसाद पौडेल	शिक्षक	अमलाचौर, बागलुङ
५	कल्पना शर्मा	शिक्षक	अमलाचौर-९, बागलुङ
६	प्रेमप्रसाद चापागाईं	शिक्षक	अमलाचौर-४, बागलुङ
१	गोविन्द गौतम	कार्यालय सहयोगी	अमलाचौर-८, बागलुङ

८. अन्त्यमा:

विद्यालय शैक्षिक जनशक्ति उत्पादन गरी सामाजिक रूपान्तरण र आर्थिक समृद्धिका लागि बलियो आधार निर्माण गर्ने सबैको साझा शैक्षिक सामाजिक संस्था भएका कारण विद्यालयको सुधार, विकास र प्रगतिका लागि सबैको सक्रिय सहयोग, संलग्नता, क्रियाशीलता आवश्यक हुन्छ । सरकारी विद्यालय सञ्चालन, व्यवस्थापन जिम्मेवारी र उत्तरदायित्व सरकारको हो भन्ने भावना विकास भयो भने विद्यालयले अपेक्षाअनुसार प्रगति गर्न सक्दैन । जुन-जुन समाज समुदायमा विद्यालयका सरोकारवालाको विद्यालयप्रति अपनत्व भावना विकास गरी विद्यालयमा जुटेका छन्, ती विद्यालयका सबै प्रकारका समस्या समाधान भई विद्यालय व्यवस्थित रूपले विकास गरी अगाडि बढिरहेका छन् । त्यसप्रकारको वातावरण सिर्जना गर्न हामी सबै जुटौं । ❀

आमालाई पत्र

दिप पाठक
काहुले, अमलाचौर-३
हाल : टोकियो जापान

आमा तिमीले
हरेकदिन आँखा बिछ्याऊँछेऊ होला
म स्कुल जाने डोरेटो भरी,
जुन बाटो भएर प्रदेशिएको थिएँ म ।
मेरो पदचापको अभावले होला,
तिमी निदाउँन नसक्ने अचेल,
घरी-घरी
त्यसरी आँखा
नबिछ्याउनु आमा डोरेटो भरी॥

उनीहरूले हामीलाई ढाँटिरहन्छन्
केवल हाम्रो खुसीको लागि,
सुनेको छु
म प्रदेशीय पछि, तिमी बिरामी छौ,
तिमी बिरामी छौ भन्ने सुनेपछि
म बिरामी हुन्छु-
त्यसैले आमा तिमी सधैं निको हुनु,
मलाई सम्झेर घरी-घरी नरूनु ॥

म सोच्छु अनेक सोच्छु आमा
हुन्थ्यो बरू भगवानले
यो मुटु नबनाइदिएको भए,
फेरी सोच्छु मुटु हुँदा त यति क्रुर छ दुनियाँ !
मुटु नभएको भए ?

यि मेरा बौलट्टी न हुन आमा, मन बहकाउने
थाहा छ नी तिमीलाई
तिम्रो छोरा के-के भन्छ-भन्छ,
हो ममा पुरानै पागलपन छ ॥

लङ्कुबाट माथि उड्ने हवाईजहाजमा पनि
एकोहोरो नहेर्नु आमा ।
त्यो जहाज म आउने जहाज होईन,
त्यो आक्कल-झुक्कल
औषधी बोकेर, चामल बोकेर
जाने जहाज हो आमा
हुम्ला, जुम्ला, मुगु र कर्णालीतिर ॥
तिमीले मलाई पर्खिए जस्तै,
मान्छेले महिनौदेखि भोकै
चामल पर्खिएका हुन्छन्,
बिरामीले महिनौदेखि
सिटामोल र जीवनजल पर्खिएका हुन्छन्
प्राण धान्नैका लागि,
तिमी त भन्छेऊ नि, हेर्न नपरे हुन्थ्यो दुःख अरूका,
हाम्रा भन्दा पनि ठुला दुःख छन् आमा मान्छेहरूका ॥

चुनौतीपूर्ण यात्राका दिन सम्झिँदा

- दीनानाथ शर्मा

अन्नपूर्ण हिमालसामुन्ने पावन कालीगण्डकीको पश्चिम किनारामा अत्यन्तै रमणीय पहाडी बस्ती । पूर्व फर्केको घमाइलो र रमाइलो बलेवा गाउँ छ । बलेवाभित्र पैयुँपाटा, नारायणस्थान, अमलाचौर, कुश्मी, भकुन्डे, रायडाँडा गाविस पर्छन् । तर, अहिले भने पूर्वाभिमुख तीन गाविस मात्र बलेवाका नामले परिचित छन् ।

बलेवाको शिरमा रमणीय पाउजाकोट छ । पाउजाकोटमा दसैंप्रतिपदादेखि उपवास बसेर घटस्थापना गरिन्छ । कालरात्रिमा बलि चढाइन्छ । महानवमीको दिन सयौं राँगा बलि चढाइन्छ । दसैंका टीकाको साइत त्यहाँबाटै घोषणा हुन्छ । कोटमा टीका लगाएपछि बलेवावासीले टीका लगाउने परम्परा कायमै छ । कोटनजिकै शक्तिको प्रतीक कालभैरवको मन्दिर छ । यहाँ युगौंदेखि पूजाआजा चल्दै आएको छ । शक्तिको प्रतीक बलेवाका भैरवको पूजा गर्न कास्की, स्याङ्जा, पर्वत, गुल्मीसमेत टाढा-ढाटाबाट भाकल लिएर आउँछन् । प्रत्येक मंगलवार नियमित पूजा हुन्छ । अमलाचौर गाविस-७ मा त्यसको पनि सौमुरी गुठी छ, जसलाई गुठी संस्थानले रखवारी गरेको छ ।

बलेवाको शिरमा भैरव छ । पाउमा ऐतिहासिक र पौराणिक महत्व बोकेको जैमिनीघाट छ । जैमिनीसूत्रका रचयिता पूर्वमीमांसाका प्रणेता जैमिनी ऋषिले देव शिला र शंख शिलाबीचमा बसेर ज्ञान समाधि गरेका थिए । वराह पुराण हिमवत् खण्ड गण्डकी महात्मामा शिला, देवशिला र जैमिनीबारे चर्चा गरिएको छ । 'देवशिला, शंखशिला, जैमिनी घट्ट सन्निध्यौ' भन्ने भनाइले त्यो कुरालाई पुष्टि र प्रमाणित गर्छ । शंखशिलालाई अहिले बोलीचालीको भाषामा शंखेढुंगो भनिन्छ । शंख आकारको विशाल शिलाको एकछेउमा सानो प्वाल छ । प्वालमा मुख राखेर फुक्दा शंखध्वनिले समग्र क्षेत्रै गुञ्जायमान हुन्छ । मृत्युपर्यन्त यस क्षेत्रका जनताको दाहसंस्कार गर्ने महत्वपूर्ण घाट हो ।

कुनै जमनामा पाउजाकोटमा बसेर भुरेटाकुरे राजाले शासन गरेका थिए । पुरानो दरबारको अवशेष, पर्खाल, ओखल ठाउँ-ठाउँमा खनिएका तोप र सुरक्षा सुरुङ प्रमाणका रूपमा विद्यमान छन् । पाल्पा राज्यका राजा पर्वतका मल्ल राजाभन्दा पहिलेदेखि पाउजाकोटमा बसेर शासन गरेका थिए तर त्यसको खोजी भएन । पाउजाकोटको उत्खनन गर्ने हो भने पुरातात्विक महत्वका वस्तु भेटिन सक्छन् । तर, इतिहास जोगाउन कसैले खोजेका छैनन् । न स्थानीयमा इतिहासको जगेर्ना गर्ने चेतना छ न राज्यले ध्यान दिएको छ । ऐतिहासिक, पुरातात्विक र पौराणिक हिसाबले बलेवा एक गौर वमय भूमि हो । नयाँ पुस्तालाई चेतना भया ।

> कुनै दिन जैमिनी ऋषिले कालीकिनारामा बसेर खगोल अध्ययन र अनुसन्धान गरे । फलित गणितका सूत्र फेलापारे । ज्योतिष विज्ञानको आविष्कार गरे । आज त्यही आविष्कारको धरातलमा टेकेर पश्चिमाहरू अन्तरीक्ष चहार्दैछन् । घले वाको माटोमा ज्योतिषशास्त्रको सूत्रपात भयो ब्रह्माण्डकालमा । लामो र धैर्यपूर्ण ज्ञान साधना र खुला आँखाले आकाशका तारा गनेर ज्योतिषविज्ञानको आविष्कार गर्ने तपस्वी साधक जैमिनीका हामी सन्तान हौं भनेर हामीले गौरव गर्न सिकेनौं । हामीले पनि गर्न सक्छौं र सक्नुपर्छ, हामीभित्र ऊर्जाशक्ति छ, प्रयोग गर्नुपर्छ भन्ने आत्मविश्वास हामीले गुमायौं ।

बलेवाले ज्ञान साधनाका हिसाबले महत्वपूर्ण स्थान राखे पनि हामीले त्यसको महत्व आत्मसात् गर्न सकेका छैनौं । कस्तूरीले बिनाको बासना खोज्न जंगल धाउँछ । आफैंले बिना बोकेको थाहा पाउँदैन । कुनै दिन जैमिनी ऋषिले कालीकिनारामा बसेर खगोल अध्ययन र अनुसन्धान गरे । फलित गणितका सूत्र फेलापारे । ज्योतिष विज्ञानको आविष्कार गरे । आज त्यही आविष्कारको धरातलमा टेकेर पश्चिमाहरू अन्तरीक्ष चहार्दै छन् । बलेवाको माटोमा ज्योतिषशास्त्रको सूत्रपात भयो ब्रह्माण्डकालमा । लामो र धैर्यपूर्ण ज्ञान साधना र खुला आँखाले आकाशका तारा गनेर ज्योतिषविज्ञानको आविष्कार गर्नेतपस्वी साधक जैमिनीका हामी सन्तान हौं भनेर हामीले गौरव गर्न सिकेनौं । हामीले पनि गर्न सक्छौं र सक्नुपर्छ, हामीभित्र ऊर्जाशक्ति छ, प्रयोग गर्नुपर्छ भन्ने आत्मविश्वास हामीले गुमायौं । हामी लोभीपापी भयौं । जैमिनीघाटको महत्वबारे योगी नरहरिनाथले जैमिनी घाटमा दिएको प्रवचनबाट मात्रै थाहा हुनु हाम्रा लागि लज्जाको विषय हो । पछिल्लो कालखण्डमा संस्कृत साहित्य कर्मकाण्डमा सीमित भयो । कमाइको तुच्छ साधनामा अनुवाद गरियो । ज्ञान साधना र खोजी पछि पऱ्यो । यसकारणले हामी पनि पछि पऱ्यौं ।

नेपालमा २००७ पछि शैक्षिक जागरणको लहर चले पनि त्योभन्दा पहिल्यै यही ऐतिहासिक क्षेत्रमा अध्ययन अध्यापनका केन्द्र बनेको पाइन्छ । अमलाचौरअन्तर्गत वडा नम्बर २ अर्चले

एकीकृत माओवादी प्रवक्ता दीनानाथ शर्मा पृथ्वी मावि अमलाचौरका पहिलो प्रधानध्यापक हुनुहुन्छ

अध्यापनको एक केन्द्र थियो । ज्योतिष र कौमुदी अध्ययनका लागि विद्यार्थी अर्चले जाने गर्थे । डाडाँखेते पण्डित पं. छविलाल व्याकरण र संस्कृत साहित्यका प्रकाण्ड विद्वान् थिए । उनको विद्वताको हाम्रो ठाउँमा पहिचान पनि भएन र कदर पनि भएन । पैयुँपाटाअन्तर्गत दम्कमा पनि पछिल्लो समय संस्कृत साहित्यको केन्द्र बन्यो । त्यस्तै गार्लुङे पण्डितको परिवार पनि अध्ययन अध्यापनका लागि उति बेला एउटा केन्द्र थियो । तर, संगठित र संस्थागत हिसाबले आधुनिक शिक्षाको विकास क्षेत्रमा भने बलेवा अलि पछि नै परेको छ ।

पैयुँपाटामा हेमराज शर्माले संस्कृत व्याकरण पढेर आएपछि शिक्षालाई संगठित र संस्थागत गर्न पहल गरेको भेटिन्छ । भाषा पाठशाला स्थापना पहिलो प्रयास हुनुपर्छ । बलेवामा आधुनिक अंग्रेजी शिक्षाको अग्रणी भूमिका भने अमलाचौरले खेलेको छ । डिल्लीप्रसाद शर्मा अध्ययनमा रुचि राख्ने एक मेधावी विद्यार्थी हुने भन्ने कुरा अर्चलेका पण्डित पं. छविलालले भनेका थिए । सुरुका दिनमा ज्योतिष पढ्न अर्चले पण्डितको समीप पुगेको उनले भन्ने गर्छन् । पछि बागलुङ रातामाटा मावलीघर बसेर संस्कृत व्याकरण र ज्योतिष अध्ययन गर्दागर्दै विद्यामन्दिर बहुउद्देश्यीय माविमा भर्ना भएर पढ्न थालेका डिल्लीप्रसादले गाउँका समकक्षी साथी खगेन्द्रबहादुर क्षेत्री र भीमनाथ शर्मालाई पनि उतै तानेका थिए । हाम्रो गाविसबाट तीनजना अंग्रेजी शिक्षाका लागि स्कुल भर्ना भएर पढ्ने पहिलो विद्यार्थी हुन् । खगेन्द्रले पढ्न छाडेर लेखापढीमा लागे । भीमनाथ भरतशमशेरको राजनीतिक सम्पर्कमा पुगेर काठमाडौँतिर गए । आखिर डिल्लीप्रसाद शर्माले २०१६ माघमा एसएलसी परीक्षा दिएर गाउँमा आए । उतिबेला बागलुङको केन्द्र पाल्पा थियो । २०१३ मंसिरमा मलाई पनि बाले बागलुङ पढ्न पठाउने तयारी गर्नुभयो । हाइटे साहुको घरमा बस्ने निश्चित भएको थियो । मंसिरको पहिलो हप्ता जाने भनेर खर्चबर्च, ड्रेस, लत्ताकपडा तयार हुँदै गर्दा त्यसै दिन केही दिनका लागि कुन्नि के परेर हो स्कुल बन्द हुने सूचना निस्केछ । मेरो बागलुङ पढ्न जाने साइत घर्क्यो ।

गाउँमा हामी केटाकेहीलाई पढाउने केही केन्द्र थिए । गिठे टीकारामको घरमा गुल्मी जुहाङबाट आएका वेदान्ती वैष्णवले पढाउँथे । मेरो अक्षराम्भ त्यहाँबाट भए पनि पछि पढिनँ । गाउँमै डाँडा देवेन्द्रको घरमा, पुलामी माइलाको कटेरामा राखेर डाँडाखेती पण्डित छविलालले हामीलाई पढाए । अमलाचौरमा अर्चले पण्डित पं. बलाराम आएर कपडाको पसल राखे । त्यस क्षेत्रका विद्यार्थीलाई त्यतै पढ्ने व्यवस्था भयो । १४/१५ सालतिर बागलुङबाट एक शिक्षकलाई काहुले चक्रपाणिको घरमा राखियो । महिनाको एक पाथी चामल र पाँच रुपैयाँ दिएर त्यस गाउँका विद्यार्थीलाई पढाउने व्यवस्था भयो । तलतिरबाट प्रेमबहादुर र म नियमित गएर ऐन स्रेस्ता, गणित र अंग्रेजीको प्रारम्भिक अध्ययन गरियो । गाउँ-गाउँमा यसरी नै पढाइ हुन्थ्यो ।

विक्रम संवत् २०१५ मा नेपालमा आमनिर्वाचन भयो । आमनिर्वाचनले हाम्रो क्षेत्रमा राजनीतिक जागरण ल्यायो । हाम्रो ७३ नम्बर क्षेत्रमा भरतशमशेरको पार्टी गोरखा परिषद्को तर्फबाट विजयी भए । राजनीतिक जागरणले शिक्षा विकासमा पनि जागरण ल्यायो । आफूले पढ्ने अवसर नपाए पनि उतिबेलाका गाउँका टाठाबाठामा छोरा पढाउनुपर्छ भन्ने चेतना आइसकेको थियो ।

उता, अमलाचौरतिर प्रेमप्रसाद पाध्या, दुर्गाबहादुर क्षेत्री, बलरामसमेतले स्कुल स्थापनाको तारतम्य मिलाउँदै थिए । यता हरिप्रसाद, शशिधर, डिल्लीप्रसादजस्ता अग्रणी व्यक्ति पनि स्कुल खोल्ने तयारीमा लागे । केवल बलेवामात्रै नभएर, बागलुङको समग्र दक्षिणी भेगमा पहिलोपटक एसएलसी दिएर आएका डिल्लीप्रसाद शर्मासमेत भएर २०१६ फागुनमा अमलाचौर-७ सम्माचौरमा बुद्धिदात्री प्राइमरी स्कुल स्थापना गरेर अंग्रेजी शिक्षाको औपचारिक प्रारम्भ भएको थियो । सरकारबाट स्वीकृति लिएर कक्षा १ देखि ४ सम्म सुरुमै पठनपाठन सुरु भयो । डिल्लीप्रसाद शर्मा प्रधानाध्यापक भए । सहयोगी एक/दुईजना मात्र राखियो । सञ्चालक समिति अध्यक्ष हरिप्रसाद पाध्या भए । सदस्यमा शशिधर, पदमपाणि, गौरीश्वरसमेत रहेका थिए । उतिबेला विद्यालय जिल्ला शिक्षा निरीक्षकको कार्यालय गल्कोट हटियामा थियो । विजिशिनि कार्यालयबाट स्वीकृत प्राप्त उक्त विद्यालय केवल चार महिनामात्रै चल्यो । २०१७ जेठको अन्त्यतिर अर्धवार्षिक परीक्षा भयो । वर्षे बिदापछि २०१७ भदौ १ गतेदेखि हेमराज शर्मा, डिल्लीप्रसाद शर्मासमेत भएर पैयुँपाटामा त्रिभुवन मिडिल स्कुल खोल्ने निर्णय गरे । हामी माथिल्लो कक्षामा पढ्न पैयुँपाटा गयौँ । यता कक्षा चार पढेका हामी उता पाँच कक्षामा भर्ना भयौँ । तल्लो कक्षा पढ्ने अमलाचौरतिर जान थाले ।

अमलाचौर गाविस-१ मा पुस्तैनीदेखि अलिक ठूलै जिम्मुवाली मुखियाली पनि छ । राणाकालीन लप्टन परिवार पनि बस्छ । टाठाबाठा बस्दै आएको गाउँ भनेर मानिन्छ । हिजैदेखि गाउँका टाठाबाठा र सोझा सिधाबीच अलिकति भित्रभित्रै अन्तरविरोध अनुभूति गर्न सकिन्थ्यो । हरिप्रसाद पाध्या छोरा पढाउनुपर्छ भन्ने कुरामा सचेत थिए तर १ नम्बर वडालाई केन्द्र बनाएर स्थापित स्कुल उतिबेलाको गाउँ पञ्चायतको केन्द्र अमलाचौर-६ मा सार्न सहमत भएनन् । अमलाचौर केन्द्रमा स्कुल आवश्यक थियो । त्यसैले त्यहाँ पनि सबै मिलेर स्कुल बनाउन पहल भयो ।

प्रेमप्रसाद पाध्या, दुर्गाबहादुर क्षेत्रीसमेतको अगुवाइमा अमलाचौर स्कुल स्थापना भयो । प्रेमप्रसादमा छोराछोरी पढाउनुपर्छ सबैका छोरा छोरीले पढ्नुपर्छ भन्ने भित्रैदेखि भावना थियो । त्यसैले छोरालाई पढ्ने स्कुल खोजी गर्दै थिए । उनीसमेतका व्यक्तिको सक्रिय पहलमा पृथ्वी प्राइमरी स्कुल स्थापना भयो । अगुवा उनीहरू नै भए । सबै जनता सक्रिय भए । पक्की भवन बन्यो । त्यही प्राइमरी स्कुल क्रमशः निमावि, मावि हुँदै अहिले उच्चमाध्यमिक विद्यालय स्थानमा पुगेको छ ।

समाजमा मानिस थुप्रै हुन्छन् । तर, सामाजिक कार्यकर्ता र अगुवा एक/दुईजना मात्र हुन्छन् । युगसापेक्ष समाजको नेतृत्व र अगुवाइ गर्ने नेता एकाधमात्रै हुन्छन् । हामीले समाजलाई बाटो देखाउने ती सबै अग्रजलाई सम्झनुपर्छ र सम्मान गर्नुपर्छ ।

उता, बुद्धिदात्री प्राइमरी स्कुल केही समयपछि बन्द भयो । फुसको छानो भएको हामीले पढेको स्कुल भत्क्यो । स्कुलको घडेरीमा दुर्गाबहादुर पौडेलको पसल बन्यो । त्यसपछि त्यसै ठाउँमा पुनः स्कुल स्थापना भयो अर्कै नामले । बुद्धिदात्री प्राइमरी स्कुल १ नम्बर वडाको पुछारमा लगेर चलाइयो । मैले पढेको स्कुल अझै बाँचेको त छ तर विद्यार्थी सकिँदै छन् । एक शिक्षकको जागिर बाँचेको छ ।

सचेतना र संकीर्णता दुई विपरीत प्रवृत्ति हुन् । उतिबेला मैले पढेको बुद्धिदात्री प्राइमरी स्कुललाई अमलाचौरको केन्द्रमा सारेर त्यसलाई सञ्चालन गर्ने जिम्मा त्यसै वरपर बस्ने व्यक्तिलाई सुम्पन उदात्त र फराकिलो सोच राख्न सकेको भए यतिबेला त्यहाँ बुद्धिदात्री उच्चमावि सञ्चालनमा आउँथ्यो । सचेत सोच विकासको बाधक संकीर्णता

र आत्मकेन्द्रित सोच हो । सामाजिक अगुवा वा नेताको छोटो सोचले समाजको विकासमा ठूलो असर पर्छ । राजनीतिक आस्था अलग र भिन्न हुन सक्छन् । तर, जनताका साझा संस्थालाई राजनीतिभन्दा माथि राखेर सबैको अगुवाइ गर्न सिक्नुपर्छ सक्नुपर्छ ।

मैले २०२३ साउनदेखि कात्तिकसम्म पृथ्वी प्राइमरी स्कुलमा पढाएँ । त्यतिबेला कक्षा पाँचसम्म पढाइ हुन्थ्यो । अध्यक्ष भीमनाथ शर्मा थिए । मैले २०२२ चैतदेखि २०२३ जेठसम्म त्रिभुवन माविमा पढाएँ । त्यो बेला मेरो मासिक तलब ९० रुपैयाँ थियो । अमलाचौर को सञ्चालक समितिले मलाई १८० रुपैयाँ दिएर राखेको थियो । पछि बिजुवा प्रावि पैयुँले २४० तलब दिएर मलाई उतै लग्यो ।

मैले सुरुमा पयुँपाटा पढाएँ । त्यसपछि अमलाचौर, बिजुवा प्रावि बिजुवा, अमर मावि बिहुँमा पनि केही समय शिक्षक भएँ । त्यसपछि सर्कुवा मावि सुर्कवा पढाएँ । २०२८ सालमा नयाँ शिक्षा नीति लागू भएपछि लक्ष्मीनारायण निमावि सरङ्गीको प्रधानध्यापक नियुक्ति लिएर आएँ । त्यहाँबाटै दुईवर्षे बीएड गरेर त्रिभुवन मावि पैयुँपाटाको स्थायी अंग्रेजी शिक्षक भएर २०३३ देखि ४० सालसम्म पढाउने काममात्रै होइन, त्यस स्कुलको शैक्षिक र भौतिक उन्नयनका लागि अथक प्रयत्न भयो । त्रिभुवन माविको छात्रावास भवनमा प्रयोग भएका ढुंगा-माटोबाहेक काठ त्यसको कटानी ढुवानी समेत अमलाचौरबाट लगेर सम्पन्न गर्न सकेकोमा आत्मगौरव छ ।

त्यतिबेला म पञ्चायतविरोधी राजनीतिमा सक्रिय थिएँ । त्यसको बाहिर कतै पुष्टि हुन सकेको थिएन । २०३६ बाट जिल्ला र केन्द्रको शिक्षक आन्दोलनको नेतृत्व गर्न थालें । त्यसैलाई आधार बनाएर उजुरबाजुर भयो । स्कुलमा बहुदल र निर्दलबीच झडप भयो । कम्युनिस्ट, कांग्रेसबीच कुटपिट चलाइयो । अमलाचौरबाट जाने शिक्षक, विद्यार्थीमाथि आक्रमण भए । त्यसपछि अमलाचौरमै माध्यमिक तहको विद्यालय खोल्ने विचार आयो । डिल्लीप्रसाद, तेजेन्द्र ढकाल, प्रेमबहादुर, टीकाराम पाध्या, योगेश्वर ढकाल, बेदनिधि शर्मा समेतसित सल्लाह भयो । २०३९साल (महिना याद भएन) अमलाचौर स्कुलको कोठामा बैठक गरियो । स्कुल खोल्ने निर्णय भयो । तत्काल बाँस र खरको टहरो बनाउने सल्लाह भयो । भैरवस्थानदेखि सरंगीसम्म पुगेर बाँस र खर उठाइयो । चन्दा लेखाइयो । टहरो बन्यो । कक्षा ८ खोलियो । स्वीकृतिका लागि लेखापढी गरियो । तर, जिल्ला शिक्षा समितिले अनुमतिका लागि सिफरिस गरेन । अमलाचौरका पन्चबाट यो स्कुलविरुद्ध उजुर पऱ्यो । उता पैयुँपाटाले अमलाचौर स्कुलविरुद्ध केन्द्रसम्म लेखापढी र उजुरबाजुर गऱ्यो । क्षेत्रीय शिक्षा निर्देशनालयले हप्ता दिनभित्र बन्द गराउनु भन्दै पत्र लेख्यो, सीडीओलाई बन्द गराई जानकारी गराउने निर्देशन दियो ।

हेमराज शर्मा अञ्चलाधीशको निकटतामा काम गर्थे । हाम्रोबीच शीतयुद्ध चल्यो । मलाई पञ्चायतविरोधी आरोपमा बर्खास्त गर्ने सञ्चालक समिति बैठकबाट निर्णय गरेर पठाए । रणसिंह थापा जिल्ला सभापति तथा जिल्ला शिक्षा समिति सभापति थिए । भीमलाल गुरुङ जिल्ला शिक्षा अधिकारी भएर गएका थिए । मेरो १८ वर्षको स्थायी शिक्षण सेवा पञ्चायतले खायो । म सधैँका लागि अयोग्य हुनेगरी बर्खास्त भएँ ।

यता, अमलाचौरबाटै पन्चले कम्युनिस्ट स्कुल भनेर विरोध गर्न थाले । मद्रासमा अमलाचौर स्कुलको नाममा जम्मा भएको पैसा स्कुलको खातामा राख्न स्थानीय पन्चले दिएनन् । हामी भने दृढतापूर्वक स्कुल बनाउने अभियानमा अगाडि बढ्यौँ । नियम-कानुनबमोजिमा सबै प्रक्रिया पूरा गरियो । मैले सोरतगढ गएर विज्ञान र गणित शिक्षक खोजेर ल्याएँ । पढाइ राम्रो भयो । अभिभावक खुसी भए । गुणस्तरीय शिक्षा दिने संकल्प थियो हाम्रो तर चारैतिर स्कुलको विरोध भइरहेको थियो ।

कक्षा ८ को अर्धवार्षिक परीक्षा सकियो । वर्षे बिदा भयो । खेतीपाती लगाइयो । डिल्लीप्रसाद त्यतिबेला गोरखाको जिशिअ थिए । म, डिल्लीप्रसाद र योगेश्वर ढकाल स्वीकृतिका लागि काठमाडौं पुग्यौँ । गाउँ र छिमेकी गाउँको विरोध । शिक्षा कार्यालय, जिल्ला शिक्षा समितिले दिनुहुँदैन भन्ने निर्णय गरेको थियो । शिक्षा निर्देशनालयले विनास्वीकृति खोलिएको स्कुल बन्द गर्नु भन्ने निर्देशन दिएको छ । अञ्चलाधीशले दिन नमिल्ने प्रतिवेदन पठाएको छ । शिक्षा मन्त्रालयमा उजुरीको चाङ छ । लिइछाड्ने हाम्रो संकल्प छ ।

त्यतिबेला पञ्चायतको केन्द्रीय राजनीतिमा चर्को संघर्ष थियो । साउन महिना थियो । राष्ट्रिय पञ्चायत अधिवेशनमा सूर्यबहादुर थापाले लोकेन्द्रबहादुर चन्दविरुद्ध अविश्वासको प्रस्ताव लगे । छलफल भयो । थोरै मतले थापाको प्रस्ताव फेल भयो । लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्रीमै थामिए । त्यसका लागि बागलुङबाट तेजेन्द्रबहादुर खड्काले चन्दलाई बचाएर ठूलो गुन लगाएका थिए । रणसिंह समेत त्यतिखेर तेजेन्द्रको विपक्षमा थिए । स्कुलको विरुद्धमा जिल्लामा उभिएको शक्ति पनि तेजेन्द्रको विरोधी थियो । स्कुलबारे उनीहरूको सबै कर्तुत तेजेन्द्रलाई सुनाइयो । प्रधानमन्त्री लोकेन्द्रलाई तेजेन्द्रले फोन गरे । लोकेन्द्रले गरिहाल्छु भन्ने वचन दिए । उनले शिक्षामन्त्रीलाई फोन गरेर स्वीकृति दिनु भन्ने निर्देशन गरे । शिक्षामन्त्रीका नाममा निवेदन शिक्षा मन्त्रालयमा गएर दिइयो । मलाई शिक्षा मन्त्रीकोमा देखेर सचिवहरू मुखामुख गरे । मैले आफूलाई गाउँको सामान्य शिक्षकमात्रै ठानेको थिएँ तर मेरा विरोधीले मविरुद्ध उजुर गर्दागर्दा मलाई त धेरै ठूलो पो बनाइसकेका रहेछन्, मलाई नै थाहा नभएको । मन्त्रीले पछि आउनू भने । सचिवले यो स्कुललाई कुनै हालतमा दिन मिल्दैन, सकिँदैन भन्दै सबै उजुरीको पोको देखाएपछि मन्त्री चकित परेछन् । एक दिन, दुई दिन, तीन दिन गर्दै समय बित्यो, पार नलागेपछि आखिर लोकेन्द्रनिवासमै पुग्यौँ । शिक्षामन्त्रीले सक्दिनँ भन्यो भन्ने उत्तर दिए ।

'तल जिल्लामा उजुर गर्ने मेरा दुस्मन छन् भन्ने थाहा छैन । दुस्मनले राम्रो सिफरिस गर्छ ? तलबाट काम हुने भए यहाँ किन धाउनुपर्थ्यो ? आफ्नै खर्चमा स्कुल चलाउँछौं, अस्थायी अनुमति देऊभन्दा पनि दुःख पाउनुपर्ने' भन्दै लोकेन्द्रका अगाडि तेजेन्द्र बम्के ।

उता, भारतमा इन्दिरा गान्धीको हत्या भएको सनसनीपूर्ण खबर आएको थियो । 'म भोलि दिल्ली गएर आउँछु, क्याबिनेटबाट भए पनि अस्थायी अनुमति दिलाएरै छाड्छु,' भन्दै लोकेन्द्र उठे ।

हामीले अरू तीन/चार दिन पर्ख्यौं । सचिवले प्रस्ताव लैजान मानेनन् । तर, मेरो ठाडो निवेदनका आधारमा मुख्य सचिवले क्याबिनेटमा प्रस्ताव राखे । अस्थायी स्वीकृतिको निर्णय भयो । निर्णय मन्त्रालयमा गयो । शिक्षा सचिवले क्याबिनेटबाट निर्णय भइआएकाले 'नियमानुसार' अस्थायी स्वीकृति दिनु भन्दै लेखेछन् । पोखरा गएर निकै पर्ख्यौं । काठमाडौं ताकेता गरियो । पत्र पुग्यो ।

'नियमानुसार' स्वीकृति दिनू भन्ने लेखिआएकाले नियम पुगेको छैन,

जिल्ला शिक्षा समितिको सिफारिस छैन, पत्र दिन मिल्दैन,' भन्यो पोखराले।

फेरि काठमाडौँ आएर सबै कुराको जानकारी गरायौँ। शिक्षा सचिव हाम्रै जिल्लाका अर्का बलिष्ठ पन्चका मित रहेछन्। हाम्रो काममा भाँजो हाल्न खोजेकैले उनको सरुवा भयो। 'क्याबिनेटको फलानो मितिको निर्णयअनुसार अस्थायी स्वीकृति दिइएको छ,' भन्ने स्वीकृतिपत्रका तीन प्रति क्षेत्रीय शिक्षा निर्देशनालय, जिशिअ, र स्कुलको सबै मेरो हातमा थमाए ।

मैले विजय प्राप्त गरेँ । सगौरव सबै ठाउँमा बुझाउँदै गएँ । ऋतुवर्ण तुम्बाहाम्फे अञ्चलाधीश थिए । सोझै गएर पत्र देखाएँ । मुसुक्क हाँसे, अनुहार बिगारे, फेरि एकैछिनमा विस्मयको हाँसोको मञ्चन गरे ।

यो कथा डिल्लीप्रसाद, योगेश्वर भाइ र मलाई मात्र थाहा छ। योगेश्वरले क्षेत्रीय शिक्षा निर्देशनालयका कर्मचारीलाई खुशी पारे केही भैहाल्छ कि भनेर अरू प्रयत्न गरे । त्यो कुरा दुई दाजुभाइलाई मात्रै थाहा छ। म उतिबेला पञ्चायतविरोधी थिएँ । हैकम नभएका पन्चभन्दा म धेरै अगाडि थिएँ । गाउँमा बसेर मास्टरी गर्ने समयमा खानेपानीबाट अत्यन्तै संकटग्रस्त गाउँ वडा नम्बर ६ गिठेडाँडामा पाइप निकासा गरेर खानेपानी व्यवस्था गरेको थिएँ । अमलाचौर, टाकुरी, सरंगीसमेतका स्कुलको कर्कटपाता निकासा गराएर छाउने व्यवस्था गरिएको थियो । मैले करिब चार वर्ष गाउँमा बसेर काम गरेँ । मसँग स्कुल बनाउन सक्रिय भएको आरोपमा डिल्लीप्रसाद शर्माको जागिर गयो । स्कुल बनाउन रात-दिन खट्ने प्रेमबहादुर क्षेत्रीलाई डिल्लीप्रसाद शर्मा (डाँडा) को विवाहमा गाई काटेर खाए भन्ने झुठो आरोपमा थुनियो । डिल्ली (डाँडा), उमानाथ, रेशम ढकाल समेतका व्यक्तिको जागिर पञ्चायतले विभिन्न समयमा खाएको कुरा प्रस्ट छ । यो सबै कुरा गाउँमा शिक्षाको विकास र पुरानो सत्ताको अन्त्यसित जोडिएको छ। सचेत अग्रगामी व्यक्तिले मात्रै युगको नेतृत्व गर्न सक्छ ।

मैले शिक्षा दिएका जोकोही राम्रो ओहोदामा पुगेको, उन्नति, प्रगति गरे कोमा औधी खुसी लाग्छ। चन्द्रप्रसाद ढकाल मेरै अनुशासित विद्यार्थी हुन्, जसले राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा उत्कृष्ट उद्योगी व्यवसायीको हैसियत बनाएका छन् । देवेन्द्र पौडेल आफ्नो भूमिकामा छन् । डा. हेमराज शर्माले आफ्नो भूमिका नयाँ धरातल बनाइरहेका छन् । मणिरत्न शर्मा कार्यबहाक राजदूत जस्तो गरिमामय पदमा पुग्न सफल भएका छन्। त्यसो त अहिले क्षेत्र नम्बर २ का सभासद् प्रकाश पौडेल हुन् वा परी थापा र जीवन शर्माहरू, एक समयका मेरा राम्रा विद्यार्थी हुन्।

मैले सबै असल बनून्, राष्ट्रियस्तरको हैसियत कायम गरून् र आफ्नो ठाउँको आफ्नो माटोको सेवामा निःस्वार्थ समर्पित हुन् भन्ने चाहन्छु।

सचेत अग्रगामी सोच र यथास्थितिवादी संकीर्णता दुई विपरीत कुरा हुन् । हिजो कुन बेला के-के भयो के-के भएन भन्ने आग्रह कसैले राख्नुहुँदैन । हिजो स्कुल बनाउने बेला मेरो विरोध गर्ने नभएको भए सायद म यहाँसम्म आइपुग्ने थिइनँ । मेरो १८ वर्षको मास्टरीबाट हात धुन नपरेको भए अहिले म पेन्सन बुझेर गुजारा चलाउने एक शिक्षकमात्र हुन्थेँ होला । स्कुलको विरोध गर्ने नभएको भए मलाई लोकेन्द्रसम्म पुग्ने र परिचय गर्ने अवसर मिल्ने थिएन । त्यसैले म यहाँसम्म आइपुग्न समर्थन गर्नेको भन्दा विरोध गर्नेको महत्वपूर्ण भूमिका र सहयोग मिलेको छ । म त्यसलाई दिलैदेखि सम्मान गर्छु । चुनौती र विरोध सामना गर्न हिम्मत गर्नुपर्छ । समुद्रमा पस्न आँट नगर्ने समुद्र तर्न सक्दैनन् । अगाडि बढ्न एकपछि अर्को छलाङ मार्नुपर्छ । पृथ्वी उच्चमावि पनि एउटा छलाङको उपज हो । यो मेरो समाजको उपज हो । पृथ्वी उच्चमाविलाई यहाँसम्म ल्याइपुऱ्याउन सबै अमलाचौरवासीको योगदान छ । कुनै समयको विरोध कालान्तर मा वरदान हुन्छ। समयको एउटा कालखण्डमा मलाई परिस्थितिले यस माविको संस्थापक प्रधानाध्यापक हुने अवसर दियो । म राजनीतिमा लागेकाले लामो समय सेवा गर्न सकिनँ, यसमा मलाई दुःख छ । २०४३ वैशाख पहिलो हप्ता प्रहरीले घर घेराउ गऱ्यो । मलाई यो भन्दा पहिले नै देशव्यापी वारेन्ट जारी गरिसकेको थियो । म पक्राउ पर्नुभन्दा भूमिगत हुनुपर्छ भन्ने संकल्प गरिसकेको थिएँ । त्यसैले मैले छाड्नुभन्दा पहिले स्कुलमा प्रअसमेत शिक्षकको व्यवस्था, हिसाब-किताब दुरुस्त गरिसकेको थिएँ । म हिँडिसकेपछि विभिन्न कोण प्रतिकोणबाट टीका-टिप्पणी भए होलान् । मेरो विरोध गर्नेलाई नै मैले अडिट गर्न लगाएको थिएँ, गल्ती पटक्कै नछाडून् भनेर । १४५ रुपैयाँ उल्टै मैले पाउने रिपोर्ट पठाए भन्ने सुनेर खुसी लाग्यो । जुन उद्देश्यसाथ स्कुल बनाउन थालिएको हो, त्यो पूरा भएको छैन । एउटा नमुना स्कुल बनाउन मन छ । अझै धित पुगेको छैन । त्यहाँबाटै पढेर गएका जागरुक सचेत युवकयुवतीले पढेको स्कुलका लागि केही गर्नुपर्छ भन्ने सोचेर डा. हेमराज शर्माको अगुवाइमा संगठित सहयोग संकलन गरिँदै छ । मलाई पनि त्यसका लागि केही गरौँ-गरौँ हुन्छ तर गर्न सकिएको छैन । गरौँ भन्ने भावना समेटियो भने केही हुनेछ । युगसापेक्ष त्यसलाई विज्ञान र प्रविधिको केन्द्र बनाउन सके त्यस क्षेत्रको शैक्षिक आवश्यकता पूरा हुनेछ । ❀

अमलाचौर स्कुल पूर्व विद्यार्थी संघ र श्री पृथ्वी उच्च मा.वि. अमलाचौरले स्कुलको ऐतिहासिक तथ्याङ्क समेट्दै स्मारिका प्रकाशित गर्न लागेकोमा शुभकामना व्यक्त गर्दछौं ।

कृष्णप्रसाद शर्मा
सि. अहेव (अधिकृत छैठौं)

अमालचौर स्वास्थ्य चौकी
अमलाचौर-७, धौलेचौर

भविदत्त पन्त
निर्वतमान अध्यक्ष
स्कुल व्यवस्थापन समिति

भविश्वर रेग्मी
अध्यक्ष
स्कुल व्यवस्थापन समिति

पृथ्वी मा. वि. अमलाचौरमा १२ बर्ष 'एक सस्मरण'

- योगेश्वर शर्मा ढकाल
अमलाचौर -४, कुढर

स्रोत-साधन, शिक्षा, आर्थिक उन्नति, प्राकृतिक छटा, सामाजिक स्थिति, बहुजातीय बसोबास, सांस्कृतिक सम्पदा आदिमा छिमेकी गाविसभन्दा पहिलादेखि नै पृथक पहिचान बोकेको क्षेत्र अमलाचौर गाविस हो । बाग्लुङ जिल्लाको दक्षिण भेगमा सर्वप्रथम अंग्रेजी शिक्षाको सुरुवात नै अमलाचौर पञ्चायतबाट भएको हो । सर्वप्रथम सो पञ्चायतको बरडाँडाका डिल्लीप्रसाद शर्माले पोखरा काठमाडौँ गई अंग्रेजी शिक्षा हासिल गरी गाउँ फर्केपछिसम्म चौरमा खरको झोपडी तयार गरी बुद्धिदात्री प्राइमरी स्कुल खोली अंग्रेजी शिक्षा सुरुवात गर्नुभएको र आज हामी अधिकांश पढेलेखेका बुद्धिजीवी, उद्योगी व्यवसायी, राजनीतिज्ञ बन्न सक्नुमा उहाँको विचार र शिक्षालाई सम्मान गर्नु प्रत्येक अमलाचौरवासी एवम् दक्षिण भेगका जनसमुदायको कर्तव्य हो भन्ठान्छौँ । यदि उहाँबाट आधुनिक शिक्षा सुरुवात नभइदिएको भए हामी भारतमा लाहुरे हुने थियौँ भन्ने लाग्छ ।

शैक्षिक क्षेत्रमा अग्रणी, स्रोत-साधनमा सम्पन्न हुँदाहुँदै पनि समयानुकूल त्यसको नेतृत्व लिने व्यक्ति अभाव, छिमेकी पञ्चायत पैयुँपाटाका आध्यात्मिक शिक्षाका विद्वान् भएर पनि समयानुकूल आधुनिक शिक्षा (अंग्रेजी) को ज्योति बाल्नुपर्छ भन्ने सोचसाथ विद्यालय सञ्चालन गरिराख्नु भएका पं. हेमराज शर्मा पौडेलले अंग्रेजी शिक्षाका रूपमा गुरु डिल्लीप्रसादजीलाई पैयुँपाटाको विद्यालय लैजानुभएकाले बुद्धिदात्री स्कुलमा सुरु भएको अंग्रेजी शिक्षा बन्द भएकाले अंग्रेजी शिक्षामा रुचि राख्ने अभिभावकका बच्चा पैयुँपाटा पठाउन र जान बाध्य भएको हो । दक्षिण भेगमै अर्को कुनै मिडिल स्कुल हाइस्कुल नभएकाले पनि पं. हेमराज शर्माले स्थापित पैयुँपाटा स्कुलमा अंग्रेजी शिक्षा पढ्न चाहने दक्षिण भेगवासीका सन्तान हेमराजजीको व्यवस्थापन डिल्लीप्रसादजीका अध्यापनप्रति आकर्षित भई हाइस्कुलसम्मको अध्ययन पूरा गरेकाले उहाँहरू दुईजना दक्षिण भेगका अंग्रेजी शिक्षाका प्रणेता, लाहुरे हुनबाट जोगाएको मा उहाँहरूप्रति हामी दक्षिण भेगवासीलगायत नजिकको छिमेकीको नाताले अझ बढी कृतज्ञ छौँ । र, स-सम्मान आभार प्रकट गर्नु कर्तव्य ठान्छौँ ।

स्रोत साधन, सक्षम, सबल एवं दक्ष जनशक्तिको बाहुल्यता हुँदा हुँदै पनि स्थानीय स्तरको अस्वस्थ अराजनीतिक प्रतिस्पर्धा, अविश्वास, खिचातानी, पूर्वाग्रही भावना एव ईमान्दारीताको अभाव आदि कारणले गर्दा अमलाचौरको शैक्षिक एवं सामाजिक विकासका पूर्वाधारहरु सुरुवात हुनसकेको थिएन ।

स्रोत-साधन, सक्षम, सबल एवम् दक्ष जनशक्ति बाहुल्य हुँदाहुँदै पनि स्थानीयस्तरको अस्वस्थ अराजनीतिक प्रतिस्पर्धा, अविश्वास, खिचातानी, पूर्वाग्रही भावना एवम् इमानदारी अभाव आदि कारणले गर्दा अमलाचौरको शैक्षिक एवम् सामाजिक विकासका पूर्वाधार सुरुवात हुन सकेको थिएन । अंग्रेजी शिक्षा पढ्न पैयुँपाटाको त्रिभुवन हाइस्कुल नै जानुपर्ने अवस्था, शिक्षाको सहज पहुँच नहुनाले सानै उमेरदेखि रोजगारीका लागि भारतका विभिन्न ठाउँ जानुपर्ने बाध्यता रहँदा आफ्ना बालबच्चालाई शिक्षा-दीक्षा दिनुपर्छ भन्ने भावना विकास भई विदेशमा बस्नेमा समेत शैक्षिक चेतना विकास हुनु एवम् स्वदेशमा रहेका आमअभिभावकमा समेत आफ्ना बालबच्चालाई सहज रूपमा आफ्नै गाउँठाउँमा माध्यमिक तहको शिक्षा दिनुपर्छ भन्ने चेतना विकास भइसकेको अवस्था, अमलाचौरको पढेलेखेका व्यक्तित्व छिमेकी पञ्चायतका विद्यालयमा पठनपाठन गराउन गएको अवस्था, जनमानस त्यो शिक्षित समुदायलाई आफ्नै ठाउँमा किन राख्न नसकिने भन्ने कौतूहल भइरहेको अवस्था, छिमेकी पञ्चायतका विद्यालयमा अध्ययन गर्ने विद्यार्थी एवम् अभिभावकमा समेत खोलावारि, खोलापारि, तल-माथिको अस्वस्थ भावनाले दिनप्रतिदिन आपसमा भीडन्त, वैमनस्यता आदिले उग्र रूप लिइसकेकाले अमलाचौरवासीका मनमा आफ्ना बालबच्चालाई के हुने हो भन्ने चिन्ताले पिरोलिरहेको अवस्था, नेतृत्व अभाव खड्किरहेको अवस्था, सबै परिवेश एवम् अवस्थालाई आत्मसात् गरी अमलाचौरका पढेलेखेका शिक्षक, सरकारी, गैरसरकारी क्षेत्र, कर्मचारी, पढेलेखेका बुद्धिजीवी, पन्चभलाद्मी गरी करिब एक हजार ५२० जना २०४० पुसमा बाग्लुङ सदरमुकाममा तेजेन्द्रबहादुर खड्काको घरमा जम्मा भई जिल्लाका नेतृत्वसँग समेत परामर्श लिई एउटा अनौपचारिक भेलाबाट हाइस्कुल खोल्ने, सबै गुट समेट्ने, गाउँभेला गर्ने गुटगत राजनीतिलाई प्रश्रय नदिने, पञ्चायतका निर्वाचित प्रतिनिधि प्रधानपन्च झपेन्द्र पाठक एवम् कपिलमणि शर्मालगायतलाई समझदारी

लेखक ढकाल आईएमई कोअपरेटिभको प्रमुख हुनुहुन्छ

मा लिने आदि मौखिक निर्णय गर्दै विद्यालय कुनै हालतमा पनि सञ्चालन गरिछाड्ने दृढप्रतिज्ञासाथ फर्क्यौं । प्रमुख भूमिका निर्वाह गर्नका लागि कर्मचारीका तर्फबाट डिल्लीप्रसाद शर्मा (जिशिअ म्यारदी), प्राविनि वेदनिधि शर्मा (बेनी), योगेश्वर ढकाल, कृषि बैंक र शिक्षकका तर्फबाट पैयुँपाटामा अध्यापन गरिरहनुभएका दीनानाथ शर्मा, भूमिश्वर शर्मा र ईश्वरीप्रसाद शर्मा ढकालले विद्यालय स्थापनाका लागि पूर्वाधार तयार पार्ने जिम्मेवारी समेत तय गरिएको थियो भने विदेशमा रोजगारीमा रहेको चक्रपाणि शर्मासँग समेत सम्पर्क भइरहेको थियो ।

अभिभावकमा आफ्ना बालबच्चाको दिनप्रतिदिनका झडपले अस्वस्थ वातावरण पैदा भएकाले कहिले के हुने हो भन्ने चिन्ताले पिरोलिरहेको थियो । अमलाचौर एवम् छिमेकी पञ्चायतको समग्र परिवेशको अध्ययन गरी २०४० माघ २ गते तत्कालीन प्रधानपन्च झपेन्द्र पाठकको अध्यक्षतामा बृहत् गाउँभेला गरी हाइस्कुल खोल्ने निर्णय हुनुको साथसाथै अमलाचौर गाउँ पञ्चायत-४ कुढर निवासी विष्णुप्रसाद उपाध्याय ढकाललाई विद्यालय सञ्चालक समिति संस्थापक अध्यक्ष एवम् वडा नम्बर ७ गहतेरानिवासी दीननाथ शर्मालाई प्रधानाध्यापकका साथै सञ्चालक समिति सचिवको काम गर्ने जिम्मा सर्वसम्मत रूपमा सुम्पिएको थियो । आर्थिक स्रोत (चन्दा) जुटाउन विभिन्न चार टोली गठन भएका थिए । सोही भेलामा केही दिनभित्रै चन्दा लेख्ने लेखाउने अभियानस्वरूप स्वस्फूर्त रूपमा एक लाख १६ हजार चन्दा लेख्ने कार्यसमेत भयो ।

सुरुमा आठ कक्षाको अस्थायी अनुमति लिन शिक्षा कार्यालयमा ५० हजार रुपैयाँ नगद जम्मा गर्नुपर्ने प्रावधानअनुसार आफूसँगै हुनेले घर बाट र नहुनेले ऋण-धन गरी गरगहना अदना र ाखी चन्दा दिनुभएको थियो भने केहीले बाग्लुङ जम्मा गर्दाको दिनमै बाग्लुङमा दिने वचनबद्धता समेत पाइएको थियो । उत्साहसाथ रकम जम्मा गर्न सदरमुकाम पुग्नुभएका अभिभावक उत्साहित देखिनुहुन्थ्यो । तर, बाग्लुङमै रकम दिने व्यक्तिले दिएको वचन पूरा गरेनन् । ४० हजार रुपैयाँ जम्मा भए पनि १० हजार नपुगेकाले त्यो दिन काम नहुने देखेर मैले नै हातमा लगाएको बेरुवा औंठी देवबहादुर श्रेष्ठकोमा अदना राखी सापटस्वरूप १० हजार लिएर ५० हजार रुपैयाँ जम्मा गरी सोही दिन बाग्लुङमा उपस्थित हामी सबैबाट स्वदेश तथा विदेशमा रोजगारी गरी बस्ने शिक्षाप्रेमी अभिभावकको उत्साहलाई स-सम्मान गर्दै कुनै पनि राजनीतिक विचारलाई प्रश्रय नदिने कसैप्रति पूर्वाग्रह नराख्ने नितान्त शैक्षिक विकास गरी बालबच्चालाई गुणस्तरीय शिक्षा प्रदान गर्दै जाने अठोटसाथ अगाडि बढ्ने दृढप्रतिज्ञा गरी फर्केका थियौं ।

गाउँमा विकासका पूर्वाधार केही थिएनन् । दक्षिण भार तमा रोजगारी गर्ने अमलाचौरवासीको सक्रियतामा विश्वकर्मा समुदायको बसोबास रहेको क्षेत्रमा खाने पानी ल्याउने भनी ४० हजार संकलन भएको रहेछ । धापाखोलादे खि खानेपानी ल्याउन रकम अपुग भएकाले नजिकै पानीको राम्रो स्रोत थिएन । मेरो कटुजेपानीको खेतमा स-साना स्रोत त थियो तर पर्याप्त थिएन । तैपनि ठूलो परियोजना पार्न नसके खेतको पानी भए पनि दिनेछु भनी कबुल गरी उक्त ४० हजार रकमसमेत विद्यालयको नाममै मुद्धति खाता खोली राखिएको थियो । उक्त गाउँमा पछि धापाखोलाबाटै परियोजना पारी खानेपानी व्यवस्था भइसकेको छ ।

सबैका लागी शिक्षा हो, सबैको बालबच्चा पढ्ने, पढाउने हो, तेरो मेरो भन्नुपर्ने अवस्था थिएन । विद्यालय सबैको साझा थलो हो, आफ्नो गाउँठाउँमा स्कुल, कलेज हुनु गौरव पनि हो भन्ने विश्वाससाथ पढेलेखेका शिक्षक, कर्मचारी, बुद्धिजीवी, भद्रभलाद्मीको सामूहिक प्रयासमा म पनि काम गर्न/गराउन उत्साहित थिएँ । त्यसमा पनि ७५ वर्ष पुग्नुभएका मेरो पिताजीलाई सम्पूर्ण समाजले सर्वसम्मत संस्थापक अध्यक्ष र दीनानाथ शर्मालाई प्रधानाध्यापक एवम् समिति सचिव चयन गरी विद्यालय सञ्चालनको जिम्मा सुम्पेकोमा उहाँको सफलता हामी सबैको सफलता हो भन्ठानेका थियौं । मेरो पिताजीमा कुनै छलकपट थिएन, कुनै गुटगतमा लाग्नुभएको थिएन, कुनै राजनीतिबाट प्रेरित हुनुहुन्थेन, आफूले सक्ने सहयोग सबैलाई गर्नुहुन्थ्यो । स्पष्ट बोल्ने, हकी स्वभावको, धर्मकर्ममा अलि बढी नै कठोर हुनुहुन्थ्यो । तैपनि जमानाअनुसार आधुनिक शिक्षा बालबच्चालाई पढाउनुपर्छ भन्ने कुरा दखखल पनि थियो । शिक्षामा रुचि पनि थियो । सबैले उहाँलाई असाध्यै माया, सम्मान गर्थे पनि । निश्चय पनि विद्यालयको अध्यक्षमा चयन भएपछि सबै समेटिने विश्वासमा हामी सबै को थियो ।

विज्ञान र हिसाव पढाउने शिक्षकको अभाव, आफ्नो गाउँमा उत्पादन भएका विज्ञान र हिसाव पढाउने शिक्षकहरु अन्य स्कुलमा पढाईरहेको अवस्था, शिक्षक खोज्न प्र.अ. दीनानाथ जि र म कहिले बिरगंज तिर कहिले कपिलबस्तु तिर शिक्षक खोज्न जान्थ्यौं, खोजेर ल्यायौं लामो समय बस्दैनन ।

तर, अमलाचौर पञ्चायतमा धेरै पहिलादेखि झाँगिएको गुट, उपगुट, वैमनस्यता, शत्रुता र विरोधाभासले केहीले सहभागिता जनाउन हिच्किचाउनुभयो । विद्यालयमा दुई सञ्चालक समिति, दुई प्रधानाध्यापक विरोधाभास शैलीमा सम्बन्धित निकायमा लेखापढी गर्ने, आर्थिक सहयोगमा अवरोध गर्नेजस्ता कार्यले गर्दा जे सोचेर विद्यालय सञ्चालन भएको थियो, त्यो लक्ष्यसाथ विद्यालय अगाडि बढाउन सञ्चालक समिति प्रअ, बौद्धिक सर्कलबाट विशेष सतर्कतासाथ विद्यालय सञ्चालन गर्दै गयौं । हामीबीचमा पनि नियम नबुझेका कारण चन्दा उठाएर चलाएको स्कुलको सरकारबाट अनुमति चाहिन्छ या चाहिँदैन भन्ने कुरामा धेरै समयसम्म रुमलियौं पनि ।

विज्ञान र गणित पढाउने शिक्षक अभाव, आफ्नो गाउँमा उत्पादन भएका विज्ञान र गणित शिक्षक अन्य स्कुलमा पढाइरहेको अवस्था, शिक्षक खोज्न प्रअ दीनानाथजी र म कहिले वीरगन्जतिर, कहिले कपिलवस्तुतिर शिक्षक खोज्न जान्थ्यौं । खोजेर ल्यायौं लामो समय बस्दैनन् । खान, बस्न समस्या देखाउँछन् । अनि

कहिले ईश्वरीप्रसाद शर्मा (जो हाल : प्रअ छन्) को घरमा, कहिले धौलेचौर टीकारामजीको घरमा राख्ने व्यवस्था गरियो । तलब दिने बेला आयो पैसा छैन, कहिले मैले आफैँ कहिले टीकारामजीले खर्च दिएर पनि विज्ञान र गणितका शिक्षक व्यवस्था गर्दै आएका थियौँ ।

विरोधबीच दुई वर्ष बित्यो । संयोग भनौँ कि के अध्यापनको जिम्माको साथसाथै व्यवस्थापकीय जिम्मा दिइएका र लिनुभएका प्रअ दीनानाथजीले पढाउन छाड्ने कुरा गर्नुभयो । हुन त सुरुमै म दुई वर्षमात्र बस्ने हो भन्नुभएको थियो । सञ्चालक समितिसँग कुनै मतमतान्तर भएर छाड्नुभएको होइन । अध्यक्ष विष्णुप्रसाद सम्बन्धमा मामा पर्ने हुँदा मामा-भान्जाको असाध्यै आत्मीयता र विश्वास थियो । मामा-भान्जा चन्दा उठाउन झोला बोकेर हिँड्दा सबैले तारिफ गर्थे । मेरो बुवालाई मैले भनेको पनि थिएँ, 'दाजुलाई पूरा विश्वास गरे हुन्छ, कुनै कुरामा शंका नगर्नुहोला, हुन पनि कहिल्यै गर्नु भएन । दीनानाथ दाइले छाडेपछि हिसाब, किताब जाँच गर्दा कहीँ पनि त्रुटि पाइएन । इमानदारीसाथ मामा-भान्जाको व्यवहार देखियो ।

कहिलेकाहीँ आदर्श, इमानदार व्यक्तिमा पनि मान र नामका लागि केही प्रस्ताव आउन सक्छन् । मलाई याद छ- चिसापानी गौरीश्वर को घरमा बैठक बसेको बेला दीनानाथ दाइले मलाई सुरुदेखि एक हजार तलब लिँदै आउनुभएकोमा दुई हजार गराइदिनुपर्‍यो तर थप एक हजार म लिन्न चन्दा लेख्छु भन्नुभयो । मैले अलिबेर सोचेँ- विद्यालयमा सबैभन्दा बढी चन्दा हाल्ने त मेरो बुवाको नामबाट हो । यदि दाइको प्रस्ताव माने त सबैभन्दा बढी चन्दा हाल्ने त दाइ हुनुहुने भयोजस्तो लागेर इन्कार गर्‍यौँ । सायद उहाँसँग गरेको सहकार्यमा यहीमात्रै नमीठो होला ।

म पर्वत जिल्लाको खनियाघाटको कृषि विकास बैंकबाट सञ्चालित साना किसान विकास आयोजनामा काम गर्थेँ । त्यस अवसर तीनबाट खानेपानी, चारबाट प्राथमिक विद्यालय भौतिक सुधार गर्ने अवसर पाइएकाले पनि सामाजिक कार्यप्रति मलाई दिनप्रतिदिन रुचि बढ्दै गएको थियो । मेरा दुई छोरालाई पोखराको प्रहरी बोर्डिङ स्कुल पढ्न पठाएको थिएँ तर किन-किन मलाई त्यो पृथ्वी माविले रात दिन पिरो लिरहेको थियो । चन्दा पनि सबैको भन्दा बढी हालियो, बुवालाई संस्थापक अध्यक्ष बनाइयो, पैयुँपाटा पढाउने भाइ ईश्वरीलाई पनि चन्दा उठाउन हिँडाइयो, म पनि जागिरको फुर्सद वा बिदा मिल्यो कि स्कुल भनी कहिले कुन पन्च, कहिले कुन पन्चको पछाडि लागी विद्यालयको अनुमतिका लागि दौडधुप गरियो । बिदा सकियो कसरी छाड्नुजस्तो लाग्छ । कसैले त आफ्ना छोरा बोर्डिङमा राखेको छ, यो स्कुलप्रति यसको कुनै विश्वास छैन पनि भन्छन् रे भनेर पनि सुनाए । एक दिन म घर आएको बेला बुवा, म र भाइ ईश्वरी छलफलमा बस्यौँ । भन्नेले जेसुकै भनोस्, जेसुकै गरोस्, काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ भनेजस्तै यत्रो समाजका अगाडि कमिटमेन्ट गर्‍यौँ । पैसा राख्यौँ । कुनै हालतमा विद्यालय छाड्न हुँदैन, जे लक्ष्य हो, त्यो पूरा गर्नैपर्छ भन्ने ठहर गर्‍यौँ ।

विधिको विडम्बना त्यसै समयमा मेरो घरमा चोरी भयो । म एक इन्च पनि पछाडि हटिनँ । मेरो चोरी मुद्दामा पनि समाज दुई धार देखिए । मैले कुनै पर्वाह नगरी चोरी मेरो पो गरे भन्ने लाग्यो तर विद्यालयको काममा म निरन्तर लागेँ । आपसको विरोध, गुट, उपगुट, फुट, वैमनस्यता, उजुरबाजुर आदिले गर्दा विद्यालयले अस्थायी अनुमति नपाउँदा एसएलसीको पहिलो ब्याचका विद्यार्थीलाई छिमेकी गाविसको जनता माविबाट दिलाउन बाध्य भयौँ ।

दीनानाथजीले बहिष्कार नीति लिई विद्यालय छाडिसक्नुभएको थियो । कुनै राष्ट्रियस्तरको पन्च नेतालाई नसमातेसम्म अनुमति लिन सक्ने अवस्था थिएन । हामीप्रति शुभेच्छा राख्ने तेजेन्द्रबहादुर खड्कालाई मैले पोखराको महेन्द्रपुलस्थित ज्योति होटलमा दीनानाथ दाइलाई पनि भेट गराउने चाँजोपाँजो मिलाएँ । तेजेन्द्रबहादुरले सिधै मलाई भोट चाहिने दीनानाथजीहरू भोट बहिष्कार गर्ने, मैले किन काम गर्ने भन्न पछि परेनन् । तर, छलफलबाट हामीलाई सहयोग गर्ने वचनबद्धता लियौँ ।

पञ्चायती राजनीति यतिसम्म संकीर्ण थियो कि वातावरणले पनि हरेक काम गर्ने ठाउँमा कर्मचारी पनि डरले होला हाम्रो स्कुललाई कम्युनिस्टको स्कुल भन्न पछि पर्दैनथे । म भन्ने गर्थेँ- अमलाचौरवासी सबै कम्युनिस्ट होइनन् । यो प्रक्रिया गाउँदेखि मन्त्रालयसम्म फैलिएको थियो । कुनै पन्च अगाडि नलागी अस्थायी अनुमति पाउने सम्भावना दिनप्रतिदिन क्षीण बन्दै गएको थियो । तेजेन्द्रबहादुर खड्कालाई अगाडि लगाई म तत्कालीन शिक्षामन्त्री फत्तेसिं थारूको कार्यालय जाँदा अमलाचौरको स्कुल त कम्युनिस्टको स्कुल हो रे, कसरी अनुमति दिने भनिहाले । म झसंग भएँ । तेजेन्द्र कुर्लिहाले, 'म के कम्युनिस्ट हुँ ?' यो भाइ कर्मचारी हो, अध्यक्ष यी भाइका बाबा हुन् । हामी कसरी कम्युनिस्ट हुन सक्छौँ । करिब एक घन्टाको छलफलपछि मन्त्री र सचिव अस्थायी अनुमति दिन राजी भए । हामीले मन्त्रालयबाट सिधै अनुमति लिएर जान चाहन्थ्यौँ तर कर्मचारीले कलम घुमाइहाले । पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयलाई अनुमति दिनु भनी चिट्ठी लेख्यो ।

सायद त्यो दिन भारतका प्रधानमन्त्री इन्दिरा गान्धीको मृत्यु भएको दिन थियो । बिदा हुने हल्ला थियो । हतारमै पत्र लिएर निस्क्यौँ। दीनानाथजीलाई खबर गरेँ । भोलिपल्टै पोखरा पुगेँ । दाइ पनि भेटिनुभयो । रात रहे अग्राख पलाउँछ भन्छन् । आँटेको काम साम, दाम, दन्ड, भेद गरेर भए पनि पूरा गर्नुपर्छ भन्ने मान्यतामा पुगेर म र दीनानाथ दाइ एकाबिहानै शिक्षा निर्देशनालयका पराजुली थरका उपनिर्देशकको विन्धावासिनीस्थित घर पुग्यौँ । कुराकानी भयो । मन्त्रालयको पत्र देखाएँ । एक/दुई दिनपहिले अर्को सञ्चालक समितिले माविलाई अप्ठ्यारो पर्नेगरी पत्र गइसकेको भन्ने सुन्यौँ । हाम्रोतर्फबाट केही कमिटमेन्ट गर्‍यौँ । केही तत्काल पूरा गर्‍यौँ । केही पछि पूरा गर्ने सर्त राखि फर्क्यौँ । ११ बजे अस्थायी अनुमतिको चिट्ठी लिन बोलाउनुभएकाले कार्यालय गयौँ । चिट्ठी तयार भएको रहेछ । अर्को समितिले लगेको पत्रका बुँदाबुँदामा छलफल भयो । केही नमिल्दै अप्ठ्यारो पर्ने वाक्यांशलाई पछिल्लो चिट्ठीले मिति ... को पत्रको दफाको हरफ यत्तिमा यस्तो हुनुपर्नेमा यस्तो भएकाले सच्चाइएको छ जस्ता शब्द लेख्न लगाई शिक्षा कार्यालय बाग्लुङलाई चिट्ठी लेखाई चिट्ठी लिएर फर्के । कार्यालयमा चिट्ठी बुझाएँ । मलाई पूरा नाम याद भएन लोहनी भन्ने जिशिअ हुनुहुन्थ्यो । त्यस समय म कृषि विकास बैंक बाग्लुङमा काम गर्थेँ । स्कुलको काम गर्न अलि सजिलो पनि थियो । निर्देशनालयको चिट्ठी जिल्ला शिक्षा

अधिकारीले विनानिर्णय थन्काइरहेपछि पुनः तेजेन्द्र खड्कालाई सबै कुरा राखेपछि घरबाट सिधै कार्यालयमा अनौपचारिक पोसाकमा पुगौं। सुरुमा तेजेन्द्रलाई देखेर जिशिअ क्वार्टरतर्फ लागे पनि पछि फर्केर आए । तेजेन्द्रले धम्क्याएपछि सोही दिन स्वीकृतिको चिट्ठी दिन विवश भए ।

यसरी विभिन्न आरोह-अवरोहबीच विद्यालय सुचारु रूपले सञ्चालन भइरह्यो । पहिलो ब्याचमा एसएलसी दिने विद्यार्थीलाई छिमेकी विद्यालयमा लगी परीक्षामा सामेल गराइए पनि दोस्रो ब्याचदेखि आफ्नै विद्यालयबाट एसएलसी दिन पाउने भए ।

२०४० माघमा पृथ्वी निमाविमै प्रस्तावित मावि सञ्चालन गर्ने योग्यता पुगेका शिक्षक व्यवस्था गर्ने अतिरिक्त पाठ्यक्रम राखी पठनपाठन गराउने लक्ष्यसाथ निम्न वेतन एवम् स्वयम्सेवकका रूपमा राखी पठनपाठन हुँदै आएको थियो । असमझदारीका कारण निमावि र प्रस्तावित मावितर्फ छुट्टाछुट्टै सञ्चालक समिति थिए । निमावितर्फ टुकनाथ शर्मा र प्रस्तावित मावितर्फ विष्णुप्रसाद शर्माले नेतृत्व गरेको सञ्चालक समिति रहेको थियो । एउटै विद्यालय प्रांगणमा दुई सञ्चालक समिति, दुई प्रधानाध्यापक हुनु संस्थाका लागि शुभ लक्षण होइन । अस्थायी अनुमति नदिएका कारण एसएलसीको पहिलो ब्याच छिमेकी पञ्चायत जनता मावि नारायणस्थानबाट दिलाइएको थियो । बडो संघर्षसाथ प्रस्तावित माविले दुई वर्षमा आठ कक्षाको अस्थायी अनुमति प्राप्त गरेको थियो । वृद्ध अवस्थाका कारण अस्थायी अनुमति प्राप्त गरेपश्चात् मेरो बुवा विष्णुप्रसादले अध्यक्षबाट राजीनामा दिइसक्नुभएको थियो । तर, म पदमा नभए पनि निरन्तर रूपमा विद्यालयलाई स्थायित्व दिन जागिरको पर्वाह नगरी लागिपरेको थिएँ । विद्यालयमा घट्दै गएका विभिन्न घटनाक्रमले विद्यालयको अवस्था नाजुक हुँदै थियो । आपसी कलह, असमझदारी ले गर्दा शैक्षिक वातावरण बिग्रिसकेको थियो । जिल्ला प्रशासन कार्यालयबाट समस्या समाधानका लागि आयोग गठन भएको थियो तर निष्कर्ष निस्केन । त्यसको फलस्वरूप जिल्ला शिक्षा समिति कार्यालय, जिल्ला प्रशासन कार्यालय एवम् जिल्ला सुरक्षा निकायको संयुक्त बैठकबाट प्रस्तावित पृथ्वी मावि अमलाचौरमा भएका/घटेका गतिविधिले जिल्लाभरिका अन्य विद्यालयको शैक्षिक अनुशासन भंग गराउन सक्ने स्थिति पैदा गराएकाले उक्त विद्यालयलाई प्रशासनिक हस्तक्षेप गरी तत्काल बन्द गराउने व्यहोरा उल्लेख गरी निर्णय गर्नसमेत पछि परेनन् । (अभिलेख शिक्षा कार्यालयको ०४३/०४४ को माइन्युट बुकमा उल्लेख छ ।)

जनताको रगत र पसिनाबाट उठेको चन्दा सहयोगबाट सञ्चालित विद्यालयलाई कोही-कसैको कारणबाट प्रशासनिक हस्तक्षेप गरी बन्द गर्न दिनु समाजका लागि घातक हुने सम्झी, म मेरो जागिरको कुनै पर्वाह नगरी पुनः विद्यालय बचाउन शिक्षा समितिको निर्णय बदर गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने अठोटसाथ अगाडि बढें । म बाग्लुङ कृषि बैंकमै कार्यरत थिएँ । जिल्लास्थित सबै कार्यालय प्रमुख, शिक्षा अधिकारी, जिल्ला पञ्चायत सभापति, रणसिं थापामगर, रापंस तेजबहादुर गौचनलगायतका पन्च नेतृत्वलाई भेटी प्रशासनिक हस्तक्षेप गरी विद्यालय बन्द गरिने निर्णय पुनः विचार गरिदिन आग्रह गरे, सबैबाट जिल्ला प्रमुख अधिकारी रामेश्वर शाहलाई मनाउनुपर्ने सुझाव दिए । यो निर्णय बदर गराउनु त्यति सजिलो थिएन किनकि स्वयम् प्रजिअको टोलीले पृथ्वी मावि अमलाचौरमा भएको आकस्मिक निरीक्षण गरी पेस भएको प्रतिवेदनका आधारमा शिक्षा समितिले प्रशासनिक हस्तक्षेप गरी विद्यालय बन्द गराउने निर्णय भएको थियो । मैले सीडीओलाई भेट गर्ने समय मागे पनि पाइनँ । जिल्ला पञ्चायत सभापतिको पहलमा बेलुका नौ बजेमात्र भेट्ने समय पाइयो । करिब एक घन्टा छलफल भयो । विद्यालय सञ्चालन हुन सक्ने वातावरण तयार गरी थप आर्थिक स्रोतसहित सबैलाई समेट्नेगरी भावी योजना पेस भएपश्चात् मात्र योजना अध्ययन गरी विद्यालय बन्द गराउने निर्णयमा पुनः विचार गर्न सक्ने भन्नेमा सहमत भई तीन दिनको समय दिइयो ।

अमलाचौरको वातावरण बिग्रिसकेको थियो । समाज तीन धारमा विभक्त थियो । दुई सञ्चालक समिति, दुई प्रअ, शिक्षकमा दुई धार, प्रस्तावित मावि सञ्चालनमा सुरुदेखि प्रअको जिम्मेवारी वहन गर्नुभएका दीनानाथ शर्माको भूमिगत वामपन्थी राजनीति सुरु, एक पक्षको सुरुदेखिको असहमति, विद्यालयको भौतिक, शैक्षिक, आर्थिक एवम् व्यवस्थापन पक्ष ज्यादै दयनीय अवस्थामा रहेकाले जसरी भए पनि विद्यालयलाई पुनर्जीवन दिनु नै छ । प्रजिअकहाँबाट फर्केको रात सोच्दासोच्दै बित्यो । भोलिपल्ट गाउँ गएँ । दुवै पक्ष टसमस देख्छु । सुरुदेखि असहमति राख्दै आएको समूहलाई सहमतिमा नल्याएसम्म विद्यालय सञ्चालन हुन सक्ने अवस्था थिएन । असन्तुष्ट साथीहरू टुकनाथ शर्मा, प्रेमप्रसाद शर्मालगायत लाई भेला गराई छलफल भयो । करिब २५ हजार आर्थिक संकलन चन्दास्वरूप संकलन गर्ने कमिटमेन्ट भयो । सञ्चालक समितिमा सहभागी हुने निमावि सञ्चालक समिति भंग गरी एउटै समिति बनाउने, प्रअ एउटै बनाउने, भवन निर्माणका लागि ५ नम्बर वडाको सल्लेरीमा ढलेका, सुकेका रूख प्रयोग गरी भवन बनाउने आदि सरसल्लाह भयो । सुरुदेखि विद्यालय सञ्चालनमा सहभागी पक्ष पनि विद्यालय बन्द गराउन दिनुहुँदैन भन्ने पक्षमै थियो । दीनानाथजी भूमिगत भए पनि विद्यालयप्रति सकारात्मक हुनुहुन्थ्यो । मलाई के विश्वास थियो भने आगामी दिनमा विद्यालयको विपक्षमा कोही हुने छैनन् । नयाँ सञ्चालक समिति गठन गर्नु थियो, दुवै पक्षले स्वीकार गर्न सक्ने व्यक्ति खोजी गर्दा मानबहादुर हमाल वडा नम्बर १ लाई अध्यक्षका लागि आग्रह गरी तेस्रो दिन बाग्लुङ जिशिकामा लिएर गएँ । जिशिअसँग छलफल पनि भयो तर उहाँ कुनै खबर नगरी घर फर्कनुभयो । अध्यक्ष स्वीकार गर्न सक्नुभएन । प्रस्तावित विद्यालय सञ्चालनको सुरुको अवस्थामा आर्थिक संकलनमा सक्रिय रहनुभएका विद्यालय खोल्नुपर्छ भन्ने कुरामा अग्रसर एक्सन कमिटी संयोजक समेत रहनुभएका शिक्षाप्रेमी कपिलामणि शर्माको अध्यक्षतामा सञ्चालक समिति गठन गर्ने र सो समितिमा म स्वयम्समेत बस्ने सर्तमा अध्यक्ष बन्न सहमत भई २०४३/०६/१८ गते पुराना सबै सञ्चालक समिति भंग गरी सर्वपक्षीय सहभागितामा केही समय शिक्षा कार्यालयको प्रतिनिधिको रोहबरमा मात्र सञ्चालक समिति बैठक बस्ने सर्तमा सञ्चालक समिति गठन भएको थियो ।

सञ्चालक समिति गठन साथसाथै विद्यालय सञ्चालनका लागि शैक्षिक, आर्थिक, भौतिक सुधारका योजना तर्जुमा गरी पेस गरिसके पछि मात्र पुनः जिल्ला शिक्षा समितिको बैठक बसी प्रशासनिक हस्तक्षेप गरी विद्यालय बन्द गराउने निर्णय बदर गरी विद्यालय सञ्चालन गर्न दिने भनी समितिले निर्णय सच्याएको थियो । पञ्चायतले

उत्कर्ष अवस्था लिएको थियो, प्रशासनले सजिलै विद्यालय बन्द गराउन सक्ने अवस्था थियो ।

यो समिति गठनपश्चात् पनि सुरुदेखि प्रस्तावित विद्यालय सञ्चालतमा पूरापूर खटिएर लाग्नुभएका साथीहरू निष्क्रिय हुनुका साथसाथै असहयोग गर्न थाल्नुभयो। गाउँ पञ्चायतबाट मनोनीत सञ्चालक सदस्य समेत बैठकमा भाग लिनुभएन । व्यवस्थापनविरुद्ध विरोधका स्वर चर्किन थाले पनि जिल्लास्तरमा रहेका सेवाका निकायबाट सहयोग आउन थाल्यो । अभिभावक, विद्यार्थीबाट सहयोग जुट्यो । विद्यार्थीका पढाइलाई पहिलो प्राथमिकतामा राखी छिमेकी पञ्चायतबाट विज्ञान, गणित, अंग्रेजी विषयका शिक्षक व्यवस्था मिलाउँदै गयौँ । भौतिक सुविधा थप्दै गयौँ । पठनपाठनमा भएको प्रगतिले टेस्ट एवम् एसएलसीको नतिजा राम्रो हुँदै गयो । एकपक्षले विरोधका स्वर चर्काउँदै गए पनि विद्यालयको शैक्षिक, भौतिक, आर्थिक अवस्थामा सुधार हुँदै गयो । ९ र १० कक्षाको अनुमति पनि पायौँ ।

आफू जन्मेको, हुर्केको ठाउँमा हामी पढेलेखेको व्यक्तिले केही न केही काम गर्नुपर्छ भन्ने भावना हुनुपर्छ । समाज विकासका लागि जसले जे सक्छ, जे जानेको छ त्यो गर्नुपर्छ । कर्म गर्नुपर्छ फलको आस राख्नुहुँदैन । कुनै पनि कामको टीका-टिप्पणी हुनुपर्छ । किनकि त्यसले मानिसमा सचेतना र सजगता सिर्जना गर्छ भन्ने कुरामा म विश्वस्त थिएँ । एक वर्षको गोरखा बसाइपछि मेरो सरुवा कुश्मा पर्वतमा भयो । नजिक आएकाले विद्यालयमा काम गर्न केही सजिलो हुने भयो भन्ठानेको थिएँ । ०४६ मा प्रजातन्त्र आएपछि सबैले आ-आफ्ना विचार, सिद्धान्तमा खुलेर लाग्न पाउने भएकाले पञ्चायत व्यवस्थामा हुँदैन भन्ठानेको थिएँ । तर, त्यसको विपरीत हामी सञ्चालक समिति पदाधिकारीका नाममा जिल्ला प्रशासन कार्यालयमा उजुरबाजुर गर्ने क्रम बढ्दै गएछ । ०४८ तिरजस्तो लाग्छ- अमलाचौरबाट कपिलमणि, प्रेमप्रसाद शर्मा, मणिरत्न, नीलप्रसाद, सन बल्लालगायत ११ जना मलाई लिएर बाग्लुङ जाने भनी कुश्मामा आउनुभयो । म त्यसबखत बैंकमा कार्यालय प्रमुख जिम्मेवारीमा थिएँ । मेरो नाममा परेका उजुर बाजुरको सम्बन्धमा बाग्लुङ र पर्वत जिल्लाका सीडीओबीच कुरा भइरहेको रहेछ । पर्वतको सीडीओले मलाई सतर्कता अपनाउन सल्लाह दिइसक्नुभएको थियो । म बाग्लुङ नजाऊँ जस्तो पनि लाग्यो । सबै कुरा राखेँ । सबै मित्रले आजदेखि कांग्रेसको सदस्यता पनि छाड्ने, स्कुल पनि छाड्ने, घर फर्कने भन्न थाल्नुभयो । मैले मनमनै सोचेँ- यत्रो दुःख गरेर बनाएको विद्यालय र पार्टी पनि छाड्न दिनुहुँदै नजस्तो लाग्यो । म पर्वत प्रजिअलाई जानकारी गराई बाग्लुङ गएँ । जिल्ला विकास समितिको सभाकक्ष अमलाचौरवासीको खचाखच थियो । सबै पार्टीका प्रतिनिधिदेखि केन्द्रीयस्तरका नेताका साथै सीडीओ लगायत कार्यालयप्रमुखको उपस्थिति रहेको रहेछ । कामु सीडीओको नाम वीरेन्द्रकुमार सिं हो जस्तो लाग्छ । अध्यक्षलाई विद्यालय विषयमा आफ्नो कुरा राख्न भनेपछि कपिलमणिजी मलाई कुरा राख्ने जिम्मा दिनुभएपश्चात् म के उठेको थिएँ, सीडीओले कर्मचारी हो भनी इन्कार गरे । तर, म अभिभावक पनि, सञ्चालक समितिको सदस्य पनि, सुरुदेखि विद्यालय बनाउन लागेको पनि हुँ किन नपाउने भनी लामै सवाल-जवाफ भयो । मलाई थुन्दिन्छु भन्न पनि पछि परेनन् । हिम्मत भए थुने हुन्छ भनी निर्भीकतापूर्वक विद्यालय खोल्नेदेखिका सबै कुरा राखेँ । सबैले आ-आफ्ना कुरा राखे । म डराउनुपर्ने कुनै कारण थिएन । मैले समाजका लागि विद्यालय सञ्चालनमा निःस्वार्थ रूपले आफ्नो विवेक, बुद्धिले भ्याएसम्म श्रम, सीप, बुद्धि र आर्थिक लगानी गरेको थिएँ । अभिभावक र विद्यार्थीको साथ थियो । भेलाबाट कुनै निष्कर्ष निस्केन, निस्कनु पनि केही थिएन ।

बेलुका सबै आ-आफ्नो घरतर्फ फर्क्यौँ । म कुश्मा गएँ । भोलिपल्ट ९ बजेतिर अञ्चल जनसम्पर्क कार्यालयबाट तीन कर्मचारी मलाई खोज्दै कार्यालय आइपुगे । मेरो नाममा ११ उजुरी रहेछन् । हेरेँ । छलफल भयो । विद्यालयसँग सम्बन्धित र मेरो जागिरलाई काख हालेका रहेछन् । साथीहरू चिनेँ अनि मनमनै धन्यवाद दिएँ ।

यिनै उजुरबाजुरको सम्बन्धमा गृह मन्त्रालयमा समेत पर्वतको सीडीओसँगसँगै गई सफाइ पेससमेत गरेँ । म निर्धक्क थिएँ, मैले जे गरेको छु, समाजका लागि गरेको छु । उजुरबाजुरले मलाई झन् अगाडि बढ्ने हौसला बढायो । सञ्चालक समितिमा विमति थिएन । विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, व्यावसायिक अवस्थामा क्रमिक सुधार गर्दै गयौँ । हामी कसैमा स्वार्थ थिएन, पठनपाठन राम्रो हुँदै सालिन्दा नतिजा राम्रो हुँदै गयो । जिल्लाले पुरस्कृतसमेत गऱ्यो । उच्च शिक्षाका लागि पूर्वाधार तयार भएका थिए । क्रमशः दस जोड दुईको पढाइ सुरु गर्नुपर्छ भन्ने सोच पनि राखिसकेका थियौँ ।

०५२ को अन्त्यतिर मेरो सरुवा पर्वतबाट दाङ सरुवा भयो । अब नियमित रूपमा विद्यालयमा सहयोग गर्ने अवस्था रहेन । सरसल्लाहमै सञ्चालक समिति सदस्यबाट राजीनामा गरेँ । मलाई गर्व छ- १२ वर्ष सम्म निरन्तर निःस्वार्थ सेवा एवम् पहलकदमी गरी काम गर्ने अवसर पाएँ । समाजले मूल्यांकन गर्छ नै । तर, मलाई दुःख पनि लाग्यो- मेरो भाइ ईश्वरीप्रसाद शर्मा जो विद्यालय खोल्ने भन्ने अवस्थादेखि निरन्तर रूपमा अमलाचौरको विद्यालयमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग गर्दै आएका थिए । प्रअ पद खाली भएपश्चात् शिक्षा कार्यालयबाट प्रअको भूमिका दिँदा हाजिर हुन दिइएन । को कसबाट उनी मृत्यु सयचामा पुगेकाले काठमाडौँ ल्याई उपचार गराएँ । यो किन भयो म भन्न चाहन्न । मेरो योगदान र कामको मूल्यांकन तत्काल नभए पनि समाजले कदर गऱ्यो । सम्मानपूर्वक प्रअमा पदस्थापना गऱ्यो । द्वन्द्वकालमा धेरै आरोह-अवरोह बेहोर्नुपरे पनि १६ वर्षसम्म निर्वाध रूपमा अभिभावकको चाहनाअनुसार भौतिक सुविधामा केही कमी भए पनि कार्यकाल सफलतापूर्वक सम्पन्न गरी हाल सेवा निवृत्त भएका छन् । म सम्पूर्ण समाजप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

मलाई अझै पनि एउटा कुरा खड्किरहेछ, साथै दुःख पनि लागिरहेछ । राजनीति आ-आफ्ना ठाउँमा हुन्छ । समाज विकासका लागि सबैको सहभागिता अपरिहार्य हुन्छ । उच्चमावि सञ्चालनक्रममा आदरणीय गुरु डिल्लीप्रसादजीसँग मैले अमलाचौरको चौतारीमा गुरु, म नियमित रूपमा सहयोग गर्ने सामर्थ्य नराखुँला, आर्थिक सहयोगका रूपमा जिम्मेवारी पाएमा टाढै भए पनि दुई/तीन लाख रुपैयाँ संकलन गर्न सक्छु जस्तो लागेको छ । यसमा मेरो कुनै स्वार्थ छैन । नितान्त समाज विकासमा राम्रो शिक्षा-दीक्षा दिनुपर्छ भन्ने भावनामात्र हो । चाहँदा चाहँदै पनि सहयोग गर्ने अवसर किन पाइएन, त्यो अझै गर्भमै छ । अझै पनि ज्यूँका त्यूँ छ । आशावादी छौँ- केही गर्नुपर्छ । गरेर देखाउने आँट पनि छ । हेरौँ भगवान्को आशीर्वाद के हुन्छ । ❀

स्कुल

- विनोद ढकाल
अमलाचौर -४, कालिमाटी निवासी ढकाल सत्यवामा युनिभर्सिटी, चेन्नैमा एमएससी प्रथम वर्षमा अध्ययनरत हुनुहुन्छ

कति सिकारु अनुहारहरू फेरिए ।
कति सिकाउने चेहराहरू फेरिए ।
तर ऊ कहिल्यै फेरिएन ।।
न फेरिन नै सक्यो,
न फेरिन नै खोज्यो ।
अहं, फेरिएन, कहिल्यै फेरिएन ।
हो, मैले पढेको, अनि तिमीले सिकेको ।
त्यो प्यारो स्कुल,
कहिल्यै फेरिएन ।।

मेरा यी सिकारु हात,
अनि गुरुका सिकाउने हात ।
बरु अनगिन्ती रूपमा मोडिइरहे ।
कहिले कलमको टुप्पोतिर,
कहिले कपीको धर्सोतिर ।
गुरुका हातहरू पनि मोडिए ।
कहिले तिम्रो भविष्यतिर,
कहिले तिम्रो भविष्य दर्शाउन गालातिर ।
तर, स्कुल कहिल्यै मोडिएन ।

हमेशा तिम्रै प्रतिक्षा गरिरह्यो ।
कति आए, कति गए ।
कुनै लेखाजोखा नै राखेन ।
निरन्तर सबैलाई सिकाइरह्यो ।
भविष्यका राहहरू देखाईरह्यो ।
तै पनि स्कुल बढो निस्वार्थी छ ।
केहि पनि मागेन ।
तिमीसँग पनि, मसँग पनि ।
अहं कसैसँग पनि मागेन ।

विचरा स्कुल †
अब त ऊ पनि बुढो भएछ ।
हजुरबुवाका फुक्लेका दाँत,
अनि खुइलिएको तालु जस्तै ।
उसका पनि छानाहरू चुहिने भएछन ।
हजुरआमाका बाउँडिएका हात,
अनि चाऊरिएका छाला जस्तै ।
उसका पनि भित्ताका इनामेल गएछन ।

आउन
अब सँगै केहि गर्नु छ ।
स्कुलले तिमीलाई अनि,
मलाई लगाएको गुन तिर्नु छ ।
फेरी उसलाई नयाँ बनाउनु छ ।
ता कि उ फेरि,
तन्नेरी मुस्कान छर्न सकोस ।
तिमीलाई अनि मलाई जस्तै गरी ।
हाम्रा छोरा नाती अनि,
पनातीहरू लाई पनी सिकाउन सकोस ।।

'देशै रमाइलो'



"रचयिता"
भीमनाथ शर्मा
अमलाचौर-१, बरडाडाँ

पूर्व दिशालाली-चढ्यो कति रमाईलो
बुद्धको जन्मठाउँ-देशै रमाईलो -१
पशु पंक्षीचिर विर गर्छन् लग्यो तुँयालो
सगरमाथाको हाम्रो देश-छयाङ्ग उज्यालो -२

पानी आउँछ बादल आउँछ-बेल्की पख हो
हाम्रो देशलाई च्यालेन्ज दिन-सक्ने यहाँको -३
छयाङ्ग भयो उज्यालो-देशै रमाइलो -
बुद्धको जन्म ठाँउ-कति रमाइलो -४

चरी उड्यो भुरु भुरु - नाच्यो वनैमा
बुद्धको उपदेश- सबको मनैमा- ५
पर्वत र टाकुरा-हिमालपनि रुक्छन्
सिता जन्म ठाँउ विश्व नै झुक्छन्

सरगरमाथाको उच्चशिर-विश्वले नै मान्यो
पूण्यभूमि नेपाल यो संसारले जान्यो -७
जाग हे जाग लौ-छात्रछात्राहरु हो
उच्चशिक्षा सम्म यहाँ निशुल्क चहि
पूर्व दिशा लाली चढ्यो - कति रमाइलो बुद्धको
जन्म ठाँउ-देशै रमाइलो .....

सफल व्यक्तित्व : चन्द्र ढकाल

निम्न मध्यम वर्गीय परिवारमा जन्मेर आमाको पूर्ण रेखदेखमा स्कुल धाइरहने उहा"लाई त्यतिबेला के थाहा अहिले देशकै नमुना र प्रतिष्ठित व्यक्ति भइएला भन्ने । गरीबको कोखमा जन्म लिनु नै ठुलो अभाग्य हो भन्ने मान्यता रहेको समाज, अनि त्यहि परिवारमा जन्मिनुभयो अहिले का सफल उद्योगी, व्यवसायी र अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित व्यक्तित्व चन्द्र ढकाल । सामान्य परिवारमा जन्मिनुभएका चन्द्र ढकालको बाल्यकाल त्यति सहज थिएन । तिनै ढकाल आज व्यवसायिक क्षेत्रमा निकै नाम र दाम दुबै कमाएका अग्रणी व्यक्ति बन्न सफल हुनुभएको छ । ढकालको अहिलेको उचाइ जति छ त्यसको पछाडि निकै ठुलो मेहेनत र परिश्रम अनि लगनशीलता छ ।

बागलुङ जिल्लाको अमलाचौर गाविस वडा नं. ४ ढकालथरमा जन्मिनुभएका चन्द्र ढकालले यतिबेला करोडौँको लगानी गर्नुभएको छ। ढकालले झण्डै दर्जन क्षेत्रमा आफ्नो लगानीलाई विविधिकरण गर्नुभएको छ । कार्गो र निर्यात व्यवसायबाट उदाउनुभएका उहाँको सञ्जाल अहिले आईएमई ग्रुपका नाममा प्रतिष्ठित भएको छ ।

आईएमई ग्रुप अन्तरगत अहिले ढकालको व्यवसाय रेमिट्यान्स क्षेत्रसँगसँगै सवारीसाधन बिक्री, जलविद्युत उत्पादन, ट्राभल एन्ड टुर्स, बैंक, सूचना प्रविधि र व्यापारसम्म फैलिएका छन् । ट्राभल र कार्गो रेमिट्यान्स कम्पनीभन्दा पनि पुरानो काम हो । वैदेशिक रोजगारीमा जापान गएर फर्कनु अघिदेखि नै व्यवसायी ढकाल कार्गो व्यापारमा लागिसक्नुभएको थियो ।

राष्ट्रिय वाणिज्य बैंक विशालबजार शाखामा सहायक स्तरको जागिर खाने यौटा बागलुङे ठिटो २० वर्षमै नीजि क्षेत्रको वाणिज्य बैंकको संचालक बनुन्जेल सम्मको कहानी निकै रोचक र प्रेरणादायी छ ।

बैंकको जागिरसँगै ठमेलमा कार्गो र निर्यात व्यवसाय खोल्नुभएको थियो ढकालले । वैदेशिक रोजगारीको अनुभव बटुल्नुभएका उहाँले त्यसअघि बैंकहरूले मात्र फाट्टफुट्ट सुरु गरेको रकम आप्रवाहमा पहिलो मनी एक्सचेन्ज कम्पनी खोल्नुभयो । कार्गो व्यापारका सिलसिलामा अमेरिका हिँड्नु भएका ढकाल त्यसपछि जापान पुग्नुभयो । जापान पुग्दा केही समय त्यहीँ अल्मलिनुभयो । करिब १० महिना उहाँले जापानमा काम गर्नुभयो । ढकालले जापानमा प्रेसमा काम गर्नुहुन्थ्यो ।

> व्यवसायी ढकाल जहिले पनि जोखिम र समस्याभित्र सफलता देख्दै आफुलाई सफल बनाउँदै जानुभएको छ । ४९ वर्षे ढकाल जति प्रगति गर्दै गए पनि साधारण र सरल व्यवहारका धनी हुनुहुन्छ । आफूलाई सहयोग गर्नेलाई नबिर्सने स्वभाव उहाँको रहेको छ ।

परिश्रम र मेहनत उहाँको पारिवारिक चिनारी थियो र अझैपर्यन्त रहिरहेको छ । हो, यसैकारणले चाहे स्कुल पढ्दा आमालाई काममा सघाउने होस या क्याम्पस पढ्न काठमाडौं आउँदा मामालाई सघाउन, ढकालले कहिल्यै हिचकिचाहट गर्नुभएन । ढकाल परिवारको ज्येष्ठ सुपुत्रका रुपमा भाईबहिनीहरुको लालन-पालन, शिक्षा-दीक्षा र बिहेवारीको गहन जिम्मेवारी सानैदेखि वहन गर्नुभयो । उहाँले स्थापना गर्नुभएका व्यवसायीक संस्थामा अहिले त्यस्तै हजारौं भाईबहिनीहरुले रोजगारी पाइरहेका छन् ।

चन्द्र ढकालको व्यवसायीक सफलतासँगै एउटा जीवन्त र प्रेरणादायी कथा जोडिएको छ । उहाँलाई व्यवसाय विस्तारका लागि केही रकम आवश्यक पर्‍यो । अधिकृतभन्दा तल्लो तहकाले वाणिज्य बैंकबाट ऋण लिन पाइने नियम रहेछ त्यतिबेला । उहाँले

बैंकमा ऋणका लागि आवेदन दिनुभयो । तर बिडम्बना उहाँलाई ऋण लिने भए जागिर छाड्नुपर्ने अवस्था आयो । एकातिर जागिर अर्कोतिर व्यवसाय । जागिर छाड्न पनि नसक्ने र व्यवसाय विस्तार का लागि रकम पनि नभइ नहुने निकै अप्ठ्यारो र तनावको अवस्था समेत आयो ढकालसामु । आफ्नो व्यवसाय राम्रै चलेको भए पनि आफ्नो जीवनलाई केहि माथि उठाइदिएको त्यहि सहायक स्तरको जागिर छाड्न उहाँलाई निकै गाह्रो भयो । मनमा जति बिझेपनि आफ् नो व्यवसायलाई अगाडि बढाउन अन्ततः उहाँले जागिर छाड्ने नै निर्णय गर्नुभयो र पूर्ण रूपमा व्यवसायमा होमिनुभयो । जुन निर्णय कालान्तरमा सही सावित भयो ।

जापानबाट फर्केपछि निर्यात व्यवसायलाई निरन्तरता दिँदै केहि बर्षपछि मनी ट्रान्सफरमा लाग्नुभयो । व्यवस्थापनमा स्नातक गर्नुभएका ढकालको अन्तर्राष्ट्रसम्मको व्यवसायिक विस्तार मनी ट्रान्सफरबाटै भएको हो । जसबाट उहाँले आयआर्जनमा निकै ठूलो फड्को मार्नुभयो । पछि एक्सचेन्जलाई एक्सप्रेस बनाएर खोलिएको आईएमई मुलुककै पहिलो र नेतृत्वदायी रेमिट्यान्स कम्पनी बन्न पुगेको छ । नौलो मानिएको रेमिट्यान्स व्यवसायलाई संस्थागत गर्न ढकालले पुऱ्याउनु भएको योगदानको देश विदेशमा चर्चा हुन्छ । धेरै मिहिनेत र थोरै भाग्यले साथ दिएपछि उदाउनुभएका ढकालले आफ्नो उन्नतिमा एकजना रवि पण्डित नामका भारतीय नागरिकको योगदान उल्लेखनीय रहेको सधैंभर उल्लेख गर्ने गर्नुहुन्छ । ठमेलको मनि एक्सचेन्जको सजावट कलात्मक थियो । एक दिन यूएई मनी एक्सप्रेसका रवि पण्डित उहाँको एक्स्चेञ्जमा पुगेछन् र आफ्नो कार्ड दिएर सञ्चालकलाई सम्पर्क गर्न त्यहाँका कर्मचारीलाई भनेछन् । त्यहि सम्पर्कका आधारमा ढकालले पण्डितलाई सम्पर्क गर्नुभयो र उक्त एक्सप्रेसको एजेन्टका रूपमा काम थाल्नुभयो ।

७/८ महिना यूएई एक्सप्रेसको एजेन्टका रूपमा काम थालेपछि चन्द्र ढकालले आफ्नै कम्पनी खोल्ने योजना बनाउनुभयो र राष्ट्र बैंकमा निवेदन दिनुभयो । रोजगारीका लागि नेपाली युवा विदेशिने क्रम बढेसँगै इन्टरनेसनल मनी एक्सप्रेस (आईएमई) नामक कम्पनी खोलेर औपचारिक माध्यमबाट देशभित्र रकम ल्याउन थाल्नुभएका ढकालको आम्दानी विस्तारै बढ्दै गयो । २०५६ सालतिर आईएमई खोल्दा उहाँले निकै जोखिम मोल्नुभयो । एकातिर विनिमयदरमा हुने तिब्र उतारचढावले हुनसक्ने नोक्सानी र अर्कातिर गैरकानुनी ढंगबाट पैसा ओसारपसार गर्ने हुण्डीवालाहरूको निरन्तरको धम्की । तर, सबै किसिमका जोखिम मोलेर रेमिट्यान्स् कम्पनीको कारो बार संचालन गरिरहनुभयो ढकालले । निरन्तर मेहनत गर्दै जाँदा उहाँको कम्पनी विदेशबाट स्वदेशमा पैसा पठाउन सबैभन्दा द्रुत गतिको माध्यम बन्यो । आफ्नो व्यवसायले फड्को मार्दै गएपछि उहाँ निरन्तर अगाडि बढ्नुभयो । जसले उहाँको व्यवसायिक यात्रालाई निकै अघि बढायो । व्यवसाय विस्तारको अस्त्र नै बन्यो रेमिट्यान्स् व्यवसाय । अहिले यो व्यवसायमा मुलुकका प्रतिष्ठित व्यापारीक घरानसमेत आकर्षित छन् भने देशको कुल ग्राहस्थ उत्पादनको झन्डै ३० प्रतिशत बराबरको रकम रेमिट्यान्सबाटै प्राप्त हुन्छ । मुलतः राष्ट्रको चल पूँजी मानिने रेमिट्यान्स मुलुकको आयात धान्ने मुख्य स्रोत हो । यस्तो महत्वपूर्ण स्रोतको संस्थागत विकास गर्न ढकालले खेलेको भूमिकास्वरुप उहाँप्रति नेपाली समाजले सम्मान व्यक्त गर्दछ ।

विदेशी विनिमयदरमा हुने उतारचढाव निकै जोखिम थियो ढकालको व्यवसायमा । तर त्यहि जोखिम बहन गर्न सक्नु र व्यवसायमा टिक्न सक्नु नै उहाँको सफलताको प्रमुख बन्यो ।

रेमिट्यान्स भनेकै 'आईएमइ' भनेर ब्राण्डिङ गर्न सफल ढकाल कम्पनी सुरु गर्दा धेरै मुलुकमा पुग्नुभयो र निकै मेहेनतका साथ नेटवर्क बनाउनुभयो । आज त्यहि मेहेनतको नेटवर्कले आइएमई देशकै अग्रणी रेमिट्यान्स कम्पनी बनेको छ । उहाँको कम्पनीको सञ्जाल नेपाली पुगेका प्रायः सबै देशमा छ । यति मात्रै होइन, मलेसिया बंगलादेश, इन्डोनेसिया, फिलिपिन्सजस्ता देशमा पनि आईएमई त्यति नै प्रसिद्ध छ । विदेशबाट नेपाल भित्रने कुल रकमको झण्डै ३० प्रतिशत रकम आईएमईबाट नै भित्रन्छ । व्यवसायी चन्द्र ढकाल र भाई हेमराज ढकालको मेहनतकै कारण आज आईएमई-मलेसिया अमेरिकी स्टक एक्सेन्ज नस्डाकमा सूचिकृत कम्पनी 'रिया मनि ट्रान्सफर'सँग जोडिन सफल भएको छ । अब, आईएमईले यूरोप र अमेरिकाबाट समेत रिया मनि ट्रान्सफरमार्फत नेपालमा पैसा पठाउन सक्नेछ । नेपालबाट सुरु भएको ब्राण्ड नस्डाकमा सूचिकृत कम्पनीसम्मको सहकार्यमा पुग्नु सिंगो नेपालकै लागि गौरबको विषय हो ।

त्यसो त, ग्लोबल बैंक खोलेर २०६३ मा ढकाल वाणिज्य बैंक सञ्चालकका रूपमा पनि अघि आउनुभयो । त्यसमा सबैभन्दा बढी वित्तीय संस्था गाभ्ने कम्पनीका रूपमा समेत उभ्याउनुभयो । आज ढकाल त्यहि ग्लोबल आईएमई बैंकको अध्यक्ष हुनुहुन्छ । 'क' वर्गको वाणिज्य बैंक कमर्ज एन्ड ट्रस्टलाई समेत ग्लोबल आईएमईमा गाभ्न सक्नु उहाँको सफलता हो । कमर्जसँगै ग्लोबलमा गाभिनेको संख्या ६ पुगेको छ । आज यहि बैंक नेपालमा एक अर्ब रूपैयाँ भन्दा बढि नाफा कमाउने सीमित बैंकमध्ये पर्दछ ।

व्यवसायी ढकाल जहिले पनि जोखिम र समस्याभित्र सफलता देख्दै आफुलाई सफल बनाउँदै जानुभएको छ । ४९ वर्षे ढकाल जति प्रगति गर्दै गए पनि साधारण र सरल व्यवहारका धनी हुनुहुन्छ । आफूलाई सहयोग गर्नेलाई नबिर्सने स्वभाव उहाँको रहेको छ । असाध्यै सरल अनि बैगुनीलाई गुनले मार्ने स्वभावका ढकाल आजसम्म विवादरहित रूपमा आफुलाई प्रतिष्ठित समुहको रूपमा उभ्याउनुभएको छ ।

ढकाल जहिले पनि नयाँ क्षेत्रमा लगानी गर्न अग्रसर हुनुहुन्छ । उहाँले पछिल्लो समय केहि व्यवसायिक साथिहरुसँगको संयुक्त लगानीमा राजधानीको थानकोटदेखि चन्द्रागिरीसम्म केबलकार संचालन गरी पर्यटन व्यवसायको क्षेत्रमा थप लगानी विस्तार गर्नुभएको छ ।

बागलुङको अमलाचौरमा रहँदा विदेश भन्ने कहाँ होला भन्ने अवस्थामा रहनुभएका ढकाल आज ४० भन्दा बढि मुलुक पुगिसक्नुभएको छ । विदेश भन्ने कुरा उहाँका लागि पानी पँधेरो जस्तो बनेको छ । ढकाल अहिले नेपालका लागि इण्डोनेसियाको अवैतनिक वाणिज्यदूत हुनुहुन्छ । दुई छोरा र एक छोरीका पिता ढकालको सामाजिक क्षेत्रमा समेत उल्लेखनीय योगदान छ ।

रेमिट्यान्स्लाई संस्थागत गर्न चन्द्र ढकालले पुऱ्याएको योगदानको

कदर गर्दै उहाँलाई सरकारले महत्वपूर्ण व्यवसायिक व्यक्तित्व (सीआईपी) बाट सम्मान गरिसकेको छ । यतिमात्र नभएर ढकाल टप बिजनेस पर्सनालिटी अवार्ड २०१४, गोरखा दक्षिण बाहु चौंथो र अधिकतम करदाताका रूपमा समेत सम्मानित भइसक्नुभएको छ । यसैगरी देशमा पर्याप्त लगानी भित्राएर मुलुकलाई संवृद्ध बनाउनका लागि भनेर गठन भएको लगानी बोर्डमा पनि ढकाल सदस्य हुनुहुन्छ । ढकाल उद्योग वाणिज्य महासंघमा लगानी प्रवर्द्धन मञ्चका संयोजक र कार्यकारी सदस्य हुनुहुन्छ । नेपाल मलेसिया चेम्बर अफ कमर्सका अध्यक्षसमेत रहनुभएका ढकाल इन्टरनेसनल चेम्बर अफ कमर्स नेपालका उपाध्यक्ष पनि हुनुहुन्छ । नेपाल जर्मन चेम्बर अफ कमर्सको उपाध्यक्षका रूपमा समेत उहाँ कार्यरत हुनुहुन्छ ।

व्यावसायिक क्षेत्रमा राम्रै नाम र दाम कमाइसक्नुभएका ढकाललाई आम सर्वसाधारणले मेहेनत गरेर सामान्य परिबारबाट उकासिएको स्वच्छ छविको व्यवसायीको रूपमा लिन्छन् ।

अति सामान्य पृष्ठभूमिका बाबजुद ढकालले पाएको सफलताले उहाँ नेपाली समाजमा उदाहरणीय बन्न सफल हुनुभएको छ । स्थानीय विद्यालयबाट माध्यामिक शिक्षा पुरा गर्नुभएका ढकालले अहिले सफल व्यवसायिक घरानमा परिचय बनाउनु भएको छ । निम्न मध्यम वर्गीय परिवारको चुनौतीलाई संघर्षले जितेर देशको सार्वजनिक छवि बनाउनु भएका ढकालको जीवन हामी सबैका लागि प्रेरणाको स्रोत हुनेछ । ❀

गरौं केही

– भुवन बि.सि.
अमेरिका

पापी मन पखाल काली
खोजी हर कलस जनको !
धन दौलत जत्ति नि भो यहाँ
खड्कियो खाँचो सेवि जनको ।

हजारौ विद्वान जन्मिए निस्किए
यहि स्कुलको आँगनबाट,
खोलो तऱ्यो लौरो बिर्स्यो
आहा ! कति गिज्याइरहेछ !

आँटौ जुटौं आऊ सेवि दिल हो !
नमुना बनाउ वरिपरि सबमा
घर्क्यो घडी निमेष पलमा

गर्छौं भन्नेका कपाल फुले
वेवास्ता गर्नेका बल्ल चेत खुले
सन्तती सराप नकमाउ मन हो
अब त साँच्चै केही गर्न ढिला भो !

मुल सम्झि ज्ञानको पहिलो
शिक्षा लियौं यहिँबाट अथाह

हुर्क्यौं, बढ्यौ काखमा यसको
खेल्यौ रमायौ सिर्फ सिर्फ
बिताइ प्यारो काल कलिलो ।

कोशौ टाढा किन नरहौं !
रङ्गीचङ्गी जगत किन नदेखौं !
सपना विपना हर क्षण कल्प
यहि भूमिमा रमिरहन्छौ !

आमा र स्कुल म व्याख्या नगरुँ
फड्को मार्दै सन्सारै जिति
चौध भुवन त्रिलोक खोजुँ,
अतुल्य अभेद्य न पाउन सकुँ ।

चन्द्र छुने प्रगति गरौं
या त बाचौं कष्टप्रद मरौं
हाँसौ या त छट्पटिउँ !
आत्मा हाम्रो त्रिकालसम्म
पृथ्वी तिम्रो चरण चौरमा !

नेता, वकिल, बैंकर, डाक्टर
हात एक माथ अनेक,
जो जो हुन्छौ सकल सबल
झकमक पारौं यहि जन्मभुमि !
स्वर्गैसरी पृथ्वी उच्च मावि ।

मेरो शैक्षिक अनुभव

(बाग्लुङ अमलाचौर गाविस-१ घटडाँडानिवासी डिल्लीप्रसाद शर्मा ७५ वसन्त पार गरिसक्नुभएको छ । शर्मा अमलाचौरमा मात्र नभएर बाग्लुङको दक्षिण भेगघाटै पहिलोपटक एसएलसीमा सहभागी भएर पास हुने पहिलो व्यक्तित्व हुनुहुन्छ । २०१६ सालमा एसएलसी पास गर्नुभएका शर्मा सराकारी सेवाकालमा विद्यालय निरीक्षक हुँदै जिल्ला शिक्षा अधिकारीसम्म पुग्नुभयो । २०१७ सालघाट अध्यापन पेसामा समेत संलग्न हुनभएका शर्माले २०७० माघघाट भने औपचारिक अवकाश लिनुभएको छ । वृद्धौली जीवनमा रहनुभएका शर्माको शैक्षिक र प्राज्ञिक ज्ञान प्राप्तिको भोक भने अझै मेटिएको छैन । अंग्रेजी र संस्कृत भाषामा पोख्त शर्मा समयले साथ दिए संस्कृत साहित्यमा विद्यावारिधिसमेत गर्ने सोचमा हुनुहुन्छ । शर्माको शैक्षिक र पेसागत जीवनकाल नयाँ पुस्ताका लागि समेत अध्ययनका लागि सान्दर्भिक देखिन्छ । -सम्पादन मण्डल)

डिल्लीप्रसाद शर्मा

बाल्यकाल र माध्यमिक शिक्षा

मेरो जन्म १९९६ वैशाख १५ गते भएको हो । मेरो बाल्यकाल सामान्य अवस्थामा बित्यो । पढाइमा सुरुदेखि नै सहभागी भएँ । हामी सानो हुँदा गाउँघरमा मात्र होइन, बाग्लुङ बजारमा समेत स्वीकृति प्राप्त एउटा पनि स्कुल थिएन । जानेको एउटा गुरुको घरमा बसेर पढ्नु नै त्यतिबेला हाम्रा लागि स्कुल मानिन्थ्यो । मैले त्यसरी नै गुरुको घरमा वेद, चन्डी अनि तमसुक लेख्न सिकेको हुँ ।

गुरुको घरमा गएर मैले अक्षरारम्भ गर्दा अहिलेजस्तो किताब हुँदै नथ्यो । खरीपाटी लिएर पढ्न जान्थ्यौँ । पाटीमा गुरुले लेखिदिने र हामीले पढ्ने गर्थ्यौँ । आफूले लेख्ने बेलामा अहिलेजस्तो मसी पाइँदैनथ्यो । वनमा गएर कटुसका पात टिपेर ल्याई त्यसलाई पकाएर मसी बनाई बाँसको कलमले लेख्ने गर्थ्यौँ । फाउन्टेन पेन (हामीले फुल्टिन भन्थ्यौँ) त धेरै पछाडि मात्र प्रयोग गर्न थालिएको हो । बाँसको कलम घुसार्न मिल्ने 'कलमदानी' भन्ने हुन्थ्यो । घरमा बाँसका त्यस्तै चार/पाँचवटा कलम हुन्थे ।

व्रतबन्ध नहुने बेलासम्म मैले चन्डी पढेँ । विक्रम संवत् २००५ मा म नौ वर्षको हुँदा व्रतबन्ध भयो । व्रतबन्ध भएपछि वेद पढ्न थालेँ । त्यतिबेला व्रतबन्ध नभईकन वेद पढ्ने चलन थिएन । वेद पढेपछि ज्योतिष पढेँ । अमलाचौरमा ज्योतिषीहरू थिए । मैले उनीहरूसँगै प्रारम्भिक ज्योतिष पढेको हुँ । त्यसपछि जिमिरे पण्डितकहाँ र अर्चले प्रजापति गुरुकहाँ गएर पनि ज्योतिषको थप अध्ययन गरेको हुँ । मैले चिना र पात्रो लेख्ने ज्योतिषमात्रै पढेको हुँ । गुरुले सिकाएर मैले २०१० को पात्रो लेखेको थिएँ । २०१७ को पात्रो त म आफैँले गणितको अध्ययन गरेर बनाउन सफल भएको थिएँ । उतिबेला बेर्ने पात्रो हुन्थ्यो । त्यसलाई 'मुलेपात्रो' भन्ने गरिन्थ्यो । त्यो पात्रो मैले गुरुको सहायता नलिईकन निकालेको थिएँ ।

ज्योतिष पढिसकेपछि म अदालती शिक्षा पनि पढ्न गएँ । मेरा दौँतरी खगेन्द्रबहादुर पौडेल र भीमनाथ शर्मा पनि सँगै पढ्न गए । अदालतमा म्याद, अर्जी, दर्खास्त, वादी प्रतिवादी लेख्न र त्यसको नक्कल सार्न सिकेँ । दिनभरि अदालतमा गएर बस्ने अनि म्याद लेख्ने काम हुन्थ्यो । म्याद सार्ने काम गर्दा पैसा पनि पाइन्थ्यो । वादी प्रतिवादीको नक्कल सारेको पनि पैसा पाइन्थ्यो । भीमनाथ, खगेन्द्र र म बाग्लुङ गएर यसरी अदालती शिक्षा लिन थाल्यौँ । त्यतिबेला बाग्लुङमा एकजना अंग्रेजी पढाउने गुरु भेटिनुभयो । उहाँकै प्रेरणाले म अंग्रेजी शिक्षामा प्रवेश गरेँ । संस्कृतका समेत किताब लेख्नुभएका बाग्लुङका गोपाल वैद्य गुरुले मेरा, खगेन्द्र र भीमनाथका बुवालाई छोरालाई कि कौमुदी कि अंग्रेजी पढाउन दिएको सुझाव नै मेरो अंग्रेजी शिक्षामा प्रवेश गर्ने माध्यम बन्यो । उहाँले त्यतिबेला भन्नुभएको थियो, 'अब अंग्रेजी पढ्ने जमाना आयो । तपाईंहरूले तुरुन्तै कि यिनलाई कौमदी कि अंग्रेजी पढ्न लगाइदिनुस् । यहाँ अदालतमा अल्झाउन हुँदैन ।' त्यसको भोलिपल्ट देखि हामी तीनैजनाले विद्या मन्दिरमा अंग्रेजी पढ्न थाल्यौँ ।

बाग्लुङ बजारमा रहेको विद्या मन्दिर २०१२ तिर हाइस्कुल बनिसकेको थिएन । मैले ज्योतिष पनि पढेको, अंग्रेजी र पनि जानेको हुनाले २०१२ वैशाखमा विद्या मन्दिरमा भर्ना भएँ । असारमा जाँच भयो । अरूभन्दा धेरै जान्ने भएकाले म जाँचमा पहिला भएँ ।

वार्षिक परीक्षा र अर्धवार्षिक परीक्षामा मलाई एउटै कक्षामा राखेनन् । शिक्षकले पहिला गएर चार कक्षामा भर्ना भएकोमा अर्धवार्षिक परीक्षापछि मलाई पाँच कक्षामा फड्काइदिए । मंसिरमा पुग्दा त म पाँचबाट सात कक्षामा प्रवेश गरिसकेको थिएँ । त्यतिबेला

परीक्षामा पढ्न सके र राम्रो गर्न सके डबल प्रमोसन गर्ने चलन थियो । त्यसपछि अर्को वर्ष सातबाट आठ कक्षामा गएँ अनि नौ र दस कक्षा पनि सरासर पढें । यसरी मैले माध्यमिक शिक्षा पूरा गरें । २०१६ सालमा मैले एसएलसी दिएँ । एसएलसी दिनुअघि एकपटक काठमाडौं पुगेर जुद्धोदय हाइस्कुलमा पनि केही समय पढें । बाग्लुङमा पढाइमा म पहिला हुन्थें । त्यसैले ओमप्रसादले 'भो बाबु तिमी काठमाडौं नजाऊ, बाग्लुङमै फर्केर आऊ' भन्नुभयो । दसैंताका टेस्ट दिने बेलामा काठमाडौंबाट बाग्लुङ आई विद्या मन्दिरको एसएलसी फर्स्ट ब्याचको विद्यार्थी भएर जाँच दिएँ ।

एसएलसी दिनका लागि त्यतिबेला बाग्लुङ र पोखरामा केन्द्र थिएन । एसएलसीको केन्द्र पाल्पामा मात्र थियो । पश्चिमतिर प्युठानसम्मका विद्यार्थी पनि पाल्पामै एसएलसी दिन आउँथे । पाल्पा यतातिरको शैक्षिक केन्द्र बनेको थियो । २०१६ मा मैले एसएलसी सेकेन्ड डिभिजनमा पास गरें । सेकेन्ड डिभिजन भन्ने कुरा पनि त्यतिबेला निकै ठूलो मानिन्थ्यो । मैले ल्याएको जति नम्बर तीन/चार वर्षसम्म कसैले पनि ल्याएका थिएनन् ।

उच्च शिक्षाको अध्ययन

इन्टरमिडियट पढ्दा त मैले पैयुँपाटामा पढाउन पनि थालिसकेको थिएँ । एसएलसी परीक्षा दिएर आएपछि मैले सम्माचौरमा खुलेको बुद्धिदात्री स्कुलमा पनि पढाएँ । बुद्धिदात्री स्कुलमा अंग्रेजी माध्यममा पढाइ हुन्थ्यो तर ५/६ महिनापछि त्यो स्कुल बन्द हुन पुग्यो । त्यसपछि त्यहाँबाट पढ्न जान सक्ने विद्यार्थीलाई लिएर म फेरि पैयुँपाटामा गएर पढाउन थालें । पैयुँपाटामा मिडिल स्कुलको स्थापना गरेर २०१७ भदौदेखि मैले पढाउन थालेको हुँ ।

२०२१ मा पैयँपाटाको उक्त स्कुल हाइस्कुल बन्यो । मचाहिँ आफ्नो पढाइलाई अघि बढाउन त्यहाँबाट दुई वर्ष बिदा लिएर पोखरा गएँ । आईए पढ्ने बेलामा मैले व्याकरणमा आचार्य गर्नुभएका संस्कृत गुरुसँग लघुकौमुदी पनि पढ्न थालें । लघुकौमुदी घोक्नुपर्ने विषय हो र पहिला पहिलाका विद्यार्थीले घोक्थे तर मैले भने घोकिनँ । गुरुले मलाई लघुकौमुदी सर्रर पढाइदिनुभयो । सँगसँगै नियमित आईएको पढाइ त छँदै थियो । २०१८ मा पोखराको पृथ्वीनारायण कलेजबाट आईए पास गरें । ५३७ हो कि ५५१ कति हो नम्बर ल्याएर आईए पास गर्दा पनि म फर्स्ट भएँ ।

हामी पृथ्वीनारायण कलेजको फर्स्ट ब्याचमा परीक्षा दिने १७ विद्यार्थी थियौं । त्यतिबेला अंग्रेजी मूल विषय भन्ने हुँदैनथ्यो । त्यो त पछिमात्र आएको हो । स्पेसल र जनरल इंग्लिस भन्ने पनि थिएन । हामीले पढ्ने बेलामा ५/६ कक्षामा तीन पेपर अंग्रेजी हुन्थ्यो । अहिले एक पेपरमात्र हुन्छ । अनि एसएलसी र आईएमा २०० पूर्णांकको दुई पेपर अंग्रेजी हुन्थ्यो । बीएमा पुगेपछि भने ३०० पूर्णांकको अंग्रेजी हुन्थ्यो तर बीएमा पनि अंग्रेजीलाई स्पेसल र जनरल भनेर विभाजन गरिएको थिएन । मैले त्यसरी नै अंग्रेजी पढेको हुँ ।

हामी पृथ्वीनारायण कलेजको फर्स्ट ब्याचमा परीक्षा दिने १७ विद्यार्थी थियौं । त्यतिबेला अंग्रेजी मूल विषय भन्ने हुँदैनथ्यो । त्यो त पछिमात्र आएको हो । स्पेसल र जनरल इंग्लिस भन्ने पनि थिएन । हामीले पढ्ने बेलामा ५/६ कक्षामा तीन पेपर अंग्रेजी हुन्थ्यो । अहिले एक पेपर मात्र हुन्छ ।

पोखराबाटै प्राइभेट रूपमा २०२१ मा स्नातक पनि उत्तीर्ण गरें । त्यसपछि पैयुँपाटा पढाउँदा पढाउँदै इनसर्भिसबाटै बीएड पनि पास गरें । पैयुँपाटाको स्कुलमा २०१७ भदौ १ देखि २०२९ कात्तिक ११ गतेसम्म संस्थापक हेडमास्टर भएर पढाएँ ।

मेरा लागि जागिर खानु आवश्यक थियो र जागिर खाँदै प्राइभेट रूपमा एमए पनि पास गरें । पहिला अंग्रेजीमा एमए गर्छु भनेर अंग्रेजीका किताब धेरै किन्ने र बोक्ने पनि गरें । प्राइभेट रूपमा अंग्रेजीमा एमए गर्न अलिक गाह्रो हुने भयो । त्यसैले त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बाट सजिलो ठानेर संस्कृतमा एमए पास गरें ।

सेवाप्रवेश

पैयुँपाटाको स्कुलमा २०१७ भदौ १ देखि २०२९ कात्तिक ११ गतेसम्म संस्थापक हेडमास्टर भएर पढाएपछि माध्यमिक विद्यालयको निरीक्षक भएँ । त्यतिबेला अंग्रेजी, गणित, विज्ञान र सामाजिक गरी चार किसिमका विषयगत निरीक्षक हुन्थे । मचाहिँ त्यतिबेला अंग्रेजी विषयको निरीक्षक भएको थिएँ । शिक्षा मन्त्रालयका सचिव नरसिंह नारायण सिंहले मलाई निरीक्षक छान्ने बेलामा पनि मैले सबैलाई जितेको थिएँ । २०३४ मा मात्र म माध्यमिक विद्यालय निरीक्षकका रूपमा सर्वप्रथम स्थायी जागिरमा प्रवेश गरेको हुँ ।

२०३६ देखि २०४३ सम्म माध्यमिक विद्यालय निरीक्षक पदमा कार्यरत रहे पनि म्याग्दी, अर्घाखाँची, गोरखा र कास्की जिल्लामा कामु जिल्ला शिक्षा अधिकारीसमेत भएर काम गरें । माध्यमिक विद्यालय निरीक्षक हुँदा भोजपुर गएँ र स्याङ्जामा पनि धेरै वर्ष सेवा गरें । जिल्ला शिक्षा अधिकारी भएकै अवस्थामा २०४३ मा मैले जागिरबाट हात धुनुपर्‍यो ।

पञ्चायती व्यवस्थाले मेरो जागिर खाइदिएपछि चितवनमा गएर केही समय पढाएँ । पश्चिम चितवनको पर्साढाप भन्ने ठाउँमा बाग्लुङे नेवारहरू गएर बसेका थिए । पर्साढापमा पर्वतको त्रिवेणी र हुवासतिरका मान्छेको पनि बसोबास थियो । पर्साढापमा उनीहरूकै घर बसेर अंग्रेजी विषय पढाएँ पढाएको । जागिरेकालमा धेरै समय पढाउन नपाए पनि पछि मलाई पढाउन गाह्रो भएन र त्यहाँको समाजमा शिक्षाको ज्योति फैलाएँ ।

त्यतिबेला लालकाजी गुरुङ बुटवलमा अञ्चलाधीश थिए । उनले 'तपाईं चितवन नबस्नूस् । म तपाईंलाई कावासोतीमा क्याम्पस चिफ (प्रिन्सिपल) बनाएर पठाउँछु, यहाँ आउनूस्' भने । लालकाजी चार कक्षादेखि सँगै पढ्दाका मेरा साथी थिए । उनले भनेपछि म कावासोती गएँ । तर, घरमा मेरा तीन छोरा विद्यालयको शिक्षा सकेर उच्च शिक्षाको खोजीमा हिँडिरहेका थिए । दिलिपसहित चार छोराको विद्यालय शिक्षा भने अझै पूरा भइसकेको थिएन । आफू घरमा नबस्ने हो भने छोराहरूको पढाइ राम्रो नहुने पो हो कि भन्ने लाग्यो । गाउँमा जग्गा पनि धेरै भएकाले त्यसलाई त्यसै लथालिंग बनाउन पनि भएन भन्ने विचार गरेर कावासोतीमा काम नगरी म

आफ्नो गाउँमा फर्किएँ ।

मैले पढाएका एउटा विद्यार्थी गंगाबहादुरले आफ्ना छोराछोरीलाई बूढानीलकण्ठ स्कुलमा भर्ना गरेका थिए । त्यहाँको पढाउने तरिकाबारे मलाई जान्ने उत्सुकता बढेको थियो । त्यसपछि बूढानीलकण्ठ स्कुलमा अंग्रेजी कसरी पढाइन्छ ? भन्नेबारे मैले धेरै जानकारी प्राप्त गरें र बूढानीलकण्ठमा पढाउने तरिकाले जस्तै घरमा आफ्ना छोराहरूलाई पढाउन सकिन्छ भन्ने कुरामा म विश्वस्त भएँ । स्कुलमा पढाएको र स्थायी जागिर पनि खाएको अनुभव सँगालेपछि घरमा गएर बसें भनें छोराहरू अवश्य पनि राम्रा बन्नेछन् भन्ने विश्वासमा म घर फर्किएँ । आफ्नै घर आएर दिलिप, डाँडाकी हीरा, दुर्गाबहादुरकी छोरी माइली र निराजनलाई पनि डाँडामा सँगै राखेर उनीहरूले एसएलसी दिने वर्ष पढाएँ ।

२०४७ देखि पर्वतको फलेबासमा रहेको क्याम्पसमा गएर पढाउन थालें । २०४७ देखि ५३/५४ सम्म त्यहाँ अंग्रजी पढाएँ । त्यहाँ पढाउँदा म सबैभन्दा बढ्ता लोकप्रिय पनि भएँ । किनभने त्यस क्याम्पसमा प्राक्टिस नभएकाले अंग्रेजी बोल्ने कुरा कसैले गर्दैनथे । मैले फलेबासमा नेपाली नबोलीकन मेजर इंग्लिस र कम्पलसरी इंग्लिस पढाइदिन्थें । त्यसले गर्दा त्यहाँका विद्यार्थी र अभिभावकले मलाई राम्रो शिक्षक मान्थे । पैयुँपाटामा जस्तै फलेबासमा पनि प्रतिष्ठित र लोकप्रिय शिक्षक भएर पढाउन पाउँदा मलाई निकै आत्मसन्तुष्टि मिलेको थियो । परन्तु अंग्रेजीको यस्तै अभ्यास पृथ्वी उच्चमावि अमलाचौरमा पनि गराउने मेरो प्रयास सफल भने हुन सकेन । मैले पृथ्वी उच्चमाविमा २०५६ देखि २०७० माघसम्म पढाएँ । अंग्रेजी भाषालाई भित्रैदेखि सिक्न खोज्ने जिज्ञासु नभेटिँदा यस विद्यालयमा अंग्रेजी शिक्षाको गुणस्तरीय विकास हुन सकेन ।

विद्यार्थीलाई सुझाव

नयाँ पुस्ताका विद्यार्थीलाई मैले सबैभन्दा बढी प्राक्टिस गर्नपर्छ भन्ने सल्लाह दिने गर्छु । हामीले 'प्राक्टिस मेक अ म्यान पर्फेक्ट' भनेर साइकोलोजीमा पढ्यौं र पढायौं । घरमा गएर नपढुन्जेलसम्म विद्यार्थीको पढाइ राम्रो हुँदैन । कुनै पनि तहको पढाइमा राम्रो सफलता प्राप्त गर्ने हो भने घरमा त पढ्नैपर्छ र बढीभन्दा बढी प्राक्टिस गर्नै पर्छ ।

राम्रो मान्छे बन्नका लागि पुस्तकको मात्र ज्ञान पर्याप्त हुँदैन । जनरल नलेज पनि त्यत्तिकै हुनुपर्छ । बाहिरी पुस्तक हेर्नु, विद्यालयमा र पुस्तकालयमा लेखिएका कोटेसन हेर्ने, नियमित रूपमा पुस्तकालयमा जाने, आफ्नो विद्यालयमा बाहिरका ठुल्ठूला मान्छे आएर भाषण गर्दा उनीहरूले भनेका कुरा ध्यानपूर्वक सुन्ने र तिनलाई आफ्नो व्यवहार मा पनि लागू गर्ने प्रयास गर्नुपर्छ ।

मलाई सम्झना छ- काठमाडौंको जुद्धोदय स्कुलमा केही समय पढ्न जाँदा त्यहाँ तत्कालीन युवराजधिराज वीरेन्द्र आएर भाषण गरेका थिए । त्यतिबेला वीरेन्द्र बेलायतमा पढ्थे । जुद्धोदय स्कुलले वीरेन्द्रलाई ल्याएर गराएको भाषणबाट मैले धेरै कुरा सिकेको थिएँ ।

अन्त्यमा मैले आजका विद्यार्थीलाई यतिमात्र भन्न चाहन्छु कि तिमीहरू बढीभन्दा बढी घरमा आफ्नो पढाइको प्राक्टिस गर । समाजलाई बुझ्ने काम गर र समाजबाट धेरै कुरा सिक । किताबमा मात्रै भर परेर हुँदैन, आफ्नो नलेजलाई फराकिलो बनाउन जताततैबाट सिक्ने प्रयत्न गर । यति गर्न सक्यौ भने तिमीहरूको भविष्यमात्रै होइन, तिमी जन्मे हुर्केको समाज र देशको भविष्य पनि सुन्दर र सफल बन्न सक्नेछ । ❁



प्रा.वि.देखि नि.मा.वि.सम्म मैले जे देखें

-आत्माराम शर्मा

पूर्व प्रधानाध्यापक

पृथ्वी उच्च माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरूले थालेको अभियानले मलाई ५ दशक पहिलेको विद्यार्थीकालको समयमा फर्काएको छ । यस स्कुलको पूर्व विद्यार्थी र प्रधानाध्यापकको हैसियतले (प्राथमिक तहदेखि निम्न माध्यमिक विद्यालयको स्थापनासम्म) मेरो सम्झनामा आएसम्मका केही कुराहरू विशेष सम्झन मन लाग्छ । अहिलेको पुस्तालाई किम्वदन्ती जस्तो लाग्न सक्छ, तर यी कुराबाट नयाँ पुस्तालाई विद्यालयको लागि केही गरौँ भन्ने उत्प्रेरणा जगाउने मेरो विश्वास छ ।

मेरो जन्म वि.सं. बैशाख २१ गते अमलाचौर ७ ज्यामिरेमा भयो । म सानै उमेरदेखि यो विद्यायलयसँग जोडिन पुगेको छु । मेरो बाल्यकाल यही विद्यालयमा बितेको छ । मेरो औपचारिक अध्ययन यसै विद्यालयबाट सुरु भएको छ । यसकारणले यो विद्यालयप्रति म सदा अनुग्रहित छु । म ४/५ वर्षको उमेरबाटै (२०१५/१६ सालदेखि) यो विद्यालयको विद्यार्थी भएँ । त्यसैले मेरो सदा सम्झनामा पृथ्वी उच्चमावि रहने नै भयो, जुन विद्यालय आजको स्वरूपमा आइपुगेको छ ।

पृथ्वी प्राथमिक विद्यालय सञ्चालन गर्नका लागि २०१६ सालमा भवन निर्माण समिति गठन भै २०१७ सालमा प्राथमिक तह स्वीकृत भएको हो । म काठको पाटी र खरी अनि ठूलो वर्णमाला बोकेर विद्यालय जाने गर्थें । मलाई सर्वप्रथम अर्चलेका बलराम गुरुले पढाउनु भएको थियो । त्यतिबेला विद्यालय भवन स्थापना भएको थिएन । बलाराम गुरुको अमलाचौर-६ हर्राचौरमा पसल थियो । त्यही पसल माथिको खेतमा बसेर हामीहरू १०/१२ जनाले पढ्ने गर्थ्यौं । कहिले खेतबारीमा त कहिले अमलाचौरकै चौतारीमा बसेर पढिन्थ्यो ।

बलराम गुरु पछि यदुनाथ गुरु (टार)ले पढाउनुभयो । त्यो बेलामा कसै को हातमा घडी हुँदैनथ्यो । यदुनाथ गुरुले हातको औंला सिधा पारि चोर औंला ठाडो पारेर औंलाको छायाँको आधारमा मध्यान्न १२ बजे र अपरान्ह ४ बजेको समय अनुमान गरी हामीहरूलाई छुट्टी दिनुहुन्थ्यो ।

यदुनाथ गुरु पछि चुडामणि गुरुले पढाउन सुरु गर्नुभयो । तर, विद्यालयमा विद्यार्थीहरूको उपस्थिति न्यून थियो । मसहित कहिले ४/५ जना त कहिले म एक्लै विद्यालयमा विद्यार्थीको रूपमा पढेको सम्झना छ । विद्यालयको भवन निर्माण पनि भै नसकेको विद्यार्थी संख्या पनि नहुने कारणले जस्तो लाग्छ त्यस्तो भएको । कुनै समय चुडामणि गुरुले गिठे देउराली भविश्वर रेग्मीको पसलमा पनि पढाउनुभयो । त्यहाँ पढ्दा देउराली हरिलाल शर्मा र म नियमित विद्यार्थी थियौं । अरु १/२ जना पनि साथीहरू थिए । केही समय देउराली डाँडामा पढे पछि फेरि अमलाचौरमा नै पढ्न थालियो । अमलाचौरमा पढ्दा चुडामणि गुरुले घरमा धान झाँट्ने, दाँई हाल्ने काम गर्नुहुन्थ्यो । हामीहरू परालको कुन्यूमा बसेर पढ्ने, नबुझेका गुरुलाई सोध्ने गरेको पनि मेरो स्मृतिमा ताजै छ ।

यसै अवधिमा सम्माचौरमा पनि विद्यालय सञ्चालन भएको थियो । म ५/७ दिन सम्मचौरको विद्यालयमा पनि पढ्न गएको थिएँ । त्यसपछि अमलाचौरमा नै पढ्न सुरु गरियो । विद्यालय भवन पनि बन्यो । पढ्ने साथीहरूको संख्या पनि बढ्दै गयो । त्यो बेलासम्म सबै साथीहरू सँगै बसेर पढ्थ्यौं कक्षा विभाजन भएको थिएन ।

पछि, अमलाचौर-६ गिठेका कृष्णप्रसाद शर्मा शिक्षक बनेर आउनुभयो । त्यसपछि कक्षा विभाजन भयो । कक्षा विभाजन हुँदा म भन्दा उमेरले जेठा र अन्य ठाउँमा वेद, संस्कृत पढेर विद्यालयमा आउनुभएका साथीहरू कक्षा ४/५ मा भर्ना हुनुभयो । म ३ कक्षामा भर्ना भै पढाई सुरु भयो । त्यसपछि विद्यार्थी संख्यामा पनि वृद्धि भयो । शिक्षकहरूको पनि राम्रो व्यवस्था हुँदै गयो ।

यसरी कहिले १/२ जना त कहिले ५/७ जना विद्यार्थीहरूबाट, कहिले व्यक्तिगत घरमा त कहिले खेतबारी, चौर र चौतारीमा सञ्चालन भएको प्राथमिक विद्यालयको स्थिति अहिले पृथ्वी उच्च मा.वि.को अवस्थामा सञ्चालित छ ।

२०२४ सालमा ५ कक्षा उत्तीर्ण भै मलगायत दलबहादुर हमाल, भानुभक्त शर्मा, कोपिलामणि शर्मा, डिल्लीप्रसाद रेग्मी, भवानीप्रसाद शर्मा, दलबहादुर नेपाली लगायतका साथीहरू त्रिभुवन मा.वि. पैयुँपाटामा कक्षा ७ मा भर्ना भएर पढ्न सुरु गरियो ।

म पृथ्वी प्रा.वि.को विद्यार्थी नभएता पनि मेरो पिताजी स्व. प्रेमप्रसाद शर्मा विद्यालय सहयोग समितिको कोषाध्यक्ष भै विद्यालयको सेवामा निरन्तर लागि रहनुभएको थियो । त्यसैले सो विद्यालयको विषयमा मलाई नजिकबाट जानकारी लिन अवसर प्राप्त भएको थियो ।

नियमित रूपमा ५ कक्षा सम्मको पढाई सञ्चालन भै राखेको थियो । २०२९ सालमा बागलुङ जिल्लामा नयाँ शिक्षा योजना लागु भयो । नयाँ शिक्षा लागु हुँदा विद्यालयको स्तर निर्धारण गर्ने काम सुरु भयो । त्यो बेलामा प्रा.वि. (कक्षा १-३), नि.मा.वि. (कक्षा ४-७), मा.वि. (कक्षा ८-१०) गरी ३ तहको विद्यालय कायम हुन्थ्यो । गाँउको केन्द्र विन्दुमा रहेको हाम्रो विद्यालय प्रा.वि. कायम भयो । ५ कक्षासम्म सञ्चालन भएको विद्यालय नयाँ शिक्षा योजना लागु हँदा १-३ कक्षा

लेखक शर्मा पृथ्वी निम्नमाध्यमिक विद्यालयको तत्कालिन प्रधानाध्यापक हुनुहुन्थ्यो

सम्मको प्रा.वि. भै सञ्चालन हुन थाल्यो । नयाँ शिक्षा लागू भएपछि खगेश्वर शर्मा प्रधानाध्यापक भै विद्यालयमा आउनुभयो ।

विद्यालयको स्तरवृद्धि गर्नुपर्छ भन्ने भावनाको विकास हुँदै गएको थियो । विद्यालय भवन पनि जीर्ण अवस्थामा पुगिसकेको थियो । २०३० बैशाख २१ मा प्रेमप्रसाद शर्मा अध्यक्ष, दलबहादुर हमाल सचिव, मणिरत्न पाध्या, गौरीश्वर शर्मा र टंकनाथ शर्मा सदस्य रहेको सहयोग समिति गठन भयो । सो समितिले जीर्ण विद्यालय मर्मत गर्न र विद्यालय वरिपरि कम्पाउण्ड लगाउने काम गऱ्यो ।

२०३१ फागुन ८ गते प्रेमप्रसाद शर्मा अध्यक्ष, चुडामणि शर्मा सचिव र सदस्यहरू मणिरत्न शर्मा, जीवनाथ शर्मा, जायश्वर पाठक रहेको विद्यालय सहयोग समिति बन्यो । विद्यार्थी संख्यामा वृद्धि हुँदै गएको र विद्यालय भवन सानो भएको हँदा २०३२ मंसिर १४ गते सोही समितिको निर्णय अनुसार विद्यालय भवन बनाउने कामको प्रारम्भ भयो । २०३२ साल माघबाट विद्यालय भवन बनाउन सुरु गरी २०३३ मार्गमा निर्माणकार्य सम्पन्न भएको थियो ।

२०३३ साल पौषदेखि नि.मा.वि. (कक्षा-४) संचालन गर्नु थियो । त्यसको लागि २०३३ भाद्रबाट नै सम्बन्धित कार्यालयमा माग भै गएको थियो । २०३३ पौषबाट कक्षा ४ को पढाई सुरु भयो । कक्षा ४ को पढाई त सुरु भयो तर, सञ्चालनको अनुमति भने प्राप्त भएको थिएन । कक्षा ४ को अनुमति लिनको लागि अध्यक्ष प्रेमप्रसाद शर्मा, सदस्य जीवनाथ शर्मा, मणिरत्न शर्मा जायश्वर पाठक, चुडामणि शर्मा तथा टुकनाथ शर्मा र आत्माराम शर्माले निकै प्रयास गर्नुपरेको थियो । त्यो बेलामा जिल्ला शिक्षा समितिले विद्यालयको अनुमति दिने नियम थियो । जिल्ला शिक्षा समितिमा तत्कालीन जिल्ला पञ्चायत सभापति कुलराज शर्मा हुनुहुन्थ्यो । विद्यालयको अनुमति दिलाउनको लागि वहाँले अथक प्रयास गर्नुभएको थियो । तापनि जिल्ला शिक्षा समितिको २०३३ पौष पछिको पहिले बैठकबाट विद्यालयले अनुमति पाउन सकेन । हामीहरू सबै विद्यालयको अनुमति पाउने प्रयासको लागि बागलुङमा गएका थियौं । कुलराज शर्माले यो बैठकमा हुन नसके पनि अर्को बैठकबाट निर्णय हुन्छ भनि हामीहरूलाई आश्वास्त तुल्याएपछि हामीहरू फर्केर आयौं ।

जिल्ला शिक्षा समितिको दोस्रो बैठकमा टुकनाथ शर्मा र प्रेमप्रसाद शर्माको तर्फबाट म बागलुङ गयौं । जिल्ला शिक्षा समितिको बैठक राति अबेरसम्म चल्यो । हामीहरू विद्यालय स्वीकृत भएको खबर सुन्न शिक्षा कार्यालय अगाडिको सडकमा बसिराख्यौं । त्यस्तै १०/११ बजे तिर शिक्षा समितिको बैठक सकियो । कुलराज शर्मा, टुकनाथ शर्मा र म श्यामप्रसाद थकालीको घरतर्फ लाग्यौं, जहाँ कुलराज शर्माको निवास थियो । त्यहाँ पुगेपछि हाम्रो विद्यालयले अनुमति पाएको सुखद समाचार सुन्यौं ।

विद्यार्थी संख्या कम भै सञ्चालनमा आउन नसकेको ढोरपाटनतिर को विद्यालयको कोटा झिकेर हाम्रो विद्यालयलाई स्वीकृत दिने निर्णय भएकोरहेछ । यसरी २०३३ चैत्रमा नि.मा.वि.को कक्षा ४ सञ्चालन गर्ने अनुमति प्राप्त भयो । नि.मा.वि. को अनुमति प्राप्त भएपछि शिक्षा कार्यालयले मलाई लक्ष्मी नारायण नि.मा.वि. सरङ्गीबाट पृथ्वी नि.मा.वि. अमलाचौरमा सरुवा गऱ्यो । २०३३/१२/१० मा नि.मा.वि.को प्रध्यानध्यापकको हैसियतले म विद्यालयमा हाजिर भै कार्यसञ्चालन गर्न सुरु गरें ।

कक्षा ४ को अनुमति लिनको लागि ३ हजार रूपैयाँ जिल्ला शिक्षा कोषमा कोषमा जम्मा गर्नु पर्दथ्यो । यो रकम भवन निमार्ण गर्दा उठेको रकमबाट जम्मा गरिएको थियो । २०३४ पौषबाट कक्षा ५ सञ्चालन गर्नको लागि पनि ३ हजार रूपैयाँ संकलन गरी कोषमा जम्मा गरियो र अनुमति प्राप्त भयो ।

२०३५ पौषबाट कक्षा ६ सञ्चालन गर्नको लागि ६ हजार जिल्ला शिक्षा कोषमा जम्मा गर्नुपर्दथ्यो । यसको लागि तिहारमा भैलो खेलेर रकम जम्मा गर्ने निणर्य गरियो । २०३५ मा शिक्षक विद्यार्थीहरूको सक्रियता र सहयोग समितिका पदाधिकारीहरूको सहयोगमा भैलो अभियान सुरु भयो । त्यो बेला रातिमा भैलो खेल्ने चलन थियो । धरौटी रकम पूरा नभएसम्म भैलो नरोक्ने अठोट गरियो । रातभर प्रत्येक घरघरमा पुगेर भैलो खेल्ने दिनभर विद्यालयको पठन पाठनलाई निरन्तरता दिने कार्य भयो । हाम्रो भैलो अभियान १ महिनासम्म चल्यो । यसरी एक महिनासम्म रातभर अनिँदो बसेर खेलेको भैलोबाट प्राप्त रकम जम्मा गर्ने काममा सहयोग गर्ने त्यस बेलाका शिक्षक साथीहरू भीमनाथ शर्मा, दलबहादुर हमाल, चुडामणि शर्मा, प्रेमप्रसाद पौडेल, दुर्गा ढकाल, तारादेवी पौडेल, हुमकुमारी शर्मा समेतका स्टाफहरू तथा चोकनारायण ढकाल, कलावती गायक, यज्ञ सुवेदी लगायतका सहभागी अन्य छात्र/छात्राहरू तथा सहयोग समितिका पदाधिकारीहरूको योगदान अविस्मरणीय छ ।

कक्षा ७ को अनुमति लिनको लागि पनि ६ हजार नै जिल्ला शिक्षा कोषमा जम्मा गर्नुपर्दथ्यो । यसका लागि २०३६ सालमा आमसभा बोलाई स्वेच्छिक चन्दा सहयोग लेख्न लगाएर रकम जम्मा गरी धरौटी राखेर कक्षा ७ को अनुमति पनि प्राप्त गरियो । यसरी २०३३, २०३४, २०३५, र २०३६ सालमा आईपुग्दा कक्षा ४ देखि ७ सम्मको स्वीकृती प्राप्त भै कक्षा ७ सम्मको नि.मा.वि. पूरा सञ्चालनमा आयो । विद्यालयमा शिक्षक दरबन्दी, विद्यार्थी संख्या भवन, फर्निचर, खेलकुद मैदान समेतको व्यवस्था भै विद्यालय सञ्चालन भयो ।

विद्यालयको वातावरण राम्रो बनाउने सन्दर्भमा तत्कालिन शिक्षक, विद्यार्थीहरूको महत्वपूर्ण भूमिका रहेको थियो । खौर, ढाँड ज्यामिरघाट, काल्ले, टुनिवोट सम्मका विद्यार्थीहरूले आ-आफ्नो घरबाट बिरुवा ल्याई वृक्षारोपण कार्यलाई निरन्तरता दिइयो । त्यो बेला रोपेका १/२ बटा रूख अझै पनि देख्न पाउँदा अतीतको याद आइरहन्छ ।

त्यति मात्र होइन विद्यालय अगाडि दुवो रोपी हरियाली बनाउने सन्दर्भमा टाढा-टाढाका विद्यार्थीहरूले डोकोमा दुवोका दाल्का (माटो सित खनेको दुवो बोकेर) ल्याई रोप्ने काम पनि गरिएको थियो । शिक्षक, शिक्षिकाले समेत मरेका जनावरको छालामा माटो तानेर विद्यालयको मैदान सम्याउने काम पनि अविस्मरणीय छ ।

यसरी २०३३ सालदेखि २०३६ सालसम्म नि.मा.वि. संचालन (कक्षा ४–७) गर्नको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने स्वर्गीय प्रेमप्रसाद शर्मा, टुकनाथ शर्मा तथा सहयोग समितिका पदाधिकारीहरू जीवनाथ शर्मा, मणिरत्न शर्मा, जायश्वर पाठक, खगेन्द्रबहादुर पौडेल, टीकाराम शर्मा, नगेन्द्रबहादुर अखेली, कोपिलामणि शर्मा, निलप्रसाद शर्मा, जवाहरलाल शर्मा, चन्दादाता अभिभावक, शिक्षक, विद्यार्थी तथा सम्बन्धित कार्यालय र सबैको महत्वपूर्ण योगदान रहेको छ ।

अन्त्यमा २०१७ सालमा प्रा.वि.२०३३ सालमा नि.मा.वि. २०४० सालमा मा.वि. र २०५५ सालमा उच्च मा.वि. स्वीकृत भई सञ्चालनमा आएको यस पृथ्वी उच्च मा.वि. अमलाचौरको उत्तरोत्तर प्रगतिको लागि हामी सबै मिलेर सहयोग पुऱ्याउँ, यही नै मेरो आग्रह छ । ❁

मेरो पहिलो पाठशाला

- डा. मति प्रसाद ढकाल

कनै विद्वान्ले भनेका थिए, 'परिवार नै सामाजिक जीवनको प्राथमिक पाठशाला हो ।' त्यस पाठशालामा पहिलो गुरु आमालाई नै मान्ने गरिन्छ । पहिला-पहिला धेरैजसो सगोल परिवारमै बच्चाबच्ची जन्मन्थे र हुर्किन्थे । म पनि हजुरबुवा, हजुरआमा (त्यतिबेला त अझ बोइ भनिन्थ्यो), बुवा, आमा, चार काका, एक काकी, तीन फुपू, एक भाइ र एक बहिनीसहितको सगोल परिवारमा हुर्केको हुँ । जेठी फुपूको कहिले बिहे भयो र हामीलाई छाडेर कहिले कर्मघरमा जानुभयो ? मलाई थाहै भएन । माइली फुपू पढ्न स्कुल जानुभएको पनि मलाई अहिले सम्झना छैन । मेरो बुवा र माइला काकाले सानैमा अलि-अलि वेद, रुद्री, चन्डी पढ्न थाल्नुभएको र घरायसी कामकाजले गर्दा बीचमै पढाइ छाड्नुपरेको कुरामात्र मलाई थाहा थियो तर मैले उहाँहरू पढ्न गएको भने देखिनँ । हजुरबुवाले पनि आफ्नो जमानामा अलि-अलि वेद, रुद्री र चन्डी पढ्नुभएको थियो भन्ने सुनेको थिएँ । त्यसैले मेरो पारिवारिक पृष्ठभूमि पूर्णतः निरक्षर नभएर पनि शैक्षिक चेतनाका दृष्टिले निकै कमजोर थियो । माथिल्लो घरका चक्रपाणि हजुरबुवा र गंगादत्त हजुरबुवा दुवै धार्मिक व्यक्तित्वका हुनुहुन्थ्यो भने उपल्ला बुकेनीका शोभाखर हजुरबुवा र तीर्थ काकामा पनि पूजाआजाको कर्मकान्डीय हथ्यौडीमा अगाडि सर्न खोज्नुहुन्थ्यो । त्यसैले म जन्मिएको गाउँ वा समाज पनि शिक्षाको ज्योतिबाट वञ्चितजस्तै थियो ।

म कहिलेदेखि स्कुल जान थालेँ र कखरा चिनेँ ? भन्ने कुरा अहिले मलाई सम्झना छैन । म स्कुल जान थाल्नुअगाडि नै मेरो घरबाट साइँला काका काशीराम र काइँला काका प्रेमप्रसाद स्कुल जाने गर्नुहुन्थ्यो । माथिल्लो घरका डिल्लीप्रसाद, खगेश्वर र झलकप्रसाद काकाहरू तथा उपल्ला बुकेनीका दीनानाथ, गोविन्द, भोजराज, खेम, टुकानाथ, भोलानाथ र मतिप्रसाद काकाहरू तथा कलावती फुपू पनि पढ्न जाने गर्नुहुन्थ्यो तर उहाँहरूले पढ्न जाने स्कुल कुन थियो र कहाँ पर्थ्यो भन्ने पनि मलाई थाहा थिएन । आमाले भन्नुभएअनुसार २०३४ सालको अन्त्यतिरबाट ६ वर्षको उमेरमा म अमलाचौरको स्कुलमा पढ्न जान थालेको रहेछु । एक वर्षसम्म मैले शिशु (पूर्वप्राथमिक) कक्षामा पढेको रहेछु । एक वर्ष पढ्दा मैले कखरा लेख्नसम्म सिकेँ हुँला तर त्यतिबेला मलाई तारा, शोभा गुरुआमा वा दुर्गा गुरु कसले कखरा पढ्न र लेख्न सिकाउनुभयो ? मलाई अहिले सम्झना छैन । क, ख सिक्दा खरीले कहिलेकाहीँ ढुंगामा पनि लेखेको मलाई अलि-अलि सम्झना छ । त्यतिखेर शिशुमा पढ्दा म ६ वर्षको भए पनि सानै ठानेर स्कुलमा धेरैले हेप्न खोज्थे तर त्यतिबेलासम्म मेरो तोतेबोली भएर हो वा स्पष्ट उच्चारण गर्न नसकेर मैले साइँला बा भन्नुपर्नेमा 'थाइँला बा' भन्ने गरेको र त्यति भनेपछि माथिल्लो कक्षामा पढ्ने यसका काकाहरू रहेछन् भनेर हेप्न छाडेको घटना मैले अहिले पनि झलझली सम्झिरहन्छु । माथि आफ्नो मान्छे भएपछि तलका मान्छे लाई कसैले हेप्न सक्दारहेनछन् भन्ने कुरा मलाई त्यतिबेलादेखि नै बोध हुन थालेको हो । तर, मैले शिशु कक्षामा पढ्दाबाहेक कहिल्यै माथि आफ्नो मान्छे बनाउन सकिनँ । माथि मेरा आफ्ना मान्छे छन् भन्ने शक्तिको आडमा मैले कहिल्यै पनि आफ्नो कर्तव्य कुल्चने प्रयास पनि गर्नु परेन ।

सगोल परिवारमा मैले पनि धेरै दुःख भोगिरहेको रहेछु । मावली हजुर बुवा पं. लीलाधर रेग्मीले मलाई मामाघरमै राखेर नातिलाई पढाउँछु भनी पैयुँपाटा-४ को जलजलास्थित आफ्नै घरमा लैजानुभयो । २०३५ को अन्त्यदेखि २०३६ को अन्त्यसम्म एक वर्ष मैले सुलडाँडास्थित जनता प्राथमिक विद्यालयमा पढेँ । त्यतिबेला कान्छा मामा ऋषिराम रेग्मी दुई र म एक कक्षामा पढ्न सँगै स्कुल जान्थ्यौँ । मावली हजुरबुवाले राति अबेलासम्म बसेर के-के हो, के-के लेखिरहनुहुन्थ्यो । एकपटक हात्तीले माला लगाइदिएर मान्छेलाई राजा बनाइदिएको कथा पनि सुनाउनुभएको सम्झना अझै ताजा छ । जुन कथा स्वस्थानीको रहेछ भन्ने कुरा मैले पछि थाहा पाएँ । कक्षा एकको वार्षिक परीक्षामा मलाई 'कलम' भन्ने शब्द लेख्न दिइएको र त्यो शब्द मैले राम्रा अक्षर मा लेखेका कारण म एक कक्षामा प्रथम भएर प'रस्कार पाउँदै अबिरले रातै भएर मामाघर पुगेको पनि मैले बिर्सन सकेको छैन । मामाघर बाट कक्षा एक पास भएपछि माइला मामा पं. चन्द्रमणि शास्त्रीले मलाई पढाउनका लागि भनेर देवघाट ल्याउनुभयो । २०३६ अन्त्य देखि २०३७ माघसम्म मैले देवघाटको वज्रयोगिनी प्राथमिक विद्यालयमा कक्षा दुईमा पढेँ । मामा यता गलेश्वर आश्रमद्वारा सञ्चालित वेद वेदांग विद्यालयमा आवासीय प्रधानाध्यापक हुनुहुन्थ्यो । म उता माइजू, उमा दिदी र वेदमणि भाइसँगै देवघाटको मामाघरमा बस्थेँ । गाई चराउन र दाउरा खोज्न वनमा जानुपर्ने, टाढाबाट डोकामा राखी घैँटामा पानी ल्याउनुपर्ने र पानी ल्याउन जाँदा घैँटो फुट्यो भने गाली खानुपर्नेजस्ता कुराले त्यतिबेला सानै उमेरमा पनि मलाई सचेत गराएका थिए । चन्द्रमणिका भान्जा भनेपछि देवघाटमा पढ्न बस्ने मामाका सबै चेलाले मलाई निकै माया गर्थे भने उमा दिदीले पनि मलाई अत्यन्त माया गर्नुहुन्थ्यो । वेदमणि भाइ, म र उमा दिदी क्रमशः १, २ र ३ कक्षामा पढ्थ्यौँ । त्यतिबेला हामीलाई कुन-कुन गुरुले पढाउनुभयो ? अहिले मलाई सम्झना छैन । २०३७ वैशाख २० गते हामीले पढ्ने स्कुलमा पनि निर्दल र बहुदलको चुनाव भएको

डा. ढकाल नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ

र दुई कक्षामा पढ्दा म दोस्रो हुने गरेको भने मलाई सम्झना छ । २०३७ को माघेसंक्रान्ति मान्न दमौलीबाट बहिनीलाई लिएर आमा देवघाट आउनुभएको थियो । वर्ष दिनसम्म आमाका काखबाट विछोडिएका कारण म आमाकै पछि लागेर दमौली पुगेकाले मैले देवघाटमा रहेर पढाइलाई निरन्तरता दिन सकिनँ । दमौली पुगेर केही महिना जलदेवी प्राथमिक विद्यालयमा तीन कक्षामा पढ्न थाले पनि बाग्लुङ घरमा माइली काकी बित्नुभएकाले बुवा, आमा, भाइ, बहिनी र म सबै बाग्लुङ पुग्यौं । त्यसपछि पहिला शिशु कक्षा पढेको अमलाचौरकै स्कुलमा मैले तीन कक्षामा भर्ना भएर पढ्न थालेको हुँ । सबैभन्दा पछि भर्ना भएका कारण त्यतिबेला कक्षा तीनमा पढ्दा मेरो रोल नम्बर ३८ थियो ।

मैले पहिले शिशु कक्षा पढेको अमलाचौरको स्कुलको नाम पृथ्वी निम्नमाध्यमिक विद्यालय रहेछ भन्ने कुरा तीन कक्षामा पढ्न थालेपछि थाहा पाएको हुँ । त्यतिबेला भाइ नारायण एक कक्षामा पढ्न जान्थ्यो भने कान्छी फुपू र बहिनी सानै भएकाले धेरै वर्षपछि पढ्न जानेका हुन् । कान्छा काका नन्दलाल र म एउटै कक्षामा पढ्थ्यौं भने साइँला काका काशीराम ६ कक्षामा र काइँला काका प्रेमप्रसाद पाँच कक्षामा पढ्नुहुन्थ्यो । माथिल्लो घरका रेशम काका र उपल्ला बुकेनीका कृष्ण काका पनि मसँगै पढ्नुहुन्थ्यो । तेजुराम विश्वकर्मा, मणिरत्न पौडेल, प्रेमप्रसाद रेग्मी, मोहराज शर्मा, शान्ति पौडेल, मुक्तिप्रसाद शर्मा, नरिश्वर रेग्मी, रुद्रप्रसाद पौडेल, प्रेमबहादुर हरिजन, झलकप्रसाद चापागाईं आदि मेरा सहपाठी साथी हुन् । त्यतिबेला प्रत्येक शुक्रवार गाग्रीमा पानी ल्याएर विद्यार्थी आफैंले आफ्नो कक्षाकोठा लिप्नुपर्थ्यो । त्यसक्रममा मैले पनि कक्षाकोठा लिपेको अलि-अलि सम्झना छ ।

म तीन कक्षाको वार्षिक परीक्षामा प्रथम, द्वितीय वा तृतीय हुन सकिनँ । पासमात्र भएर चार कक्षा पढ्न थालें । त्यतिबेला चार कक्षामा पुगे पछि अंग्रेजी विषय पढ्न पाइन्थ्यो । संस्कृत र नैतिक शिक्षा पनि हामीले त्यतिबेला चार कक्षादेखि नै पढ्नुपर्थ्यो । प्रेमप्रसाद चापागाईं गुरुले हामीलाई संस्कृत र कहिलेकाहीं अंग्रेजी पनि पढाएको अलि-अलि सम्झना छ । हामीलाई दुर्गाप्रसाद ढकाल गुरुले सामाजिक शिक्षा र प्रेमप्रसाद पौडेल गुरुले नैतिक शिक्षा पढाएको पनि मैले बिर्सेको छैन । चूडामणि, भीमनाथ, दलबहादुर र उमानाथ गुरुले हामीलाई कुन-कुन विषय पढाउनुभयो ? भन्ने मेरो सम्झनामा छैन । दीनानाथ शर्मा गुरुले हामीलाई पढाउनु त भएन तर उहाँ त्यतिबेला त्यस स्कुलको प्रधानाध्यापक हुनुहुन्थ्यो कि जस्तो लाग्छ । किनकि शान्त भवनस्थित महर्षि वेद विज्ञान विद्यापीठमा पढ्न जाने सन्दर्भमा मैले २०४० चैतमा पाँच कक्षा पास भएको प्रमाणपत्र बनाउँदा प्रधानाध्यापकमा उहाँको नै हस्ताक्षर भेटेको थिएँ ।

अमलाचौरको स्कुलमा पढ्दा हामीलाई हिजोआजजस्तो घरमा पढ्ने फुर्सद मिल्दैनथ्यो । बिहान उठ्नेबित्तिकै घाँस काट्न, दाउरा खोज्न, पर्सेउला सोहोर्न वा खेतमा डल्ला फोर्न जानुपर्थ्यो । बिहानको काम सकेर घरमा आई खाना खाएर हतार-हतार स्कुल पुग्दा लाइनमा लाग्नै पाइँदैनथ्यो । ढिलो गरेकाले गुरुहरूको हप्काइसमेत खानुपर्थ्यो । स्कुल छुट्टी भएपछि पनि बाटामा नभुलीकन छिट्टै घर पुग्नुपर्थ्यो । बासी ढिँडो बचेको रहेछ भने दिनभरिको भोक मेट्न पाइन्थ्यो । नभए किताब थन्क्याएर भोकभोकै डोको बोकेर काममा निस्कनुपर्थ्यो । रात परेपछि घरमा आएर खाना खाई टुकी बालेर हामी वरिपरि पढ्न बस्थ्यौं । हामीले सास फेर्दा प्रायः सधैं बीचमा रहेको टुकी निभ्ने गर्थ्यो । त्यतिबेला तत्काल टुकी बाल्न सलाई सुलभ थिएन । बिहान वा बेलुका जुनसुकै समयमा प्रत्येक घरका अँगेनामा अगुल्टामा अखण्ड रूपमा आगो त हुने गर्थ्यो तर त्यो अगुल्टो फुक्दा तत्काल आगो बाल्न कठिन हुन्थ्यो । यसरी टुकी निभेपछि र टुकी बाल्न मट्टीतेल अभाव भएपछि हामी छिट्टै निद्रादेवीको शरणमा पुग्ने गर्थ्यौं । दाउरा खोज्न सल्लेरीवन जाँदा सल्लाको खोटो भएको काठ (दियो) पायौं भने कहिले काहीं त्यही बालेर भए पनि राति पढ्न पाउँथ्यौं । स्कुल पढ्दा हामीले 'होमवर्क' र 'ट्युसन' भन्ने शब्द स'नेका थिएनौं । जति पढ्थ्यौं विद्यालयकै कक्षाकोठामा पढ्थ्यौं । मेरी आमाका अन'सार त्यतिबेला पाँच पैसामा एक पुडिया रङ पाइन्थ्यो । त्यसरी रङ ल्याएर हामीले पानीमा घोलेर मसी बनाउँथ्यौं । फ्लेम कलममा मसी राखेर लेख्ने गर्थ्यौं । एकपटक मसँग त्यसरी बनाएको मसी सिद्धिएको थियो । मैले मसीका लागि रङको पुडिया किन्न दस पैसा मागें र मसी अभावमा लेख्न नपाएकाले स्कुल जान अप्ठ्यारो लागेर म खाना खाँदै गर्दा रोएँछु । मेरो रुवाइ देखेर बुवाले रिसले हातमा समातेर बाहिर ल्याई साग बारीमा मलाई पछार्नुभएको थियो । सम्भवतः त्यतिबेला मेरा बुवासँग दस पैसा पनि थिएन होला । घरको व्यवहार सम्हाल्ने हजुर बुवासँग दस पैसा थियो कि थिएन ? थाहा भएन । पाँच कक्षासम्म पढ्दा मैले जुत्ता वा चप्पल लगाउन पाइनँ । त्यतिबेलाका मेरै सहपाठी साथी प्रेमबहादुर हरिजनले एकजोरसेकेन्ड ह्यान्ड हात्तीछाप चप्पल मलाई पच्चीस पैसामा बेचे । सेकेन्ड ह्यान्ड नै भए पनि पहिलो पटक चप्पल लगाउन पाउँदा म निकै खुसी भएको थिएँ । मेरा घर को दयनीय आर्थिक परिस्थिति र घरमा पढ्ने फुर्सद नपाउँदा नपाउँदै पनि म पाँचबाट ६ कक्षामा पुग्दा तृतीय हुन सफल भई सिसाकलम र कापी पुरस्कार पाएको सम्झना अझै ताजा छ । म जन्मे/हुर्केको गाउँले शिक्षित सन्तानभन्दा लाहुरे सन्तान जन्माउन बढ्ता रुचाउँथ्यो । अहिले पनि रुचाउँदै आएको छ । त्यस्तो परिवेशमा २०४० चैतमा संस्कृत पढ्न ललितपुर नगएको भए म आज प्राध्यापक होइन, केवल लाहुरे मात्र हुन्थें ।

मैले स्कुलको शिक्षा अमलाचौरको पृथ्वी निम्नमाध्यमिक विद्यालयबाट आरम्भ गरेको हुँ । स्कुले शिक्षाको अन्त्य पनि त्यही स्कुलमै भएको हो । २०४० चैतमा म आमाको मात्र होइन, त्यस स्कुलको काखबाट छुट्टिएर ललितपुरको शान्त भवनमा पुगी संस्कृत गुरुकुल शिक्षा लिन प्रारम्भ गरें । त्यसपछि गोरखपुर, धरान, दाङ, रिडी र काठमाडौंमा रही मैले नियमित र स्वतन्त्र (प्राइभेट) विद्यार्थी भएर संस्कृत व्याकरणमा आचार्य र विद्यावारिधि तथा नेपालीमा एमए तहको अध्ययन पूरा गरें । अध्ययन र अनुसन्धानलाई अघि बढाउँदै नेपालको संस्कृत विश्वविद्यालयको सेवामा २४ वर्षदेखि संलग्न रहँदै आएको छु । मेरो आजको प्रगतिको सबै जग त्यही पहिलो पाठशालामा भएको हो । निरन्तरको कठिन संघर्षबाट प्राप्त मेरो बौद्धिक उचाइलाई पहिलो पाठशालाका अधिकांश गुरुले प्रशंसा गरेको पाउँदा मलाई सन्तोष लाग्छ । मैले अक्षराम्भ गरेको त्यही स्कुल आज उच्च शिक्षालयको केन्द्र बनेको, जनचेतनाको प्रतीक पुस्तकालय स्थापनाले यस स्कुलको गरिमा बढाएको, यसै स्कुलका पूर्वशिक्षक दीनानाथ शर्मा शिक्षामन्त्री भएको बेला स्कुलको भौतिक उन्नति भएको र स्कुलका पूर्वविद्यार्थीले देश तथा विदेशबाट आर्थिक संकलन गरी स्कुलको दीर्घकालीन विकासका लागि योगदान दिन तत्पर रहेको देख्दा मेरो पहिलो पाठशालाको भविष्य निकै समुज्ज्वल हुने कुरामा म पूर्णतः आशावादी छु । विद्यालयको उत्तरोत्तर प्रगतिको कामनासमेत गर्छु । ❀

छोरीको स्कुलभन्दा मेरै विद्यालय राम्रो

■ एकराज पाठक

हामी दैनिक कम्तीमा डेढ घन्टासम्म हिँडेर स्कुल आउजाउ गर्थ्यौंभन्दा मेरी छोरी पत्याउँदिनँ । अझ हाम्रो विद्यालय जीवनका कैयौँ दुर्लभ यथार्थ सुनाउँदा ऊ सिधै भन्छे, 'बाबाले एकादेशका दन्त्यकथा सुनाउनुभयो ।' धेरै होइन, २०/२५ वर्षमात्र अघिका तथ्यलाई उसले एकादेशको कथाका रूपमा लिन थालिसकी र बडो चाखसित सँगै बसेर सुन्छे पनि । कहिलेकाहीँ त उसलाई लाग्दोरहेछ कुनै जमानाका काल्पनिक कथा सुनाएर बाबाले आफ्नो भोगाइ भन्नुहुन्छ र हामीलाई उपदेश दिइरहनुभएको छ । उसको झोलामा जस्तो हामीले विद्यालय जाँदा टिफिन बक्स कहिल्यै पाएनौँ भन्ने तथ्यमा पनि उसलाई विश्वास छैन । त्यतिमात्र होइन, ऊबेला विद्यालयमा खानेपानीको धारासमेत नभएकाले दिउँसोलाई पनि पुग्नेगरी बिहानको खानासितै एकपेट पानी खानुपर्ने या दिउँसोको 'हाफछुट्टी' मा तल जंगलफेद मा रहेको धारामा गई बेलुकासम्मलाई पुग्नेगरी पेटभरि पानी खानु पर्ने समस्याकथनले सायद उसलाई छुँदै छुँदैन । किनभने ऊ 'मिनरल वाटर' को जमानाकी हो । पानीमात्र मीठो नलागेर 'टचाङ' या अर्को कुनै रसायन मिसाएर रातै रंगाएर गुलियो पारी पठाउनुपर्छ उसलाई पानी । नत्र बोतलको पानी स्कुलमा फाल्छे या फर्काएर घरमै ल्याउँछे । पानी खाँदिनँ ऊ हामीले जसरी । हामीजस्तो 'हाफछुट्टी' मा पानी खोज्न खोलाखोला धाउनुपर्ने र टुहुरो पाडोले दूध तानेजस्तो पेट फुट्ने गरी पानी खानुपर्ने अवस्थाबारे त ऊसँग कुरा गर्नुको कुनै अर्थ छैन । दिउँसो भोक लाग्दा खाजा खाने एक/दुई रुपैयाँ पनि हुँदैनथ्यो । स्कुल सकिएपछि झन्डै एक घन्टा हिँडेर घर पुग्दा आमा खेतीबाट समयमै घर पुगेको मौका परे भुटेको मकै पाइन्थ्यो, नत्र आगो सल्काउन आफैँ कस्सिनुपर्थ्यो । कहिलेकाहीँ बिहानै भुटेर राखिएको मकै ताप्केमा रहेछन् भने त झन ठूलो यातना भोग्नुपर्ने । नखाऊँ ती मकैभित्रबाट एकै फाँकमा मागिरहेको छ, खाऊँ दाँतले चपाउनै सक्दैन । पुस्तक नपाएर पटक-पटक आफैँ कुश्मा, बागलुङ धाउनुपर्ने, घरमा खेतीको काम छ भने स्कुलै जान नपाउने र भोलिपल्ट यसरी स्कुल जाँदा गुरुदत्त सरको लौरो थाम्न सक्नेगरी हात दराएर जानुपर्ने, ९/१० कक्षातिर पुगेपछि मात्र खुट्टाले जुत्ता देख्नेजस्ता सदावहार समस्या त हाम्रा छँदै थिए । वास्तवमा मेरो छोरीले भनेजस्तै यी सबै तथ्य बक्ने हो भने यसले दन्त्यकथाकै रूप लिनेछ । र, कथा सुनेकै रमाइलो का रूपमा ग्रहण गर्नेबाहेक अहिलेका बालबालिका पुस्ताले यसलाई उपदेश या जीवनशैलीकै रूपमा ग्रहण गर्न गाह्रो छ ।

हुन त यो भन्दा अगाडिकै पुस्ताको वास्तविकता सुन्दा मलाई पनि दन्त्यकथाजस्तो लागेकै हो । त्यहीँ पर दमेकको किटेनीमा विक्रम संवत् २०१२ तिर विद्यालय स्थापना गरेको भूमिश्वर सापकोटा (हाल : १०२ वर्षीय) को कुरा सुन्दा हामीलाई अर्कै ग्रहका मानिसले गरेकोजस्तो लाग्छ । गोठमा स्कुल राखेर विद्यार्थी खोज्न हिँड्दा 'घरको काम छाडेर मास्टरलाई पढिदिन स्कुल नजाने' भनेर गाउँका केटाले भनेको कुरा उहाँले यो उमेरमा पनि बडो रोचक एवम् आश्चर्यजनक रूपमा सुनाउनुहुन्छ । यसरी 'मास्टरका लागि पढिदिने' केटी मान्छे त झन् कहाँबाट पाउनु । त्यस्तै एउटा अन्तर्वार्ताक्रममा केही वर्षअघि नेपालका एक समाजशास्त्री पूर्णप्रकाश नेपाल 'यात्री' निवास कपन पुगेका बेला उहाँले पनि २०१२/१३ सालतिर पैयुँपाटामा बसेको र त्यस समयमा त्यस विद्यालय सञ्चालनका लागि उहाँले गरेका काम सुन्दा पनि अहिलेको पुस्तालाई कम्ती प्रेरणा प्राप्त हुँदैन । उहाँको जीवनका उत्तरार्द्धतिरको त्यस अन्तर्वार्ताक्रममा त्यस समय पैयुँपाटाका समाजसेवी हेमराज शर्मा पौडेल एवम् अमलाचौर वरडाँडाका डिल्लीप्रसाद गुरु मिलेर त्यहाँ स्कुल सञ्चालनका लागि गरेका कार्य बडो प्रेरणादायी रूपमा बताउनुभएको थियो । स्कुल सञ्चालन आफ्नै स्थानीय खर्चबाटै गर्नुपर्ने, भदौमा बारीका मकै सस्तोमा उठाएपछि बेचेर, भैलो खेलेर वा गाउँलेसँगै चन्दा आदि मागेर शिक्षकलाई तलब दिनुपर्ने, पढाउन छोराछोरी स्कुल पठाऊ भनेर घरघरमा गई आमाबुवालाई बिन्तिभाउ गर्नुपर्ने तथा गाउँमा शिक्षक गएको देख्दा 'ए केटाकेटी लुका है, मास्टर आएर फेरि स्कुल लै जान्छन्' भनेर घरमुलीले नै भन्नेजस्ता त्यस समयका कैयौँ अप्ठ्यारा भोगेका कथा अहिले पनि हेमराज गुरुले सुनाउनुहुन्छ । सायद यस्तै पृष्ठभूमि र कथा व्यथाको गर्भबाटै मेरो पहिलो पाठशाला पृथ्वी मावि अमलाचौर जन्मिए होला । विद्यालय भर्खरै बामे सर्दै गर्दा नै हामीले पनि कखराको बीउ रोप्यौँजस्तो लाग्छ । त्यस्तो पाठशालामा दीक्षित हुन पाउनु मेरा लागि ठूलो सौभाग्य हो ।

यी त भए तथ्यकथा । तर, अहिलेको विद्या प्राप्तिको व्यथा पनि कम्तीको भने छैन । हाम्रा संघर्षका यथार्थमा दन्त्यकथाको रूप देख्ने मेरी छोरी र उसको उमेरका कैयौँ बालबालिकाको वर्तमान

पाठक राष्ट्रिय समाचार समितिको कार्यकारी सम्पादक हुनुहुन्छ

पनि जति सजिलो बनिरहेछ, उसले त्यति नै बढी व्यथा बोकिरहेको छ । शिक्षा जति आधुनिकता र प्रविधिसम्पन्न बन्ने प्रयत्न गरिरहेछ, त्यति धेरै जटिल जालो यस वरपर जेलिएको छ । वास्तवमा ती सहरिया शिशुको खुसी हामी आमाबाबु र शिक्षक मिलेर लुटिदिएका छौँ भन्दा कुनै फरक पर्दैन । बिहान ८ बजे बस लिन आउँछ र दायाँ-बायाँ कतै नहेरी विद्यालयमै लगेर खन्याउँछ । फेरि बेलुका घर नआइपुग्दै उसलाई गृहकार्यको भूतले बाटैदेखि सताउन थाल्छ । रक्सौलको घोडालाई जस्तै लगाम लागेको छ- उनीहरूलाई दायाँ-बायाँ फर्किन र हेर्न नमिल्ने । हामीले भेडेखोरबाट ओसार्ने दाउराको भारीजत्रै छ, उसको झोला । त्यसमा पनि कार्गिलको लडाइँमा हिँडेको गोर्खाली सेनाको जस्तै झोलाको दायाँ-बायाँ टिफिन र पानीका भाँडा झुन्डचाइदिएका छन् । हामीलाई जस्तो खेल्ने खोला र पौडिने पोखरी उपलब्ध छैनन् उसलाई । न त कसैका बेलाउती, लप्सी र बारीका कलिला, गुलिया बोडीमा यसो कहिलेकाहीँ आँखा लाउने रंग-रमाइलो नै प्राप्त छ उसलाई । उसलाई दूध प्लास्टिकको प्याकेटमा र चामल बोरामा पाइन्छ भन्नेमात्र थाहा छ । गाईले कसरी दूध दिन्छ र धानको बोट कत्रो हुन्छ भन्नेबारे सायद ऊ अनभिज्ञ हुन सक्छ ।

वर्षमा एकपटक (प्रायः दसैंमा) गाउँघर पुग्दा उनीहरू रमाउँछन् र लाग्छ- सगरमाथा चुचुरोमा पुगेको अलौकिक आनन्द प्राप्त गर्छन् । गाउँ व्यवहारिकता र वास्तविकता सिकाउने गाउँ पढाइँदैन सहरमा । नैतिक शिक्षाका कक्षा बन्द भएको धेरै भइसक्यो । बालबालिकामा व्यापार गरिरहेका बोर्डिङ स्कुलले विदेशी विद्यालयका पाठ्यक्रमका ठेली लादिरहेका छन् । त्यसैले हाम्रै संस्कार र संस्कृतिभन्दा बढी पाश्चात्य साहित्यकारका प्रेमपत्र उनीहरूका प्रतिभामै हावी भइरहे का छन् । ती कलिला र अबोध बालबालिकाको दिमागलाई मेसिन बनाइदिएको छ, सहरिया शिक्षाले । मानिसको मानसिकतामा मेसिन हावी भयो भने त्यसले भावना घटाइदिन्छ वा भत्काइदिन्छ । त्यसै ले अहिलेको कलिलो पुस्ताले गाउँघर, छिमेक, आफन्त, आलोपालो, पैंचो, अर्मपर्म, सहयोग आदिलाई पनि भावनात्मक रूपले बुझ्न वा मनन गर्न सक्दैन । यो यान्त्रिक शिक्षाले मानिसको भावनालाई नै यान्त्रिकीकरण गरी गाउँ र सहरबीचमा पुर्न कठिन खाडल उत्पन्न गरिदिएको छ । यसबारे अहिले नै सोच्न हामी भ्याएका छैनौँ । मेरी छोरीको 'शिक्षालय' यन्त्रजडित छ र 'सर्टिफिकेट' मा प्राप्त नम्बर का आधारमा प्रतिभा नाप्छ । छोरीको लब्धांकपत्रलाई पत्रपत्रिकामा विज्ञापनका रूपमा बेचेर अरू धेरै बालबालिका बटुल्छ । उसले विद्यार्थीको उत्तीर्ण प्रतिशतका आधारमा शिक्षकको कामको मूल्यांकन गर्छ । त्यसैले शिक्षकले पनि विद्यार्थीको लब्धांकपत्र अंकमा मात्र गह्रुँगो बनाउने भरमग्दुर प्रयत्न गर्छ । शिक्षक र विद्यार्थीबीचको सम्बन्ध भावनामा भन्दा बढी अंकमा छ । विद्यार्थीसँग भन्दा पनि उसको बढी सम्बन्ध विद्यालयको हिसाब-किताबसँग छ, लब्धांकपत्रसँग छ । त्यसै ले त विद्यालयको पूरै भविष्य विद्यार्थीको संख्यामा निर्भर छ । सबै 'सिस्टम' नै क्याल्कुलेटरले चलाउने भएपछि भावना र प्रेमको स्थान कहाँ रहयो र ?

त्यसैले मलाई त मेरी छोरीको भन्दा मेरै विद्यालय राम्रो छ । मलाई लाग्छ- सहर-बजारको मेरी छोरीको त्यो 'शिक्षालय' मात्र हो, विद्यालय होइन । छोरीको साक्षरता सिकाउने 'शिक्षालय' हो तर मेरो चाहिँ विद्या पढाउने विद्यालय । मानिस साक्षर हुनु र सभ्य हुनुमा धेरै फरक छ । एमए, पीएचडी गरेका कैयौँ व्यक्ति पनि कुकर्ममा लागेका देखिन्छन् । त्यसैले ती सभ्य नभएर साक्षरमात्र हुन् । अहिले को शिक्षाले सर्टिफिकेटमात्र दिएको छ, सभ्यता होइन । अहिलेको नम्बरको होडबाजीको यो सर्टिफिकेटले साक्षर नागरिकमात्र बढाएको छ तर सभ्य कमैमात्र । कुनै पनि नागरिक साक्षर हुनु र सभ्य हुनुमा आकाश जमिनको अन्तर छ । मलाई सभ्यतासहितको विद्या दिने मेरो पाठशाला र मेरा आदरणीय गुरुवरप्रति मेरो नमन छ । छोरी लाई शिक्षा दिन राजधानीमा यदाकदा किनेका शिक्षक पनि उपलब्ध हुँदारहेछन् । तर, मेरा गुरुहरूको मप्रतिको सम्बन्ध तलबमा कहिल्यै नापिएन । पढाउनेभन्दा बढी यो देशको असल नागरिक बनाउनेप्रति उहाँहरूको चिन्ता बढी थियो । उहाँहरूको प्रेम यतिखेरसम्मै प्रेरणाका रूपमा मेरो जीवनका हरेक पलमा छाएको छ । राजधानीका ठुल्ठूला महाविद्यालय, विश्वविद्यालयका गुरुहरू पनि यतिखेर हत्कडी लगाएर जेलमा छन् । उनीहरूले विश्वविद्यालयमात्र होइन, सम्बन्धनको पसल खोलेका छन् । यसरी शिक्षालाई व्यापार एवम् किनबेचको साधन बनाउन व्यापारीभन्दा बढी गुरुहरू नै उद्यत् छन् । लोभ अपराधको जननी हो । मेरा गुरुहरू धनको लोभमा परेर यस्तो नराम्रो समाचार कहिल्यै बन्नुभएन । मलाई लोभी बन्न नसिकाउने मेरा आदरणीय गुरुहरूप्रति म कृत्यकृत्य छु । मैनजस्तै आफू जलेर म र हामीजस्ता सबै विद्यार्थीका जीवनमा तेजिलो प्रकाश छर्न भगीरथ प्रयत्न गर्ने मेरा गुरुहरूप्रति मेरो अगाध श्रद्धा छ ।

मेरी छोरीका गुरुले त समयमै शुल्क नबुझाए परीक्षा नै दिन दिँदै नन् र रुवाउँदै घर पठाइदिन्छन् । तर, मेरा गुरुहरूप्रति मेरो र मेरा पिताजीको यस्तो कटुसम्बन्ध कहिल्यै रहेन । हाम्रा टाउका गनेर उहाँहरूले कहिल्यै क्याल्कुलेटर थिच्नु भएन । चूडामणि गुरुको नैतिक शिक्षाको पाठको धरातलले आजसम्म मलाई असल मार्गतर्फ हिँड्न प्रेरित गरेकोमात्र नभई, नैतिकताको बलियो आधार खडा गरि दिएको छ । प्रेम पौडेल गुरुको संस्कृत र प्रेम चापागाईं गुरुको नेपाली व्याकरणको जगले आज मेरो कलम देशका एक पत्रकारको कलमका रूपमा स्थापित हुन सघाएको छ । दुर्गा गुरुले चिनाइदिएको 'ए बी सी डी' मा दीनानाथ गुरुले केही शब्द र व्याकरण मिसाइदिएकाले आज विदेशीको अंग्रेजी भाषा पनि राम्रैसँग फुटाल्नसक्नेसम्म भएको छु । अघिल्लो दिन डल्ला फोड्दा उठेका ठेला फुटाउनेगरी हातमा बज्रिने गुरुदत्त गुरुका लौराले अहिलेसम्म यी हात गलत कामका कतै बढे का छैनन् । भीमनाथ गुरुको माया र ममताको बयान त यो एउटै लेखमा व्यक्त गर्न सम्भव छैन । अन्सारी र मृत्युञ्जय गुरुका गणितका पाठले जीवनमा कसैसँग हरहिसाबमा ठगिनुपरेको छैन । त्यसैले मलाई मेरी छोरीका सहरका 'सर' भन्दा मेरै गुरुहरू साह्रै प्यारो । अनि मेरी छोरीको सहरको पाँचतारे होटलजत्रो झकिझकाउ स्कुलभन्दा त मलाई रातो धुलौटे माटाले बनेको मेरै विद्यालय राम्रो । गर्मीमा उसको स्कुलमा फनफनी घुम्ने फ्यानभन्दा मेरै विद्यालयको वर, पीपल र चौतारी साह्रै शीतल । छोरीको स्कुलको क्यान्टिनका नानाथरि परि कारभन्दा ऊबेला छायादत्त काकाले पकाएको आलुकै तरकारी मीठो । छोरीको टिफिनभन्दा मेरै घरका मकैका ठेला मीठो अनि राजधानीको रंगशालाभन्दा मेरो विद्यालयकै चौर प्यारो । त्यसैले म सधैँ भन्ने गर्छु- मेरी छोरीको सहरिया शिक्षालयभन्दा त मेरो विद्यालय धेरै राम्रो ।

अमलाचौर ४, लामाचौर

जन्मभूमिप्रतिको कर्तव्य

- चिरन शर्मा

अरूलाई जस्तो अमलाचौरको पृथ्वी उच्चमाविमा स्कुले सबै जीवन बिताउने अवसर मलाई प्राप्त भएन । यद्यपि, कक्षा १० सम्म पुग्दा धेरै समय अमलाचौरमै बित्यो । त्यसअघि पारिवारिक कारणले अमलाचौर हुँदै बर्दिया, रूपन्देही (झारगैरा) र म्याग्दीको दर्बाङका स्कुलमा समेत पाइला राख्न पुगें । शिशु कक्षा र कक्षा १ बाट कखरा सुरु गरियो । ए-बी-सी-सी भने चार कक्षामा मात्र पढ्न पाइयो । 'नोस्टालजिया' मा रमाउनु मान्छेको स्वभाव हो । जुनसुकै विद्यालयमा गएर अध्ययन गरे पनि आफ्नो जन्मथलो र शिशु कक्षाको सम्झनाले सताइरहन्छ । अहिले स्कुले जीवनका ती स-साना घटनाले मानसपटलमा घच्घच्याइरहन्छ ।

उच्च शिक्षाका लागि काठमाडौं छिरेसँगै स्कुल बिरानो बन्दै गयो । काठमाडौंमै रहेर पनि वर्षौंसम्म आफूले पढेको स्कुलतिर फर्केर हेर्नेमौका मिलेन । गाउँबाट सहर पसेपछिका आइपर्ने चुनौती सामना गर्न कठिन थियो । काठमाडौंबाट अध्ययन सकेपछि विदेश हानिएँ । जर्मनीमा करिब एक वर्ष बसेर युके आइपुगें । युके मा बसोबास गरेको १३ वर्ष भएछ । धेरै नेपाली 'क्वालिटी अफ लाइफ' र सुनिश्चित भविष्यका लागि विदेश पलायन हुन्छन् । सामाजिक र पारिवारिक बाध्यताले पनि विदेसिने क्रम पहिलेभन्दा अहिले झन् बढेको छ । वेलायत, अमेरिका र अस्ट्रेलियाजस्ता देशमा स्थायी बसोबास गर्ने नेपालीको आयआर्जन अन्यभन्दा उच्चस्तरको हुनु स्वाभाविक मानिन्छ । यस्ता ठूला र विकसित मुलुकमा काम गर्दा धेरै कुरा सिक्ने पाइन्छ । विदेशमा पाइने सुविधा हाम्रो देशमा पनि भइदिए हुन्थ्योजस्तो लाग्छ । विदेशमा स्वास्थ्य, शिक्षा र यातायातलगायतको जीवनशैली निकै उच्च छ । धेरै नसोचेका अवसर आइलाग्छन् । बाहिरबाट हेर्दा, सुन्दा सर्वस्व यतै छ जस्तो लाग्छ ।

सर्वस्व विदेशमा भेटे पनि मन भने जन्मभूमि र आफ्नापनमै रुमलिरहेको हुन्छ । विदेशमा आफ्नो घर, गाडी-घोडा जे-जति भए पनि आफ्नो जस्तो लाग्दैन । १३ वर्षपछि गाउँ जाँदा बाटो मा भेटिएका रूखबिरुवा, खोलानाला सबैले आफूलाई चिनेको आभास हुन्थ्यो । मन फुरुङ हुन्थ्यो । सर्वत्र आफ्नोपन महसुस हुन्थ्यो । सबैले जिस्काइरहेको भान पर्थ्यो । तर, जन्मथलोभन्दा बाहिर जे-जस्तो प्रगति गरे पनि त्यो अमलाचौरको हावापानीमा हुने आफ्नोपन भने कहिल्यै भेटिँदैन । हरेकपलमा गाउँकै याद आउँछ । काम गर्दै जाँदा दुःख परे अथवा गर्न नसके त्यही जिमेरेको माटो छँदै छ नि भन्ने लाग्छ ।

विश्वमा तीव्र गतिमा भइरहेको प्रविधि विकासले अमलाचौरका हरेक गतिविधि छिनभरमै विश्वका सहरहरूमा पुग्छन् । काठमाडौं बस्नेलाई भन्दा विदेशमा बस्नेलाई समाचार छिटो पुग्छ । बिहान उठेर पहिले नेपालको समाचार नहेरेसम्म त्यो दिनको सुरुवात हुँदैन । गाउँमा भएका स-साना घटना, विवाह, व्रतबन्धलगायत स्थानीय राजनीतिक दाउचे पसम्मको खबर छिनभरमै आइपुग्छ । प्रविधिकै कारण विश्व साँघुरिएर सानो गाउँ बन्दै छ । काठमाडौंबाट निस्केपछि अमलाचौर पुग्नभन्दा थोरै समयमा लन्डन आइपुगिन्छ । स्कुल अध्ययन गरेर जसरी अहिले पूर्वविद्यार्थी पोखरा, बागलुङ, नारायणगढ, विराटनगर, काठमाडौं आफ्नो क्यारियर र अध्ययनका लागि पुगेका छन्, त्यसरी नै विश्वमा विभिन्न सहरमा छरिएको अवस्था छ ।

विदेशमा बस्नेलाई गाउँमा बस्ने बढी जिज्ञासा राख्ने विषय हो- नेपाल कहिले आउने ? तर, त्यही काठमाडौंमै भएर पनि दशकौंसम्म गाउँ नफर्कनेलाई यो प्रश्न सोध्दैनन् । त्यो स्वाभाविक पनि हो तर अब बुझ्नु पर्ने कुरा के हो भने विदेशका विभिन्न सहरमा बस्ने नेपाली पनि नेपालकै कुनै सहरमा बसेजस्तै हुन थालिसक्यो । जहाँ रहे पनि जस्तो पेसा अँगालेको भए पनि बिर्सनै नसकिने र बिर्सन नहुने भनेको आफ्नै जन्मथलो हो । जन्मथलोप्रति ओठेमाया र भावनात्मक रूपले प्रस्तुत भएरमात्र हुँदैन, त्यसप्रति कर्तव्य छन्, त्यसलाई पूरा गर्नुपर्छ । यही मान्यता आत्मसात् गरेर अमलाचौरका पूर्वविद्यार्थीले कर्तव्य पालनको अभियान सुरु गरेका छन् । विद्यालय स्थापना पुरानै पुस्ताले गरेको हो । त्यसमा नयाँ पुस्ताको कुनै भूमिका छैन । नयाँमा पुरानो पुस्तामा जस्तो परोपकारी भावना देखिँदैन, त्यसैले आफूले पढेको विद्यालयको भविष्य निर्माणको जिम्मेवारी हाम्रै पुस्ताको हो ।

विदेशमा बस्नेलाई गाउँमा बस्ने बढी जिज्ञासा राख्ने विषय हो- नेपाल कहिले आउने ? तर, त्यही काठमाडौंमै भएर पनि दशकौंसम्म गाउँ नफर्कनेलाई यो प्रश्न सोध्दैनन् । त्यो स्वाभाविक पनि हो तर अब बुझ्नुपर्ने कुरा के हो भने विदेशका विभिन्न सहरमा बस्ने नेपाली पनि नेपालकै कुनै सहरमा बसेजस्तै हुन थालिसक्यो । जहाँ रहे पनि जस्तो पेसा अँगालेको भए पनि बिर्सनै नसकिने र बिर्सन नहुने भनेको आफ्नै जन्मथलो हो ।

नागरिक राष्ट्रिय दैनिकसँग आबद्ध रहनुभएका शर्मा नेपाल पत्रकार महासंघ युके अध्यक्ष हुनुहुन्छ

पृथ्वी उच्चमाविबाट अध्ययन गरेर विश्वका विभिन्न क्षेत्रमा छरिएका हजारौँ पूर्वविद्यार्थी अहिले संगठित हुँदै गइरहेका छन् । पछिल्लो समयमा लोकप्रिय हुँदै आएको सामाजिक सञ्जालले सबैलाई नजिक बनाएको हो । सामाजिक सञ्जाल विगत सम्झाउने, एक-अर्काको भावना बुझ्ने, सुख, दुःख साट्ने माध्यम बनेको छ । यही सञ्जाल सदुपयोग गर्दै अमलाचौरबाट अध्ययन गरेर विभिन्न पेसामा संलग्न विद्यार्थी सन् २०१३ को जनवरीबाट सामाजिक सञ्जालबाट संगठित हुन थालेका हुन् । आफूले पढेको विद्यालयलाई केही गरौँ भन्ने भावना सञ्जालमार्फत अभिव्यक्त भएका थिए । यही भावनाको कदरस्वरूप पूर्वविद्यार्थीको संस्था अमलाचौर स्कुल एल्मुनाई एसोसिएसन स्थापना भएको हो । दुई उद्देश्य लिएर एल्मुनाईको जन्म भएको हो ।

अमलाचौर स्कुलको भौतिक पूर्वाधार विकास र शैक्षिक गुणस्तरमा सहयोग पुऱ्याउने उद्देश्यले अक्षयकोष स्थापना गरिएको छ । यो अभियान कुनै एक व्यक्तिको मात्र नभएर अमलाचौर स्कुलको बृहत्तर हित चाहने सबैको साझा अभियान हो । यो अभियानमा संलग्न हुन विदेशमा बसोबास गरेको हुनुपर्छ भन्ने मापदन्ड तोकिएको छैन । जुनसुकै पेसा वा बेरोजगार भए पनि यो अभियानमा संलग्न हुन सकिन्छ । यो अभियानमा धनाढ्यभन्दा परोपकारी मन भएका धेरै संलग्न छन् । पवित्र मन भएका आफूले पढेको विद्यालयलाई केही गर्नुपर्छ भन्ने चाहना बोकेर यो अभियानमा सरिक हुन सकिन्छ ।

पैसा हुने वा विदेशमा बसेर कमाएकाले मात्रले सहयोग गर्नुपर्छ भन्ने छैन । आर्थिक सहयोगले मात्र होइन, आफूले विदेश वा स्वदेशमा सिकेको सीप आफूले पढेको विद्यालयमा अध्ययन गरिरहेका भाइबहिनीलाई सेयर गर्न पनि सकिन्छ । त्यसको सुरुवात भइसकेको छ । यो विशुद्ध परोपकारी काम हो । अहिले विश्वभरि छरिएका नेपाली आ-आफ्नो क्षमताले सकेसम्म परोपकारी काम गर्दै आएका छन् । आफ्नो विवाह, व्रतबन्ध, पूजाआजामा हुने खर्च कटाएर बचेको पैसाले थुप्रै परोपकारी काममा भेटिन्छन् ।

बीबीसी नेपाली सेवाका समाचार सम्पादक सुमन खरेलका अनुसार 'नेपालमा मात्र होइन, खाडी राष्ट्रदेखि लिएर युरोप, अमेरिका, इजरायल र अस्ट्रेलियासम्म दर्जनौं देशमा छरिएका नेपालीमा प्रचुर मात्रामा परोपकारी भाव भेट्न सकिन्छ । गाउँ, जिल्ला, पल्टन, जाति, धर्म, पेसा, कलासाहित्य, राजनीतिक आस्था, महिला, बेलायतका विभिन्न क्षेत्र अनि यदाकदा विशुद्ध सामाजिक उद्देश्य बोकेका संघ-संस्था एकपछि अर्को ख'ल्दै गए । यस्तो लाग्छ- यो एउटा अभियानकै रूपमा अघि बढिरहेको छ, एउटा होड नै चलिरहेको छ । यो होड नेपालका कुनाकन्दरामा रहेका कैयौं विद्यालयलाई सहयोग पुगेको छ ।'

गैरआवासीय नेपाली संघ संस्थापक अध्यक्ष उपेन्द्र महतो भन्छन्, 'धन भएर मात्र मानिस सम्पन्न हुँदैन, मन ठूलो हुनुपर्छ । दान दिनुमा जस्तो आत्मसन्तुष्टि अरू कुनैमा हुँदैन । धनी भएमात्र परोपकारी काम गर्न सकिन्छ भन्ने होइन् । दान ठूलो हुनुपर्छ भन्ने होइन, मन ठूलो हुनुपर्छ । आफू जन्मेको देश र समाजका लागि केही गर्न अघि बढ्दा सन्तोष प्राप्त हुन्छ भन्ने हाम्रो अभियानको मूल मर्म हो ।'

पत्रकार रवीन्द्र मिश्र भन्छन्, 'समाज र राज्यलाई परोपकारी नबनाउने हो भने यो संसारको समृद्धि, यो संसारको खुसी दिगो हुन सक्दैन । व्यापक हुन सक्दैन । समाजमा स्वतन्त्रता सबैलाई मन पर्छ । समृद्ध व्यक्तिले पनि त्यो समृद्धिको त्यतिबेला मात्रै खुसीसाथ सदुपयोग गर्न सक्छन्, जतिबेला वरिवरिका समाज वा मानिस पनि एकर्किसिमको न्यूनतम खुसीसाथ जीवनयापन गर्न सक्छन् । वरिपरि दुखै-दुख भयो भने दुःखै-दुःखको सागरमा समृद्धिको टापु लामो समय टिक्न सक्दैन । प्रकृतिले नै कसैलाई बढी बुद्धिमान बनाएको छ, कसैलाई कम बनाएको छ । कसैलाई सबल, कसैलाई दुर्बल बनाएको छ । प्रकृतिमा विविधता हुन्छ । त्यसैले त्यो आदर्श, समानता कहीँ पनि सम्भवै छैन । तर, जोसँग छ, उसले नह'नेका लागि अलिकति बढी ध्यान नदिने हो भने हुनेहरू पनि यो संसारमा खुसी भएर बाँच्न सक्दैनन् ।' उनका अन'सार परिवर्तनको बाटो भनेको शिक्षा, शिक्षा, शिक्षा नै हो ।

मिश्रले परिवर्तनको बाटो शिक्षा देखेजस्तै हामीले पढेको विद्यालयको समृद्धिको बाटो पनि हाम्रै प्रयासबाट मात्र सम्भव छ भन्ने हाम्रो विश्वास हो । यो प्रयासमा विद्यार्थी, शिक्षक, पूर्वविद्यार्थी, अभिभावकलगायतको पूर्ण सहयोग भयो भने परिवर्तनको सुरुवात हाम्रै पुस्ताबाट हुनेछ । यो परोपकारी अभियानमा सबैको साथ रहोस्, खान पुगोस्, दिन पुगोस् । ❁

गजल

■ दीपेन्द्र ढकाल

विषको रूखमा पनि अमृत, फल्न सक्छ कहिलेकाहीँ।
हावै नलाई रूखको पात नि, चल्न सक्छ कहिलेकाहीँ

विश्वासिलो मान्छे भनी, मनको कुरा दिदाखेरि
हेर्दाहेर्दै घात गरी, छल्न सक्छ कहिलेकाहीँ

पत्थर र मानिसमा, समानता देख्दादेख्दै
मानिस पनि अनायसै, गल्न सक्छ कहिलेकाहीँ

तासको महल होईन जीवन, भन्दै कुरा गर्नेहरू
सानो हुरी ठूलो रूख, ढल्न सक्छ कहिलेकाहीँ

कसैको नि डर छैन, भन्न हुन्न भुलेर नि
पानीभित्र माछा पनि, जल्न सक्छ कहिलेकाहीँ

पुर्व विद्यार्थी, पृथ्वी उच्च मा वि, अमलाचौर (एसएलसी २०५२)
ठेगाना: अमलाचौर ५, बुकेनी, बागलुङ
हाल शिक्षक महादेव उ मा वि रातमाटे १, नुवाकोट

दलितको आँगनमा ज्योति छर्न सफल पृथ्वी उच्च मावि

हेमबहादुर विश्वकर्मा

सबैलाई थाहा भएकै कुरा हो, मानिसका आधारभुत आवश्यकता गास, बास र कपास हो । कुनै पनि राज्यका जनताको मौलिक अधिकारको कुरा हो । अन्तरिम संविधान २०६३ ले यो अधिकारको, कागजमै सही, ज्ञारेन्टी गरेको छ । आउँदै गरेको नयाँ संविधानमा पनि गास बास र कपासलाई आधारभूत अधिकारमा सुरक्षित गरिएको छ । यसपछि मानवीय जीवनलाई सहज, सभ्य र समुचित ढङ्गले अर्थपुर्ण रूपमा जिउनको लागि शिक्षा, स्वास्थ्य र रोजगार अति आवश्यक छ । यो अधिकार प्राप्तिका लागि मानव जगत इतिहासमा ठूलाठूला संघर्षमा सहभागी भएको छ ।

जसरी शारिरीक वृद्धि र विकासको लागि पोषणतत्व चाहिन्छ, त्यसै गरी चेतनाको विकासका लागि शिक्षा अपरिहार्य छ । मानव र मानव समाजको विकासक्रम वर्तमान आधुनिक युगसम्म आईपुग्नुको मुख्य देन शिक्षा नै हो । शिक्षाको माध्यमबाट मानिसले आफु मात्र नभई संसार र सारा ब्रह्माण्डको खोज अनुसन्धान गर्न सफल भएको छ । ज्ञान, विज्ञानको विकास शिक्षाको व्यापकताका उपज हुन् । त्यसो त, मानव विकास सूचकांकको पारो माथि उठाउनका लागि शिक्षाको अपरिहार्य आवश्यकता छ । यसर्थ, शिक्षाको विस्तार एवं यथोचित वितरणका लागि विद्यालयको आवश्यकता पर्दछ । एक जमनामा गुरुकुल, ठुला वृक्षको छहारी, चौतारीमा अध्ययन अध्यापन गराई शिक्षादिक्षा दिने चलन थियो । त्यहाँ गरिब जनताका छोराछोरीले पढ्ने अवसर प्राप्त हुँदैनथ्यो । शासकका सन्तान, भाइभारदारहरूका लागि नेपालमा पहिलो विद्यालय खुल्यो दरबार हाइस्कुलका नाममा । हाम्रो जस्तो दुर्गम गाउँमा त्यतिबेला त विद्यालयको कल्पना समेत हुँदैनथ्यो होला । दिन वित्दै गए, मानिसको चेतनाको विकास पनि क्रमिक रूपमा विकास हुँदै गयो । राणाशासनको अन्त्य पछि देशका विभिन्न भागमा विद्यालय खोल्ने क्रम सुरु भयो । हाम्रो गाविसमा पनि हाम्रा अग्रजहरूले विद्यालय खोल्ने प्रयत्नको सुरुवात गरे ।

अमलाचौर गाविसको मध्य भागमा अवस्थित श्री पृथ्वी उच्च माध्यमिक विद्यालय तिनै हाम्रा पूर्वजको उपज हो, जुन विद्यालय वर/पिपलको रूखमुनि चौतारीबाट सुरु भई अहिलेको स्वरूपमा आईपुगेको छ । अमलाचौर गाविसमा विद्यालय स्थापनापुर्वको समय र तत्कालिन सामाजिक, आर्थिक अवस्थालाई आंकलन गर्ने हो भने वर्तमानसम्म आइपुग्न धेरै ठूलो अन्तरमा फड्को मारेको देखिन्छ । अहिले हाम्रो समाजले स्वास्थ, सुचना, विज्ञान, प्रविधि, आदि क्षेत्रमा धेरै ठुलो फड्को मारेको छ, जुन कुरामा पृथ्वी उच्च माविले शरीरमा मस्तिष्कको भुमिका खेले जस्तै खेलेको छ । यो विद्यालयले आजसम्म डाक्टर, इन्जिनियर, राजनीतिज्ञ, समाजसेवी जन्माइसकेको छ । आफ्ना विद्यार्थीलाई निजामति र न्यायिक सेवामा उच्च तहमा पुर्‍याउन सफल भएको छ । यसर्थ पृथ्वी उच्च माविलाई हाम्रो समाजको चेतनाको विकास, सभ्य सामजिक जीवन र सम्पुर्ण उपलब्धिको जननी मान्न सकिन्छ ।

विशेषत: तत्कालिन शासन प्रणाली, विभेदपुर्ण जातीय छुवाछुतयुक्त सामाजिक व्यवस्था आदिका कारण दविएको तर श्रम सीप र कलाका धनी समाजको आधारभुत दलित वर्ग यो विद्यालयको वरिपरि छरिएर रहेको छ । विश्वकर्मा, हरिजन, गायक, परियार लगायतका दलित वस्ती यही विद्यालय नजिकै रहेका छन् । त्यसो त, अमलाचौर गाविसको कुल जनसंख्याको धेरै हिस्सा दलित समुदायले ओगटेको छ । तसर्थ, स्वभाविक रूपमा यो विद्यालयको विद्यार्थी संख्यामा दलित समुदायको हिस्सा धेरै नै देखिन्छ । विद्यालयको एसएलसी नतिजा हेर्ने हो भने, पछिल्ला वर्षमा दलित समुदायका विद्यार्थीको उत्तिर्ण प्रतिशत पनि बढ्दै गएको छ । यो सबै दलित समुदायका लागि सन्तोषको विषय हो । मानव विकास सूचकांकको पारो बढाउनका लागि शिक्षाको पहिलो महत्व छ । आज दलितका वस्ती वस्तीमा शैक्षिक जनशक्ति उत्पादित भैरहेको छ । यो उत्पीडित समुदाय शैक्षिक र सामाजिक हिसाबले आजका दिनसम्म आइपुग्दा स्थानीय समाजमा मात्र होइन बाहिर पनि आफुलाई प्रतिस्पर्धी बनाउन सक्षम हुँदैछ । यसको पुर्ण श्रेय पनि यहि पृथ्वी उच्च माविलाई नै जान्छ ।

विद्यालय वरिपरि छरिएर रहेका दलित बस्तिमा शिक्षाका चम्किला किरण छरेर सुन्दर, सुशिक्षित बनाएको छ । भनिन्छ शिक्षाविना मानिस जत्रोसुकै नेत्र भएपनि अन्धो हुन्छ । आखिर सम्पुर्ण कुरालाई अभिवृद्दि गर्ने मुल स्रोत त विद्या नै हो । यस विद्यालयबाट ज्ञान हासिल गरी विभिन्न क्षेत्रमा प्रगति गर्न सफल भएका छन् यहाँका दलित बस्तिहरू । हरेक क्षेत्रमा शैक्षिक योग्यता आवश्यक पर्ने अहिलेको समयमा विद्यालयबाट ज्ञान हासिल गरी चौतर्फी आफ्नो सहभागिता जनाउन सक्षम भएका छन दलित उत्पीडित जनता । बर्षौंदेखि खेपेको जातीय दमन र उत्पीडिन विरूद्ध आफ्नो हक अधिकारको माग

विद्यालयका पूर्वविद्यार्थी विश्वकर्मा हाल वैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरियामा हुनुहुन्छ

र स्थापना गर्न सक्ने भएका छन् । सामजिक आर्थिक रूपमा एउटा कमजोर, ज्ञानविहीन, उद्देश्यविहीन अवस्थालाई शिक्षाको माध्यबाट चिरेर सुखी, सु-सभ्य पहिचान बनाउन सफल भएका छन् । शारिरीक स्वास्थ, सरसफाइदेखि विज्ञान प्रविधिलाई आत्मासात गर्दै जीवनस्तर धेरै माथि उकासेका छन यहाँका दलित समुदायले । यहाँबाट शैक्षिक ज्ञान हासिल गरी एसएलसी तथा प्रमाणपत्र तह उत्तीर्ण गरेर प्रविधिक तथा सरकारी रोजगारीमा दलित युवा पुगेका छन् ।

एसएलसीमा उत्तीर्ण हुने दलित विद्यार्थीको संख्या क्रमिक रूपमा बढ्दो छ । समयको अन्तरालँगै शैक्षिक क्षेत्रमा उत्साहजनक सहभागिता र सफलताले दलित वर्गमा पनि अगाडि बढ्ने प्रेरणा मिलेको छ । परापुर्वकालदेखि अपनाएको पेशालाई उचित व्यवस्थापन गरेर नयाँ प्रविधिको सहायताले व्यवसायिक मार्गमा अगाडि बढ्ने धेरै दलित युवा पनि पृथ्वी उच्च माविले जन्माएको छ । समाज तब मात्र विकसित र सम्पन्नशाली बन्छ, जहाँ हरेक व्यक्ति शैक्षिक चेतनाले भरिएका हुन्छन् । चरम रूपमा व्याप्त अशिक्षा, गरिबी र उत्पीडनलाई हटाएर विकसित र सम्पन्न समाजको दिशातिर डोऱ्याउनका लागि पृथ्वी उच्च माविले परिवर्तनकारी शैक्षिक चेतनाको उर्जा प्रदान गरेको छ । दुःखका अँध्यारो रातलाई चिर्दै मिर्मिरे बिहानीमा शिक्षाको ज्योति फिजाउने सूर्यको रूपमा उत्तीर्ण भएको छ हाम्रो प्यारो विद्यालय ।

यस विद्यालयबाट ज्ञान हासिल गर्ने युवाको लोकप्रियता, प्रतिभासम्पन्न प्रभाव, विशाल वृत्तमा परेको छ । बदलिँदो विज्ञान प्रविधिसँग हातेमालो गर्दै समाज र राज्यलाई नयाँ आविष्कार प्रदान गर्ने युवाको भविष्यप्रति सहज समिकरण गर्न पृथ्वी उच्च माविको महत्वपुर्ण भुमिका रहेको छ । दुःख, कष्ट, अशिक्षाले ग्रसित समाज सिर्जनशील र कर्मशील स्थान बनेको छ । जर्जर अवस्थाका दलित गाँऊ शिक्षाको मलजलले हराभरा सुगन्धित बगैचामा रूपान्तरित भएका छन् । यसर्थ पृथ्वी उच्च माविको देन यहाँका दलित बस्तिका लागि अमुल्य छ, अतुलनीय छ ।

विगतको परिणाम वर्तमान हो र वर्तमानको परिणाम भबिष्य । सोही अनुरूप, यस शिक्षण संस्था विगतमा स्थापनाको परिणामले यसबेला हामी मानव जगत र संसारलाई बुझ्न सक्ने भएका छौ । हाम्रा बन्द गरिएका या जबरजस्त बन्द गराउन बाध्य पारिएका ज्ञान चक्षुहरू खोलिएका छन् । अब, हामीले यो विद्यालयलाई सहयोग गर्नेदिन आएको छ । हामीलाई ज्ञान प्राप्तिका लागि आदर्श बाटो डोर्‍याउने हाम्रो विद्यालयको शैक्षिक र भौतिक सुधारका लागि हामीले केही गरेर देखाउनुपर्ने दिन आएको छ । हामीले यस विद्यालयलाई आधुनिक विकास गर्दै नयाँ निर्माणमा जोड्न सकेमात्र पुस्तौ पुस्ताले शैक्षिक लाभ लिन सक्नेछन् । राष्ट्र निर्माणका लागि भबिष्यमा योग्य कर्णधारहरू जन्मनेछन् । यो शिक्षण संस्थालाई हामी सबैको सहयोग, सम्बर्धन र संरक्षण सदैव हुनुपर्दछ । आउनुहोस, हामी सबै मिलिजुली अझ उत्कृष्ट शिक्षाका लागि पुर्वाधार निर्माण गरौं । सक्दो सहयोग गरौं । ❁

मेरो पृथ्वी : प्यारो पृथ्वी

युवकराज पौडेल
अमलाचौर-१, हाल काठमाडौं

बोकेर
सपनाको झोलामा सरस्वतीको स्तुति
अनि आफ्ना औंला जस्तै सिसा
तेर्सिन्थ्यो एउटा बालक स्फुर्तिसाथ
पृथ्वीको आँगनतिर
र कोर्थ्यो खाली कागजमा
आफ्नो भविष्यको गोरेटोको नक्सा ।

बिताएथ्यो जिन्दगीका
दुई हातका औंला बराबर वसन्त,
सुम्पिएर आफुलाई पृथ्वीको काखमा।
र एकदिन
समातेथ्यो त्यही गोरेटो
बनाएथ्यो जुन पृथ्वीको आँगन बसेर ।

हिँडेथ्यो बोकेर
पिठो र सिन्की
पिठो भन्दा गरुङ्गो मन,
सिन्की भन्दा अमिलो बनाउँदै
पसेथ्यो सपनाको सहरतिर ।
हराएथ्यो बर्षौंसम्म
सहरको जंगल जस्ता मान्छेहरू माझ
सायद पहिल्याउन नसकेर
आफैंले कोरेका बाटोहरू
हो या भत्काएर बाटोहरू
समयको बाढीले ।

बनाउन भविष्य अमृतजस्तै
लम्किन्थ्यो अमृत साइन्स तिर,
चमकदार बनाउने सोचले चन्द्रजस्तै,
दौडिन्थ्यो त्रि-चन्द्रको गेटतिर,
र आज
संसारलाई अलिअलि बुझ्ने भएर
भौतिक रुपमा
पाएको छ उपमा भौतिकशास्त्रीको ।
हो त्यही बालक,
एउटा जवान युवक बनेर

विश्वविद्यालयको बगैंचाबाट
गरिरेहेछ सम्झना
त्यही प्यारो पृथ्वीकोस
जहाँबाट कोरेथ्यो
भविष्यको गोरेटो ।
गरिरहेछ सम्झना पृथ्वीको
रहेसम्म अस्तित्व पृथ्वीमा,
मेरो पृथ्वी
प्यारो पृथ्वी ।

अमलाचौर गा.वि.स.को वर्तमान अवस्था र पूर्व विद्यार्थीहरूको भूमिका

- ज्ञानेन्द्रप्रसाद पौडेल

बागलुङ जिल्लाको दक्षिणी भेगमा अवस्थित अमलाचौर गाविस पूर्वमा कालीगण्डकीदेखि पश्चिममा भकुन्डेसम्म र उत्तरमा पैयुँयाटा/नारायणस्थानदेखि दक्षिणमा कुश्मीशेरासम्म फैलिएको छ। उत्तरको धापाखोलादेखि दक्षिणको जुम्लिखोलासम्म पुग्दाका हरेक पाइलाले यहाँको वस्तुस्थितिको अनुभूति दिलाउँछ भने पूर्वको कालीगण्डकी तीरदेखि पश्चिमको भैरवस्थान मन्दिरसम्म पुग्दाको ठाडो उकालोले घनघस्याको उकालोलाई बिर्साइदिन्छ। थुप्रै भौगोलिक विविधतायुक्त यो गाविसमा पहिलो पाइला टेक्ने जोकोहीले पनि यहाँको मनोरम प्राकृतिक वातावरण तथा सुन्दर र रमणीय स्थलले अलौकिक स्वार्गीय आनन्दको अनुभूति गर्न सक्छ। यिनै थुप्रै उकाली र ओह्राली अनि चौतारी र भन्ज्याङमा लुकामारी गर्दै डन्डिबियो र टिप्पुदेखि कपर्दी र भलिबललगायत थुप्रै खेल खेलेको बाल्यकालदेखि जवानीसम्मका बालसुलभ, रोमान्चक र अनुपम आनन्दलाई यो आलेखमार्फत पुनः एकपटक स्मरण गर्दै अमलाचौर गाविसको वर्तमान अवस्थालाई केलाउँदै पूर्वविद्यार्थीले निर्वाह गर्न सक्ने भूमिकालाई कोट्याउने प्रयत्न गरेको छु।

अमलाचौर गाविसको वर्तमान अवस्था :

जनसंख्या र यसको बनावट :

२०६८ को जनगणनाअनुसार अमलाचौर गाविसमा २ हजार ७०९ महिला र १ हजार ९७८ पुरुष गरी जम्मा ४ हजार ५८७ जनाको बसोबास रहेको छ। जम्मा १ हजार २०६ घरपरिवार रहेको यो गाविसको औसत परिवार संख्या ३.८० छ। कुल जनसंख्यामा आर्थिक रूपले सक्रिय १५-६० वर्षसमूहको जनसंख्या ५४.६१ प्रतिशत रहेको छ भने आर्थिक रूपले निष्क्रिय जनसंख्या ४५.३९ प्रतिशतमध्ये १५ वर्षभन्दा तलको जनसंख्या ३२.९८ प्रतिशत र ६० वर्षभन्दा माथिको जनसंख्या १४.४१ प्रतिशत रहेको छ।

वडाका आधारमा जनसंख्या वर्गीकरणलाई हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नम्बर ७ मा ८०१ रहेको छ भने वडा नम्बर ८ मा सबैभन्दा कम ३४० रहेको छ। विभिन्न जातजातिको संगमस्थलका रूपमा रहेको अमलाचौरमा भाषागत रूपमा भने कुनै विविधता छैन। अधिकांश बाह्मणको बसोबास रहेको यो गाविसमा सबैभन्दा कम माझी र गाइनेको जनसंख्या ६०/६० रहेको तथ्यांकले देखाउँछ। जातिगत जनसंख्याको अवस्थालाई तालिकामा यसरी देखाइएको छ।

तालिका नम्बर १

जातिका आधारमा जनसंख्याको वर्गीकरण

क.सं.	जात/जाति	जनसंख्या			
		पुरुष	महिला	जम्मा	प्रतिशत
१	बाह्मण	१०४२	१६१०	२६५२	५७.८२%
२	क्षेत्री	१५०	२१०	३६०	७.८५%
३	मुसलमान	३१	३२	६३	१.३८%
४	कामी	१८३	२६२	४४५	९.७०%
५	दमाई	८२	१३२	२१४	४.६७%
६	ठकुरी	३७	५३	९०	१.९६%
७	सार्की	३०१	३३३	६३४	१३.८२%
८	माझी	२२	२८	६०	१.३०%
९	गाइने	२६	३४	६०	१.३०%
१०	अन्य	४	५	९	०.२०%
	जम्मा	१,८७८	२,७०९	४,५८७	१००

स्रोत : केन्द्रीय तथ्यांक विभाग-२०१२

घरको अवस्था र सुविधा उपलब्धताको स्थिति :

गाविसभरि रहेका १ हजार २०६ घरमध्ये अधिकांश ढुंगा र माटोबाट बनेका छन् भने ५३.८१ प्रतिशत घर स्लेट ढुंगा, ४१ टिन र ५८ घरमात्र खरले छाएको पाइन्छ । ९४.८६ घरपरिवारले बिजुलीबत्ती प्रयोग गर्छन् भने ९८.७६ प्रतिशत घरपरिवारले खाना पकाउन इन्धनका रूपमा दाउरामै निर्भर हुनुपर्ने अवस्था छ। खानेपानी समस्या यहाँको प्रमुख समस्यामध्ये एक हो । अझै पनि ३३.१७ प्रतिशत घर परिवार खानेपानीका लागि कुवा, मूल र खोलासम्म धाउनुपर्ने अवस्था विद्यमान छ। खुला दिसामुक्त क्षेत्र घोषणा भइसक्दासमेत यहाँका १६३ घरपरिवारसँग अझै व्यवस्थित शौचालय प्रबन्ध छैन ।

सञ्चार सुविधाको बढ्दो पहुँचसँगै यहाँका ८८.९७ परिवारसँग मोबाइल सुविधा, ६१.७५ परिवारसँग रेडियो, २५.३७ परिवारसँग केबल टेलिभजिन सुविधा, १.१६ घरपरिवारको इन्टरनेटमा पहुँच र सीमित परिवारको सवारीसाधनमासमेत पहुँच भइसकेको अवस्थामा अझै पनि ८.३८ प्रतिशत घरपरिवारसँग कुनै एउटा पनि सुविधा उपभोग गर्न सक्ने पहुँच र सामर्थ्य छैन ।

स्वास्थ्य र शिक्षा अवस्था :

स्वास्थ्य सेवा उपलब्धताको हिसाबले अझै पनि यो गाविस धेरै पछाडि परेको छ । एउटामात्र उपस्वास्थ्यचौकी र त्यसमा कार्यरत सीमित संख्याका स्वास्थ्य कार्यकर्ताको भरमा ४ हजार ५८७ मानिस निर्भर रहनुले यसको पछौटेपनलाई पुष्टि गर्छ । गाविसभरिमा १२९ व्यक्ति आज पनि शारीरिक, मानसिक र अन्य कुनै न कुनै रूपमा अशक्त जीवन जिउन विवश छन् ।

शिक्षा क्षेत्रमा पनि यो गाविसलाई पिछडिएको गाविसका रूपमा लिइन्छ। साक्षरता दर ७०.८१ रहेकोमा महिला साक्षरता दर ६२.८५ रहेको रहेको छ भने दुवै (लेख्न र पढ्न) सक्ने जनसंख्या जम्मा ५०.५१ प्रतिशत रहेको छ । गाविसभरि एक उच्चमावि, एक निमावि, आठ प्रावि र दुई बोर्डिङ स्कुल सञ्चालनमा रहेका छन्। शैक्षिक पूर्वाधार र सामग्री छैन भन्दा हुन्छ। अमलाचौरका अग्रणी समाजसेवी व्यक्तित्व स्व. भीमनाथ शर्मा पौडेलको स्मृतिमा स्थापित "भीमनाथ शर्मा पौडेल स्मृति पुस्तकालय" स्थापना भए पनि व्यवस्थित रूपमा सञ्चालन हुन सकेको छैन। यस परिप्रेक्ष्यमा पृथ्वी उच्चमाविका पूर्वविद्यार्थी डा. हेमराज शर्माको अगुवाइमा पूर्वविद्यार्थी समाजमार्फत शैक्षिक विकासका लागि देखाइएको तत्परता अत्यन्तै प्रशंसनीय छ।

महिला पुरुषभन्दा बढी रहेकोमा उच्च शिक्षा प्राप्तिलाई हेर्ने हो भने पुरुषको संख्या अधिक रहेको छ । तल्लो तहको शिक्षा प्राप्तिमा महिलाको संख्या बढी देखिए पनि माथिल्लो तहमा सो अवस्था कायम रहन नसक्नुले शिक्षा प्राप्तिमा महिला र पुरुषबीचको विभेद प्रस्ट्याउँछ ।

अर्थतन्त्र :

अमलाचौर गाविसको अर्थतन्त्र मूल रूपमा कृषि व्यवसायमा निर्भर छ। पिछडिएको अवस्थामा रहेको यहाँको कृषि व्यवसाय परम्परागत र निर्वाहमुखी रहेको छ । पशुपालन, कुखुरापलान, फलफूल खेती, तरकारी खेती र नगदेबालीको प्रचुर सम्भावना भएर पनि शिक्षित युवा त्यतातर्फ आकर्षित हुने वातावरण तयार हुन सकेको छैन । सिँचाइ, बीउविजन, प्राविधिक ज्ञान र प्राविधिक र मलखाद अभाव, बाली बीमा हुन नसक्नु, जमिनको खण्डीकरण, बजार अभाव आदि अभावै अभावले सिर्जना गरेका दर्जनौँ समस्याका अलावा कृषिमा लाग्नेलाई हेयको दृष्टिले हेर्ने हाम्रो आडम्बरपनका कारण पनि यो क्षेत्रमा युवाको आकर्षण बढ्न सकेको छैन । कृषिमा लाग्न चाहने युवाले उपर्युक्त समस्या चिर्न संगठित रूपमा सहकारीकरणमार्फत आधुनिक र व्यावसायिक कृषि व्यवसायमा संलग्न हुन जरुरी देखिन्छ । यसबाट मात्र कृषि क्षेत्रको गुणात्मक विकास सम्भव छ ।

यहाँको अर्थतन्त्रको दोस्रो आयाम भनेको वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सको कमाइ हो। यहाँका अधिकांश युवा भारतदेखि मध्यपूर्वका राष्ट्र हुँदै युरोप, अस्ट्रेलिया र अमेरिकाजस्ता विकसित राष्ट्रसम्म छरिएर रहेका छन्। यी युवाले पठाएको रेमिट्यान्सको कमाइको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भइरहेको अहिलेको अवस्थालाई सुधार गरी त्यसलाई उत्पादनशील क्षेत्रमा लगाउन सके यहाँको अर्थतन्त्रमा सकारात्मक परिवर्तन आउनेछ ।

अर्थतन्त्रको तेस्रो आयामका रूपमा यहाँका पुर्ख्यौली पेसा रहेका छन् । तर, अहिले कपडा सिलाउने, कुटोकोदालो बनाउने, ठेका कुँद्ने, डोका, डाला बुन्ने, जुत्ता सिलाउनेलगायतका थुप्रै पुर्ख्यौली पेसाप्रति युवाको मोहभंग हुँदै गइराखेको छ। यसलाई पुर्खाको पेसा धान्नेमात्र नलिई व्यावसायिक ढंगले सोची आधुनिकीकरण र व्यवसायीकरण गर्दै स्थानीय श्रम, साधन र सीपको उच्चतम सदुपयोग गरी सञ्चालन गर्न सक्यौँ भने हाम्रो जीवनस्तरमा कायापलट ल्याउन सक्छ ।

स्थानीयस्तरमा हुने व्यापार, व्यवसाय, कुटानपिसानीलगायतका घरेलु व्यवसाय, सरकारी र निजी क्षेत्रको रोजगारी अर्थतन्त्रको अर्को महत्वपूर्ण आयामका रूपमा रहेको छ । जिल्ला सदरमुकाम बाग्लुङदेखि पाँच कोस टाढा रहेको यो गाविसलाई तीन कच्ची सडकले सदरमुकामसँग जोडेको र प्रायः सबै गाउँमा डोजरमार्फत बाटा पुऱ्याइएको वर्तमान अवस्थामा स्थानीय व्यवसायको अझ बढी सम्भावना देखिन्छ। सडक सञ्जाल व्यवस्थित गराउन सकेका खण्डमा यहाँको स्रोत र साधन अधिकतम सदुपयोग गर्न सकिन्छ । साथै सडक यातायातमार्फत गाउँमा सामान भित्र्याउनेमात्र होइन कि कृषि उत्पादन वृद्धि गरी खाद्यान्न, फलफूल, तरकारी र अन्य उपज बजारमा निर्यात, स्थानीय श्रम, साधन र सीपको उच्चतम सदुपयोग गरी लघुउद्यमका उत्पादन बजारसम्म पुऱ्याउन सक्यौँ भने यसबाट आयआर्जनमा वृद्धि हुन गई समग्र जीवनस्तरमा सकारात्मक प्रभाव पर्नेछ ।

पूर्वविद्यार्थीको भूमिका :

पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलचौरमा कुनै कालखण्डमा अध्ययन गरी अहिले देश-विदेशमा छरिएका सबै व्यक्ति त्यस विद्यालयको पूर्वविद्यार्थीको परिभाषाभित्र पर्छन् । मेरो जानकारीमा भएसम्म त्यस विद्यालयका पूर्वविद्यार्थी अहिले राजनीतिक, प्रशासनिक, प्राज्ञिक, बैंकिङ, वित्तीय, सहकारी, पत्रकारिता, चिकित्सा, इन्जिनियरिङ, औद्योगिक, कृषि, निर्माणलगायतका थुप्रै क्षेत्रमा आफूलाई अब्बल दर्जामा स्थापित गराउँदै मुलुकभित्र र बाहिरसमेत क्रियाशील छन् । 'जननी जन्मभूमिश्च स्वार्गादपि गरियसी' भन्ने भनाइ

आत्मसात् गर्दै हामी जो जहाँ रहे पनि आफ्नो जन्मभूमिप्रतिको माया र जिम्मेवारी कहिल्यै भुल्न सकिँदैन र भुल्नुहुँदैन पनि । यही जिम्मेवारी बोधका कारण पूर्वविद्यार्थी समाज गठन भएको हो । देश-विदेशमा छरिएका पूर्वविद्यार्थीको सक्रियतामा स्थापित पूर्वविद्यार्थी समाजले उक्त विद्यालयको शैक्षिक उन्नतिका लागि थूप्रै स्वागतयोग्य लक्ष्य र योजना अगाडि ल्याएको छ । यसका अभियन्ता धन्यवादका असली हकदार हुन्, जसले अमलाचौरको शैक्षिक विकासमा गुणात्मक फड्को मार्नेगरी आफ्नो कार्ययोजना पेस गरिसकेका छन् । पूर्वविद्यार्थीको सक्रियताले अमलाचौरवासीलाई शैक्षिक विकासमात्र होइन कि यहाँको समग्र आर्थिक विकासमा सकारात्मक परिवर्तन आउने आशा जागृत गराएको छ । यो आशालाई विश्वासमा परिणत गर्न हामी सम्पूर्ण पूर्वविद्यार्थी जो जहाँ, जुन अवस्थामा छौँ त्यहींबाट आफ्नो स्तरअनुसारको इमानदार प्रयास गर्न र समाजसँग होस्टेमा हैँसे गरी अगाडि बढ्न जरुरी छ ।

उपसंहार :

अमलाचौरलाई जन्मस्थल, कर्मस्थल र अध्ययनस्थलमध्य कुनै एक वा समग्र रूपमा ग्रहण गर्न वा लिन पाउँदा गर्व महसुस गर्ने हामीहरू जहाँ रहे पनि यस क्षेत्रको समग्र विकासका लागि आ-आफ्नो योग्यता र क्षमताले भ्याएसम्मको सहयोग, सल्लाह र सुझाव दिन पछाडि पर्नुहुँदैन । हामी आफ्नो क्षेत्रबाट माथिल्लो ओहोदा वा पदमा पुग्दा त्यो ठाउँका लागि के-कति गर्न सक्यौँ वा चुक्यौँ । आज एकपटक फेरि आत्मसमीक्षा गर्दै आफ्नो ठाउँका लागि केही न केही योगदान दिने प्रण पुनः दोहोऱ्याउँदै पूर्वविद्यार्थी समाजमार्फत थुप्रै रचनात्मक कार्य गर्न र गराउन अग्रसर हुनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । समग्र अमलाचौरवासीको चाहनालाई सम्बोधन गर्दै यहाँका समस्या समाधान गर्न व्यक्तिगत स्वार्थ, राजनीतिक र अन्य बेमेल र खिचातानी परित्याग गर्दै गाउँ विकासका लागि सफलतामा पुग्न र हाम्रो प्यारो अमलाचौरलाई विकसित, सभ्य र सुसंस्कृत, स्वस्थ र शिक्षित अमलाचौरका रूपमा रूपान्तरित गरी नमुना गाविसका रूपमा विकास गर्न हामी सबैलाई कर्तव्यपथमा जुट्न भैरवनाथले सदा प्रेरित गरून् । ❁

सन्दर्भसामग्री :

१) CBS.(2014). National Population and Housing Census 2011: (VDC/Municipality, Baglung). Kathmandu.

२) CBS.(2013). Statistical year Book of Nepal Kathmandu. Website: www.cbs.gov. np

३) www. district development committee.Baglung.

पृथ्वी मा. वि.

– हिरादेवी शर्मा
बरडाँडा अमलाचौर हाल पोखरा

पृथ्वी, तिमी कति विशाल छौ
त्यही तिम्रो काखमा बसेर
कखरा चिनिरहेकी म
पृथ्वी मा. वि. को पर्खाल बाहिर
पृथ्वी कै काखमा बसेर आज
मान्छेहरुका अनुहार पढ्ने
कोसिस गरिरहेकी छु ।
तिमीले सिकाएको स्वाभिमानको
पाठ नै आज मेरो अमूल्य र
प्रिय वस्तु बनेको छ ।
पृथ्वी तिमीले मलाई
दया, माया र भ्रातृत्वको
पाठ पनि सिकाएकी थियौ ।
तिमीले मलाई दया, माया, सद्भाव,
आत्मीयता र स्नेह पनि दियौ ।
अनि माया जति दिए पनि नरितिने
अमूल्य चिज हो भन्ने कुरा पनि सिकायौ
तिमीले मलाई दिएको सद्भाव, साहस र आत्मविश्वासको
पोको लिएर आज म मानवहरुको बस्तीहरुमा
मानवताको र सभ्यताको खोजी गर्दै
एकोहोरो धुनमा कुदिरहेकी छु
कुदिरहेकी छु
किन कि म सभ्यताको खोजी गर्ने
सामाजिक अभियन्ता कसैको बिगार गर्ने कुरा
सोच्न पनि सक्दिन
त्यसैले ठुला ठालु साना अबोधदेखि
असल मान्छेहरु पढ्न व्यस्त छु ।
म आज भोली मान्छेहरुका अनुहार पढ्दा पढ्दै
मान्छे समस्या नै समस्याको पर्खाल
भइदिएको छ मान्छे ।
मान्छे समस्या मात्र हैन
अथाह ज्ञान र विवेकले
भरिभराउ महासागर पनि हो ।
समस्याको समाधान पनि हो मान्छे
मान्छेहरुको महासागरमा मान्छेहरुलाई पढिरहँदा
कतै मान्छे मान्छेहरु जस्तै लाग्छन् ।
तर तिमीले मलाई
स्वाभिमानी बन्न सिकायौ
मानव भएर जिउने कला पनि सिकायौ
स्वतन्त्र रुपमा जन्मेको मान्छे
स्वतन्त्र रुपमा बाँच्न पाउनु पर्छ
भन्ने कुरा पनि सिकायौ
दश वर्ष कै उमेरदेखि राजनीति पनि सिकायौ
तर कापी कलम समाउने हातले
झण्डा र पर्चा पम्प्लेट छर्न सिकायौ ।
म पृथ्वीमा जन्मेकी मान्छे
म उभिएको धरातलमा विकाश, विवेक विश्वास र सद्भावको
फूल फुलेको हेर्न चाहन्छु
तर पृथ्वी ? तिमीले मलाई
धेरै कुरा सिकाएर पनि
यौटा कुरा सिकाएकी छैनौ
जुन कुरा म सिक्न चाहन्छु ?
जुन कुरा म सिक्न चाहन्छु ?

प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता र अधि बढ्ने बाटो

-महाश्रम शर्मा

नेपालमा औपचारिक रूपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं १९९९ सालमा स्थापित प्रविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज)बाट भएको हो । विद्यार्थीहरूलाई प्राविधिक तथा व्यवसायिक सीप प्रदान गरी रोजगार तथा स्वरोजगार बनाउनका लागि साधारण विषयको अतिरिक्त कृषि, निमार्ण, सिलाई बुनाई तथा हस्तकला जस्ता विषयहरू सामुदायिक विद्यालयमा समावेश गरी वि.सं २००४ देखि आधारभूत स्कुलमार्फत व्यावसायिक शिक्षा दिने व्यवस्था गरिएको थियो । वि.स २००९ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले आधारभूत विद्यालय विस्थापित गरी बहुउद्देश्यीय विद्यालयको स्थापना गरी विद्यालयहरूमा व्यवसायिक शिक्षाको सुरुवात गरियो । वि.सं २०१९ सालमा बालाजुमा स्थापित मेकानिकल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल इन्स्टिच्युटबाट व्यावसायिक तालिम व्यवस्थित रूपमा दिन सुरु भयो । वि.सं २०२८ मा सुरु भएको नयाँ शिक्षा योजनको सुरुसँगै कम्तीमा एक विषयमा व्यावसायिक शिक्षा पढाउनुपर्ने व्यवस्था गरियो ।

वि.सं २०३७ सालमा प्रमविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई प्रभावकारी रूपमा विकास गर्ने उद्देश्यले आधुनिक प्राविधिक शिक्षालयको सुरुवात भयो । सरकारी स्तरबाट वि.सं २०४५ सालमा प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्रभावकारी रूपमा गरिब जनताको पहुँचमा पुराउने उद्देश्यले प्राविधिक तथा व्यवसायिक तालिम परिषदको गठन भयो । वि.सं २०५० देखि परिषद मार्फत निजि स्तर मा पनि प्राविधिक शिक्षालय सञ्चालन स्वीकृति दिने कायको थालनी भयो । यसरी प्राविधिक तथा व्यवसायिक शिक्षाको विकासको सन्दर्भमा नेपालले आज सम्म आइपुग्दा परिषद अन्तर्गत सञ्चालित विभिन्न प्रविधिक विद्यालयका साथै प्रत्येक निर्वाचन क्षेत्रमा न्युनतम एउटा प्राविधिक विद्यालय स्थापना गरी प्रविधिक र व्यवसायिक विषयहरूको पठन पाठन गराउन नीतिगत व्यवस्था गरी सोको कार्यानवयनको अवस्थामा आईपुगेको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक तालिम परिषद अन्तर्गत सञ्चालन हुने गरी हाल नेपालमा सरकारी स्तरमा १४ वटा र आंगिक शिक्षालयहरू २ वटा ग्रामीण तालिम केन्द्र ४ वटा साझेदारीका सञ्चालित संस्थाहरू र निर्माणधीन एउटा प्रविधिक प्रशिक्षण प्रतिष्ठानसहित १९ वटा बहुप्राविधिक शिक्षालय गरी जम्मा ४० वटा संस्थाहरू ७३ वटा विद्यालयहरू, प्राविधिक एसएलसीतर्फ सम्बन्धन प्राप्त १ सय ५५ संस्थाहरू, डिप्लोमा तर्फ सम्बन्धन प्राप्त १ सय ९५ संस्थाहरू, छोटो अवधिको व्यावसायिक तालिम सञ्चालन गर्ने २ सय १६, सम्बन्धन प्राप्त निजी प्राविधिक तालिम प्रदायक संस्थाहरूमार्फत कार्यक्रमहरू सञ्चालन भैरहेका छन् । व्यावसायिक सीप विकास तालिम विकास तालिम निर्देशनालय अन्तर्गत १२ केन्द्र, घरेलु तथा साना उद्योग विभागले २७ जिल्लामा र घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गत ४८ जिल्लाले व्यावसायिक तालिम सञ्चालन गरिरहेका छन् । तालिम सञ्चालन गर्ने संस्थाहरूको सङ्ख्या करिब ४ सय १८ छन् । वार्षिक करिब २५ हजार जनाले प्राविधिक शिक्षा र ४० हजारले व्यासायिक तालिम प्राप्त गरिहेका छन् । शैक्षिक सत्र २०७० देखि नेपालभर ९९ वटा सामुदायिक माध्यामिक विद्यालयहरूमा विभिन्न विषय (इन्जिनियरिङ, कृषि, कम्प्युटर) को पठनपाठन समेत सुरु भएको छ । चालु आ.व.मा यो कार्यक्रमा विस्तार गरी प्रत्येक निर्वाचन क्षेत्रमा एक एक सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात गर्ने गरी सरकारले चालु आर्थिक वर्षको कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनको अवस्थामा रहेको छ । यसबाहेक अन्य मन्त्रालयहरूबाट पनि छोटो अवधिको व्यावसायिक तालिमबाट कार्यक्रमहरू संचालनमा रहेका छन् ।

युवा र रोजगारीको अवस्था

नेपालमा कुन जनसङ्ख्याको करीब ३३ प्रतिशत हिस्सा युवाले ओगटेको छ भने त्यसमा महिला र पुरुषको अनुपात करिब बराबर नै रहेको छ । नेपाल जीवनस्तर सर्वेक्षण (NLSS) २०१० का अनुसार १५ वर्षभन्दा माथिको जनसंख्याको साक्षरता दर करिब ५७ प्रतिशत मात्रै छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङख्यामा करिब ७२ प्रतिशतले कमी आई करिब २३.८ प्रतिशतमा झरेको छ । नेपालको ५५.८ प्रतिशत घरधुरीले विप्रेषण (Remitance) प्राप्त गरिरहेको तथ्यले समेत यसको पुष्टि गर्दछ । नेपालको कुल ग्राहस्थ उत्पादनमा विप्रेशण (Remitamce) को हिस्सा २२ प्रतिशत रहेको छ । विशेष गरी ४४.८ प्रतिशत युवा जो विदेश जान्छन, तिनीहरू १५ देखि २४ वर्षका युवा छन् जसमध्ये ७२ प्रतिशत अदक्ष (Unskilled) रहेका छन् । प्रत्येक वर्ष ४ लाख ५० हजार कामदारहरू कामको संसार (Labour Market) मा प्रवेश गरिरहेका छन् । यसरी कामको संसारमा लाग्न विशेष गरी जो विदेश जान बाध्य छन्, तिनीहरूलाई

लेखक नेपाल सरकारका पूर्व सचिव हुनुहुन्छ

कसरी देशभित्रै अड्याई राख्न सकिन्छ भन्ने विषय एउटा चुनौती रहेको छ भने अर्कोतर्फ आजको देशको आवश्यकता पुरा गर्न युवालाई तालिमको आवश्यकता पनि छ । तर अहिले केवल एक लाखलाई मात्र प्रत्येक वर्ष नेपालले तालिम दिने क्षमता राख्दछ । यसरी आर्थिक उत्पादन गर्न सक्ने सक्रिय युवालाई तालिम प्राप्त बनाउनु अर्को चुनौती रहेको छ । वैदेशिक रोजगारीमा जाने युवामा २ प्रतिशत मात्र दक्ष एवं अर्धदक्ष कामदारका रूपमा जाने गरेको अवस्थाले पनि सीप विकासको आवश्यकतालाई स्पष्ट सङ्केत गर्दछ । यसरी देशभित्र उद्यमशीलताको विकासबाट रोजगार र स्वरोजगारको सिर्जना गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा रहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका मुद्दाहरू

- विद्यमान प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक संस्थाहरूमध्ये ठूलो सङ्ख्यामा निजी क्षेत्रबाट सञ्चालन भई न्यून सङ्ख्यामा मात्र सरकारद्वारा सञ्चालित छन । तर पनि सञ्चालित संस्थाहरूले देशको आवश्यकता पुरा गर्न सकेको अवस्था छैन् ।
- अधिकांश तालिम प्रदायक संस्थाहरू सहर केन्द्रित रहेका छन् । तालिम प्रदायक संस्थाहरूको गुणस्तरमा समस्या रहेको छ ।
- तालिम कार्यक्रमहरू बजारको मागअनुसार सञ्चालन हुन नसकेको अवस्था रहेको छ ।
- दक्ष जनशक्तिको अझै प्रयाप्त व्यवस्था गर्न सकिरहेको अवस्था छैन ।
- वैदेशिक श्रम बजारमा समेत अदक्ष (Unskilled) नेपाली युवा प्रतिस्पर्धी रूपमा जानुपर्ने बाध्यता छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ सरकारको न्युन लगानी र कार्यक्रमहरू अझै छरिएको (Fragmented) अवस्थामा सञ्चालनमा रहेका छन ।
- विषयगत मन्त्रालयहरू बीचको समन्वयलाई सुदृढ र व्यापक गराउनुपर्ने आवश्यकता अझै रहेको छ ।
- तालिम परीक्षण (Skill Testing) लाई थप व्यवस्थित गराउन बाँकी नै रहेको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति २०६९

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्ष र युवाहरूलाई सीप विकासको आवश्यकतालाई महसुर गरी यस क्षेत्रमा रहेका मुद्दाहरू सम्बोधन गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति २०६९ जारी गरेको छ जसको मुख्य उद्देश्य तथा नीतिहरू निम्न अनुसार रहेका छन् ।

उद्देश्य

देशको आर्थिक उन्नतीका लागि योग्य, सक्षम, प्रतिस्पर्धी, उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्ने ।

नीति

१ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूमा व्यापक विस्तार गर्ने ।

उद्देश्य २

परम्परागत सीप, क्षमता र योग्यताको पहिचान, संरक्षण, सम्बर्धन र विकास गर्नुका साथै औपचारिक तथा अनौपचारिक रूपमा सिकेका सीपलाई समेत समेटि राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगार बजार को मागअनुरूप उपयुक्त, सान्दर्भिक एवं गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदान गर्ने ।

नीति

२ प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको पाठ्यक्रम कार्यान्वयनमा गुणस्तर र सान्दभिकतामा जोड दिँदै सरोकारवालाहरू समेत सम्मिलित संयन्त्रबाट त्यसको स्वतन्त्र मूल्याङ्कन गर्ने ।

उद्देश्य ३

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकाय तथा संस्थाहरूलाई समन्वयात्मक रूपबाट अघि बढाई स्रोत र साधनको अधिकतम उपयोग गर्ने ।

नीति

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि नेपाल सरकार र दातृ निकायको संयुक्त लगानीमा कोष स्थापना गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रभावकारी रूपमा सञ्चालन गर्ने

सीप विकास नीतिका मुख्य क्षेत्रहरू

उक्त उद्देश्य र नीतिहरूको कार्यान्वयनको सन्दर्भमा मुख्य नीतिगत क्षेत्रहरू निम्नअनुसार पहिचान (dentify) गरिएको छ ।

- विस्तार : (Expansion) : तालिमका अवसर र सेवाको व्यापक विस्तार गर्ने ।
- समावेशिकरण र पहुँच (Access and inclusion) : तालिमको आवश्यकता भएका सम्पूर्ण नागरिकहरूकमा तालिमको पहुँच पुर्‍याउने र सबैलाई सीप सिक्ने अवसर सुनिश्चित गर्ने ।
- एकीकरण (Integration) : विभिन्न तालिम पद्धति र तालिम प्रदायकहरूलाई एउटै प्रणालीमा आवद्ध गर्ने ।
- सान्दर्भिकता (Relevance) : तालिमको विषयवस्तु र तालिमबाट प्राप्त उपलब्धिहरू (outcome) लाई बजार को मागसँग आवद्ध गर्ने
- लगानी (Funding) : प्राविधिक शिक्षा र व्यावसायिक तालिमको बजारले गति लिनसक्ने वातावरण सिर्जना गर्नका लागि दीगो लगानी सुनिश्चित गर्न लगानी कोष र संयन्त्रहरू स्थापना गर्ने ।

रणनीतिहरू (strategies) :

उल्लेखित नीतिहरूको कार्यान्वयनका लागि निम्न रणनीतिहरू तय गरिएका छन् ।

- एकद्वार प्रणालीवाट दीगो लगानीको व्यवस्था गर्ने ।
- सरोकारवाला संस्थाहरूको अधिकार र जिम्मेवारी स्पष्ट गरी कार्यमा समन्वय गर्ने ।
- श्रमबजार सूचना प्रणाली तथा तालिम व्यवस्थापन सूचना प्रणलीको विकास गर्ने अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने ।

अवसरहरू (Oppertunities):

- विभिन्न मन्त्रालयहरूले युवालाई सीप युक्त तालिमहरू प्रदान गरिरहेको अवस्था छ । जुन श्रम बजारका लागि एउटा streugth को रूपमा रहेको छ ।
- शिक्षा मन्त्रालयबाट प्राविधिक तथा व्यावसायिक तालिम नीति २०६९ आइसके पछि नीतिको कार्यान्वयनमा विभिन्न निकायहरूले आफ्नो जिम्मेवारी बहनगर्ने तत्परता देखाएको अवस्था पनि एउटा अवसरको रूपमा लिन सकिन्छ ।
- नेपाले आ. व २०६६/६७ मा २५.४ प्रतिशत भएको गरिबीलाई आ.व २०६९/७० सम्म आईपुग्दा २३.८ प्रतिशतमा झार्न सफल भएको अवस्थाले थप हौसला दिएको छ ।
- नेपालले व्यवस्थित साथ काम गर्ने हो भने ठूलो संङख्यामा विशेष सीप भएका युवाहरूलाई कामको संसारमा प्रवेश गराउन सक्ने क्षमता राख्दछ ।
- भर्खरै मात्र सन् २०१२ मा नेपालले skills for Employment Project (SEP) पुरा गरेको छ । जसबाट करिब ६२ हजार युवाहरूले तालिम प्रप्त गरिसकेका छन । तिनीहरू केही कामको संसारमा प्रवेश गरिसके भने कोही कामको संसारमा प्रवेश गर्दै छन् । त्यति ठूलो जनशक्तिको उपयोग एउटा ठूलो अवसर हो ।
- शिक्षा मन्त्रालयले ७५००० युवाहरूलाई तालिम दिई कामको संसारमा प्रवेश गर्न सक्षम बनाउने उद्देश्यका साथ Enhanced Vocational Education and Training (EVENT) परियोजना संचालनमा ल्याएको छ ।
- करीव ४५०० युवाहरू जसमा ४० प्रतिशत महिला र ३० प्रतिशत पिछडिएको समुदायका युवक युवतीहरुलाई तालिम दिने गरी सीप विकास परियोजना (Skill development project) सञ्चालनमा रहेको छ ।

अघि बढ्ने बाटो (Further ways to go) :

माथिको अवसरहरूलाई उपयोग गर्दै अब निम्नानुसारको बाटोबाट अघि बढनुपर्ने आवश्यकता देखिएको छ :

- प्राविधिक तथा व्यावसायिक तालिम नीति २०६९ को मर्म अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको माग चित्र (Road map) तयार गर्ने ।

  दीगो रूपमा प्राविधिक तथा व्यावसायिक सीप सम्बन्धी सञ्चालनका लागि राष्ट्रिय रूपमा प्राविधिक तथा व्यावसायिक तालिम कोष (TEVT found) स्थापना गर्ने skill testing प्रणालीलाई प्रभावकारी बनाउन हालको National skill testing Board (NSTB) लाई National qualification Framework / Authority मा परिणत गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।
- विद्यालय तहबाट नै व्यवसायिक धार (vocational stream शिक्षालाई अवश्यकताअनुसार विस्तार गर्ने गरी पाठ्यक्रमा सुधार गर्ने ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पुनसंरचना (Restructurinng) गरी संस्था सुदृढीकरण गर्ने
- प्राविधिक तथा व्यवसायिक तालिमको क्षेत्र (TEVT sector) मा लगानी गरी प्राविधिक तथा व्यावसायिक सीपका छिटो अवधिका कार्यक्रमहरूलाई व्यापक रूपमा सञ्चालन गर्ने ।
- अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ गदै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

निष्कर्ष (**conclusion**) :

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रतिको चासो वि.स. २०४५ पछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको स्थापनापछि मात्र अगाडि बढेको देखिन्छ । प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को स्थापनापछि विभिन्न कार्यक्रमहरूको सञ्चालन र प्राविधिक विद्यायलको विकासले पनि यसलाई थप सहयोग पुर्‍यायो । नेपालबाट रोजगारीको लागि बर्षेनी हजारौं युवाहरू विदेशिन बाध्य हुनुपर्ने अवस्थाको सिर्जनाबाट मुलुक भित्रको विद्यमान गरिबी र श्रम बजारमा दक्ष कामदारको बढ्दो मागलाई ध्यानमा राख्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको माध्यमबाट उद्दमशीलताको विकास र विस्तार गरी देशभित्र नै रोजगारी, स्वरोजगारीको सिर्जना गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा रहेको छ ।

उल्लेखित मुद्दाहरूलाई सम्बोधन गर्न नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याए पनि यसलाई अझै थप व्यवस्थित रूपबाट सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ । विभिन्न निकायहरूबाट सञ्चालन भएका कार्यक्रमहरू व्यवस्थित रूपबाट सञ्चालन गर्न प्राविधिक तथा व्यावसायिक तालिम नीति २०६९ लागु भै सकेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको महत्वलाई आत्मसात गर्दै प्राथामिकताका साथ कार्यक्र सञ्चालन गर्न नेपालले प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथामिकतामा राखेको छ । यसैको फलस्वरूप आम सरो कारवालाहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आकर्षण बढेको पनि छ । त्यसैले अब देशको आवश्यकता अनुसार (TEVT Sector) लाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षको मार्गचित्र (TEVT Road Map) तयार गरी प्राविधिक तथा व्यवसायिक तालिमहरूका कार्यक्रहरूलाई समन्वयमा

रूपमा सञ्चालन गर्ने र यस क्षेत्रका कार्यक्रमहरू व्यापक रूपले सञ्चालन गर्दै देशको आवश्यकता र विश्व बजारमासमेत प्रतिष्पर्धा गर्न सक्ने गरी देशको युवा जनशक्तिलाई सीपयुक्त बनाई देश विकासकमा लगाउनु नै आजको प्रमुख आवश्यकता रहेको छ । ❁

सन्दर्भ सामाग्री

- केन्द्रीय तथ्याङ्क विभाग (२०६८), नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/६७ मा आधारित प्रतिवेदन । केन्द्रीय तथ्याङ्क विभाग काठमाडौं ।
- Lamichhale R.H, Ph.D (२०७१), Trends of Technical and vocational education and Training (TEVT) in Nepal , कर्मचारी कलममा वार्षिक प्रकाशन (२०७१) । नेपाल निजामती कर्मचारी संगठन, काठमाडौं ।
- शिक्षा मन्त्रालय २०६९ प्राविधिक व्यावसायिक शिक्षा र तालिम नीति २०६९ , काठमाडौं ।
- नेपाल कानून व्यवस्था समिति (२०४५), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, नेपाल कानुन व्यवस्था समिति, काठमाडौं ।
- बराल, खगराज (२०६९) नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम : गरिबी न्यूनिकरणमा योगदान, शिक्षा सोपान वर्ष ४ अंक ४, नेपाल निजामती कर्मचारी युनियन, काठमाडौं ।
- प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (२०७१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम : एक झलक, प्रा. शि. तथा व्या. ता. प सानो ठिमी, भक्तपुर ।
- रा.यो.आ. (२०७०)- तेह्रौं योजना (आ.व २०७०/७१- २०७२/७३) आधारपत्र, रा.यो आ. काठमाडौं ।
- निरौला मुरारी, तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) पञ्चवर्षीय योजना २०१३/१४-१७/१८ देखि तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) सम्मको समीक्षात्मक टिप्पणीसहित, सोपान मासिक काठमाडौं । ❁

शिक्षा

- कुशल प्रिया शर्मा
(शर्मा २०७१ सालको एसएलसीमा प्रथम श्रेणीमा उतिर्ण छात्रा हुन्)

इतिहासका पाना फाड्दै अघि बढ्दैछ शिक्षा
दिनुपर्ने छैन हामीलाई कसैलाई नि यसको भिक्षा
न त यसलाई चोरी लान्छन् न त मागि लान्छन्
भाईभाईमा अंश बाँड्दा कहाँ नै पो शिक्षा बाँड्छन् ।

शिक्षा शिक्षा शिक्षा नै सबै जनाको माग अहिले
कहाँ थियो यसको महत्व जुगौं जुग पहिले पहिले
गऱ्यो गऱ्यो महिमा यसको कहिल्यै पनि नसकिने
सदाबहार जंगल जस्तै पात कहिल्यै नरित्तिने

छर्दै जाँदा शिक्षाको ज्योति साँच्चै चम्कन्छ यो जगत
त्यसैकारण भएको छ ठाउँ ठाउँमा यसको स्वागत
यसो हेऱ्यो जता पनि सबै जना भोका यसैका
सबै ठाउँ क्षणमा गुणगान सबै यसैका

कसैलाई भन्छन् सच्चा साथी जस्ले हाम्लाई साथ दिन्छ
त्यसैको साथमा कारण आफ्नै जीवनमा उन्नती मिल्छ
को नै छ र त्यस्तो साथी जस्ले दिन्छ यस्तो भिक्षा
सबैजना बुझ्नु अब यो चिज त हो है शिक्षा

शिक्षा विनाको मानिस साँच्चै बाँदर जस्तै हुन्छ
ठाउँठाउँमा ठक्कर खाई रुँदै रुँदै हिँड्छ
जुन मानिसमा शिक्षा छैन हुन्न उसमा ज्ञान सीप
ज्ञान सीप विना मानिस कसरी बाल्छ सृष्टि दीप

हरेक पाइला अघि चाल्न शिक्षा हामीलाई चाहिन्छ
अनि बल्ल चालेका ति पाइलामा सफलता पाइन्छ
जुनसुकै क्षेत्रमा नि शिक्षा विना केही पनि छैन
जुन मानिसमा शिक्षा छैन त्यो मानिस त मानिसै हैन

मति भ्रष्ट मानिसलाई शिक्षाले नै रुपान्तरण गर्छ
त्यसैकारण शिक्षालाई सबैले सम्मान गर्नुपर्छ
शिक्षाले नै मानिसलाई बनाउँछ परोपकारी
यसैको विकास हुँदै मानिस साँच्चै हुन्छ विचारी

ढुङ्गे युगबाट भयो आधुनिक युगको विकास
यस्तो फड्को मार्नलाई शिक्षाले नै दियो निकास
पुस्तौं पुस्तासम्म पनि हराउन हुन्न शिक्षा
हैन भने मानिसमा पुरा हन्न मनको इच्छा

आमा जस्तै सुख दिने अरु कुन चिज छ र त्यस्तो
अरु कुन खोज्नु र शिक्षा नै छ तत्व यस्तो
मुक्त कण्ठ प्रशंसा गरी नसकिने शिक्षा तत्व
बयान गर्दा थाकिसकें साँच्चै म त कति धेरै यसको महत्व

बालबालिकालाई कसरी असल बनाउने ?

- कृष्ण पौडेल

पहिले-पहिले धेरैजसो बालबालिका सामूहिक परिवारमा जन्मिन्थे । हजुरआमा र हजुरबुवासँगै बस्थे । सगोल परिवारका प्रत्येक सदस्यले बालबालिकालाई मायाममतासाथ हुर्काउँथे । बालबालिकाले परिवारबाटै सामाजिकीकरणसम्बन्धी ज्ञानगुनका कुरा सिक्थे । एकले अर्कालाई गर्ने आदार, सत्कार, सहयोग, मेलमिलापको भावनाजस्ता कुरा सर्वप्रथम आ-आफ्नो घरपरिवारबाटै सिक्थे । बालबालिकाले राम्रो वा नराम्रो भन्ने कुराको ज्ञान पनि प्रथमत: परिवारबाटै सिक्थे ।

हिजोआज परिस्थिति बदलिइसकेको छ । सगोल परिवारबाट छुट्टिएर मानिस क्रमश: एकल परिवारमा बस्ने प्रवृत्ति बढ्दै गएको छ। आमाबुवा दुवै जागिरे हुने भएकाले विहान सवेरै जागिरमा जानु पर्ने र बेलुका पनि अबेरमात्र घर फर्किनु पर्ने अवस्थाले गर्दा बालबच्चाले आमाबुवाको यथोचित मायाममता पाउन सकेका छैनन् । जागिर नखाने धेरैजसो आमाबुवाले पनि बालबालिकालाई विद्यालय पठाउने, विहान वा बेलुकाको समय बोडर्स वा ट्युसन राखेर पढाउने चलन बढेको छ भने अभिभावकले पनि आफूलाई केही थाहा नभएको वा नजानेको भन्दै अनुत्तर दायी जीवन बिताउन थालेको देखिन्छ । ट्युसनमा सहभागी नहुने बालबालिका विद्यालयबाट घरमा आएपछि टेलिभिजन हेरेर धेरै बिताउनुपर्ने अवस्था देखिँदै गएको छ । फलस्वरूप हाम्रा बालबालिकाले आफ्नो भावी सफल जीवनलाई चाहिने यथोचित सामाजिक अनुभव आफ्नै परिवारबाट सँगाल्न पाएका छैनन् । बालबालिका सामाजिक जीवनको मूल्य र मान्यतासँग परिचित हुनुभन्दा यान्त्रिक जीवनशैलीतर्फ उन्मुख हुँदै जानु निश्चय नै गम्भीर चिन्ताको विषय हो ।

बालबालिका सत्यका पुजारी हुन् । निश्छल प्रवृत्तिका भएका कारण पनि बालबालिकालाई देवीदेवतासरह मान्ने गरिएको हुनुपर्छ । बालविकासक्रममा बालबालिकाले आफ्नो स्वभावअनुसार फरक-फरक व्यवहार देखाउँछन् । त्यस्ता व्यवहार हुर्कनेक्रममा हामीले पनि देखाएका थियौँ होला । तर, आज त्यो भुलेर हामी नै हिजोआजका बालबच्चा त कति चञ्चल, फोहोरी, अल्छी, घमन्डी र पढ्नमा ध्यान नदिने भनेर उनीहरूलाई तथानाम गाली गर्ने गर्छौं । यतिले पनि उनीहरूलाई वशमा ल्याउन नसकिएमा गालामा चड्कन, झापड तथा छडी प्रयोग गर्छौं । यसरी बालबालिकालाई राम्रो बनाउने नाममा अभिभावक तथा शिक्षकमा समेत अनेकौँ भ्रम रहेको पाइन्छ । कसैले बालबालिकालाई पिट्नुहुँदैन, उनीहरूलाई त सम्झाइ-बुझाइ सिकाउनुपर्छ भनेर सम्झाउन खोज्यो भने रिसको बेला कसैले वेद पढ्दैन भनी उल्टै झर्किने गरेको पाइन्छ ।

> हाम्रो समाजमा अझ पनि बालबालिकालाई दन्ड र सजाय प्रयोग नगरी पढाउन सकिँदैन भन्ने मान्यताले जरो गाडेको छ । कतिपय विद्यालयले त बालबालिकाका अभिभावकसित लिखित रूपमै अनुमति लिएर गल्ती वा कमजोरी गरेमा हदैसम्मको सजाय दिने गरेको भेटिन्छ । धेरै अभिभावक आफ्ना बालबालिकाको विकास कसरी हुन्छ ? भन्नेबारे यथेष्ट जानकारी प्राप्त गर्न नसक्नाले विद्यालयले जे गरे पनि त्यसलाई सदर गर्न बाध्य छन् ।

हाम्रो समाजमा अझ पनि बालबालिकालाई दन्ड र सजाय प्रयोग नगरी पढाउन सकिँदैन भन्ने मान्यताले जरो गाडेको छ। कतिपय विद्यालयले त बालबालिकाका अभिभावकसित लिखित रूपमै अनुमति लिएर गल्ती वा कमजोरी गरेमा हदैसम्मको सजाय दिने गरेको भेटिन्छ । धेरै अभिभावक आफ्ना बालबालिकाको विकास कसरी हुन्छ ? भन्नेबारे यथेष्ट जानकारी प्राप्त गर्न नसक्नाले विद्यालयले जे गरे पनि त्यसलाई सदर गर्न बाध्य छन् । कतिपय अभिभावकले त मेरो छोरालाई तह लगाइदिनुपर्‍यो, भनेको मानेन, पढ्दै पढेन आदि गुनासा लिएर विद्यालय जाने गरेकोसमेत पाइन्छ । मेरो वा परिवारका अन्य सदस्यका कतिपय बानी र व्यवहारले गर्दा मेरो बच्चालाई कत्तिको अप्ठ्यारो परेको छ ? भनेर सोच्न नसक्नु हाम्रा अभिभावककै कमजोरी हो ।

अभिभावकले कुरा बुझेनन् वा उनीहरूले आफ्ना बालबालिकालाई राम्रो व्यवहार देखाउन सकेनन् भने पनि शिक्षकको भूमिका महत्वपूर्ण हुन जान्छ भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । शिक्षकले त अभिभावकलाई समेत डाकेर के गर्दा राम्रो हुन्छ र के गर्दा नराम्रो हुन्छ ? भन्ने कुराको जानकारी गराउन सक्नुपर्ने हो तर त्यसतर्फ हाम्रा शिक्षक अग्रसर हुन सकेका छैनन् । त्यसको सट्टा

पौडेल चिल्ड्रेन नेपालमा कार्यरत हुनुहुन्छ

अभिभावकले मेरा छोराछोरीलाई तह लगाइदिनुपर्‍यो भनेर माग राखेपछि शिक्षकले नै निर्दोष बालबालिकालाई बल र शक्ति प्रयोग गरी ठीक पार्ने कामको स्वीकृति पाएको ठान्ने गरेको पाइन्छ, जुन कार्य बालअधिकार तथा कानुनका दृष्टिले समेत दन्डनीय मानिन्छ ।

पहिला हामी पनि पिटाइ खाएरै हुर्केका हौं । त्यसैले आजका बालबालिकालाई पनि नपिटीकन त ठीक पार्न सकिँदैन भन्ने धारणाबाट हामी वर्तमान युगमा मुक्त हुनु जरुरी छ । हिंसाविरुद्ध आजका बालबालिकालाई अनुशासनका सकारात्मक विकल्प र सिर्जनात्मक उपाय पहिचान गरी अवलम्बन गर्न जोड पर्छ । यसका लागि शिक्षकले छुट्टै तालिम तथा अनुशिक्षण नै लिनुपर्छ भन्ने जरुरी छैन । यसका लागि त केवल शिक्षक आफू र आफ्ना व्यवहारमा परिवर्तनका लागि स्वयम् उत्प्रेरित हुनु आवश्यक छ । जसले गर्दा शिक्षक आफूले जाने का र सिकेका कुरालाई रचनात्मक ढंगले मिहिनेतसाथ व्यवहारमा उतारी बालबालिकालाई सकारात्मक व्यावहारिक सिकाइमा उत्साहित गर्न सक्छन् । यसै प्रसंगमा यहाँ केही व्यावहारिक उदाहरणको चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

मेरो पाँचवर्षे छोरालाई मैले एक दिन गृहकार्य गराइरहेको थिएँ । गृहकार्य समयमै गरेको खण्डमा एकछिन बल खेल्ने हामी दुईको सर्त थियो । उसले बल साइडमा राख्यो र गृहकार्य गर्न थाल्यो । एकै छिनपछि कुहिनाले बल ठोक्किएछ र बल गुल्टिँदै नजिकैको भित्तामा पुगेर पुनः फर्किएर आयो । त्यसपछि छोरालाई अचम्म लागेछ कि, बल किन फर्किएर आयो होला । अनि छोराले मलाई प्रश्न गर्‍यो कि बाबा, हेर्नु न बल त म भए ठाउँमै आउँछ, किन भित्तामा गएर बस्दै न ? म मनमनै दंग थिएँ कि मेरो छोरा यस्तै जिज्ञासा राख्ने सक्ने होओस् । मैले छोरालाई रमाइलोपाराले उत्तर दिएँ । बलले तिमीलाई माया गरेको होला नि । गृहकार्य सकेर खेल्न लैजाँदै छ भनेर होला नि है । एलकेजीमा पढ्ने पाँचवर्षे छोरालाई यहाँभन्दा बढी सैद्धान्तिक जवाफ दिनतिर म लागिनँ । किनकि म, मेरो छोराले कुनै पनि प्रश्नको उत्तरमा रमाइलो मानोस् र प्रश्न या जिज्ञासा राख्न अझ उत्साहित बनोस् भन्ने चाहन्थें ।

एक साँझ म र मेरो छोरो बरन्डामा बसेर सूर्य अस्ताउन लागे को हेरिरहेका थियौं । पश्चिमी आकाशको बादल रातो र पहेंलो (बेल फुलेको) भइरहेको थियो । छोराले प्रश्न गर्‍यो- बाबा-बाबा, हामी एक दिन ऊ त्यो डाँडामा जाम् अनि सूर्यलाई छोपेर ल्याम् । अनि कोठामा राखम्, हाम्रो कोठा राति पनि उज्यालो हुन्छ । आहा कति सुन्दर विचार । मैले सकारात्मक प्रतिक्रिया दिएर भनें, 'हुन्छ नि । तर, सूर्यलाई समातेर ल्याउन त अलि बलियो हुनुपर्छ, त्यसका लागि सागपात र गेडागुडी खानुपर्छ नि ।' मैले पनि सागपातमा अलि बढी इच्छा राखोस् भनेर फुर्काइहालें । उसले पनि फुर्ती लगाइहाल्यो । चारपटक उफ्रेर यी ल हेर्नुहोस् म बलियो छैन ? भन्दाभन्दै एकपटक त लडिहाल्यो । अनि उसले आफैं अनुभव गर्‍यो होला कि म अझ बलियो हुनुपर्ने रहेछ । अनि भन्न थालिहाल्यो कि, 'ममी आज साग पकाउनुहोस् है म बलियो हुनुपर्छ ।' यी र यस्तै अनगिन्ती जिज्ञासा प्रायःजसो बालबालिकाले व्यक्त गरिरहेका हुन्छन् तर त्यस्ता जिज्ञासा निवारण हामीले कति महत्वसाथ दिन्छौं, बालबालिकाको विकास त्यसैमा अडेको हुन्छ ।

हामीले के बुझ्नुपर्छ भने हाम्रा बालबालिका जस्तो परिवेशमा हुर्केका छन्, त्यस्तै सिकाइ प्राप्त गर्छन् । हामीले चाहेको व्यवहार नदेखाउनु बालबालिकाको दोष होइन, यो त बरु बालबालिकाप्रति हामीले प्रदर्शन गरेका व्यवहारको प्रतिविम्ब हुन सक्छ । यदि हामी बालबालिकालाई आलोचना, अमर्यादा र दुर्व्यवहारमा हुर्काएका छौं भने बालबालिकाले पनि भर्त्सना गर्ने, लज्जित हुने, अपमानित महसुस गर्ने हुन्छन् भने प्रोत्साहन, मायाममता र सुरक्षित वातावरणमा हुर्केका बालबालिका आत्मनिर्भर हुने र आत्मविश्वाससाथ अगाडि बढ्न सक्ने हुन्छन् । बालबालिकालाई तनावमा हुर्काएका छौं भने उनीहरू झगडा गर्न सिक्छन् तर सहमतिमा हुर्केको बालबालिकाले सहभागिताको संस्कार सिक्छन् । त्यसैगरी, बालबालिकालाई मित्रतापूर्ण वातावरणमा हुर्काउन सक्षम भएमा उनीहरूले संसारमा स्नेह बाँड्न सिक्छन् ।

अतः बालबालिकालाई असल बनाई हुर्काउने नाममा उनीहरूमाथि हिंसा, कुटपिट र गाली बन्द गरौं । पिटेपछि बालबालिकाको आत्मविश्वास हराउँछ । ऊ रुन थाल्छ, रोएपछि केही पनि सुन्दैन । सुनेन भने केही पनि सिक्दैन र बुझ्दैन । उनीहरूमा आत्मविश्वास हराउँदै जानु भनेको हामीबाट एक्लिँदै जानु हो । के हामीले यस्तो चाहेका हौं त ? त्यसैले उनीहरूका भावना बुझौं, सँगै बसी छलफल गरौं, एउटै साझा लक्ष्य तयार गरौं । बालबालिकाले कुनै पनि राम्रा काम गर्दा प्रशंसा गरौं । आफ्ना व्यवहारलाई सकारात्मक बनाउँदा बालबालिकामा पनि त्यस्तै सीप र व्यवहार विकास हुन्छ । अनि उनीहरूले हामीले चाहेकोजस्तो व्यवहार देखाउँछन् । भविष्यका लागि आवश्यक पर्ने सामाजिक सीपसमेत विकास गर्छन् । ❁

नव वर्ष २०७२ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हामी कहाँ कम्प्यूटर हार्डवेयर, सफ्टवेयरका कोर्षहरु सिकाउनुका साथै देश विदेशमा डकुमेन्टहरु पठाउने, मगाउने, वाई फाई इन्टरनेटको सुविधा तथा कम्प्युटर, मोबाइल, टि.भि., राइस कुकर लगायत सम्पूर्ण इलेक्टोनिक्स, इलेक्टिकल्स सामानहरु पाइनुका साथै मर्मत गर्नु परेमा हामीलाई सम्झनुहोस ।

प्रो. निशान बि.क.

विश्वकर्मा कम्प्युटर इन्स्टिच्यूट

सम्पर्क नं. : ९८४७६२९४०५, ९८४१११८८२९

अमलाचौर-६, बागलुङ्ग

पहिलो टेष्ट परीक्षा दिलाएर ठूलै विजयको महशुस गर्‍यौं

-गुरुदत्त पाठक
अमलाचौर-३, बलेवा, बागलुङ

वि.सं. २०४० सालको जेष्ठ महिनातिर हुनपर्छ, हालको अमलाचौर गा.वि.स.मा त्यतिखेर २०३९ सालको अन्त्य तिर गाउँ पञ्चायतको चुनाव भै नयाँ निर्वाचित प्रतिनिधीहरू उपस्थित थिए । तत्कालीन पृथ्वी नि.मा.वि. अमलाचौर लाई माध्यमिक विद्यालय स्तरमा सञ्चालन गर्न आवश्यकता महशुस गरिसके को थियो, गाउँले । सोही आधारमा तत्कालीन प्रधानपञ्च झपेन्द्रप्रसाद पाठकको अध्यक्षतामा २०४० माघ २ गते अमलाचौर गाउँ पञ्चायतको पहिलो बैठक बस्यो । गाउँ पञ्चायतका सदस्यहरू जायश्वर ढकाल र गुरुदत्त पाठकले राखेको मौखिक प्रस्तावमा छलफल भै पृथ्वी मावि सञ्चालन गर्न आवश्यक पहल गर्ने निर्णय भयो ।

त्यसअनुरुप, स्थानीय शिक्षाप्रेमी दीनानाथ शर्मा र डिल्लीप्रसाद शर्मा समेतको सल्लाह अनुसार अमलाचौर गाविसका तत्कालीन पदाधिकारी सदस्य एवं बुद्धिजीवि समाजसेवी शिक्षाप्रेमी सर्वसाधारण र तत्कालिन विद्यालय शिक्षक स्टाफ समेतको सामुहिक बैठक बस्यो । २०४० माघ ७ गते प्रधानपञ्च झपेन्दप्रसाद पाठककै अध्यक्षतामा अमलाचौरमा वृहद भेलाको आयोजना भयो । भेलाले विद्यालयमा भैरहेको गतिविधि, मावि सञ्चालन गर्दा आईपर्ने शैक्षिक, भौतिक, नैतिक र आर्थिक पक्ष तथा विभिन्न कठिनाई आदि सबैमा आवश्यक छलफल गर्‍यो । आम सहमतिमा मावि सञ्चालनार्थ स्वर्गीय विष्णुप्रसाद उपाध्याय ढकालको अध्यक्षतामा विद्यालय व्यवस्थापन समिति समेत गठन गरी विधिवत रुपमा पृथ्वी माध्यमिक विद्यालय अमलाचौरको घोषणा भयो ।

अमलाचौरमा माध्यमिक विद्यालय स्थापना गर्नैपर्ने केही वस्तुगत कारण थिए । विगतदेखि अमलाचौर बासीले आर्थिक, भौतिक र नैतिक रुपमा सहयोग गर्दै आएको त्रिभुवन मा.वि.पैयुँपाटामा त्यहाँका स्थानीय विद्यार्थी र हाम्रो अमलाचौरका विद्यार्थीबीच कुनै समय कटुतापूर्ण परिस्थिति निम्तिएको थियो । त्यसबाट दुई गाउँ पञ्चायतबीच ठूलै वैमनस्यता र विभाजनको रेखा पैदा भएको थियो । खोला वारी र खोला पारीको नारा समेत दिई एकले अर्को क्षेत्रमा प्रवेश गरे भौतिक आक्रमण समेत हुन सक्ने स्थिति पैदा भएको थियो । त्यसबेलाको समयमा १० कक्षाका विद्यार्थीको टेष्ट परिक्षा असोज महिनमा र फाइनल परीक्षा माघमा लिने सरकारी नीति थियो । विद्यार्थीहरू टेष्ट परीक्षा दिन त्रि.मा.वि. पैयुँपाटा जान नसक्ने जटिल अवस्था बन्यो । यसैकारण पनि अमलाचौर बासीलाई आफ्नै ठाउँमा मा.वि. सञ्चालनको टड्कारो आवश्यकता बोध भएको थियो ।

> त्यसबेलाको समयमा १० कक्षाका विद्यार्थीको टेष्ट परीक्षा असोज महिनामा र फाइनल परीक्षा माघमा लिने सरकारी नीति थियो । विद्यार्थीहरू टेष्ट परीक्षा दिन त्रि.मा.वि. पैयुँपाटा जान नसक्ने जटिल अवस्था बन्यो । यसै कारण पनि अमलाचौर बासीलाई आफ्नै ठाउँमा मा.वि. सञ्चालनको टड्कारो आवश्यकता बोध भएको थियो ।

पृथ्वी मा.वि.ले आफ्नो प्रारम्भिक स्वरुप धारण गरी अगाडि बढ्ने क्रममा केही झिना मसिना विवाद बाहेक आम अमलाचौरबासीको सहयोग र एकता प्रयास भै नै रहयो । तथापी, १० कक्षाको प्रवेशिका परीक्षा लिन आवश्यक पर्नेअस्थाई अनुमति, सम्बन्धन भने प्राप्त गरिनसकेको अवस्थामा भने केही समस्या देखियो ।

१० कक्षाका हाम्रा विद्यार्थीहरूको टेष्ट परीक्षा दिलाउने विषयमा हामी तमाम अभिभावक तथा सञ्चालककर्ता सबैलाई चिन्ताको विषय बन्नु स्वभाविक थियो । किनकी, यहाँका विद्यार्थी परीक्षा दिन त्रिभुवन मा.वि. पैयुँपाटा जान नमान्नु र आफ्नो गा.वि.स.मा प्रस्तावित मा.वि.ले स्वःप्रयोजनको लागि अनुमति-सम्बन्धन प्राप्त गर्न नसकेसम्म परीक्षा लिन नमिल्नु यही नै हामी सबै अभिभावक र सञ्चालकहरूको लागि जीवन मरणको सवाल बन्यो । सजिलैसँग सरकारबाट अनुमति प्राप्त हुन सकेन । त्यो जटिल विषय नै बन्यो र अनुमति ल्याउन सक्नु नै यहाँका जनताको जीत हुने ठानियो ।

सम्बन्धीत निकायमा प्रस्ताव जाँदा पृथ्वी प्रस्तावित मा.वि.ले तत्काल सम्बनधन प्राप्त गर्न नसक्ने निश्चित भएको जानकारी विश्वसनीय सुत्रमार्फत हामीलाई थाहा भयो । यो कसरी र किन भयो, जनताको शिक्षा प्रतिको मागमा सरकार किन सकारात्मक बनेन, यस विषयमा म यसमार्फत धेरै खोतलीरहन र विषयलाई अनावश्यक लम्ब्याई रहन चाहन्न । तैपनि, यस परिस्थितिमा स्थानीय दीनानाथ शर्मा सम्बन्धन दिलाउनका लागि केन्द्रसम्म निकै सक्रिय रहनुभयो ।

अफ्ठ्यारो परिस्थितिका बावजुद २०४४ भाद्र महिनाको पहिलो हप्ता यसै अनुमति र विद्यार्थीको टेष्ट परीक्षाको विषयलाई लिएर छलफल गर्न हामी विद्यालयप्रति जिम्मेबार केही व्यक्तिहरू श्री तेजेन्द्रप्रसाद ढकालको घर कालिमाटीमा जम्मा भयौं । दिनरात भरको बैठकमा विद्यालयका सबै अप्ठ्यारा परिस्थितिको बारेमा समीक्षा भई कतिपय हामीहरू मध्येका साथीहरूले गाउँमै बसी विद्यालयमा आवश्यक भौतिक र आर्थिक पक्षलाई अगाडि बढाउने निर्णय गर्‍यौं । खासगरी, सम्बन्धन प्राप्त गर्नको लागि तत्कालिन श्री ५ को सरकार शिक्षा मन्त्रालयमा गई प्रस्तावित मा.वि.को अनुमति प्राप्त गर्न प्रधानपञ्च झपेद्रप्रसाद पाठकको नेतृत्वमा गुरु डिल्लीप्रसाद शर्मा, गुरुदत्त पाठक, खगेन्द्रबहादुर पौडेल र हिराबहादुर खत्री जना ५ लाई उक्त जिम्मेबारी दिई काठमाडौं पठाउने निर्णय भयो । विद्यार्थीको परीक्षा र भविष्यलाई ध्यान दिई कुनै पनि हालतमा अस्थाई

लेखक अमलाचौरका स्थानीय समाजसेवी हुनुहुन्छ

अनुमति-सम्बन्धन लिएरै आउनुपर्ने जिम्मेवारी दिइयो । यो जिम्मेबारीका साथ हामी ५ जना काठमाडौंतर्फ लाग्यौं । वर्षायाम, अनेकन प्राकृतिक प्रतिकुलताको सामना गर्दै स्याङ्गजा जिल्लाको बाटो काठमाडौं पुगियो । त्यतिखेर जेठ महिनामा देशमा राष्ट्रिय पञ्चायतको चुनाव भएको थियो । यस जिल्लाबाट राष्ट्रिय पञ्चायतको उमेदवार तेजेन्द्रबहादुर खड्का पराजित हुनुभएको थियो । त्यसभन्दा पहिले पृथ्वी प्रस्तवित मा.वि. खोल्दादेखि नै दीनानाथ शर्मा र झपेन्द्र पाठकको सम्पर्क तेजेन्द्रबहादुर खड्कासँग भैरहेको थियो । उहाँ त्यतिखेर यस जिल्लाका प्रभावशाली नेता नै हुनुहुन्थ्यो । उहँले मा.वि. सञ्चालनार्थ आइपर्ने कुरामा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने वचन दिनुभएको थियो ।

हामी काठमाडौं पुगेपछि यस जिल्लाका अर्का परिचत नेता जीतबहादुर कुँवरसँग पनि भेट गर्‍यौं । उहाँको समेत सहयोग लिई तेजेन्द्रबहादुर खड्काको निवास थापाथली पुगेर यथार्थ कुरा गरी हाम्रो माग बमोजिमको निवेदनमा मन्त्रालयबाट तोकादेश गराईदिन अनुरोध गर्‍यौं । सुरुमा चुनावमा भनेजति सहयोग नगरेको भनि खड्काले हामीप्रति असन्तुष्टि व्यक्त गरेपनि यस काममा भने सक्रिय भई लाग्ने वचन दिनुभयो । तदनुरुप शिक्षामन्त्रीसँग भेट गर्न समय मिलाउँदा हामीले ८ दिनसम्म कुर्नुपर्ने भयो । यसबीचमा खड्का र शिक्षामन्त्रीबीच यस बारेमा कुराहरू भएको पनि हुन सक्छ । आखिर हामीसहित जीतबहादुर कँवर र तेजेन्द्र खड्का गरी ७ जना शिक्षामन्त्री केशरबहादुर विष्टको घर ललितपुर एकान्तकुना पुग्यौं । दिनभरको पर्खाइपछि मन्त्रीसँग भेट भयो । हाम्रो निवेदन अनुसार तेजेन्द्र खड्काले माग बमोजिम गरिदिन आग्रह गर्नुभयो । त्यसबीचमा हामीले पनि आफुहरूलाई अफ्ठ्यारो परेको कुरा जोडदार रुपमा उठायौं । अन्त्यमा केही असजिलो महशुस गर्दै मन्त्रीले सचिवलाई सम्बोधन गरी बागलुङ अमलाचौर को प्रस्तावित मा.वि.लाई अस्थाई सम्बन्धन दिई पठाईदिनु भनी बढो कठिन साथ तोकादेशसम्म गरे । त्यसपछि हामी तत्कालै शिक्षा मन्त्रालय केशरमहल पुग्यौं । फेरि त्यहाँ पनि सचिवले दुई तीन दिनसम्म आलटाल गर्न खोजे । त्यसपछि तेजेन्द्र खड्कासँग सम्पर्क गरी मन्त्रीबाट सचिवलाई भन्न लगाई अर्को पाँच दिन पछिमात्र अनुमतिको पत्र तयार भई सो लिएर हामी १७ दिनको कष्ट साध्य यात्राबाट घर फर्किर्यौं । त्यस पछि जिल्ला शिक्षा कार्यालय बागलुङबाट सोही मन्त्रालयको पत्रको आधारमा अनुमति प्राप्त गरेको जानकारी विद्यालयलाई दिइयो । यसरी सक्रिय मेहनतका साथ काम सम्पन्न गरी विद्यार्थीहरूको परीक्षा पृथ्वी मा.वि. अमलाचौर मै लिइने वातावरण तयार भयो ।

यसरी आफ्नै गाविसको आँगनमा हाईस्कुल सञ्चालन भएकोमा हामी सम्पूर्ण अमलाचौरबासी जनता गौरवान्वित भयौं । समय र परिस्थिति अनुसार सहज असहजका बावजुद पनि आजका दिन प्रयन्त हाम्रो पृथ्वी उच्च मावि हाम्रै सामु व्यवस्थित रूपमा सञ्चालित छ । विगतमा कतिपय शैक्षिक आर्थिक र भौतिक विषयमा पर्न आएका समस्या र देखिएका विवादहरू समेतलाई सहजै समाधान गरी यहाँका राजनीतिक दल, विद्यालय व्यवस्थापन समिति, प्रवुद्ध वर्ग साथै आम अभिभावक सबैको सहयोग र समझदारी प्रयासबाट निरन्तर अगाडि बढाउने कार्य भैरहेको छ । यसरी नै यसभन्दा अझै बढी सक्रिताका साथ विद्यालयको समग्र हित उन्नतीको लागि आम अमलाचौरबासी दिदीबहिनी, दाजभाइ, राजनीतिक दल, समाजसेवी, बुद्धिजीवि, अभिभावक सबैको भावनात्मक एकता र अनुपम सहासको आवश्यकता छ । जसका लागि आ-आफ्नो राजनीतिक आस्था र विचारलाई आफ्नो ठाउँमा राखि समस्त अमलाचौर गाविसको सर्वाङ्गीण विकास अनि पृथ्वी उच्च मावि को लक्ष्य र भविष्यलाई सफल बनाउने सार्थक प्रयासमा हामी सबै जुटौं । ❁

फौजदारी न्यायको सिद्धान्त
(Doctrine of Criminal Justice)

भोलानाथ ढकाल

सारांश :

प्रत्येक राज्यद्वारा समाजमा अपराध नियन्त्रण गर्न विधि-विधान निर्माण गरिएको हुन्छ । फौजदारी कानुन निर्माण गरी कार्यान्वयन गर्नेक्रममा आरोप लागेका व्यक्तिका लागि केही नियम स्वीकार गरी अन्तर्राष्ट्रियस्तरमा संयुक्त राष्ट्रसंघलगायत अन्य एजेन्सीबाट पारित घोषणापत्र तथा दस्तावेजमा सार्वजनिक गरिएको पाइन्छ । फौजदारी कानुनमा न्यायका मान्य सिद्धान्तलाई पनि स्वीकार गरिएको हुन्छ । फौजदारी न्यायको सिद्धान्तले खासगरी कानुनले निषेध गरेको कार्य गर्नेले सजाय पाउनुपर्छ र निरापराधीलाई अनाहकमा सजायको भागी बनाइनुहुँदैन । अपराधबाट पीडितले उचित न्याय तथा क्षतिपूर्ति पाउनुपर्छ भन्ने कुरालाई व्यवस्थित गर्छ । आरोपीलाई मानवोचित व्यवहार गरिनुपर्छ भन्ने विषयमा समेत ध्यान दिनुपर्छ । खासगरेर अतीत प्रभावी कानुन वा भइरहेको कानुनबमोजिमबाहेक सजाय नहुने, दोहोरो खतराको सिद्धान्त, आफ्नोविरुद्ध साक्षी हुन कर नलाग्ने, गिरफ्तारीका कारण थाहा पाउने, यातनाविरुद्धको हक, कानुनी प्रतिनिधित्वको अधिकारलगायतका विविध अधिकारलाई नेपालको अन्तरिम संविधान-२०६३ लगायत अन्य कानुनमा स्वीकार गरिएको छ । हाम्रो अदालतबाट समेत फौजदारी न्यायका विभिन्न सिद्धान्तअनुरूप फैसला गर्ने पद्धति विकास भएको छ । प्रस्तावित अपराध संहिता-२०६७ मा समेत विस्तृत रूपमा फौजदारी न्यायका सिद्धान्त व्यवस्था गर्न खोजिएको छ ।

फौजदारी शब्दले समाजमा भएका कसुर वा अपराध तथा त्यससम्बन्धमा गरिने न्यायिक कारबाहीलाई इंगित गरेको हुन्छ । प्रत्येक राज्यमा फौजदारी अपराध नियन्त्रण गर्न विधि-विधान निर्माण गरिएको हुन्छ । कानुन पनि मानवजीवनसँग जोडिएको हुन्छ । मानिसको बाँच्न पाउने अधिकार (right to livehood) सँग फौजदारी कानुनको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । black's law dictionary मा "having the character of a crime in the nature of a crime and connected with the administration penal justice."[1] भनी फौजदारी कानुनको परिभाषा गरिएको छ । "the criminal law world appear to offer guidelines as to what type of behavior, or from a negative view point, inactivity, is unacceptable and there for in consequence each of us can be fairly confident of what actions, or in actions are likely to be endorsed by our fellow citizens. the criminal law provides a snapshot of what society at any one moments deems to be impermissible, deserving of some from of punishment in order to discourage that individual from participating in that way again."[2] भनी उल्लेख गरिए बाट पनि असल व्यवहार गर्नेलाई निरन्तरता र स्वीकार गर्न नसकिने व्यवहार गर्ने व्यक्तिलाई निरुत्साहित गर्न दन्डसमेत व्यवस्था राष्ट्रको फौजदारी कानुनले गरेको हुन्छ ।

मानव समाजमा कानुनविरुद्धको कार्य गर्नेलाई सजाय गर्ने अवधारणा अन्तर्गत फौजदारी कानुन निर्माण भएको हुन्छ । कानुनी राज (rule of law) को सिद्धान्त अनुसार सबैले कानुनलाई पालना गर्नुपर्छ । कानुनी राज्यभित्र कानुनबमोजिम मात्र अभियुक्तको कसुर कायम गरिनुपर्छ र आरोपित कसुर अभियुक्तले गरेको हो, होइन सो कुरा जाँच-परीक्षण गरेरमात्र सक्षम अदालतबाट कसुरदार ठहर गरिनुपर्छ भन्ने न्यायको सिद्धान्त हो । कानुनको सर्वमान्य सिद्धान्तलाई पनि फौजदारी न्यायको कार्यान्वयनक्रममा अनुशरण गरिनुपर्छ । अपराध शास्त्रमा भएको परिवर्तनसँग फौजदारी कानुनमा समेत समयानुकूल परिवर्तन हुँदै गरेको पाइन्छ ।

फौजदारी कानुनको मौलिक सिद्धान्तलाई अधिकांश देशको फौजदारी कानुनले स्वीकार गरेको हुन्छ । न्यायका मान्य सिद्धान्तसँग यो सिद्धान्तको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । फौजदारी न्यायका मान्य सिद्धान्तलाई कुनै पनि मुलुकको संविधान र कानुनले आत्मसात् गरेको हुन्छ । साथै अन्तर्राष्ट्रिय सन्धि-सम्झौताले समेत त्यसलाई घोषणापत्र तथा दस्तावेजमार्फत सार्वजनिक गर्ने गरेको पाइन्छ । मुख्यतया कानुनले निषेध गरेको कार्य गर्नेले कानुनबमोजिम सजाय पाउनुपर्छ र निरापराधीलाई अनाहकमा सजायको भागी बनाइनु हुँदैन । अपराधबाट पीडितले उचित न्याय तथा क्षतिपूर्ति पाउनुपर्छ भन्ने मान्यताबाट फौजदारी न्यायका सिद्धान्त विकसित भएको पाइन्छ । कतिपय सिद्धान्त अभ्यासबाट स्थापित भएका हुन्छन् भने कतिपय संविधान तथा कानुनमै स्पष्ट रूपमा उल्लेख भएका हुन्छन् । नेपालको अन्तरिम संविधान-२०६३ र अन्य प्रचलित कानुनमा

Black's Law Dictionary, Bryan A.Graner, eighth edition, Thomson West U.S.A., P.402 Prof. Duncan bloy, criminal law, lecture notes, second edition, London, 1996. P.1..

फौजदारी न्यायका विविध सिद्धान्त समाहित भएका छन् । ती हक, अधिकार र सिद्धान्तलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

१. अतीत प्रभावी कानुनको सिद्धान्त (ex-post facto) वा existing कानुनबमोजिमबाहेक सजाय नहुने :

कुनै पनि अपराध घट्दा जुन कानुन छ, त्यही कानुनअनुसार सजाय गरिनुपर्छ । अर्थात् भइसकेको कानुनमा प्रभावकारी हुनेगरी पछि निर्माण भएका कानुनका आधारमा अभियुक्तलाई सजाय गर्ने वा सजाय बढाउने कानुन निर्माण तथा प्रयोगमा निषेध गर्ने सिद्धान्त नै अतीत प्रभावी कानुनको सिद्धान्त हो । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (४) अनुसार "तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने व्यवस्था गरेको छ । यसबाट हाम्रो कानुनले पनि अतीत प्रभावी कानुनको सिद्धान्तलाई आत्मसात् गरेको पाइन्छ ।

यस अन्तर्गत निम्नप्रकृतिका कानुन पर्छन् ।

(क) कसुर वा कार्य गर्दाका बखत कसुर नमानिएको कामलाई पछि कसुर ठहऱ्याइ सजाय गर्ने कानुन

(ख) कसुर गर्दाको बखत हुने सजायको मात्रालाई पछि गएर बढाउने कानुन

(ग) कसुर गर्दाको अवस्थामा भन्दा पछि गएर कसुरको गम्भीरता बढाउने वा ठूलो पार्ने कानुन

(घ) कसुर गर्दाको अवस्थामा कसुर प्रमाणित गर्न चाहिने प्रमाणभन्दा थोरै प्रमाण भए पुग्ने वा फरक प्रमाण ग्रहण गर्ने कानुन[3]

यो सिद्धान्तअनुसार नेपालको सर्वोच्च अदालतसमेत बाट विगतमा पनि "नेपाल अधिराज्यको संविधान-२०४७ को धारा १४ (१) अनुसार कुनै कार्य गर्दा त्यस्तो कार्यलाई कानुनले दन्डनीय कसुर नमानेको अवस्थामा पछाडि बनेको कानुनले अगाडि नै भइसकेको कार्यलाई दन्डनीय कसुर घोषणा गरी सजायको व्यवस्था गर्न र त्यस्तो कानुन प्रयोग गरी अगाडि नै घटेको वारदातसँग सम्बन्धित व्यक्तिलाई सजाय गर्न तथा कसुर गर्दाको अवस्थामा कानुनबमोजिम हुन सक्ने भन्दा बढी सजाय गर्न नमिल्ने संवैधानिक प्रत्याभूति प्रदान गरिएको स्पष्ट हुने"[4] भनी सिद्धान्त प्रतिपादन भएको छ ।

२. दोहोरो खतराको सिद्धान्त (principle of double zeopardy)

कुनै पनि व्यक्तिलाई एकै कसुरमा दुईपटक खतरामा राखिने छैन भन्ने सिद्धान्तले एउटा कसुर गरेको आरोपमा एकपटक सजाय पाएपछि वा सफाइ पाइसकेपछि सोही कसुरमा पुनः मुद्दा चलाउने वा सजाय गर्न नहुने सिद्धान्त नै दुई खतराको सिद्धान्त हो । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (६) अनुसार "कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाउने र सजाय दिइने छैन" भन्ने व्यवस्था गरेको छ । त्यस्तै मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ८५ नम्बरले "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाको नाउँको फिरादपत्र लिई सुन्नुहुँदैन । लिएको भए पनि खारेज गरिदिनुपर्छ" भन्ने सोहीअनुरूपको व्यवस्था गरेको छ । जसअनुसार अदालतमा एउटै विषयमा एकपटकभन्दा बढी मुद्दा नचलाउने गरिएको छ ।

३. आफ्नोविरुद्ध साक्षी हुन कर नलाग्ने (right against self incrimination) :

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन कर लगाइने छैन । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा ७ अनुसार "कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन कर लगाइने छैन" भन्ने व्यवस्था गरेको छ । त्यस्तै प्रमाण ऐन-२०३१ को दफा ९ मा पनि कुनै व्यक्तिले अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा तोकिएको अवस्थामा बाहेक प्रमाणमा लिन नहुने व्यवस्था गरी अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तलाई अंगीकार गरेको पाइन्छ । "आफ्नोविरुद्ध आफैँ साक्षी हुन नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नोविरुद्ध बोल्न बाध्य हुँदैन । त्यसरी नबोले का कारणले मात्र उक्त व्यक्ति दोषी हुन नसक्ने कुरालाई इंगित गरेको पाइने"[5] भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको पाइन्छ ।

४. यातनाविरुद्धको हक (right against torture) :

अपराध अनुसन्धानक्रममा राज्यद्वारा शंकास्पद व्यक्तिलाई आफ्नो नियन्त्रणमा लिएर अनेकौँ दुःख, कष्ट, यातना, डर, त्रास, प्रलोभन आदि दिन सक्ने अवस्थालाई नियन्त्रण गर्न संयुक्त राष्ट्र संघको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दन्डविरुद्धको महासन्धि-१९८४ नेपालले सन् १९९१ मै अनुमोदन गरिसकेको हुँदा यातनाविरुद्धको अग्रसर रहने प्रतिबद्धता नेपालले पनि प्रस्ट हुन्छ । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २६ को उपधारा (१) मा उल्लेख भएअनुसार अनुसन्धान, तहकिकाक वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । उपधारा (२) मा उल्लेख भएअनुसार कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिएमा वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिएमा त्यस्तो कार्य दन्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिइने भन्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा नेपालमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन-२०५३ निर्माण भई कार्यान्वयनमा आएको छ । सोअनुसार धेरै यातनापीडित व्यक्तिले क्षतिपूर्ति पाउन थालेका छन् ।

"the torture compensation act, 2053 gives district courts the power to pass an order for departmental action against the perpetrator. however, the problem of torture during detention has been found to persist unabated. the main reason for the prevalence of torture is that the Act does not make the perpetratior accountable for his/her

१ मानवअधिकार स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं, October 2099, P.240 <?> उत्तम लामा वि. चरिमाया मोक्तानको जोहरीले श्री ५ को सरकार, ने.का.प.२०६१, पृष्ठ ११०३,
२ चन्द्रबहादुर नेपाली वि.मन्त्रिपरिषद् सचिवालय, ने.का.प.२०५१ पृ.६६६, नि.नं.४९६८नि.नं.७४३२.
3 Baseline Survey on Criminal Justice System of Nepal CeLRRd, Dadhikat-9. Bhaktapur, p.12

actions."[6] भनी ceLRRd ले गरेको research मा उल्लेख गरिएबाट यो यातनासम्बन्धी क्षतिपूर्ति दिन बनेको ऐन पर्याप्त नभएको देखिएको छ ।

५. निर्दोषिताको अनुमानको सिद्धान्त (presumption of innocence) :

निर्दोषिताको सिद्धान्तअन्तर्गत शंकाको सुविधा अभियुक्तले पाउँछ (benefit of doubt goes to the accused) भनिन्छ । शंकाको अवस्थाबाट उन्मुक्ति पाउन अभियुक्तले आफूलाई निर्दोष साबित गर्न पाउने पर्याप्त समय र सुविधा पाउनुपर्छ भन्ने मान्यता रहेको छ । यसले फौजदारी न्याय प्रशासनमा अभियुक्तलाई सफाइको मौका नदिई कसुरदार ठहऱ्याउन नहुने सिद्धान्तसमेत प्रचलनमा रहेको छ । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (५) मा "कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन" भन्ने व्यवस्था गरेको छ । त्यसैले अभियुक्तको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म अभियुक्तविरुद्ध प्रमाणमा लिइनुहुँदैन र निजलाई व्यक्तिका रूपमा व्यवहार गरिनुपर्छ भन्ने सिद्धान्त प्रचलित भएको हो ।

६.गिरफ्तारीका कारण थाह पाउने हक (right to know the reason of arrest) :

नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (१) अनुसार "कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन" भन्ने व्यवस्था गरेको छ । जुन मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदन्डअनुसार रहेको छ । यो सिद्धान्तअनुसार राज्यले कुनै व्यक्तिलाई गिरफ्तार गर्छ भने गिरफ्तार हुनुका कारणसहितको पक्राउ पुर्जी दिनुपर्छ भन्ने हो । पक्राउ पुर्जी दिनु मात्र पर्याप्त छैन । उक्त पक्राउ पुर्जी कानुनसम्मत हुनुपर्छ । साथै अधिकार प्राप्त अधिकारीले दिएको हो वा होइन, पक्राउ गर्नुपरे को आधार र कारण मनासिब, पर्याप्त र सन्तोषजनक कानुनअनुरूप हुनुपर्छ । "प्रहरीद्वारा गिरफ्तार गरी २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनामा राख्ने कार्यलाई संविधान तथा कानुनसंगत मान्न नमिल्ने"[7] भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको छ । त्यस्तै अन्य मुद्दामा पनि गैरकानुनी रूपमा थुनामा राखेको बदर भएका छन् ।

७. कानुनी प्रतिनिधित्वको अधिकार (right to legal counseling and representation) :

कुनै पनि व्यक्तिलाई फौजदारी कसुरको अभियोगमा पक्राउ गरिन्छ भने निजलाई निजले रोजेको कानुन व्यवसायीमार्फत प्रतिनिधित्व गर्न पाउने व्यवस्था पनि फौजदारी न्यायको महत्वपूर्ण सिद्धान्तका रूपमा रहेको छ । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (२) अनुसार "पक्राउ परेका व्यक्तिलाई पक्राउ गरेको समयमै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने छ । त्यस्तो व्यक्तिलाई आफ्नो कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन" भन्ने व्यवस्था गरेको छ । यो संवैधानिक व्यवस्थाको प्रयोजनका लागि "कानुन व्यवसायी भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ । नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (१०) अनुसार "असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । नेपालमा पनि कानुनी सहायतासम्बन्धी ऐन निर्माण भई आर्थिक रूपमा असमर्थ पक्षका लागि निःशुल्क रूपमा वैतनिक कानुन व्यवसायीमार्फत आवश्यक बहस, पैरवी, प्रतिरक्षा गराउन सकिने भएको छ ।

८. मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई पाउने अधिकार (right to be present before judicial authority) :

नेपालको अन्तरिम संविधान-२०६३ को धारा २४ को उपधारा (३) मा "पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ । त्यस्तो अधिकारीबाट आदेश भएमाबाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन" भन्ने व्यवस्था गरेको छ । कुनै पनि व्यक्तिलाई पक्राउ गरिसकेपछि २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्नुपर्नेगरी सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । "वस्तुतः अभियुक्त पक्राउ भएपछि अनुसन्धानका लागि प्रहरी हिरासतमा रहने हुन्छ । अनुसन्धानबाट कसुर गरेको नदेखिएमा हिरासतमा रहेको अभियुक्तउपर मुद्दा नचल्ने भई प्रहरी हिरासतमा रहेको अभियुक्त अनुसन्धानको तहबाट छुट्न सक्ने हुन्छ भने अनुसन्धानपछि सबुत प्रमाणका आधारमा प्रहरी हिरासतमा रहेको अभियुक्तउपर मुद्दा नचल्न पनि सक्छ । बन्दीलाई सुरुमा पक्राउ गरी प्रहरी हिरासतमा राख्दा अनुसन्धानका लागि हिरासतमा राखिएको र पक्राउ भएको २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराएको नदेखिएकाले सो थुना गैरकानुनी हुन्छ" भनी रघुनाथ अग्रवाल विजिप्रका काठमाडौँसमेत[8] को मुद्दामा बोलेको पाइन्छ ।

९.कसुरको मात्राअनुसार सजाय (punishment according to the quantum of offence) :

कसुरको गम्भीरता तथा हुन सक्ने सजायको मात्राअनुसार सजाय गरिनुपर्छ भन्ने मान्यतामा यो आधारित छ । अर्थात् एकभन्दा बढी कसुरदार भएको मुद्दामा समेत कसले के कसुर गरेको छ र निजले गरेको कसुरबापत प्रचलित कानुनले के सजाय निर्धारण गरेको छ भन्ने आधारमा मुद्दाको किनारा गर्नुपर्छ भन्ने मान्यता रहेको छ ।

१०.पीडितलाई उचित न्याय (victim protection and relief) :

फौजदारी कानुनको अर्को पाटो भनेकै पीडितलाई राहत तथा न्याय दिलाउने भएको हुँदा समग्रमा फौजदारी न्याय प्रशासनले पीडितपक्षीय न्यायलाई विशेष ध्यान दिनुपर्छ भन्ने अवधारणा रहेको छ । यसै का आधारमा दोषीलाई कानुनी प्रक्रिया पूरा गरी सजाय गर्नुपर्छ र पीडितले उपचार, सुरक्षा एवम् क्षतिपूर्ति पाउनुपर्छ भन्ने सिद्धान्त रहेको छ ।

7 अम्बर गुरुङ वि.त्रि.बि.सुरक्षा गार्ड प्रहरी कार्यालय गौचरणसमेत, ने.का.प.२०४९, पृष्ठ ३१ नि.नं.४४५०

8 . ने.का.प.२०५२, पृष्ठ ५९७ नि.नं.६०३८.

११. अपराधीसँगै अपराध पनि मर्छ **(crime dies with the offenders)** :

फौजदारी मुद्दा नै यस्तो मुद्दा हो, जसमा अपराध गर्ने व्यक्तिमाथि नै समग्र दायित्व रहने भएको हुँदा त्यस्तो व्यक्ति मरेमा अन्य आश्रित आफन्तउपर आपराधिक दायित्व थोपर्न नहुने सिद्धान्त प्रचलनमा रहेको छ । तर, कतिपय अवस्थामा आर्थिक दायित्व भने बेहोर्नु पर्ने व्यवस्था गरिएको हुन्छ ।

१२.अभियोग लगाउनेले प्रमाणित गर्नुपर्छ **(prosecution should establish the charge)** :

फौजदारी न्याय प्रशासनमा जसकोविरुद्ध अभियोग लगाइएको हो, सो कुराको पुष्टि अभियोग लगाउने (अभियोजन अधिकारी) पक्षले गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । प्रमाणको भार (the burden of proof) को सिद्धान्तले पनि यो कुरालाई पुष्टि गरिरहेको हुन्छ ।

१३. ठहर भएका सबै कसुरको सजाय एकैसाथ भोगाउनुपर्छ **(execution of punishment)** :

फौजदारी कसुरमा सजाय भएका व्यक्तिलाई जुन-जुन कसुरबापत सजाय भएको छ, ती कसुर र सजायको अवधिलाई साथ-साथै वा एकसाथ असुलउपर गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

१४. कानुनबमोजिमको काम कसुर नहुने[9] : कानुनबमोजिम गर्नुपर्ने वा कानुनले क्षम्य मानेको कामलाई कसुर मानिने छैन भनी फौजदारी न्यायको सामान्य सिद्धान्तका रूपमा स्वीकार गरिएको छ ।

१५.कानुनबमोजिमबाहेक सजाय नहुने[10] :

कानुनले सजाय नहुने कुनै काम गरेकापत कुनै व्यक्ति सजायको भागी हुने छैन । कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय हुने छैन ।

१६.स्वच्छ सुनवाइबाट वञ्चित नहुने[11] :

कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनवाइबाट वञ्चित हुने छैन ।

१७. नाबालकले गरेको काम कसुर नहुने[12] :

दस वर्ष उमेर नपुगेको नाबालकले गरेको कुनै काम कसुर मानिने छैन ।

१८. होश ठेगानामा नरहेको व्यक्तिले गरेको काम कसुर नमानिने[13] :

कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताका कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्नेगरी होश ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसुर मानिने छैन ।

१९. मन्जुरी लिई गरेको काम कसुर नहुने[14] : ज्यान लिने वा अंगभंग गर्ने नियतले वा ज्यान जान वा अंगभंग हुन सक्छ भन्ने थाहा भई गरको बाहेक कसैले अठार वर्षमाथिको कुनै व्यक्तिको मन्जुरी लिई गरेको कुनै कामबाट त्यस्तो मन्जुरी दिने व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसुर मानिने छैन ।

प्रस्तावित फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक "अपराधसंहिता, २०६७" को परिच्छेद-२ मा फौजदारी न्यायका सामान्य सिद्धान्तमा माथि ले खिएका अतिरिक्त भलाइका लागि मन्जुरी लिई गरेको काम कसुर नहुने, भलाइका लागि संरक्षकको मन्जुरी लिई गरेको काम कसुर नहुने, भलाइका लागि मन्जुरी नलिएर पनि असल नियतले होसियारी साथ काम गर्दा निजलाई कुनै क्षति वा हानि नोक्सानी पुग्न गएमा त्यस्तो काम कसुर मानिने छैन, मन्जुरी लिएर पनि कसुर गर्न नहुने, कुनै व्यक्तिलाई निजको भलाइका लागि असल नियतले दिएको कुनै कुराको सूचना वा जानकारीबाट त्यस्तो व्यक्तिलाई क्षति पुग्न गएमा सो काम कसुर मानिने छैन । डर त्रासमा परी गरेको काम कसुर नहुने, अन्य हानी नोक्सानी बचाउन असल नियतले गरेको काम कसुर नहुने, निजी रक्षाका लागि गरेको काम कसुर नमानिने, ज्यान लिने अधिकार नहुने, मामुली हानि नोक्सानी भएकोमा कसुर नहुने, नाबालकबाट गराएको कसुरमा उमेर पुगेकोलाई सजाय हुने, निरपेक्ष दायित्व (strict liability) हुने कसुरमा आपराधिक मनसाय परीक्षण हुने छैन, संगठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने, समूहबाट भएको कसुरमा सबै सदस्यलाई सजाय हुनेजस्ता विभिन्न फौजदारी कानुनका सामान्य सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ ।

प्रस्तावित फौजदारीसंहिताले अवलम्बन गरेको सिद्धान्त सम्बन्धमा "the general principles of criminal justice have been codified so that they can be equally applied to all crimes and crime situations. among those principles such as ignorance of law is no exuse; there can be no crime without being established by law; presumption of innocence no act is punishable unless law declare so etc have been enumerated. the objective of codification is brought to give uniformity in practice." [15] गरेको टिप्पणीबाट अब हाम्रो फौजदारी कानुनमा फौजदारी न्यायका मान्य सिद्धान्तको प्रयोगमा एकरूपता आउने अपेक्षा गर्न सकिन्छ । सो प्रस्तावित हालको विधेयक सम्बन्धमा "especially relating to territorial jurisdiction and extra-territorial jurisdiction of the code, provisions relating to universal and general principles of criminal justice system and provisions

फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको प्रस्तावित विधेयक "अपराधसंहिता, २०६७" को परिच्छेद २ दफा ६, व्यवस्थापिका संसद् सचिवालय संसद् भवन । Ibid- दफा ७ . Ibid- दफा १० . Ibid- दफा १३ . Ibid- दफा १४ . Ibid- दफा १५ . Kashi Raj Dahal, Basic features of the proposed criminal Code and Criminal procedure code of Nepal. Seminar Cum Workshop on Criminal Justice System of District Judiciary December 1-10, 2002 Dhulikhel. P=134 <? > . Dr. Rajit Bahkta Pradhananga, A brief study on Traditional Classification of crimes and codification of criminal laws in Nepal , Seminar Cum Workshop on Criminal Justice System of District Judiciary December 1-10, 2002 Dhulikhel p.121

relating to universal principles of punishment."[16] गरेको टिप्पणीबाट समेत यो विधेयक कानुन बनेमा फौजदारी न्यायका सिद्धान्तको कार्यान्वयन अझ प्रभावकारी रूपमा हुन सक्छ ।

फौजदारी न्यायले मानिसका जीवन, मर्यादा र सामाजिक सुरक्षालाई खतरामा पर्ने कानुनविपरीतका क्रियाकलापलाई अपराध मानिन्छ र अपराधविरुद्धको औपचारिक नियन्त्रणको काम फौजदारी कानुनले गर्छ । फौजदारी न्यायले अपराधीलाई सजाय, पीडितलाई न्याय र समुदायलाई निर्भयता प्रदान गर्नुपर्ने विश्वव्यापी मान्यता छ । यस विषयमा अन्तर्राष्ट्रिय रूपमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदन्ड, यातनाविरुद्धको महासन्धि, न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता र न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तलगायतका विभिन्न दस्तावेजमा व्यवस्था गरिएको पाइन्छ । नेपालमा पनि ती विभिन्न सन्धि तथा सम्झौतालाई स्वीकार गरिएको पाइन्छ । फौजदारी न्यायका सिद्धान्तलाई व्यवहारमा लागू गर्न खोजिएको छ । हाम्रो देशमा छरिएर रहेका र व्यवहारमा कार्यान्वयन गरिँदै आएका यी व्यवस्थालाई नेपालको अन्तरिम संविधान-२०६३ मा मौलिक हकका रूपमा स्वीकार गरिएको छ। साथै संविधानमा व्यवस्था गरिएको भन्दा बाहिर छरिएर रहेका सिद्धान्तलाई फौजदारी कसुरसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रस्तावित "अपराधसंहिता-२०६७" को परिच्छेद-२ मा दफा ६ देखि ३१ सम्म व्यवस्था गरी लागू गर्न खोजिएकोबाट अब ती सिद्धान्त कार्यान्वयनमा एकरूपता हुने विश्वास गर्न सकिन्छ । आशा गरौँ त्यो विधेयकले छिट्टै कानुनको रूप लिनेछ र विद्यमान अवस्थामा रहेका कानुनको कार्यान्वयनमा फौजदारी न्यायको सिद्धान्तको समुचित उपयोग हुनेछ।

नेपालमा विद्यमान रहेको कसुरदार ठहर गर्ने र सजाय निर्धारण गर्ने कार्य एकैपटक निर्धारण हुँदै आएको सन्दर्भमा कसुरदार ठहर भएपछि छुट्टै सुनुवाइ गरी सजाय निर्धारण गर्नुपर्ने गरी प्रस्तावित फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन-२०६७" मा व्यवस्था गरिएको छ । उक्त प्रस्तावित ऐनको उद्देश्य र कारणमा सजाय निर्धारणका आधार तोक्ने, कम सजाय भएको कसुरदारलाई सुधार गृहमा पठाउने, खास किसिमका कसुरदारलाई पुनःस्थापना केन्द्रमा पठाउने तथा खुला कारागार वा प्यारोलमा राख्न सकिने र कसुरको परिणामस्वरूप पीडितको जिउ-ज्यान, सम्पत्ति वा इज्जतमा पुगेको क्षतिबापत पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति निर्धारणका आधार तोक्नेलगायतका व्यवस्था गरी न्यायपूर्ण, शान्तिपूर्ण र सुरक्षित समाज सिर्जना गरी सर्वसाधारणको हित र सदाचार कायम गर्नका लागि कसुरदारलाई उचित सजाय निर्धारण गर्न तथा सजाय कार्यान्वयन गर्नेसम्बन्धी कानुनी व्यवस्था गर्न विधेयक पेस गरेको उल्लेख गरेको पाइन्छ । उक्त ऐनको परिच्छेद ५ मा अन्य सजाय पर्याप्त नभए कैद सजाय गर्नुपर्ने, कैद सजाय निलम्बन गर्न सकिने, सुधारगृहमा पठाउन सकिने, पुनःस्थापना केन्द्रमा पठाउन सकिने, खुला कारागारमा राख्न सकिने, प्यारोलमा राख्न सकिने, सामाजिकीकरण गराउनुपर्ने, कैदबापत श्रममा लगाउन सकिने, कारागार बाहिर जान सकिने, प्रोवेसन तथा प्यारोलमा पठाउन प्रोवेसन तथा प्यारोल बोर्ड[17] गठन गर्नेजस्ता दन्डका आधुनिक सिद्धान्तलाई स्वीकार गरी कानुन बनाउन लागिएको छ ।

अन्त्यमा फौजदारी अभियोग लगाउँदा आरोप लागेका व्यक्तिका केही प्रमुख अधिकार प्रभावकारी रूपले रक्षा गरिनुपर्छ भन्ने मान्यताका आधारमा फौजदारी न्यायका सिद्धान्त विकसित गरिएका छन् । जुन अन्तर्राष्ट्रियस्तरमा मानवअधिकार विषयका रूपमा राष्ट्रसंघको सक्रियता वा अन्य विभिन्न संगठनबाट पारित वा अनुबन्ध गरिएको पाइन्छ । आरोप लागेको व्यक्तिलाई पुर्पक्षको सुरुदेखि सुनुवाइ नटुंगिएसम्म अर्थात् आरोप लागेको व्यक्तिलाई गढाउ वा सफाइ नभएसम्म वा कार्यान्वयनको तहमा समेत केही निश्चित सिद्धान्त पालना गरिनुपर्ने हुन्छ । ती सिद्धान्त अन्तर्राष्ट्रिय दस्तावेज वा राष्ट्रिय कानुनमा व्यवस्था गरिएको वा व्यवहारमा विकसित भएका पनि हुन सक्छन् । तिनीहरूको पालना गर्न प्रत्येक राष्ट्रको साथै त्यसको कानुन कार्यान्वयन गर्ने अधिकारीको कर्तव्यभित्र राखिएको हुन्छ । नेपालमा समेत ती फौजदारी न्यायका सिद्धान्तलाई स्वीकार गरिएको छ ।❁

लेखक जिल्ला अदालत कपिलवस्तुका न्यायाधीस हुनुहुन्छ

17 प्रस्तावित फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्नेसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७", व्यवस्थापितका संसद् सचिवालय, संसद् भवन सिंहदरबार, दफा २३ देखि ३९ ।

बागलुङ मण्डल याम्य भेकतिरको

- चुडामणि शर्मा

देख्नमा राम्रो अति
भैरव श्रीदेव देवको चरणमा
रम्य सुरम्य अति
अमलाचौर थियो अतीतदेखि नै
नाम यसको प्रख्यात अति
यसको सुन्दरता बढाउन अझै
लागे ती अग्रज जति

सबैको त्यो सद्भावना हुन गयो
सबको भयो सम्मति
विद्या मन्दिर यो बनाउन अठोट
गरे पूरा भो जति
धन्य-धन्य थिए ती अग्रज
आभार हुँ कि अरू
उनको सृष्टि थियो उसै र महाँ
खेल्छन् हजारौँ अरू

यसको बुद्धि समृद्धि होस् दिनदिनै
मेरा शुभेच्छाहरू
यसको उज्ज्वलता होओस् अति सधैँ
देखेर मात्र मरुँ
यो मेरो तनको अवसान हुनेछ एक दिन
यो त अमर हुन्छ है
नित्य आत्माले त सदा देख्नेछ
तृप्तमा हुनेछ है ॥

थुनेलो रोग

- डा. नारायणप्रसाद शर्मा

परिचय तथा कारण :

सामान्यतया दुधालु गाई, भैंसी तथा भेडा, बाखाको थुन वा कल्चौंडो को संक्रमणलाई थुनेलो भनिन्छ । यो रोग खासप्रकारका जीवाणु तथा ढुसी संक्रमणका कारण लाग्ने गर्छ । साधारणतया थुनको प्वालबाट थुनभित्र जीवाणु प्रवेश गरेको खण्डमा यो रोग लाग्छ । कहिलेकाहीँ थुनमा चोटपटक लाग्दा भएको घाउबाट पनि जीवाणु थुनभित्र प्रवेश गरी यो रोग लाग्ने गर्छ । यो एकप्रकारको सरुवा रोग हो । सावधानी नअपनाएको खण्डमा यो रोग एकबाट अर्कोमा सर्छ । यो रोग जीर्ण वा तीक्ष्ण दुईप्रकारका हुन्छन् । आर्थिक नोक्सानीको दृष्टिकोणले तीक्ष्णभन्दा जीर्ण प्रकृतिको रोग बढी संवेदनशील र महत्वपूर्ण मानिन्छ ।

ठीक तरिकाले दूध नदुहुनु, फोहोर हातले दूध दुहुनु, फोहोर पानीले थुन पखाल्नु, पूरा दूध नदुहुनु, गोठ फोहोर हुनु आदि विभिन्न कारणले यस रोगका लागि अनुकूल वातावरण सिर्जना गर्छन् ।

रोगका लक्षण :

तीक्ष्णप्रकारको थुनेलो रोगमा निम्न लक्षण देखिन्छन् :

१. रोगी जनावरको कल्चौंडो सुनिएको, तातो, रातो, कडा र छाम्दा दुख्ने हुन्छ ।
२. दूध उत्पादन तीव्र गतिले घट्छ ।
३. रोगी जनावरलाई ज्वरो आउँछ ।
४. आहारा खान छोड्छ ।
५. जनावर दुब्लो हुँदै जाने र
६. अन्त्यमा उपचार नपाएको खण्डमा मर्न पनि सक्छ ।

जीर्णप्रकारको थुनेलो रोगमा निम्न लक्षण देखिन्छन् :

१. विशेष बाहिरी लक्षण देखिँदैनन् ।
२. दूध पानीजस्तो वा रगत मिसिएको र तीतो हुन सक्छ ।
३. प्रभावित थुनबाट दूध दुहुँदा सुरुको दूधमा सेता र राता डल्ला देखा पर्न सक्छन् ।
४. दूध उत्पादन घट्छ ।
५. रोग बढ्दै गएपछि प्रभावित थुनबाट दूध आउन सदाका लागि बन्द हुन पनि सक्छ ।

रोगको निदान :

१. रोगको लक्षणका आधारमा ।
२. दूध दुहुँदा स्ट्रिपकपको प्रयोगबाट थुनिलो भएको पत्ता लगाउन सकिन्छ । दूध दुहुँदा सुरुका केही थोपा दूधलाई स्ट्रिपकपमा दुहुनुपर्छ । यदी दूधमा मसिना डल्ला भएको खण्डमा स्ट्रिपकपमा
प्रस्ट देखिने हुँदा थुनिलो भएको जनावर पत्ता लगाउन सजिलो हुन्छ ।
३. दूधको प्रयोगशालामा परीक्षण गरेर ।

उपचार :

१. थुनिलो रोग लाग्नसाथ उपचार गरेको खण्डमा फाइदा पुग्छ । यस रोगको उपचार गर्नका लागि पेनिसिलिन वा स्ट्रप्टोमाइसिन वा अक्सिटेट्रासाइक्लिन वा जेन्टामाइसिन वा इन्रोफलोक्सासिन वा लिभोफलोक्सासिन वा एम्पिसिलिनको सुई मासुमा लगाउनु र थुनमा हाल्नुपर्छ । थुनमा औषधि हाल्नका लागि थुनको प्वालबाट घुसाउन मिल्ने औषधिसहितको ट्युब प्रयोग गर्नुपर्छ । यी औषधि हरेक २४ घन्टा फरकमा पाँच/सात दिनसम्म प्रयोग गर्नुपर्छ । थुनबाट पूरा दूध निकालिसकेपछि (टिट साइफन प्रयोग गर्न पनि सकिन्छ) मात्र थुनमा औषधि हाल्नुपर्छ । पेन्डिस्ट्रिन एसएच वा टाइलक्स वा एल्सिक्लक्स वा एम्पिक्लक्सजस्ता थुनमा हाल्ने औषधि बजारमा उपलब्ध छन् । यसरी उपचार गर्दा दूधको परीक्षण र एन्टिबायोटिक सेन्सिटिभिटी टेस्ट गराएरमात्र उपचार गर्नु उपयुक्त हुन्छ ।

२. थुन सुनिएको छिटो निको पार्न एन्टिहिस्टामिन वा कोर्टिकोस्टेरोइड सुई दिन सकिन्छ तर यसले दूध सुकाउँछ ।

३. प्रभावित थुनको पूरा दूध निकालेर बोरिक एसिड मिसाएको तातो पानीले सेक्दा पनि फाइदा पुग्छ ।

४. प्रभावित थुन तथा कल्चौंडोवरिपरि नियमित रूपमा साँझ, बिहान पाँच/सात दिनसम्म मासिटलेप मलहम प्रयोग गर्दा संक्रमण बढ्न पाउँदैन र छिटो निको हुन सघाउ पुग्छ ।

थुनेलो रोगको आर्थिक महत्व :

आर्थिक रूपले दुधालु गाई, भैंसीका लागि थुनेलो रोग एकदमै महत्वपूर्ण र खर्चिलो रोग हो । अनुसन्धानबाट के पत्ता लागेको छ भने यो रोग लागेको कारणबाट बेतभरिको कुल दूध उत्पादनको २१ प्रतिशत उत्पादन घट्न जान्छ भने दूधमा चिल्लो पदार्थको मात्रा २५ पतिशतले घट्न जान्छ । अर्कोतर्फ थुनेलो रोग लागेको गाई, भैंसीबाट निस्केको अर्थात् प्राप्त दूध उपभोगको दृष्टिकोणबाट कम

लेखक पशु सेवा विभागमा वरिष्ठ पशु विकास अधिकृत हुनुहुन्छ

गुणस्तरको मानिन्छ । जसमा गुलियो र चिल्लोको मात्रा एकदमै कम हुन्छ भने जीवाणुको संख्या अत्यधिक मात्रामा बढ्न जान्छ । यस्तो दूध मानव उपभोगका लागि अनुपयुक्त साथै कम गुणस्तरको मानिन्छ । यस्तो दूधबाट प्रथमत दुग्ध परिकार बनाउनै सकिँदैन । यदि बनिहाले पनि कम गुणस्तरको दुग्ध परिकारमात्र बन्छ । यदि देखिने खालको थुनिलो भएको छ र समयमै राम्रो उपचार हुन सकेन भने कल्चौंडोमा भएका दूध उत्पादन गर्ने ग्रन्थी/कोस नष्ट हुँदै गएर अन्त्यमा पूरै थुन वा क्वाटर तथा कल्चौंडो नै बिग्रिन सक्छ । जुन किसानका लागि ठूलो आर्थिक नोक्सानी हो । यसरी थुनेलो रोगले चार/पाँच तरिकाबाट ठूलो आर्थिक नोक्सान पुऱ्याउने भए पनि यसबाट हुने आर्थिक क्षतिलाई रुपैयाँमा तोकेर भन्न धेरैलाई गाह्रो पर्छ । अतः यस लेखमा प्रतिबेत दुई हजार चार सय लिटर दूध दिने एउटा क्रस गाई वा मुर्रा भैँसीलाई ब्याएको एक/डेढ महिनाभित्र अर्थात् दूध उत्पादन उच्च रहेको अवस्थामा देखिनेखालको थुनेलो भयो भने वा नदेखिनेखालको थुनेलोबाट ग्रसित भइराख्यो भने त्यसबाट हुने नोक्सानीलाई रुपैयाँमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

२. दूध दुहुने मान्छेले दूध दुहुनुभन्दा अगाडि साबुन, पानी वा १ प्रतिशतको सेब्लोन झोल पानीले राम्रोसँग हात सफा गरेरमात्र दूध दुहुनुपर्छ । नङ छोटो राख्नुपर्छ । यसो गर्दा २५० जति खर्च बढ्न जान्छ ।

३. दैनिक साँझ र बिहान दूध, दही सकेपछि सबै थुनलाई पोभिडिन आयोडिन र ग्लिसरिनको झोल (पोभिडिन आयोडिन ९ भाग र ग्लिसरिन एक भाग मिलाएर बनाएको झोल) मा डुबाउनुपर्छ । जसले जाडोका कारणबाट थुन फाट्दा भएका घाउ र अन्य कारणबाट भएका घाउ निको हुनुको साथै थुनको प्वालबाट हुने जीवाणुको प्रकोप रोक्छ र थुनेलो हुन पाउँदैन । यसका लागि किसानले प्रतिबेत प्रतिगाई, भैँसी एक हजार रुपैयाँजति खर्च बेहोर्नुपर्ने हुन्छ ।

४. जति उपचार गरे पनि ठीक नहुने जनावरलाई बथानबाट हटाइदिनुपर्छ ।

क्रसं	क्षतिको विवरण		आर्थिक नोक्सानी (रु.)	
	देखिने थुनेलोमा	नदेखिने थुनेलोमा	देखिने थुनेलोमा	नदेखिने थुनेलोमा
१	२१ प्रतिशतले दूध उत्पादन घट्छ ।	२५ प्रतिशतले दूध उत्पादन घट्छ ।	५३० लिटर ५०=२६,५००	६०० लिटर५०=३०,०००
२	खान अयोग्य दूध फ्याँक्न पर्छ ।	दूध फाट्छ वा भण्डारण क्षमता घट्छ ।	४० लिटर५०=२,०००	२०० लिटर५०=१०,०००
३	थुन तथा कल्चौंडो कानो हुन सक्छ । जसबाट गाई, भैँसीको बजार मूल्य घट्न जान्छ ।	रोग देखिँदैन ।	प्रायः एक थुन बिग्रिन गई २० देखि २५ प्रतिशतले परल मूल्यमा गिरावट आउँदा ८ हजार रुपैयाँ घाटा हुन्छ ।	बजार मूल्यमा फरक पर्दैन
४	उपचारमा औषधि तथा प्राविधिक सेवामा खर्च बढ्छ ।	रोग देखिँदैन ।	एकपटक रोग लागेर उपचार गर्दा एक हजार पाँच सय खर्च हुन्छ ।	उपचारमा खर्च गरिँदैन
५	रोगी पशुलाई स्याहार गर्दा ज्यामी खर्च बढ्छ ।	रोग देखिँदैन ।	१० दिन सम्म १ गोठालो खट्दा एक हजार पाँच खर्च हुन्छ ।	थप ज्यामी खटाइँदैन ।
	जम्मा		३९,५००	४०,०००

उपरोक्त तालिकाबाट के कुरा प्रस्ट हुन्छ भने थुनेलो रोग लाग्दा त्यसको प्रकृति हेरेर प्रतिगाई, भैँसी प्रतिबेत मोटामोटी रूपमा पनि ४० हजार रुपैयाँसम्म आर्थिक हानि नोक्सानी बेहोर्नुपर्ने हुन्छ । यसरी रोग लागेर ठूलो आर्थिक बेहोर्नुभन्दा रोग व्यवस्थापन (नियन्त्रण) का उपाय अवलम्बन गरेर रोग लाग्न नदिनु धेरै लाभदायक र बुद्धिमानी हुन्छ । अतः यहाँ थुनेलो रोग व्यवस्थापनका केही उपायको छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

थुनेलो रोग व्यवस्थापन (नियन्त्रण तथा रोकथाम) का आधारभूत उपाय :

१. दूध छोड्ने समयमा टिलक्स वा एल्सिक्लक्स वा एम्पिक्लक्स वा पेन्डिस्ट्रिन एसएचजस्ता औषधिमध्ये कुनै एक प्रत्येक थुनमा एक/एक ट्युब राखिदिनुपर्छ । यसका लागि किसानले करिब ३०० रुपैयाँ जति खर्च बेहोर्नुपर्ने हुन्छ ।

५. थुनेलो रोग नलागेका गाई, भैँसीलाई पहिला र रोग लागेका गाई, भैँसीलाई पछि दुहुने व्यवस्था मिलाउनुपर्छ । रोगी जनावरलाई दुहुँदा पनि पहिला स्वस्थ थुन र अन्त्यमा संक्रमण भएको थुनको दूध दुहुने गर्नुपर्छ ।

६. दूध दुहुँदा कल्चौंडामा कति पनि दूध बाँकी नराखीकन दुहुनुपर्छ ।

७. गोठ सफा, सुख्खा र सुरक्षित राख्नुपर्छ । गोठमा काठको टुक्रा, तीखो वा धारिलो पदार्थ राख्नुहुँदैन । गोठलाई सकेसम्म सुख्खा राख्न सफा र सुख्खा सोत्तर प्रयोग गर्ने गर्नुपर्छ ।

८. दुहुने बेलाका पहिला दुई/तीन सिर्कालाई कहिले पनि भुइँमा फ्याँक्नुहुँदैन । पहिला सिर्का र थुनेलो भएको दूधलाई छुट्टै भाँडो मा दुहेर सम्भव भए ५ प्रतिशत फिनेल झोलमा मिसेर खाडलमा फ्याँकिदिने गर्नुपर्छ । यसका लागि किसानले प्रतिगाई, भैँसी प्रतिबेत

करिब ३०० जति खर्च गर्नुपर्ने हुन्छ ।

९. दूध दुहुने भाँडालाई खरानी वा सम्भव भए सर्फ/साबुनको प्रयोग गरेर राम्रोसँग धोई घाममा सुकाउनुपर्छ । यसका लागि किसानले प्रतिगाई, भैँसी प्रतिबेत करिब ३५० जति सर्फ/साबुनमा खर्च गर्नुपर्ने हुन्छ ।

१०. थुनेलो रोग देखापरेमा दूधको परीक्षण र एन्टिबायोटिक सेन्सिटिभिटी टेस्ट गराएरमात्र उपचार गर्नु उपयुक्त हुन्छ ।

११. दूध दुहिसकेपछि करिब ३० मिनेटजति गाई, भैँसी बस्न नदिईकन उभ्याइराख्ने व्यवस्था गर्न सक्यो भने उक्त समयभित्र थुनको प्वाल बन्द हुन गई गोठको भुइँ तथा गोबरमा रहेका जीवाणु थुनभित्र प्रवेश गरी थुनिलो रोग लगाउने सम्भावना निकै कम हुन जान्छ ।

यसरी थुनेलो रोग व्यवस्थापन गर्दा प्रतिगाई, भैँसी प्रति बेत अधिकतम दुई हजार दुई सयजति खर्च गर्नुपर्ने हुन्छ, यति सानो लगानी र अलिकति सावधानी अपनाउँदा थुनेलो रोग पूर्ण रूपमा नियन्त्रण भई सोबाट हुने ठूलो आर्थिक क्षतिबाट बच्न सकिन्छ । थुनेलो रोग व्यवस्थापनबाट दूधको उत्पादन लागत घटाउन र उत्पादन/उत्पाकत्व बढाई खुद मुनाफा वृद्धि गर्न निकै ठूलो सघाउ पुग्छ । उक्त तथ्य माथिको आर्थिक विश्लेषणबाट पनि पुष्टि भइसकेको छ ।

सफा दूध उत्पादन कसरी गर्ने ?

दूध स्वच्छ र सफा नभएमा त्यसबाट बन्ने परिकार गुणस्तरीय नहुने भएकाले सफा दूध उत्पादनका लागि निम्नकुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

१. दूधालु गाई, भैँसी एवम् दुहुने व्यक्ति स्वस्थ हुनुपर्छ ।
२. दूध दुहुनुपूर्व व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिनुपर्छ । औँठी, घडी, चुरा तथा अन्य गरगहना र शृंगारका वस्तु फुकाल्नुपर्छ
३. दूध दहुनुपूर्व र दुहिसकेपछि साबुन, पानीले राम्रोसँग हात धुनुपर्छ ।
४. गोठ सफा सुग्घर राख्नुपर्छ । मलमूत्र व्यबस्था राम्रो हुनुपर्छ र कीरा, झिँगा तथा अन्य परजीवीमुक्त गोठ हुनुपर्छ ।
५ दूध दुहुने स्थानवरपरको वातावरण सफा हुनुपर्छ ।
६. दुहुनुपूर्व कल्चौँडो र थुन पानीले सफा गरी सफा कपडाले पुछ्नुपर्छ ।
७. दूध दुहुने भाँडो स्टेनलेस स्टील वा आल्मुनियमबाट बनेको हुनुपर्छ ।
८. दूध दुहिसकेपछि सफा कपडाले दूध छान्नुपर्छ ।
९. दूध दुहुनुपूर्व र दुहेपछि दुहुने र दूध संकलन गर्ने भाँडा तातो पानी र डिटरजेन्टले सफा गरी धूलो नपस्ने ठाउँमा घोप्टाएर राख्नुपर्छ
१०. गुणस्तर बिग्रेको/फाटेको दूध चिस्यान केन्द्रमा लैजानुहुँदैन ।
११. एन्टिबायोटिकद्वारा उपचार गरेको दूध उपभोगका लागि प्रयोगमा ल्याउनुहुँदैन ।
१२. दूध संकलन कार्य बिहान, बेलुका निश्चित समयमा गर्नुपर्छ ।
१३. दूध संकलन भइसकेपछि सकभर छिटो साधनद्वारा दूध चिस्यान केन्द्र वा उद्योगमा पुऱ्याउने व्यवस्था गर्नुपर्छ । सो गर्न नसकेमा दूधलाई सकभर चाँडो निरोगन गरी चिसो पार्ने व्यवस्था गर्नुपर्छ ।
१४. दूध प्रशोधन तथा सरसफाइका लागि खानयोग्य पानी पर्याप्त मात्रामा हुनुपर्छ । ❁

- घननाथ पौडेल,
अमलाचौर-१ बरडाँडा

जाँगरले देश बन्छ

नेपालीको शिर भइरही उच्च सेतो हिमाल
चम्की विश्वैभरि अटल भै नाम राखि विशाल
यस्तै रितले चरम चुलिमा आँट बोकी उठेर
बालौं ठूलो झलमल दियो देश बन्न सके ।
लागौं सारा तनमन कसी स्वार्थ कत्ति नराखि
जागौं आहा सहज मनले गर्न उद्योग बाँकी
अल्छि कर्मी बनिकन कहाँ बन्छ नेपाल राम्रो
देशको भाग्योदय बुझ्न सके पाखुरीमा छ हाम्रो

हामीले नै मिलिजुलि यहाँ देशलाई सम्हालौं
भत्केको जो जग यदि भए जुर्मुराई उठाउँ
नौला नौला विषयहरुमा आज जाँगर निकाली
जाँगरले नै सकल धरती बन्छ सम्थर उकाली
हुन्छ राम्रो हरित चुचुरो रोप त्यसमा विरुवा
फल्छन् मणि फल अनि मनोहरि उठ्छन् चखेवा
थप्दै जाँउ अटुट रुपमा लाख नौला विकास
हुन्छौं हामी सफल सहजै चाख राखेर त खास ।
खुल्थे पक्कै रसिक सबका तिर्सनाका मुहार
फुल्थे साँच्चै उपवनभरी सिर्जनाका जुहार

लेखापरीक्षण के हो ?

- मित्रप्रसाद शर्मा पौडेल

लेखापरीक्षण भन्ने शब्दको विकास ल्याटिन भाषाको Auditore बाट भएको भनिन्छ । जसको अर्थ सुन्नु (to heare) भन्ने हुन्छ प्राचिन कालमा ग्रिस तथा मिश्र राज्यमा कारोवारको लेखा मालिकले कुनै व्यक्तिलाई राख्न दिएको हुन्थ्यो र यसरी राखिएको आयव्यय मालिकलाई पढेर सुनाउने चलन थियो । प्राचिन कालमा आयव्ययका हिसाबकिताबहरू सीमित हुने हुँदा सुनेकै आधारमा परीक्षण समेत हुने भैं गल्ती त्रुटिहरू पत्तालगाउन सकिन्थ्यो । यसरी सुन्ने र सुनाउने क्रमबाट नै लेखापरीक्षणको सुरुवात भएको भनिन्छ । सर्वप्रथम सन् १४९४ मा इटालीका Luca Pacioli ले आफ्नो पुस्तक Summa-De-Arethenetica मा "भेनिसको लेखा" भन्ने अध्यायमा दोहोरो लेखा श्रेस्ता प्रणाली (Double Entry brok keeping) को आवश्यकता उल्लेख गरी लेखा परीक्षणको काम कर्तव्य र दायित्वको बारेमा औंल्याएका थिए ।

लेखा परीक्षाको सम्बन्धमा विभिन्न ऐन कानुनहरूको विकास, विचारहरूको आदान प्रदान, लेखापरीक्षण सम्बन्धी संस्थाहरूको स्थापना आदिले गर्दा विभिन्न किसिमका सिद्धान्तहरू प्रतिपादन हुदै आएका छन । यि संस्था मध्ये लेखापालहरूको अन्तराष्ट्रिय संघ (International Federation of Accountants IFAC) मुख्य सरकारी तथा सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा ज्ञान तथा अनुभव आदान प्रदान गरी आपसमा समझदारी तथा सहयोगको विस्तार गर्ने उद्देश्यले स्थापित संस्था हो । लेखापरीक्षण सम्बन्धी अर्को अन्तराष्ट्रिय संगठन सन् १९५३ मा स्थापना भएको सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (Internatioal Oranization of Supreme Audit Istution INTOSAI) हो, जसले पनि लेखापरीक्षण व्यवस्थामा एकरुपता ल्याउन लेखापरीक्षण संस्थाहरूले लेखापरीक्षण गर्दा पर्ने न्यूनतम प्रकृया उल्लेख गरी अन्तराष्ट्रिय लेखापरीक्षण मापदण्डहरू लागु गरेको छ ।

लेखापरीक्षणको वर्गीकरण

क्षेत्रगत हिसाबले लेखापरीक्षणलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

१) व्यवसायिक लेखापरीक्षण

नाफाको उद्देश्य राखि संचालन गरिएका विभिन्न परेका व्यवसाय, व्यापार संचालन गर्न स्थापित व्यक्ति फर्म वा संगठित संस्था वा सार्वजनिक संस्थाहरूको आर्थिक कारोवार हिसाबकिताबको जाँच वा परीक्षण गर्ने कार्यलाई व्यवसायिक लेखापरीक्षण भनिन्छ । नेपालमा यसको विकासको लागि नेपाल चार्टर एकाउन्टेन्ट संस्थाको गठनलाई महत्वपूर्ण मानिन्छ । यो व्यवसायिक लेखा परीक्षणहरूको नियमक निकाय हो । यस संस्थाले लेखा परीक्षकहरूको दर्ता नवीकरणदेखि लेखा परीक्षकहरूलाई निर्देशन र नियन्त्रण गर्दै लेखापरीक्षणको क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गरेको छ ।

२) सरकारी लेखापरीक्षण

सरकारको सार्वजनिक कोष सहि तरिकाबाट खर्च भएको छ छैन, आवश्यक आधारभुत प्रमाण संलग्न छन् छैनन् सोको समेत विस्तृत जाँच लेखापरीक्षणमा समावेश हुन्छ । जसको जानकारीमा सरकार को कारोवारको समग्र पक्षको बारेमा सुसुचित गराउन आधुनिक राज्य संयन्त्रमा लेखापरीक्षणलाई महत्वपूर्ण औजारको रुपमा मानिन्छ ।

क) आन्तरिक लेखापरीक्षण

आर्थिक कार्यविधि ऐन २०५५ को दफा १६ (१) आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार महालेखा नियन्त्रण कार्यालय अन्तर्गतका जिल्लास्थित कोष तथा लेखानियन्त्रण कार्यालयबाट गरिने लेखापरीक्षणलाई आन्तरिक लेखापरीक्षण भनिन्छ । लेखापरीक्षण ऐन २०१८ लागू भएपछि महालेखा परीक्षकको कार्यालयबाट "आन्तरिक लेखापरीक्षण गरिसके पछिमात्र त्यो श्रेस्ता अन्तिम लेखापरीक्षणका लागि ग्राह्य हुनेछ" भन्ने परिचयपत्र गरिसकेपछि आ.ले.प. कार्य अनिवार्य जस्तै भयो । संगठनको उद्देश्य र कार्यकलापलाई ध्यानमा राख्दै संगठन भित्रकै कर्मचारीद्वारा आर्थिक कारोवारको विस्तृत रुपमा हिसाब जाँच आलोचना गर्ने अथवा सुझाव प्रदान गर्ने कार्यलाई नै आन्तरिक लेखापरीक्षण भनिन्छ ।

आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजु वा त्रुटिहरू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई, प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी र असुलउपर गर्नु पर्नेमा असुलउपर गरी त्यसका प्रमाणहरू सम्बन्धित लेखासँग संलग्न गरी लेखा अद्यावधिक गराई अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था

लेखापरीक्षणको क्षेत्रमा विशेष अनुभव राख्ने पौडेल वाणिज्य बैंकको सहायक प्रबन्धक हुनुहुन्छ

गरेको छ। यसबाट आन्तरिक लेखापरीक्षणको सहयोगी भूमिका निर्वाह गरी आर्थिक कारोवारलाई व्यवस्थित र नियमित गर्न लगाई सुधार गराउने र नियमितता कायम गराई अन्तिम लेखापरीक्षणको लागि कम समय एवं साधन लगाउन मद्दत गर्ने हुन्छ ।

(ख) अन्तिम लेखापरीक्षण

नेपालको आन्तरिम संविधान २०६३ को धारा १२३, लेखापरीक्षण ऐन २०४८, आर्थिक कार्यअवधि ऐन २०५५ को दफा १६(२) र आर्थिक कार्यविधि नियमावली, २०६४ ले अन्तिम लेखापरीक्षण सम्बन्धी विधिको व्यवस्था गरेको पाईन्छ । जसअनुसार आर्थिक कारोवारसँग सम्बन्धित लेखा, कागजात र अभिलेखहरूको कानुनद्वारा निर्धारित तरिका बमोजिम महालेखा परीक्षकको कार्यालयबाट निष्पक्ष, स्वतन्त्र तथा उद्देश्यमुलक ढंगबाट जाँच गर्ने कार्यलाई अन्तिम लेखापरीक्षण भनिन्छ ।

अन्तिम लेखापरीणको उद्देश्य आर्थिक कारोवारमा विश्वसनीयता, जवाफदेहीता र अनुशासन प्रवर्द्धन भएको छ छैन भनि मूल्यांकन र विश्लेषण गर्नु हो । यसर्थ नेपालमा सरकारी लेखापरीक्षणको माध्यमबाट सार्वजनिक रकमको उपयोग ठिक तवरले भएको छ, छैन भनि परीक्षण एवं मूल्यांकन गरिन्छ । यदि कुनै कमिकमजोरी रहेका छन् भने तिनलाई औंल्याई कार्य संचालनमा सुधार गर्नका लागि उपायहरू समेत देखाउने काम गरिन्छ । अतः लेखापरीक्षणले एकातर्फ सार्वजनिक स्रोतको उपयोगको स्थितिबारे विगतमा भएका काम कारवाहीको सम्बन्धमा प्रशासन, जनता एवं राजनीतिज्ञहरुलाई समेत यथार्थ सूचना उपलब्ध गराउँछ भने अर्कोतर्फ भविष्यमा सुधार ात्मक कदम चाल्ने विश्लेसनीय एवं विश्लेषणात्मक प्रतिवेदन जनता समक्ष उपलब्ध गराउँछ ।

२.२ लेखा परीक्षणको आवश्यकता र महत्व

आर्थिक कारोवार गर्दा कानुनले निदृष्ट गरेका प्रक्रियाहरूको अबलम्वन गरिएको छ छैन् भन्ने विषयमा गरिने जाँच वा परीक्षणलाई लेखापरीक्षण भनिन्छ। यस्तो जाँच वा परीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतको विचार गरेर गरिन्छ । अनियमित तरिकाबाट भएका खर्चहरू नियन्त्रण गरि आर्थिक स्रो त, साधनको मितव्यीय, दक्ष र प्रभावकारी तरिकाले उपयोग गर्नु नै लेखापरीक्षणको प्रमुख उद्देश्य हो। यसरी, आर्थिक कारोवारमा हुने त्रुटी वा गल्तीहरू समयमै पत्ता लगाई आर्थिक अनुशासन कायम गराउन, व्यक्तिलाई आफ्नो जिम्मेवारी प्रति सचेत गराउन र कार्यसम्पादनको स्तरलाई अभिवृद्धि गर्न लेखापरीक्षणको अनिवार्य आवश्यकता छ । यसको आवश्यकता र महत्वलाई निम्नानुसार बूँदाबाट स्पष्ट पार्न सकिन्छ (थपलिया : २०६२) ।

(क) आवश्यकता

१. आर्थिक कारोवारमा भएको त्रुटि तथा छलफललाई समयमा नै पत्ता लगाई भविष्यमा दोहोरिन नदिने ।

२. आम्दानी तथा खर्चको लेखा तथा कारोवार नियन्त्रण गर्ने ।

३. संगठनको बजेट कार्यान्वयन गर्दा भएका कमीकमजोरीलाई औंल्याइ भविष्यको लागि मार्गदर्शन प्रदान गर्ने ।

४. सरकार तथा व्यवसायिक संगठनलाई आवश्यक पर्ने सूचना उपलब्धता गराउने ।

५. आर्थिक अनुशासन कायम गरी सार्वजनिक जवाफदेहीता बढाउने ।

६. संगठनको कार्य प्रणालीमा भएको त्रुटिहरू औंल्याइ त्यसमा सुधार गर्ने ।

७. अनियमित तरिकाबाट भएका खर्चहरू नियन्त्रण गर्ने ।

(ख) महत्व

लेखा परीक्षणको महत्वलाई बूँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. समयमा नै त्रुटिहरूलाई पत्ता लगाउन मद्दत पुऱ्याउँछ ।

२. कारोवारको विषयमा स्पष्ट जानकारी हुन भै तथ्ययुक्त समीक्षा गर्न सघाउ पुऱ्याउने ।

३. लेखाप्रणाली भरपर्दो तथा अनुगमन पक्ष प्रभावकारी हुन्छ ।

४. रकम कलम हिनामिना, मस्यौदा, भ्रष्टाचार भएको देखिएमा तत्कालै जानकारी पाउन सकिन्छ ।

५. स्रोत र साधनको समुचित र प्रभावकारी उपयोग भए नभएको पत्ता लगाइन्छ ।

६. अघिल्ला कारोवारमा भएका त्रुटिहरू सच्चाइएको छ छैन अनुगमन गर्ने सजिलो हुन्छ ।

७. जिम्मेवार व्यक्तिलाई आफ्नो जिम्मेवारीप्रति सजग गराउँछ ।

८.व्यवस्थापनलाई यथार्थ अवस्थाको जानकारी समयमै उपलब्ध गराई प्रभावकारी नीति तर्जुमा गर्न सघाउ पुऱ्याउँछ ।

९. आवश्यक सुचनाहरू उपलब्ध गराउँछ । राजनीतिक तथा प्रशासनिक प्रतिबद्धता उपलब्ध गराउँछ ।

१०. अन्तिम लेखापरीक्षणलाई श्रेस्ताको शुद्धताको विषयमा आवश्यकता बनाउँदछ ।

११. नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, औचित्य समेतको विचार गरी लेखापरीक्षण गरिने हुँदा कार्यसम्पादनको स्तर को जानकारी दिन्छ ।

२.५ सरकारी लेखा परीक्षणका उद्देश्यहरू

सरकारी लेखापरीक्षणको प्रमुख उद्देश्य आर्थिक कारोवारमा शुद्धता ल्याउनु हो । आर्थिक कारोवारमा हुने अनियमितताहरूलाई न्यूनीकरण गरी आर्थिक स्रोत साधनको अधिकतम उपयोग गराउन लेखापरीक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका अन्य उद्देश्यहरूलाई निम्नानुसार वर्गीकृत गरेर प्रस्तुत गर्न सकिन्छ (विष्टः २०६१) :

उद्देश्यअन्तर्गत निम्न उद्देश्यहरू पर्दछन् :

- संगठनका उद्देश्य हासिल गर्ने देखापरेका कठिनाई पहिल्याई त्यसको निराकरणका लागि नीति, प्रक्रिया तथा कार्यक्रम संचालनमा सुधार गर्ने उपाय देखाउने ,

- पूर्व निर्धारित कानूनी आधार तथा प्रक्रियात्मक सम्पूर्णताको परीक्षा गर्नु,

- श्रेस्ताहरूको विस्तृत मूल्यांकन गरी कार्यान्वयन प्रक्रिया निर्धारण गर्नु,

-प्रस्तुत आर्थिक विवरणहरू त्यार गर्दा संस्थाहरूको स्वीकृत लेखा सिद्धान्त अनुरुप भए नभएको परीक्षण गर्नु,

- प्रस्तुत गरिएका लेखा सम्बन्धी अभिलेखहरू र सोको आधारमा तयार गरिएका विवरणहरू लेखाङ्कन सम्बन्धी नीति तथा कार्यविधि र सम्बद्ध वैधानिक आवश्यकता अनुरुप भए नभएको मूल्यांकन गर्नु,

- प्रस्तुत आर्थिक विवरणहरूद्वारा संस्थाको उचित तथा यथार्थ आर्थिकस्थिति चित्रण भए नभएको परीक्षण गर्नु,

- सबै आर्थिक कारोवारलाई अनुशासित बनाउन वित्तीय व्यवस्थापनको औजारको रुपमा कार्य गर्ने,

- नीति, प्रक्रिया तथा संगठनात्मक संरचनामा सुधार ल्याउन अपनाउनु पर्ने उपायहरूबारे सुझाव दिनु,

- सार्वजनिक स्रोत र साधनको परिचालन र हानीनोक्सानी रोक्ने अवसर पहिल्याउनु

- पदाधिकारी तथा संगठनको कार्य सम्पादनमा नियन्त्रण गर्नुपर्ने क्षेत्र पहिल्याउनु

- सार्वजनिक प्रशासनमा जवाफदेही प्रक्रियालाई सक्षम र प्रभावकारी बनाउन आवश्यक भएको तथ्य उदाहरणसहित दर्शाउनु

- संगठनको दीर्घकालीन उद्देश्य हासिल गर्ने इकाइगत लक्ष्य तथा कार्यसम्पादन प्रणालीमा विद्यमान कमजोरीबाट परेको असरबारे जानकारी दिनु

- प्रशासनको दक्षता र प्रभावकारिता मूल्यांकन गर्ने उपयोगी सूचना प्रदान गर्नु

- कार्यक्रमको संचालन स्थिति र प्रभावकारिताको विवेचना गर्नु

- कार्यक्रम संचालनमा सुधारका क्षेत्रहरू पत्ता लगाउनु

- सुधारबाट हुन सक्ने सम्भावित उपलब्धिको चर्चा गर्नु र त्यसको कारणसहित सुझाव दिनु ।

निस्कर्षमा :

लेखापरीक्षण जहाँ आर्थिक कारोवार हुन्छ, त्यहाँ आवश्यकता र महत्व रहन्छ । घरदेखि स्कुलसम्म स्कुलदेखि सहरसम्म, सहरदेखि राष्ट्रसम्म, राष्ट्रभित्रका कलकारखाना, उद्योग व्यवसाय, पेशा तथा हरेक क्षेत्रमा यसको महत्व र आवश्यकता रहेको छ । यो लेखापरीक्षणले आर्थिक कारोवारको पारदर्शिता स्पष्टता र औचित्यता अवलम्बन गर्दै भ्रष्टचार मुक्त स्वस्थ समाज, राष्ट्र निर्माणको दिशामा यसको भुमिका रहन्छ ।

वैदेशिक रोजगारमा सीप र क्षमता अनुसार पठाउने भरपर्दो र विश्वासिलो म्यानपावरको खोजीमा हुनुहुन्छ भने सिधै हामी कहाँ सम्पर्क गर्नुहोस् ।

JAS-ANZ
ICS
ISO 9001:2008 Certified
Regd. No. RQ977/022

RAJ VERSEAS
Raj House No.: 547/42, P.O.Box: 9112, Madanbhandari path, Minbhawan, Kathmandu, Nepal
[T] 00977-1-4106538 / 4106559 / 4106788, [F] 00977-1-4106813, [E] info@rajoverseas.com
www.rajoverseas.com

प्रचुर सम्भावना, गरिब मानसिकता

-डिल्लीप्रसाद शर्मा

"नेपालमा पर्यटन विकासले मात्रै गति पाउने हो भने पनि लाखौँ नेपाली लाभान्वित हुन सक्छन् । विभिन्न हिमालय, मठमन्दिर, तीर्थस्थल, नदीनाला, तालतलैया, वन-जंगल, जीवजन्तु, भौगोलिक घनावट, स्वच्छ हावापानी र सांस्कृतिक विविधताका कारण लाखौँ विदेशी पर्यटक नेपालप्रति आकर्षित छन् । यी सम्भावना रहँदारहँदै पनि नेपालले अहिलेसम्म पर्यटन विकासका पूर्वाधार तयार गर्न सकिरहेको छैन ।"

प्राकृतिक स्रोत, साधनले भरिपूर्ण हाम्रो देश नेपाल विश्वकै एकमात्र त्यस्तो राष्ट्र हो, जहाँ विकासका लागि पूर्वाधार अत्यन्तै राम्रो समायोजन स्वयम् प्रकृतिले गरिदिएको छ । जलसम्पदा भूबनोट प्राकृतिक सम्पदा र सांस्कृतिक विविधता सदुपयोग गरेर नेपालको आर्थिक स्थितिलाई मजबुत बनाउन सकिन्छ । हाम्रो कमजोर मानसिकता तथा राजनीतिक अस्थिरता, राज्यको दीर्घकालीन योजना र कार्यान्वयन अभावका कारण नेपाल सबैभन्दा गरिब एवम् कमजोर राष्ट्रको सूचीमा पुगे को छ । हाम्रा विशाल छिमेकी राष्ट्र चीन र भारतको अर्थतन्त्रका तुलनामा नेपालको अर्थतन्त्र अत्यन्तै कमजोर छ । देशको अस्थिर राजनीति र विषम आर्थिक परिस्थितिका कारण भएको दक्ष जनशक्ति पनि विदेश पलायन भइरहेका छन् । देशमा भएका उद्योग, कलकारखाना बन्द हुँदै गएका छन् । आफ्नै दक्ष जनशक्ति र सीप अभावले हामीले आफ्नै प्रविधिमा नयाँ-नयाँ उद्योग, कलकारखाना सञ्चालन गर्न पनि सकेका छैनौँ । देशभित्रै बसेर भएकै स्रोत, साधन प्रयोग गर्ने हो भने पनि स्वदेशी उत्पादन बढाई निर्यात बढाउन सकिन्छ । रोजगारी खोजीमा लाखौँ युवा जनशक्ति विदेश पलायन भएका छन् । यो क्रम दिनानुदिन बढ्दो छ । बिदेसिएका नेपालीले बगाएको प्राप्त रेमिट्यान्स अहिले नेपाल र नेपालीको प्रमुख आर्थिक स्रोत बनेको छ । स्वदेशको न्यून उत्पादन र उत्पादित सामग्रीको न्यून निर्यात हुनु, विदेशबाट विलासिताका महँगा सामग्री आयातका कारण त्यो रेमिट्यान्स पनि पुनःविदेशमै पुगेको छ । यस्तो परिस्थितिका कारण नेपालको अर्थतन्त्र दिनप्रतिदिन खस्कँदो अवस्थामा छ ।

जलसम्पदाको धनी देशका हामी जनता दिनानुदिन बढ्दो लोडसेडिङको मारमा पर्दै आएका छौँ । हाम्रो मुलुकमा विद्युत्का क्षेत्रमा मात्रै लगानी गर्ने हो भने पनि नेपाली जनताले यातायात, उद्योगधन्दा तथा कलकारखानालगायतका क्षेत्रबाट लाभान्वित हुने अवसर प्राप्त गर्न सक्छौँ । जलसम्पदाको समुचित प्रयोग गरी विद्युत् उत्पादन गर्न सकेमा मुलुकमा उत्पादित विद्युत् सबै खपत नभई यसबाट नेपालले प्रशस्त पुँजी भित्र्याउन सक्छ । यसबाट हामीले दिनानुदिन खेप्दै आएको डिजेल, पेट्रोल अभावलाई समेत सहजै पूर्ति गर्न सक्छौँ ।

अवैज्ञानिक एवम् निर्वाहमुखी कृषि प्रणालीका कारण जनता बाह्रै महिना माटोसँग खेल्छन् । र पनि, जनसंख्याको आधाभन्दा बढी हिस्सालाई बिहान, बेलुका छाक टार्न मुस्किल छ । अझै पनि नेपालमा ८० प्रतिशत जनता कृषिमै निर्भर छन् । तर सिँचाइ, बीउ, विजन, मल अभावलाई सरकारले सहज रूपमा पूरा गर्न सकिरहेको छैन । कृषि उत्पादनको अवस्था खस्कँदो छ । नेपाल अझै पनि यस्तो राष्ट्र हो, जहाँ कामका लागि ज्ञान, सीप, कला र क्षमतामात्र अभाव छ । हाम्रो देशमा पर्याप्त मात्रामा अन्न, तरकारी, फलफूल दुग्धजन्य पदार्थ, माछा, मासु, जडीबुटी र हस्तकलाका सामग्री उत्पादन गर्न सक्ने हो भने पनि बजारको प्रशस्त सम्भावना छ । एकातर्फ यसबाट राष्ट्रमा रोजगारी सिर्जना हुन्छ भने मुलुकले विकासको थप गति लिन सक्छ । हामीकहाँ अझै पनि दक्ष जनशक्ति अभावका कारण स्वास्थ्य, शिक्षा, सञ्चार, पर्यटन, कृषि, उद्योग, कलकारखाना र सामाजिक सेवालगायतका क्षेत्र प्रभावित हुन पुगेका छन् । यी विविध क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने हो भने झन्डै आधा जनसंख्याले रोजगारी अवसर पाउने देखिन्छ ।

लेखक चिल्ड्रेन नेपालको अर्थिक तथा प्रशासन व्यवस्थापकका रूपमा कार्यरत हुनुहुन्छ

नेपालमा पर्यटन विकासले मात्रै गति पाउने हो भने पनि लाखौँ नेपाली लाभान्वित हुन सक्छन् । विभिन्न हिमालय, मठमन्दिर, तीर्थस्थल, नदीनाला, तालतलैया, वन-जंगल, जीवजन्तु, भौगोलिक बनावट, स्वच्छ हावापानी र सांस्कृतिक विविधताका कारण लाखौँ विदेशी पर्यटक नेपालप्रति आकर्षित छन् । यी सम्भावना रहँदारहँदै पनि नेपालले अहिलेसम्म पर्यटन विकासका पूर्वाधार तयार गर्न सकिरहेको छैन । फोहोरको उचित व्यवस्थापन गर्न नसक्नु, सञ्चार तथा यातायात पहुँच कुनाकुनासम्म पुग्न नसक्नु, पर्यटकलाई आवश्यक सुविधासम्पन्न होटल तथा आवास व्यवस्था गर्न नसक्नुले पर्यटन विकासलाई बाधा पुऱ्याइरहेको छ । बन्द-हडतालले त पर्यटन क्षेत्रलाई झन् प्रभावित बनाएको छ । गौतम बुद्ध र सगरमाथाको देशका नामबाट नेपालले आफूलाई विश्वसामु चिनाउन सक्छ । राजनीतिक अस्थिरता, दीर्घकालीन योजना, सीप अनुभव कमीका कारण प्रशस्त सम्भावना हुँदाहुँदै पनि पर्यटन व्यवसाय जोखिममा रहेको छ ।

नेपालमा जलविद्युत्, कृषि, पशुपालन, पर्यटन, व्यवसाय अलावा हस्तकलासँग सम्बन्धित उदोग व्यवसायको समेत प्रशस्त सम्भावना छन् । हस्तकलाको सम्बर्द्धन र प्रवर्द्धन गर्न सकेमा लाखौँ नेपालीले यसका माध्यमबाट रोजगारी पाउन सक्छन् । हातले तयार गरिएका, हाते यन्त्र वा हातखुट्टाको सहयोगमा चल्ने मेसिन प्रयोग गरी तयार गरिएका वस्तु हस्तकलाका वस्तु हुन् । जुन मानव सीप र सिर्जनाले तयार गरिन्छन् । हामीसँग हस्तकलाका वस्तु बनाउने प्रशस्त सम्भावना छन् । नेपाली कागज र त्यसबाट तयार हुने सामान, ज्वैलरीका सामान, पस्मिना, काठ, बाँस र निगालाका सामग्री, सुती धागाका विभिन्न कपडा, धातु र छालाका सामान, हेम्प तथा अल्लाका सामग्री, टेक्सटाइल, र ाडीपाखी, गलैंचा, ऊनीका कपडा, माटाका भाँडाकुँडा, दुना, टपरी, इम्ब्रोडरी गरिएका सामान, ब्लक पेन्टिङ, छवालीबाट बनेका सामान, जुटका सामग्री, फूल, वाटरपेन्टका सामग्री, छाला तथा हड्डीबाट बन्ने टाँक, कपडाबाट बन्ने खेलौनालगायतका थुप्रै सामग्री । यी सामान हस्तकलाका माध्यमबाट तयार गर्न सकिन्छ । यदि हामीले आफ्नो कला र सीप विकास गरी उपलब्ध स्रोत, साधनको उच्चतम प्रयोग गर्न सकेमा यसरी तयार सामग्रीलाई देशमा मात्र होइन, विदेशमा समेत निर्यात गरी आयआर्जन गर्न सकिन्छ । के यो गर्न तपाईं हामी सबै तत्पर छौँ ? के हामी कामलाई सम्मान गर्न र मिहिनेत गर्न तयार छौँ ?

आज बजारमा विषाक्त तरकारी पीडित उपभोक्ता प्रांगारिक उत्पादन तर्फ आकर्षित भइरहेका छन् । प्राकृतिक वातावरणबाट वञ्चित नगरी माटोलाई स्वच्छ राखेर कुनै पनि विषादी तथा रसायन पदार्थ प्रयोग नगरी उत्पादन गरिन वस्तु नै अर्गानिक हो । अर्गानिक उत्पादनमा कीटाणु मार्नसमेत अर्गानिक विषादी प्रयोग गरिन्छ । तितेपाती, खरानी, निमको झोल हालेर बालीमा लागेका कीटाणु मार्न सकिन्छ । यस किसिमबाट उत्पादित खाने कुराको बढ्दो आकर्षणलाई लक्षित गरी प्रांगारिक कृषि उत्पादन गर्न सके पनि आर्थिक र सामाजिक रूपमा हाम्रो जीवनस्तर सुधार गर्न सकिन्छ । आज गाँउघरमा खेती किसान गर्ने सामान्य कृषकले खाने अर्गानिक खाना सहर-बजारमा सम्पन्न परिवारका पैसा हुने ले खोजिरहेका छन् । देशभित्र मात्र होइन, विदेशमा यसको माग दिनप्रतिदिन बढिरहेको छ । भनिन्छ- अर्गानिक खानेकुराको माग २ ९ प्रतिशत छ भने यसको आपूर्ति २ प्रतिशतमात्र । रासायनिक मल र कीटानाशक औषधि अत्यधिक प्रयोगले सहर-बजारमा खाद्यवस्तु विषाक्त बन्दै गएपछि सुरु भएको अर्गानिक आकर्षणले परम्परागत स्वादलाई व्युँताउने काम गरेको छ । अर्गानिक खाद्यवस्तु उत्पादन गर्ने हाम्रा परम्परागत प्रविधि र सीप पनि हामीसँग नभएका हो इनन् । यसको सम्बर्द्धन र प्रवर्द्धन गर्दै थप सीप र अनुभव विकास गरेर यस क्षेत्रमा उत्पादन बढाई आयआर्जन गर्न सकिन्छ । के हामी यी सम्भावनामध्ये कुनै एक क्षेत्रको पहिचान गरी उद्यमी हुन सक्छौँ ? के हामीले विदेशमा खर्चने मिहिनेत र परिश्रमले स्वदेशमै आत्मनिर्भर, आयआर्जन र रोजगारीका अवसरसमेत सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सकिन्छ ? के हामी माटोमा खेल्न, कुटोकोदालो, हलोसँग खेल्न तयार छौँ ? यदि हामी मानसिक रूपमा तयार हुन सक्यौँ भने हाम्रासामु थुप्रै सम्भावना छन् । हाम्रा लागि बजार छन्, उत्पादन छैन । हामीले रोजगारी भएन भनिरहेका छौँ । रोजगारी खोजीमा परिवार, आफन्तलाई चटक्कै बिर्सेर भौँतारिरहेका छौँ । आफ्ना घर, टोल छिमेक, समुदाय र राष्ट्रमा भएका सम्भावनालाई देख्न र पहिचान गर्न सकिरहेका छैनौँ । एकपटक सोचौँ ? के हामी प्रांगारिक खेती गरेर नमुना कृषक/उद्यमी बन्न सक्छौँ ? के हामी सम्भावित क्षेत्रमध्येका उद्यमी, व्यवसायी बनेर आफ्नो परिवार, छिमेक र राष्ट्रलाई योगदान गर्न सक्छौँ ? यी विविध सवाल छलफल र बहसका विषय हुन् ।

नेपालमा जलविद्युत्, कृषि, पशुपालन, पर्यटन, व्यवसाय अलावा हस्तकलासँग सम्बन्धित उद्योग व्यवसायको समेत प्रशस्त सम्भावना छन् । हस्तकलाको सम्बर्द्धन र प्रवर्द्धन गर्न सकेमा लाखौँ नेपालीले यसका माध्यमबाट रोजगारी पाउन सक्छन्

अन्ततः गम्भीर बहस, राष्ट्रप्रति बफादारिता र सहकार्यविना हजारौँ सम्भावना भए पनि विकास सम्भव छैन । नेपालको वर्तमान अवस्थाले यो कुरालाई पुष्टि गरिसकेको छ । त्यसैले अब हामीले द्वन्द्व, प्रतिद्वन्द्व र परनिर्भरता कायम राखिराख्ने हो भने भावी सन्ततिले हामीलाई सराप्नेछन् । भनाइ छ- जागिर भनेको गमलाको फूल हो, व्यापार, व्यवसाय भनेको टारी खेत हो भने उद्योग भनेको गैरीखेत हो । त्यसैले स्वदेशमै बसेर उद्योग व्यवसाय गरौँ, जिम्मेवार उद्यमी, व्यवसायी बनौँ । ❁

शिक्षा संस्कृति र राष्ट्र

ठुकनाथ शर्मा पौडेल
बरडाडा, अमलाचौर- १, बाग्लुङ



मानव जाति सर्वश्रेष्ठ प्राणी हो । मानव जीवनको सर्वस्व शिक्षा हो । सत्शिक्षाबाट नै ज्ञान प्राप्त गर्न सकिन्छ । कुशिक्षाबाट प्रमाणपत्र लगायतका प्राविधिक कुराहरू प्राप्त गर्न सकिएला तर कहिल्यै ज्ञान प्राप्त हुदैन । त्यसैले खराब कुरालाई शिक्षा मान्न मिल्दैन । शिक्षाले जीवनको महत्वपूर्ण तत्व र प्राथमिकताको निर्क्यौल गर्छ । शिक्षा जीवन र जगतको कल्याणकारी हुनुपर्छ । जुन वास्तविक रुपमा शिक्षा बन्न सक्छ । जस्तो सुन र फलाम दुवै धातु नै हुन्, तर सुनको सुन्दर गहना बन्छ भने फलामको अस्त्रशस्त्र बन्दछ । सुनका गहनाहरूले सौन्दर्यता प्रदान गर्छ भने अस्त्रशस्त्रको प्रयोग राम्रो काममा मात्रै हुन्छ भन्न सकिन्न, यो घातक कार्यमा समेत प्रयोग हुन सक्छ । सामान्यतया शिक्षालाई दुई हिसाबले हेर्न सकिन्छ, परा र अपरा विद्याका रुपमा । परा शिक्षा आध्यात्मिकतातर्फ उन्मुख छ भने अपरा विद्या व्यवहारिक र जीवन पद्दति सञ्चालनको पाटोतर्फ केन्द्रित देखिन्छ ।

अहिलेको सन्दर्भमा शिक्षाको व्यापकता र गहनताको विषयमा कसैलाई बताइराख्नु पर्दैन । यो सर्वव्यापक बनिसकेको छ । तापनि शिक्षा वास्तविक रुपमा जीवनोपयोगी बन्न सकिरहेको छैन भन्ने सत्यतथ्य हामीमा छिपेको छैन । शिक्षालाई जीवनको परिचयका रुपमा मात्र बुझ्न सके पनि ठूलो उपलब्धी मान्न सकिन्थ्यो, तर त्यतिमात्र हुन नसक्नु वर्तमान परिवेशको लज्जाजनक स्थिति हो । शिक्षा मानसिक र नैतिक उन्नतिको मार्गदर्शन बन्नु पर्थ्यो, तर सकेन ।

शिक्षा मानव जीवनको परिचय र पहिचान पनि हो । शिक्षाको गहिरो सम्बन्ध राष्ट्रियतासँग पनि हुन्छ । राष्ट्रको सफलता र असफलतासँग पनि शिक्षा प्रत्यक्ष रुपमै जोडिएको हुन्छ । शिक्षा सफल हुनसके राष्ट्र सफल हुन्छ, भने शिक्षा असफल भइदिएमा राष्ट्र नै असफल हुने खतरा बढेर जान्छ । अहिलेको सन्दर्भमा नेपाली शिक्षा प्रणालीमा समस्या रहेको कुरा कसैका सामु छिपेको छैन । शिक्षामा राष्ट्रिय तथा अन्तराष्ट्रिय माफियाहरू हावी छन् भन्ने कुरा म्याकुले डिजाइनको नयाँ शिक्षा पद्दति (वि.सं.२०२८) लाई नेपालमा संस्थागत रुपबाटै लागु गरी वर्तमान नैतिक संकटमा मुलुकलाई पुऱ्याउनुले प्रष्ट पारेको छ । यस शिक्षा पद्दतिमा राष्ट्रियताका प्रमुख आधारहरू संस्कार, संस्कृति, परम्परा, नैतिकता, अनुशासन र यसको वैज्ञानिक पक्षको गहिराईको त के कुरा विषयवस्तु मात्रै पनि प्रवेश हुन सकेनन् । देशमा उत्पादित जनशक्ति विदेशिन बाध्य भयो । रेमिट्यान्सको भरमा मूलुकको अर्थतन्त्र टिक्नुपने स्थिति सिर्जना हुँदैछ भने राष्ट्रिय अर्थतन्त्र संकटमा परिरहेको छ । शिक्षाकै कारण मौलिक संस्कृति र परम्परा नष्ट भई विदेशी संस्कृतिको प्रभाव बढेको छ । फलस्वरुप समाजमा अनेकन दुर्गुण, हिंसा बढ्दै गएका छन् भने भाइचारा र आपसी प्रेममा कमी आएको छ । आधुनिक नेपाली समाजलाई समस्याग्रस्त बनाएको छ । आयातित संस्कृतिको नक्कलले हाम्रो मौलिकता र आदर्शमा विकृति देखापरेको छ । स्वदेशी परम्परा, भाषा र संस्कृति प्रति घृणा भावको बिजांकुरित भएको छ । मानिसमा सद्गुणको अभाव हुँदै दुष्कर्म बढेको छ । यिनै अवाञ्छित आचारणहरूले गर्दा नयाँ-नयाँ तरिकाले राष्ट्रिय रुपमै दूराचार, अपराध बढ्दै गएको छ । यी सबै कुराहरूको दोष हाम्रो वर्तमान शिक्षा प्रणालीलाई दिएमा कुनै फरक पर्दैन । त्यसैले हाम्रो शिक्षा प्रणालीमा सुधारको खाँचो छ ।

मूलकभर भौतिक र उपभोगवादी सोच मात्रै भएका खराब शक्ति एवं नास्तिकवादीहरूको बोलबाला बढदै गएको छ । यसले देशलाई अरु हिंस्रक वातावरणतर्फ धकेल्छ । लामो समयदेखि शिक्षाप्रति गरिएको उपेक्षाको कारण उछृङ्खलता र उदण्डता बढ्दै यो डरलाग्दो अवस्था सिर्जना भएको हो । शिक्षा हाम्रो परम्परा र संस्कृति विपरित नभएको भए यस्तो हुने

> हामीलाई मानवतावादी शिक्षा चाहिन्छ । जसमा मातृदेवो भव:, पितृदेवो भव:, गुरुदेवो भव:, अतिथिदेवो भव: अर्थात् आमा, बुबा, गुरु र अतिथि देवता समान मान्ने संस्कार भएको होस् । सर्वे भवन्तु सुखिन: सर्वे सन्तु निरामया अर्थात् सबै सुखी र निरोगी हुन् कही कतै कोही कसैले दु:ख कष्ट भोग्न नपरोस् भन्ने आफ्नै वैदिक संस्कार भएको होस् ।

लेखक अमलाचौरका स्थानीय समाजसेवी हुनुहुन्छ

थिएन ।

हामीलाई मानवतावादी शिक्षा चाहिन्छ । जसमा मातृदेवो भवः, पितृदेवो भवः, गुरुदेवो भवः, अतिथिदेवो भवः अर्थात् आमा, बुबा, गुरु र अतिथि देवता समान मान्ने संस्कार भएको होस् । सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया..... अर्थात् सबै सुखी र निरोगी हुन् कही कतै कोही कसैले दुःख कष्ट भोग्न नपरोस् भन्ने आफ्नै वैदिक संस्कार भएको होस् । नेपाल अतितमा पनि ऋषिमुनिको थलो एक प्राचीन धरोहर थियो । यहाँ व्यास, पाणिनि, गर्ग, भारद्वाज, अत्रि, वाल्मीकि लगायत थुप्रै महान् तपस्वी ऋषि महर्षिहरूका आश्रम तथा तपस्थल थिए । ती नै प्रख्यात आश्रम तथा तपस्थलहरूमा विशिष्ट ज्ञानको विषयमा अध्ययन गराइन्थ्यो । त्यसैबाट समाज सुशिक्षित बन्थ्यो । आश्रमहरू नै शिक्षालय थिए । यहाँ ज्ञान विज्ञान दुवैको अध्ययन अध्यापन हुन्थ्यो । आध्यत्मिकताको ज्ञानले सदाचारी, नै तिकवान, शान्तिवादी र कुशल नागरिक उत्पादित हुन्थे ।

अहिंसाको भावना र मानवीय मूल्यको स्रोत हाम्रो धर्मसंस्कृति हो । हामी हाम्रो धर्म संस्कृतिमा बाँचेका छौं । संस्कृति हराएपछि विकृति हुन्छ । शास्त्र हराए संस्कार हराउँछ । संस्कार हराए संस्कृति हराउँछ । संस्कृति हराए राष्ट्र हराउँछ । राष्ट्र हराएपछि पहिचान हराउँछ । संस्कृति कुनै साम्प्रदायिकताको चिन्ह होइन । यो त मूलुकमा राष्ट्रिय भावना सुदृढ बनाउने मूख्य आधार हो । वैदिक शिक्षाबाट सबै असल कुराहरू मुखारित हुन्छन् । तसर्थ विद्यालय, क्याम्पस, विश्वविद्यालय धर्म र संस्कृतिबाट टाढिनु हुँदैन । देशको स्वाभिमान आफ्नो संस्कृति र सभ्यतामा आधारित हुन्छ । छात्रछात्राको जीवन समुन्नत हुने शिक्षा आजको आवश्यकता भएको छ । तर हामी नराम्रो शिक्षा प्रणालीमा फसिसकेका छौं । हाम्रो चालु शिक्षा पद्दतिमा ज्ञान, विज्ञान, कला, साहित्य, भाषा र नैतिकताको अभाव छ ।

छात्र छात्राहरू राष्ट्रका बहुमूल्य सम्पति र भविष्यका कर्णधार हुन् । वचपनमा रोपेको जवानीमा फल लाग्छ । छात्र छात्राहरूलाई शक्ति सम्पन्न गराउने माध्यम शिक्षा हो । असल शिक्षाले आजको पिढीं भो लि विविध स्थानमा योग्य तथा सक्षम भएर राष्ट्रको लागि योगदान गर्न सक्छन् । तसर्थ आजको शिक्षा नीतिमा सुधार अपरिहार्य भएको छ । शिक्षालाई केवल प्रमाणपत्र या उपाधिको रुपमा मात्र सीमित राख्नाले विधार्थीले गहन जिम्मेवारी बहन गर्न सक्दैनन् । आजको शिक्षा अदूरदर्शी र खर्चिलो पनि छ । शिक्षाले विधार्थीको अन्तर्चेतना जागृत गर्न सक्नुपर्दछ, जसबाट मन्द पनि बुद्धिमान हुन सक्छ । बालबालिका स्वदेशका आत्मा र राष्ट्रका उज्याला बत्ति हुन् । मूलुकको भविष्य उनीहरूको शिक्षामा भर पर्छ । राष्ट्र शक्तिशाली बन्नु नबन्नुमा शिक्षा जवाफदेही हुन्छ । तसर्थ हाम्रो शिक्षा नीति सदैव ज्ञान विज्ञान प्रधान र राष्ट्र अनुकुलको हुनुपर्छ । आजको शिक्षा प्रणाली अत्यन्त निर्वल छ । यसबाट हाम्रो राष्ट्रिय पहिचान गुम्न सक्छ । राष्ट्रिय चरित्र ध्वंश हुँदा काटमार, लुटपाट, हत्या, हिंसा, अपहरण, अन्याय, अत्याचार, दूराचार, भ्रष्टाचार, बलात्कार, फिरौती, मानव तस्करी जस्ता अमानवीय तथा जघन्य अपराधमा मुलुक हरायो । देशको नैतिकपतन तिब्र रुपमा बढिरहेको कुरा मुलुकका अप्रिय घटनाले प्रमाणित गरेको छ । चरित्र ध्वंश हुनु भनेको राष्ट्र ध्वंश हुनु हो । राष्ट्रको अमूल्य निधी सुन्दर चरित्र हो ।

वैदिक आदर्श संसारमा उत्कृष्ट मानिन्छ । यसै आधारबाट समाजमा फैलिएको अपसंस्कृति र कुसंस्कार हटाउन सकिन्छ । असतोमा सत्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतंगमय अर्थात् असत्यबाट सत्य, अध्यारोबाट उज्यालो, मृत्युबाट अमरतातिर जस्ता वैदिक उद्घोषबाट ज्ञानको दियो बाल्न सकिन्छ । आजको जडवादी शिक्षाले सारा जगतलाई नै श्मसानमा परिणत गर्न खोज्दैछ । असंख्य विनाशक अस्त्रशस्त्रको आविष्कारले विश्व मानवलाई नै खतरा उत्पन्न भएको छ । अनेकौं प्रकारको अशान्ति र अस्थिरताले विश्व मानवहरू भयभित छन् । शिक्षा प्रणालीमा ज्ञानको प्रकाश नहुँदा अनेक परिस्थितिको सामना गर्न सबै बाध्य भएका छन् । यसकारणले पनि राष्ट्रियताको अभिवृद्धिमा जोड दिने पाठ्यक्रम निर्माण हुनु आवश्यक छ ।

संस्कृत अमृत भाषा, देव भाषा र संसारका सारा भाषाको जननी पनि हो । संस्कृत शिक्षा हटाउँदा शिक्षा प्रणाली नै अत्यन्त कमजोर हुनपुग्यो । यो हटाउनु हाम्रो अस्तित्व गुमाउनु हो । विश्व भाषाको स्रोत नै संस्कृत हो । यो भाषा अत्यन्त शक्तिशाली छ । आध्यात्मिक शिक्षा नैतिकप्रधान हुन्छ । विदेशी आयातित धर्म संस्कृति र शिक्षाको कुपरिणामबाट आज मूलुक भयभित भएको छ । अब वैदिक शिक्षाबाट वैदिक सनातन संस्कृतिको धारा प्रवाहित गर्नु पर्दछ । कुनै एक वर्ण वा जातिको प्रयत्नबाट मात्र यो सम्भव छैन । यसका लागि सम्पूर्ण समाज र राष्ट्र नै सुधारको कार्यमा लाग्नु आवश्यक छ । प्रतिकुल परिस्थितिका कारण हाम्रा रितिरिवाजहरू सबै लोप हुन लागे का छन् । आजका मानिस ज्यादै कायर छन् । एक साँचो बोल्दा उसको बहत्तर हजार नाडी काप्ने गर्दछ । तसर्थ स्वभाषा, स्वभेष, स्वरहनसहन, स्वखानपान, स्वसंस्कृति र स्वधर्ममा विकृति देखापरेको छ। स्वदेशप्रतिको आस्था र निष्ठा सेलाउँदै गएको छ ।

विडम्वना, आज अधिकांश शिक्षालयहरू पाशविक आक्रोस र अराजकताको उर्वराभूमि हुन गए । आजकाल विद्यालयमा भाषा ज्ञानका नाममा बालबालिकाका मनभित्र अनिष्टकारक कुराहरू मात्र सिकाइन्छ । हामी मनु र शतरुपाका सन्तानहरू हौं । जुन ब्रह्माजीको पहिलो सृष्टि मानिन्छ । त्यसैबाट मानव, मनुष्य, मानिस र म्यान शब्द भएको बिर्सियौं । शिक्षामा सत्यता पनि हुनुपर्दछ । यसमा पवित्रताका कुराहरू राखिनु पर्दछ । ज्ञानस्वरुप शिक्षा शक्तिशाली हुन्छ । उछृङ्खल, अराजक, अधोगति उन्मुख बनाउनमा शिक्षा प्रणाली दोषी छ । अब प्राचीन ग्रन्थ वेद, उपनिषद्, गीताको पढाउनु आवश्यक छ । अद्भूत प्राणीजगतको विश्वप्रेमको उपदेश प्राचीन कालमा शिक्षाबाटै सबैले पाउँथे । आफ्नो विशाल हृदय खोल्न त्यसैले सिकाउँथ्यो ।

भाषको मुलस्रोत संस्कृत हो, धर्म वेद हो, उपाय त्याग हो । यहाँ शाश्वत शान्ति थियो, तर आज लोप भएको छ । यहाँ कोलाहल मात्र बाँकी छ । देश दासत्वको शिखरमा पुगेको छ । कायरहरूले भरिएको छ । भोग र इन्द्रियहरूको सुखको शिकार भएको छ । धन संग्रह र

कलहमा भासिएको छ । मुलुक विदेशीद्वारा आक्रान्त हुँदै छ । आज युगद्रष्टा कोही देखिदैन । देशलाई स्वाधीन मार्गमा हिडाउनेको अभाव खड्किएको छ ।

पवित्रतायुक्त स्वभाव, आचरण र ज्ञान सिकाउनु शिक्षाको कर्तव्य हो । शिक्षाबाट स्वदेश तथा विश्वमानवताको भावना टाढिदै गएको छ । यो डरलाग्दो संकेत हो । शिक्षा चरित्र निर्माणको मुख्य आधार हो । सक्षम तथा सत्पुरुष पैदा गर्ने असल शिक्षाले नै हो । जब शिक्षा पतन भयो, सबै अधोगति तिर उन्मुख भयो । संस्कृति मूल धरातलबाट देश टाढिदै गयो, मौलिकता लोप भयो । कुसंस्कृतिको विस्तार भयो । विदेशी विधर्मीहरू नेपाल आमाको गर्धनमा चढेर नाचिरहेका छन् ।

धार्मिकताको जामा ओढेका र धोकेबाजहरूको पनि यहाँ कमी छैन । सनातन धर्म संस्कृति त्यागेर मनगढन्ते धर्म लाद्न थालेका छन् । धर्मको नाममा धन बटुल्छन् । धर्मकै नामबाट व्यापार व्यवसाय गर्दै धर्मान्तरणलाई प्रोत्साहन गर्दछन् । धर्म त हाम्रो सनातन वैदिक परम्परा हो । यी हाम्रा गौरवपूर्ण सम्पदाहरू हुन् । कुरुक्षेत्रको युद्धमा रगतको नदी बग्यो, क्षतिपूर्तिका रुपमा संसारले गीताको अमर सन्देश प्राप्त गऱ्यो । कुरुक्षेत्रको युद्धको तात्पर्य थियो - धर्म र अधर्म, सदाचार र दूराचार, मानव मानवको मनमा रहेको नैतिक मूल्य र खराब आचरण बीचको युद्ध, अन्तिम सार असत्य उपर सत्यको विजय ।

सुशिक्षाले बाल्यकालमा नै केटाकेटीहरूलाई 'जननी जन्मभूमिश्च स्वर्गादापि गरियसी' अर्थात् जन्मदिने आमा जन्मभूमि स्वर्ग भन्दा पनि प्यारो हुन्छ, प्रति श्रद्धा जगाउँछ । पापकर्मप्रति घृणाको भावना पैदा गराउँछ । स्वभाविक रुपमा उनीहरूमा सत्गुणको बिजारोपण र दुष्कर्मप्रति घृणा पैदा हुन्छ । बालबच्चाको भविष्य पनि शिक्षामा निर्भर गर्दछ । विद्या समान अर्को आँखा छैन । विद्याबाट चरित्र निर्माण हुन्छ । चरित्र ध्वंश भयो भने राष्ट्र ध्वंश हुन्छ । पूर्वकालमा हाम्रो विद्याको श्रीगणेश "सत्यं वद, धर्मं चर, स्वाध्यायमा प्रमद" अर्थात् सत्य बोल, धार्मिक आचरणमा बस, अध्ययनमा जोड देउ, बाट भएको थियो ।

वैदिक शिक्षा र संस्कृतिको उज्यालोमा राष्ट्रलाई हिँडाउनु पर्दछ । यहाँका धनीमानी र नवशिक्षित भनाउँदाहरू पाश्चात्य देशको शिक्षालाई अंगालेर दानवीय युक्तिहरू प्रस्तुत गर्दछन् । अरुलाई उत्पीडन र अत्याचार गर्न यसबाट सुविधा मिलिरहेको छ । संस्कृत शब्द मात्रले पनि हामीलाई शक्ति र बल प्रदान गर्दछ । कालो युगको अन्त्य असल शिक्षाले गर्दछ । आध्यात्मिकता हाम्रो जीवनको रगत हो । धर्म हाम्रो मन र प्राण हो । राष्ट्रको मुल मन्त्र राष्ट्रियताको जीवन खडा गर्नु हो । राष्ट्रको भाग्य निर्माण गर्ने शिक्षा बाहेक अरु केही छैन । संस्कृति आधुनिक युगको सर्वोच्च शब्द हो । यसले हामीलाई धर्ममा संयमित र संचालित गर्न सिकाउँछ । आध्यात्मिक उन्नतिमा पुरा बल दिन्छ । यसले मनुष्य समाज विनाश तथा पतनबाट बच्छ । अहिले मन वचन र कार्यमा समन्वय छैन । सत्मनोवृति सत्बचन, सत्कर्म दुर्लभ भयो । भ्रष्ट आचरणले व्यक्ति र समाज क्षतविक्षत भयो । दया, करुणा, सहानुभूति र सहयोगको अभाव भयो । रक्षक नै भक्षक भयो ।

वैदिक धर्मसंस्कृतिको रक्षा र जागरणबाट मात्र समाजमा शान्ति, सद्भाव र स्थायित्व हुन्छ । अहिलेको शिक्षा दिक्षा हाम्रो परम्परा र संस्कृति विरोधी छ । हाम्रा सबै राम्रा कुराबाट वञ्चित राखिएको छ । पराधीन शिक्षाको उद्देश्य स्वदेश विरोधी बनाउनु, विदेशी भाषा र परम्पराको वर्चश्व स्थापित गर्नु मात्र हो । स्वदेशको प्राचीन इतिहासले महत्वपूर्ण कार्य गर्दछ । स्वदेशको गौरवमय परम्पराको इतिहासलाई ओझेलमा राखिएको छ । नयाँ शिक्षा नीतिको जुन रुपमा समायोजित हुनुपर्थ्यो, त्यो एकदमै अभाव छ । शिक्षाको मुख्य काम मानिसले सोच्ने र बाँच्ने शक्ति प्राप्त गर्न सक्नु हो । मानिस प्रकृतिको विजेता होइन, त्यसको सहचर हो । शिक्षा युगसापेक्ष हुन्छ । परिवर्तनसँगै शिक्षाको परिभाषा र भाषा स्वरुप पनि बदलिन्छ । शिक्षाको परिभाषा र रुपरेखा, स्वरुप सबै बदलिन्छ । तर शिक्षाको आत्मा स्वदेशपरायण हुन्छ । शिक्षाको ठूलो भूमिका त्यहि हो, जसमा आफ्नो जाति, भाषा, धर्म, संस्कृति र आफ्नो गौरबमय परम्परालाई अक्षुण बनाइराख्न सकियोस् । जसबाट आफ्नो प्राचीन गौरवशाली अतितको इतिहास भावी पिँढीको लागि पनि ज्ञान होस् । अतः राज्यले आफ्ना नागरिकलाई अनिवार्य रुपमा शिक्षा दिनुपर्दछ । त्यो शिक्षा जीवनोपयोगी, राष्ट्रवादी, लोककल्याणकारी हुनुपर्छ । राज्यले त्यसै अनुरुपको पाठ्यक्रम तयार गरी आफ्ना नागरिकलाई सवल र सक्षम बनाउनेतर्फ ध्यानदिनु जरुरी छ । ॥ ॐ तत्सत् ॥ ❁

मेरो विद्यालय

- मञ्जु शर्मा
(भूपू विद्यार्थी), अमलाचौर-२ टाकुरी
हाल इन्जिनियरिङ अध्ययन संस्थान पोखरा

सानो मस्तिष्क, ठूला सपना साकार पार्नलाई
सपनाको सानो घरलाई आकार दिनलाई
गन्तव्यमा पुऱ्याइदिने हात खोज्दै धाएँ
जीवन जिउन पाठ दिने विद्यालय पाएँ ।

पढ्ने, लेख्ने, देश बनाउने, स्वप्नसँग खेल्दै,
सहारा र मायासँगै अनेक दुःख झेल्दै
मेरो जीवन रंगाइदिने साथ खोज्दै धाएँ
सांसारिक ज्ञान दिन विद्यालय पाएँ ॥

गुरु र साथीसँग हातेमालो गर्दै
सफलताको शिखर चुम्न कठिन बाटो चढ्दै
रहर र स्वप्नहरू पूरा गर्नलाई
न्यानो काखको साथ दिने विद्यालय पाएँ ॥।

गाँउ विकासका लागी सहकारी

- गोविन्द्रप्रसाद शर्मा
बरडाँडा

सहकारी :

सहकारी भन्नासाथ आपसमा मिलेर कार्य गर्ने सहकार्यको प्रक्रियालाई बुझिन्छ । नेपाली समाजमा धेरै पहिलेदेखि नै गेठी पर्म, ढुकुटी, धर्मभकारीजस्ता थुप्रै प्रद्धतिमार्फत सहकारी अभियानको पूर्ण अभ्यास हुँदै आएको छ । नेपाली समाजमा धेरै अगाडिदेखि नै सहकारीको पूर्व अभ्यास हुँदै आए पनि सन् १८४४ मा बेलायतबाट सुरु भएको आधुनिक सहकारी अभियान भने धेरै पछि गएरमात्र सुरु हुन पुग्यो । विक्रम संवत् २०१३ मा चितवनको बावनपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट सुरु भएको आधुनिक सहकारी अभियानले ६ दशकको यात्रा पार गर्ने अवस्थामा छ । ६ दशक लामो सहकारी अभियानले ३० हजारभन्दा बढी व्यक्तिलाई सहकारी सदस्यका रूपमा गोलबन्द गर्दै ५४ हजारभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराएको छ । सहकारी आज आएर नेपालको आर्थिक विकासको एक महत्वपूर्ण आधारस्तम्भका रूपमा स्थापित भएको छ । त्यसमा पनि सहकारी संस्थाको भूमिका र उपादेयता सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा बढी रहेको छ । गाउँको विकासका लागि सहकारी अपरिहार्यजस्तै देखिएको छ । यसै सिलसिलामा सहकारीको परिभाषा यसका मूल्य-मान्यता र सिद्धान्त आत्मसात् गर्दै सहकारी अभियान सञ्चालन गर्नुपर्छ ।

सहकारीको परिभाषा :

अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारीलाई यसरी परिभाषित गरेको छ- सहकारी त्यस्ता व्यक्तिको एउटा स्वायत्त संघ हो, जो सामूहिक र प्रजातान्त्रिक रूपले नियन्त्रित व्यवसायद्वारा आफ्ना साझा आर्थिक, सामाजिक सांस्कृतिक आवश्यकता र आकांक्षा परिपूर्ति गर्न स्वेच्छिक रूपले आबद्ध भएका हुन्छन् । सहकारीका मूल्य-मान्यता :

अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारीका निम्नलिखित मूल्य र मान्यता अगाडि ल्याएको छ ।

(क) सहकारीको आधारमूल्य:

सहकारी आधारमूल्यले सहकारी संस्था र सदस्यबीच गहिरो सम्बन्ध र समन्यवय स्थापित पर्न सहयोग गर्छ । सहकारीका आधारमूल्य यसप्रकार छन् ।

१) आत्मा सहयोग २) स्तान्तर दायित्व ३) प्रजातन्त्र
४) समानता ५) न्याय र ६) ऐक्यबद्धता

ख) सहकारीको नैतिक मूल्य

अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित सहकारीका नैतिक मूल्य यसप्रकार रहेका छन् ।

१) इमानदारी २) खुलापन
३) सामाजिक उत्तरदायित्व ४) अरूको हेरचाह

सहकारीका सिद्धान्त

अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् १९९५ मा जारी गरेका सिद्धान्त विश्वभरिका सहकारी संघ-संस्थाका लागि मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित भएका छन् । जुन सिद्धान्तलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

(१) स्वेच्छिक तथा खुला सदस्यता :

स्वेच्छिक तथा खुला सदस्यता सहकारीको पहिलो सर्वमान्य सिद्धान्त हो । सहकारी संस्थामा व्यक्ति स्वेच्छाले सदस्य बन्छन् । कुनै पनि व्यक्तिलाई न त कुनै करकाप वा दबाबबाट सदस्य बनाइन्छ न त विभिन्न जातजाति, धर्म, लिंग, वर्ण, पेसा आदिका आधारमा भेदभाव गरी कसैलाई पनि सदस्यता लिनबाट रोक्न र सदस्यता त्याग्न बाध्य परिन्छ ।

(२) प्रजातान्त्रिक नियन्त्रण :

प्रत्येक सहकारी संस्थाका सदस्यमा एक सदस्य एक मतका आधार मा समान मताधिकार हुन्छ र निर्वाचित प्रतिनिधि संगठनप्रति जवाफदेही हुन्छन् । सदस्यहरू नै नीति निर्धारण र निर्णय प्रक्रियामा सक्रिय रूपमा सहभागी हुनु यसको सुन्दर पक्ष हो ।

(३) आर्थिक सहभागिता :

प्रत्येक सदस्यले आर्थिक सहभागिता जनाउनु यसको तेस्रो महत्वपूर्ण सिद्धान्त हो । सहकारी सदस्यको समान सहभागिता र नियन्त्रण रहन्छ । संस्थाले आर्जन गरेको मुनाफामा केही रकम सन्चित कोषमा जम्मा गरी बाँकी रकम सदस्य हित क्षेत्र र लाभांशका रूपमा विनियोजन ।

वितरण गरिन्छ ।

(४) स्वायत्तता र स्वतन्त्रता :

स्वायत्तता र स्वतन्त्रता सहकारी संस्थाको आत्मा हो । सदस्यद्वारा निर्वाचित प्रतिनिधि संस्थाको कारोबार पुँजी संकलन, परिचालन सम्झौता गर्न र नीति निर्माण एवम् निर्णय गर्न पूर्ण रूपमा स्वायत्तता र स्वतन्त्र हुन्छन् ।

(५) शिक्षा तालिम र सूचना :

सहकारीले आफ्ना सदस्य निर्वाचित प्रतिनिधि र कर्मचारीलाई सहकारी शिक्षा र तालिममार्फत सीप, ज्ञान र नेतृत्व विकास गरी सहकारी सञ्चालन गर्ने क्षमता अभिवृद्धि गर्छन् । यसबाट सहकारी विकासमा महत्वपूर्ण योगदान पुग्छ ।

(६) सहकारीबीच पारस्परिक सहयोग :

सहकारी संस्थाबीच पारस्परिक सहयोग हुनु सहकारीको अर्को महत्वपूर्ण सिद्धान्त हो । सहकारी संस्थाबीच समस्या समाधानका लागि आपसमा विचार विमर्श, परामर्श र वित्तीय सहयोग आदान-प्रदान हुने गर्छ । यसबाट सरकारी संस्था मिलेर सामूहिक हितका थुप्रै महत्वपूर्ण कार्म गर्न सक्छन् ।

(७) समुदायप्रति चासो :

सदस्यको सेवा नै सहकारीको मुख्य उद्देश्य हो । हरेक सहकारी ले समुदायप्रति चासो राख्दै आफ्ना कार्यक्रम सञ्चालन गर्छन् । सदस्यद्वारा निर्धारण गरिएका नीतिका आधारमा समुदायको दिगो विकासका लागि सहकारी संस्थाले विभिन्न आर्थिक तथा सामाजिक कार्य र व्यवसाय सञ्चालन गर्छन् ।

सहकारीको महत्व :

नेपालको सन्दर्भमा सहकारी अभियान रोजगारी सिर्जना र गरिबी निवारणका लागि महत्वपूर्ण क्षेत्रका रूपमा स्थापित भएको छ । उही तथ्यलाई दृष्टिगत गर्दै सरकारले सहकारी तथा गरिबी निवारण मन्त्रालय स्थापना गरेर कार्यक्रम अगाडि बढाएको छ । नेपाली समाजमा व्याप्त असमानता, गरिबी र पछौटेपनलाई सहकारी माध्यमबाट हटाउन सकिनेमा कसैको विमति छैन । बचत तथा ऋण सहकारी माध्यमबाट गाउँमा साहु-महाजन, जमिनदार र पुँजीपतिको चर्को ब्याजदरबाट गरिब किसान मुक्त हुन सक्छन् । सहकारीले गरिब किसानलाई साहु-महाजनको चर्को ब्याजबाट मुक्त गर्ने गर्ने मात्र होइन कि उनीहरूलाई सामूहिक रूपमा विभिन्न सीपमूलक, आयमूलक र उत्पादशील व्यवसाय सञ्चालन गर्न आर्थिक सहयोग प्रदान गर्छ । सीप र जाँगर भएर पनि पुँजी अभावमा आफूलाई ज्यालादारी श्रमिकका रूपमा सीमित राखेका ती पौरखी किसानलाई सहकारी वरदान साबित भएको छ । आज आएर सहकारी माध्यमबाट गरिबले पनि बचत गर्न सक्छन् र आफ्नो त्यही बचत परिचालन मार्फत सानातिना इलम र व्यवसाय सञ्चालन गरी आयआर्जन गर्दै जीवनस्तरमा परिवर्तन ल्याउन सक्छन् भन्ने प्रमाणित भएको छ । यदि कसैसँग सीप, जाँगर, क्षमता र इमानदारी छ भने सहकारीमार्फत उसमा अन्तरनिहित क्षमता सदुपयोग गर्नु आजको आवश्यकता हो ।

अन्त्यमा, सहकारी आमरूपमा सदस्य केन्द्रित व्यवसाय हो र नाफामुखी भन्दा पनि सदस्यमुखी हुँदै आफना सदस्यहरूको सामाजिक आर्थिक र सांस्कृतिक हित अभिवृद्धिका लागि क्रियाशील रहन्छ । निजी व्यवसायको नाफाकेन्द्रित प्रकृति र राज्यद्वारा गरिने व्यवसायमा देखिने सुस्ती र घुसखोरी प्रवृत्ति अन्त्य गर्न पनि ती दुवैबीचमा सहकारी व्यवसायको उचित सञ्चालन गर्नु समयको माग हो । सदस्य आफैँ मालिक र सेवाग्राही हुने यो सुन्दर अवधारणामार्फत गाउँ विकासका लागि धेरै कार्य गर्न सकिन्छ । हाम्रो गाउँ विकासका लागि धेरै कार्य गर्न सकिन्छ । हाम्रो गाउँ अमलाचौरको सन्दर्भमा पनि त्यहाँको कृषि क्षेत्र विकासका लागि कृषि सहकारी वित्तीय परिचालनका लागि बचत तथा ऋण सहकारी र सहज उपभोग्य वस्तु वितरणका लागि उपभोक्ता सहकारी र अन्य प्रकृतिका सहकारी संस्था स्थापना र तिनीहरूको समुचित व्यवस्थापनमार्फत सम्बन्धित क्षेत्र विकास र ग्रामीण आवश्यकता परिपूर्ति गर्न सकिन्छ । आज हामीले अरूको मुख ताक्नुभन्दा हामी आफैँ संगठित भएर सहकारीमार्फत हाम्रा समस्या समाधान गर्न केन्द्रित हुनु र स्थानीय श्रम, सीप र साधनलाई सहकारीमार्फत परिचालन गर्दै भविष्यका लागि अगाडि बढ्नु अपरिहार्यजस्तै भएको छ । ❁

प्रशंसात्मक जीवन शैली कसरी अपनाउने ?

शिव शर्मा चापागाई

परिचय :

फूलको आँखामा फूलै संसार

काँडाको आँखामा काँडै संसार

प्रस्तुत गीतमा भनिएझैँ हामीले जस्तो दृष्टिकोण र शैली बनायौँ, त्यस्तै देखिन्छ, भोगिन्छ र अनुभव गरिन्छ । अनि त्यतिमात्र होइन, आफ्नो सारा जीवनशैली नै त्यस्तै बन्छ ।

सकारात्मक आँखाले आफू, आफ्नो परिवेश र सिंगो संसारलाई हेर्ने दृष्टिकोण नै प्रशंसात्मक जीवनशैली हो । प्रशंसात्मक दृष्टिकोण (appreciative inquiry) सामाजिक विकास, संगठन व्यवस्थापन, राजनीतिक प्रणाली, व्यापार, व्यवसाय, मानव जीवनको कुनै पनि पक्षसँग सम्बन्धित यस्तो एउटा चिन्तन पद्धति वा व्यवहार हो, जसले मानवीय शक्ति र सिर्जनालाई उज्ज्वल भविष्यका लागि गरिने परिवर्तन प्रक्रियाका निम्ति स्रोत ठान्छ । व्यक्ति, परिवार, समाज, संगठन वा राज्य जे भए पनि त्यसको उपलब्धि र प्रगतिको आधार नै त्यसभित्र अन्तरनिहित सकारात्मक गुण वा शक्ति नै हो, जसलाई राम्ररी पहिचान, विश्लेषण र अभिवृद्धि गर्ने हो भने अकल्पनीय नतिजा सम्भव बन्न सक्छन् । हाम्रो समाजको हरेक पक्षमा सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन् । हामीले कस्तो चिन्तन गर्छौं ? कसरी विश्लेषण गर्छौं ? कसरी मूल्यांकन गर्छौं भन्नेजस्ता प्रश्नले नै हाम्रा भविष्यका पाइला कतातिर डोरिन्छन् भन्ने प्रश्नको जवाफ दिन सक्छन् । प्रशंसात्मक हेराइ र खोजले मानिसलाई उत्प्रेणा र हौसला दिन्छ । आफूले आफ्नैबारे सोच्ने सबल पक्षको विश्लेषण गर्ने विषयमात्र नभएर मानिस-मानिसबीच हुने अन्तर्क्रियात्मक सम्बन्धको कडीलाई सुदृढ बनाई सहकार्यको सम्भावनालाई विस्तार गर्न पनि अरूप्रति सकारात्मक दृष्टिले हेर्न सक्नुपर्छ । अरूप्रतिको सकारात्मक सोच राख्ने र अरूको प्रशंसा गर्दा आफैँप्रति अरूको सकारात्मक सोच र प्रशंसा प्राप्त हुन्छ । अरूप्रति प्रदर्शन गरिने सकारात्मक भाव नै शान्ति, सद्भाव र सु-सम्बन्धको आधार हो ।

तर आफ्नोबारे र अरूप्रति नकारात्मक मनो विज्ञान राख्ने हो भने मानिस प्रतिशोध, कुण्ठा र आत्मग्लानिको पासोमा फस्न जान्छ । तनाव, झगडा वा द्वन्द्वबाट ग्रसित मानसिकताले मानिसको सिर्जनशीलता र विवेकमाथि अवरोध सिर्जना गर्छ । हामी आफैँले अनुभव गर्न सक्छौँकि यदि कुनै दिन हामी कसैसँग झगडा गर्यौँ भने त्यो दिनभरि नै हाम्रो मनस्थिति असन्तुलित बन्छ । यस्तो असामान्य र विकारयुक्त मनस्थिति हुनु भनेको एकप्रकारले मानिस मानसिक रूपले अस्वस्थ हुनु हो । मानसिक अस्वस्थता क्रमशः शारीरिक अस्वस्थताका कारण बन्न जान्छ । रोगी हुनु भनेको जीवनलाई गुमाउनु हो । अथवा तात्पर्य यो हो कि नकारात्मक सोचको परिणती भनेको जीवनमा प्रगति वा उपलब्धिको अवसर गुमाउनु हो । जसरी अँध्यारोभन्दा उज्यालो सबै लाई मन पर्छ, यसरी नै दुर्बल, नकारात्मक पक्ष वा समस्याभन्दा सबल पक्ष वा सफलताले सबैलाई उत्प्रेरित गर्छ । यसरी के भन्न सकिन्छ भने समस्यालाई केन्द्रबिन्दु बनाएर चिन्तन गर्ने पद्धतिको ठीक विपरीत सबल पक्ष वा सफलतालाई केन्द्रबिन्दु बनाएर सोच विचार वा विश्लेशण गर्ने पद्धतिले जीवनमा नयाँ आशा र गतिको ढोका उघार्छ । प्रशंसनीय दृष्टिकोणले मानिसलाई खुसीमा बाँच्न र काम गर्न सिकाउँछ, टिममा काम गर्दा अरूसँग मिलेर काम गर्न सिकाउँछ, आफू वा आफ्नो संगठनमा के कुरा अभाव छ वा के समस्या छ भन्नेबाट नभई के त्यस्तो गर्व गर्ने विषय छ ? के त्यस्तो क्षमता वा शक्ति छ ? के त्यस्तो खुसी प्रकट गर्ने विषय छ ? भनेर सबल पक्षको खोजी गरी नयाँ योजना र सम्वन्धको जग बनाउन सिकाउँछ

> तनाव, झगडा वा द्वन्द्वबाट ग्रसित मानसिकताले मानिसको सिर्जनशीलता र विवेकमाथि अवरोध सिर्जना गर्छ । हामी आफैँले अनुभव गर्न सक्छौँ कि यदि कुनै दिन हामी कसैसँग झगडा गर्यौँ भने त्यो दिनभरि नै हाम्रो मनस्थिति असन्तुलित बन्छ ।

अतः प्रशंसात्मक शैली र यसको महत्वलाई तलका केही भनाइ तथा युक्तिले अझ बढी स्पष्ट पार्छन् ।

❍असफलताका कारण खोजी गर्नुको सट्टा सफलताका कारण खोजी गर्नु नै प्रशंसात्मक शै लीको प्रमुख लक्ष्य हो । जसले बेखुसी हीनता र अशान्तिभन्दा खुसी, हौसला, उत्साह, प्रोत्साहन र शान्ति सिर्जनामा योगदान गर्छ ।

❍जस्तो प्रश्न त्यस्तै उत्तर । सकारात्मक प्रश्नले सकारात्मक उत्तर ल्याउँछ भने नकारात्मक प्रश्नले नकारात्मक नै उत्तर जन्माउँछ ।

❍यदि हामीले समस्यालाई मात्र खोज्यौँ भने समस्या नै समस्या मात्र देखिन्छ ।

- यदि हामीले सफलतालाई खोजी गऱ्यौं भने सफलता प्राप्त गर्न सकिन्छ ।
- प्रशंसा र सफलताले शान्तिको संस्कृति बढाउँछ भने असफलता र नकारात्मकताले अशान्तिको संस्कृति बढाउँछ ।
- सफलता नै सफलताको आमा हो ।
- हामीले जे खोज्छौं त्यही पाउँछौं ।
- जस्तो कर्म त्यस्तै फल ।
- सकारात्मक शक्तिको गुणन नै नकारात्मक पक्षको घटाउ हो ।
- उज्यालो पाउन उज्यालो नै चाहिन्छ ।

प्रशंसात्मक शैली र सोच विकासका लागि सोधखोज गर्नैपर्ने महत्वपूर्ण कुरा :

- विगतका सफलता ।
- आफूभित्र रहेको क्षमता ।
- क्षमताको अवस्था ।
- आफू अगाडिका अवसर ।
- आफूलाई जीवन दिने शक्ति ।
- आफूलाई स्याहार गर्ने शक्ति ।

निष्कर्ष : जसको मन चिन्ताले ग्रसित हुन्छ ती व्यक्ति राति त सुत्छन् तर तिनलाई शान्तिपूर्वक निद्रा भने लाग्दैन । तिनीहरूमा दिनको अपेक्षा रातमा अधिक शक्ति व्यय हुन्छ । जो मानिस आफूलाई हारिसकेको मान्छ, उसका मनमा तिनै कुराको विचार बढी आउनाले उसको प्रवृत्ति तिनै विचारका अनुसार हुन जान्छ । जो सफलता र विजयको बार-बार विचार गर्छ, उसको मानसिक एवम् कार्यप्रकृति विजयतिरै उन्मुख भइरहे को हुन्छ । आदर्श नै वास्तविकतामा परिणत हुन्छ । यही कुरा प्रत्येक आदर्शको विषयमा लागू हुन्छ । यसरी प्रशंसनीय दृष्टिकोण एवम् शैली मानिस वा संगठनलाई नयाँ आशा र उत्साहसाथ आ-आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्न प्रतिबद्ध बन्नुपर्ने कुरामा जोड दिन्छ । अतः अरूको टीका-टिप्पणी र आलोचना मात्र गर्ने, तिललाई पहाड बनाएर समस्या सिर्जना गर्ने तथा हरेक कुरा लाई नकारात्मक रूपले मात्र हेर्ने प्रवृत्तिलाई निरुत्साहित गरौं । जीवनको अर्को अर्थ भन्नु समस्या होइन, सफलता हुनुपर्छ भन्ने मर्मलाई आत्मसात् गरौं । एउटा सकारात्मक र उत्साही आँखाले अर्को सकारात्मक र उत्साही आँखाको जन्म दिन्छ । त्यसैले पहिले आफूले सकारात्मक आँखाले हेरौं, विश्लेषण गरौं र नकारात्मकताबाट जोगिऔं । त्यसैले सृष्टिका प्रत्येक सिर्जनामा सद्भाव राख्नुहोस् । विगतलाई आदर गरी, वर्तमानमा खुसीसाथ कर्ममा जुटौं र उज्ज्वल भविष्यतर्फ दृष्टि लगाई आशावादी बनौं (respect the past, live in present and look at future) भन्ने मान्यतालाई व्यवहारमा उतारी प्रशंसात्मक जीवनशैली अपनाऔं । ❁

जुत्ता खोइ

कल्पना शर्मा
अमलाचौर -२, पैरे

जुत्ता खोइ जुत्ता
खाली भयो खुट्टा
जुत्ता थियो छालाको
किन्या यसै पालाको ।

खोज्न थाल्या धेरै भो
आखिर गल्ती मेरै भो
हिजो त्यसै फालेँ
आज खोज्न थालेँ ।

जुत्ता गयो कता
थाकी सकेँ म त
जुत्ता बल्ल पाइयो
अब मोजा चाहियो ।

बाबालाई भनूँ भने
पिटाइ खाने डर छ
दश बज्नै लाग्यो
स्कुल जानु पर्छ ।

अर्कै मोजा लगाई
आज स्कुल जान्छु
आजदेखि सबै कुरा
जतन गरी राख्छु ।

विनाशकारी भूकम्प

■ राजन पौडेल

अकल्पनीय कल्पनाको त्यो क्षण कल्पना नगरिएको पनि होइन, बारम्बार भूगर्वविद् र भूकम्पविद्हरुले नेपाल भूकम्पीय जोखिममा छ भन्ने गरेका थिए । तर वास्तविकतामा अर्थात आफ्नै अनुभूतिमा यस्तो भोग्न साह्रै कठिन हुँदोरहेछ । मानिसले आफ्नो जीवनकालमा यतिठूलो बिपत्तिको सामना गर्नुपर्ला भनेर कल्पना पनि गरेको थिएनन् होला । तर भोग्नुपऱ्यो र भोगियो । राजधानी काठमाडौं आसपासमा आठ रेक्टर स्केलसम्मको भूकम्प जान सक्छ भनेर उनीहरु बेला बेलामा सचेत गराउँदै आएका थिए । धेरैजसो यी सचेतना कार्यक्रम राजधानीका तारे होटलहरुमा तथा राजधानी भित्रका केही खुला ठाउँमा माघ २ को आसपासमा सीमित हुन पुगेका थिए । विक्रम संवत् १९९० सालको महाभूकम्प माघ २ मा गएकोले त्यसको धेरै पछि सरकारले माघ २ लाई भूकम्प दिवसको रुपमा मनाउँदै आएको थियो । त्यस दिन नेपालमा पनि औपचारिक कार्यक्रमहरु हुने गरेका छन् । त्यसदिन वास्तवमै त्यस्तो शक्तिशाली भूकम्प आउदा कसरी उद्धार गर्ने र जनधनको क्षतिलाई कसरी कमभन्दा कम गर्ने भनेर उद्धारका अभ्यासहरु पनि नभएका होइनन् । तर ती सबैखाले अभ्यासहरु प्रभावकारी रुपमा हामी गरेका रहेनछौं भन्ने अनुभूति यो वास्तविकताको भोगाइले दियो हामीलाई । यसका साथै भूकम्पको करिब दुई महिनासम्म पनि आधारभूत रुपमै आवश्यक पर्ने खाना र छानाको पनि व्यवस्था गर्न नसकिनुले यी सबै कुरा यतिखेर हामीलाई सिकाएको छ । आम जनता भूकम्पका बारेमा त्यति सचेत भएका थिएनन् । राज्यले भूकम्पबाट हुने क्षति र यसबाट बच्न सक्ने उपायका बारेमा आफ्ना जनतालाई सचेत बनाउने काम अत्यन्तै कममात्र गर्न सक्यो, जसको प्रभावै कम थियो र रहेछ । नत, जनस्तरबाट भूकम्पीय जोखिमबारे जानकार खोज्ने काम गरियो ।

यही बीचमा गत बैशाख १२ गते गोरखाको बारपाक आसपासको इलाकालाई केन्द्रविन्दु बनाएर ७.८ रेक्टरस्केल (सरकारी निकायका बीचमा कति रेक्टरस्केलको भूकम्पबारे फरक फरक धारणा आएका छन् । व्यवस्थापिका-संसद्मा गृहमन्त्रीले ७.६ रेक्टरस्केलको भूकम्प आएको जानकारी गराए भने ७.८ रेक्टरस्केलको भूकम्प आएको पनि जानकारी गराइयो) को भूकम्प गयो । यो भूकम्प १९९० को महाभूकम्पछिको सबैभन्दा ठूलो र सबैभन्दा विनासकारी भूकम्प थियो । १९९० को महाभूकम्पलाई अनुभव गरेका थोरै व्यक्तिमात्र बाँकी रहेका होलान, वर्तमानको पुस्ताले भने त्यो इतिहाससँग तुलना गर्‍यो भूकम्पको क्षतिको मूल्यांकन गर्दै । विनासकारी भूकम्पले गोरखा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा लगायतका क्षेत्रमा ठूलो क्षति पुर्‍यायो । पश्चिममा लमजुङ, तनहुँ, स्याङ्जा, पर्वत, बागलुङ लगायतका जिल्लालाई पनि भूकम्पले अस्तव्यस्त बनायो । भूकम्पछि सयौं पराकम्पन गए र यी पंक्ति तयार पार्दासम्म पनि दिनमा घटीको तीन चार वटा पराकम्पनहरुको महसुह भइ नै रहेको छ । ति मध्ये बैशाख १३ गतको पराकम्पनले सिन्धुपाल्चोक जिल्लालाई क्षतविक्षत बनायो । बैशाख २९ गते गते गएको पराकम्पन (६.८ रेक्टर स्केलको भएकोले यसलाई नयाँ भूकम्प पनि भनिएको थियो र जसको केन्द्रबिन्दु दोलखा थियो) बाट दोलखा र आसपासको क्षेत्र तहसनहस बन्यो । सिन्धुपाल्चोकमा सबैभन्दा ठूलो मानवीय क्षति भयो । काठमाडौं लगायतका अन्य जिल्लामा हजारौं नागरिकको ज्यान गयो । सरकारी तथ्याङ्कका आधारमा मृत्युको पारो नौं हजारको हाराहारिमा पुगेको छ । अझै पनि सयौं नागरिक वेपत्ता भएका छन् । दशौं हजार घाइते भए । दशौंलाख जनता घरबारविहीन भए ।

भूकम्पबाट दशौं खर्बको भौतिक क्षति भयो । सामाजिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक, पर्यटकीय संरचना निमेषभरमै ध्वस्त भए । राष्ट्रको धरोहरका रुपमा लिइएको धराहरा ढल्यो । विश्व सम्पदा सूचिमा सूचिकृत वसन्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ, पशुपतिनाथ, चाँगुनारायण कतै सकुसल रहन पाएनन् । मुख्य पर्यटकीय स्थल रसुवाको लाङ्टाङ् ध्वस्त भयो अब फेरि कहिल्यै उठ्न नसक्ने गरी । नेपाल-चीनबीचको मुख्य व्यापार नाका तातोपानी लिपिङ तहसनसह भयो । भूकम्पछि गएको सुख्खा पहिरोले सिन्धुपाल्चोकको तातोपानी (अरनिको राजमार्ग) र दोलखाको सिंगटी क्षेत्रलाई पुर्‍यो ।

भूकम्पको कम्पन सहन गर्न नसकी सरकारी कार्यालयहरु ध्वस्त भए । हजारौं स्कुल, कलेज भत्किए । सरकारी तथ्यां अनुसार पनि देशभरका करिब ६ हजार ८०० विद्यालयमा पूर्ण वा आंशिक क्षति भएको थियो । दशौं लाख विद्यार्थीको भविष्य नै प्रभावित हुने गरी झण्डै दुई महिना देशभरका स्कुल कलेज बन्द हुनु पर्‍यो । भूकम्प गैसकेपछि सरकारी संयन्त्र ढिलो परिचालन भयो । यद्यपी, राज्यका मुख्य निकाय सुरक्षा फौज भने तत्काल उद्दारमा खटियो । नेपाली

: फेरि भोग्न नपरोस

सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्वतस्फूर्त स्वयंसेवीहरुले उद्दारमा देखाएको सक्रियतालाई हाम्रो पुस्ताले मात्र होइन भोलिको पुस्ताले समेत सधैं सम्झिने छ र इतिहास लेखनमा महत्वपूर्ण सकारात्मक स्थान प्राप्त गर्नेछ ।

उद्दारका लागि छिमेकी मित्रराष्ट्र भारत र चीनले ठूलो सहयोग गरे । भारतले नेपाल हाम्रो मन्त्रिपरिषद् बैठक बस्नु अघि नै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा हेलिकोप्टरसहितको सैन्य सहयोग पठायो । चीनले उद्दारका लागि दक्ष जनशक्तिसहितको चिनिया जनमुक्ति सेना त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा उत्रियो । अमेरिका, जापान, इजरायाल, वेलायत, नर्वे, अष्ट्रेलिया लगायतका देशबाट उद्दारकर्मीहरु काठमाडौंमा उत्रिए । उनीहरुले काठमाडौं लगायत भूकम्पप्रभावित क्षेत्रमा उद्दारमा सक्रिय भूमिका निर्वाह गरे । यद्यपी, कतिपय मुलुकले भने संकटको यही घडीमा पनि नेपालमा खेल्न खोजे । भारतीय वायु सेनाका कतिपय सदस्यहरुले देखाएको व्यवहार यहाँ आलोचित पनि बन्न पुग्यो । उद्दारमा भन्दा उत्तरी नाकामा हेलिकोप्टर घुमाउन खोज्ने र घाइते तथा मृतकको उद्दार गर्नुभन्दा भारतीय संचारकर्मीलाई सयर गराउन खोजेका कारण उनीहरु आलोचित भए । भारतीय संचारमाध्यमले नेपालको बारेमा नकारात्मक समाचार प्रवाह गरेको पनि पाइयो । जसका कारण सामाजिक संजालमा 'इन्डियन मिडिया गो होम' भन्ने जस्ता टिप्पणीहरु भाइरल बन्यो । भारत सरकार स्वयंले नेपालमा आफ्नो सहयोगबारे सोच्न बाध्य भयो । यही बीचमा अमेरिकी सेनाको यौटा हेलिकोप्टर दोलखामा दुर्घटना भयो । ६ जना अमेरिकी सेना, २ जना नेपाली सेना र कम्तिमा ५ जना दोलखाका घाइतेको निधन भयो । त्यसको केही दिनमै दोलखामै उद्दार गरेर फकिएको माउन्टेन एयरको हेलिकोप्टर दुर्घटना भयो । चालकदलका सदस्यसहित चार जनाको मृत्यु भयो ।

भूकम्पले ठूलो विनास निम्त्यायो । तर, भूकम्पपछि आम नेपालीमा ठूलो भावनात्मक एकता पनि कायम गर्दियो । पछिल्ला केही वर्ष देखि नेपाली नेपालीमा क्षयीकरण हुँदै गएको हार्दिकता, भातृत्व र बन्धुन्त्वको भावना एकहदसम्म रोकियो । एकले अर्कालाई सहयोग गर्ने अभूतपूर्व क्षमताको प्रदर्शन भयो । पहाड र हिमाललाई दुःख पर्दा मधेशले सहयोग गर्‍यो । दोलखामा कर्णालीका सहयोगी स्वयंसेवी खटिए, सिन्धुपाल्चोकलाई सहयोग गर्न झापा मोरङ, सिराह, सप्तरी का युवा आए । भूकम्पले क्षति नपुऱ्याएका जिल्लाका सहयोगीहरु भूकम्प प्रभावित क्षेत्रमा पुगे । उद्दार र राहतमा मात्र होइन उनीहरु पुनर्निर्माणमा जुटे । सबैको पहिलो ध्यान भत्किएका र चर्किएका स्कुलमा पर्‍यो ।

दशौं लाख विद्यार्थीको भविष्य अन्यौलमा भएको बेलामा अस्थायी भएपनि सही पालमै भए पनि सही, बोराले बेरिएको भएपनि सही स्कुल बने । अहिले तिनै स्कुल, कलेजमा पठनपाठन सुरु भएको छ । भूकम्पले विशेषतः स्कुले विद्यार्थीमा परेको असरलाई कम गर्न बाल मनोवैज्ञानलाई ध्यान दिँदै स्कुलहरु सुचारु भएका छन् । आशा गर्न सकिन्छ, केही दिनमै सबै स्कुल कलेजहरु खुल्नेछन् र हाम्रा भाइबहिनीले पढ्न पाउनेछन् ।

भूकम्पपछि अर्को अचम्मैलाग्दो दृश्य नेपाली राजनीतिमा पनि देखिएको छ । एकवर्षमा संविधान दिने गरी २०६५ सालमा वाचा गरेका राजनीतिक दलहरुले आठ वर्ष पुग्न थाल्दा पनि संविधान त के जनतालाई सम्बोधन गर्ने कुनै पनि सकारात्मक काम गर्न सकेनन् । संविधानसभाबाट संविधान बनाउने भन्दै पहिलो संविधानसभाले चारवर्ष त्यसै गुजार्‍यो । दोस्रो संविधानसभा भएको एकवर्षभित्र पनि संविधान बनेन बरु राजनीतिक दलहरु संविधानसभाभित्रै मारा मुड्गी गर्दै एकअर्का दलका नेतालाई व्यक्तिगत गालिगलौजमा उत्रिए । परन्तु, बैशाख १२ को विनासकारी भूकम्पपछिका दृश्य एकाएक बदलिए । मन कुँडाएका राजनीतिक दलका नेताहरु एउटै मञ्चमा देखा परे । भूकम्प प्रभावित क्षेत्रमा सँगसँगै पुगे र राहत र उद्दारका लागि आफ्ना नेता कार्यकर्तालाई सँगसँगै परिचालन समेत गरे । राष्ट्रिय विपत्तिलाई सामना गर्न फुटेर होइन जुटेर जानुपर्छ भन्ने सन्देश जनतालाई दिन सफल भए र अन्ततः आठवर्षदेखि उल्झनमा परेको संविधान लेखनको गतिहिन कामलाई एकाएक गतिशिल बनाउन सफल भए । दलहरुबीच देखिएको यो एकता कतिसमयसम्म टिक्छ ? के देशको पुनर्निर्माण, नवनिर्माणको चरणमा समेत दलहरु एकभएर जान सक्छन्, जनताले सावधानीपूर्वक खबरदारी भने गर्न जरुरी देखिएको छ। यसबाट के बिपत्तिबाट नेताले सिकेका हुन त भन्ने प्रश्न पनि उठ्यो नै । जे भएपनि हाम्रो पुस्ताले भोगेको भूकम्पको कहर भोलिको पुस्ताले भोग्न नपरोस भन्ने हामी कामना गर्नुपर्छ । तर, भूकम्प स्वयंमा विनाशक नभएको हुँदा मानव निर्मित संरचनालाई भूकम्पीय क्षतिबाट जोगाउने मुख्य दायित्व भने हामी स्वयंको हो । यसतर्फ सबै सचेत बन्न आवश्यक छ । अन्त्यमा यतिखेर पुननिर्माणमा लागेका हामीले मानिस मार्ने भूकम्पले नभई हामीले नै बनाएका घरले हो, हामीले नै निर्माण गरेका संरचनाले हो भन्ने कुरा बुझ्नु जरुरी छ । यो बिपत्तिबाट हामीले भोलिको निर्माणलाई बलियो बनाउनु पर्दछ ।

विद्यालय गतिविधि

अवकास र पदस्थापना

श्री पृथ्वी मावि अमलाचौरका प्रधानाध्यापक श्री ईश्वरीप्रसाद ढकालले अनिवार्य अवकास लिनुभएको छ ।

ढकाललाई गत जेठ २४ गते विद्यालयमा एक कार्यक्रमको आयोजना गरी विदाई गरिएको छ। प्रधानाध्यापक ढकाललाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भविदत्त पन्तले दोसल्ला ओढाएर विदाई गर्नुभएको छ । दशकौं अघिदेखि अध्यायन पेशा गर्दैआउनुभएका ढकालले पृथ्वी उच्च मावि अमलाचौरमा डेढदशकभन्दा बढी समयसम्म प्रधानाध्यापक भएर सेवा गर्नुभएको छ ।

ढकाल अनिवार्य अवकाशमा गएपछि विद्यालयका मावि तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक श्री प्रेमप्रसाद चापागाईंले प्रधानध्यापकको जिम्मेवारी सम्हाल्नुभएको छ। सोही कार्यक्रममा ढकालले नवनियुक्त प्रधानाध्यापक चापागाईंलाई कार्यभार हस्तान्तरण गर्नुभयो । उहाँले आफ्नो जिम्मामा रहेका सम्पूर्ण नगद जिन्सी सामानहरु पनि नवनियुक्त प्रधानाध्यापक चापागाईंलाई बुझाउनुभएको थियो ।



"तमसोमा ज्योतिर्गमय"

पृथ्वी उच्च माध्यमिक विद्यालय

Prithivi Higher Secondary School

अमलाचौर, बागलुङ, नेपाल

Amalachaur, Baglung, Nepal

पत्र संख्या/Let No ७६

चलानी नम्बर/Ref No ९२

स्था: २०७७/०२/२३

मिति(Date): २०७२/०२/२३

श्री प्रेम प्रसाद चापागाई
मा.वि. शिक्षक
पृथ्वी उच्च माध्यमिक विद्यालय,अमलचौर
सिट रो.न. ५९५१

विषय : नि. प्र.अ. पदमा नियुक्ति गरिएको ।

उपर्युक्त विषयमा जिल्ला शिक्षा कार्यालय बागलुङको च.न. २८४१ मिति २०७२/०२/२२ को पत्रानुसार यस पृथ्वी उ.मा.वि.का प्र.अ. श्री ईश्वरी प्रसाद शर्मा ढकाल शिक्षा सेवा आयोग नियमावली २०५९(संशोधन सहित) नियम १३१ उपनियम १ बमोजिम मिति २०७२/०२/२४ गतेदेखि अनिवार्य अवकाश भै रिक्त हुन आउने प्र.अ. पदमा विद्यालय व्यवस्थापन समितिको मिति २०७०/१०/३० को निर्णय अनुसार यसै विद्यालयका मा.वि. स्थायी जेष्ठ शिक्षक श्री प्रेम प्रसाद चापागाईंलाई विद्यालय सञ्चालन गर्नको लागि नि.प्र.अ./प्राचार्य दिने भन्ने भए अनुसार तपाईंलाई विद्यालयको नगदी जिन्सी बरुझारुम गर्नु गरि नि.प्र.अ./प्राचार्य पदमा नियुक्ति गरिएको छ । शिक्षा ऐन नियमको परिधि भित्र रही विद्यालयको सम्पूर्ण कामकाज सुचारु रुपले सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ ।

प्र.अ. पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ ।

२०७२/२/२३
ईश्वरी प्रसाद शर्मा ढकाल
प्रधानाध्यापक

बोधार्थ :
श्री जिल्ला शिक्षा कार्यालय,बागलुङ
प्र.अ. पदको नियुक्ति समर्थन गरिदिनुहुन ।

गुणस्तरीय शिक्षाका लागि बालमैत्री कक्षा व्यवस्थापन तथा प्रभावकारी शिक्षण सिकाई कार्यशाला

पृथ्वी उच्च माध्यमिक विद्यालय अमलाचौरमा अध्यापनरत शिक्षकलाई व्यवहारिक र सीपयुक्त शिक्षणमार्फत गुणस्तरीय तालिमको अवसर उपलब्ध भएको छ ।

पोखरामा क्रियाशील चिल्ड्रेन नेपालको सहयोगमा तीन दिवसीय तालिमको सम्पन्न भएको हो । प्राथमिक तहमा अध्यापनरत शिक्षकहरूका लागि केन्द्रित रहेर सञ्चालन गरिएको उक्त तालिम व्यक्तिगत र सामूहिक रूपमा कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक सामग्रीहरू निर्माणमा अभ्यासको यौटा सिर्जना थियो । सहभागी शिक्षकहरूले कागत, कैंची र गमसँग खेल्दै विभिन्न कलाका माध्यमबाट आँफै सिंगार्ने र आफ्ना विद्यार्थीहरुलाई प्रयोग गर्ने मौका दिन प्रतिवद्धतासमेत जाहेर गरे ।

विद्यालयमा बालमैत्री वातावरण भएमा बालबालिकाले चाँडो सिक्ने, लेख्दा र पढ्दा मानसिक तनाव कम हुने, नीति नियम निर्माण र तिनको निरन्तरको पालनाले धैर्य हुने, आफ्नो पालो कुर्ने जस्ता राम्रा पक्षहरू विकास गराउन सकिने उद्देश्यले नै तालिमको आयो जना गरिएको थियो ।

जब बालबालिकामा यस्ता सीपहरुको विकास हुन्छ तब मात्र बालबालिकाहरु अनुशासित, जिम्मेवार र स्वाबलम्वी बनी प्रगति गर्न

सक्दछन् भन्नेमा सहभागी शिक्षकहरू सहमत भएको कुरा व्यक्त गरेका थिए ।

सहभागीहरूलाई पाठ्यपुस्तकमा आधारित बालमैत्री तथा प्रभावकारी शिक्षणका तरिका/विधिहरू सिक्ने र अभ्यास गर्ने अवसर प्रदान गर्ने र सहभागीहरूसँग अन्तरनिहीत ज्ञानलाई प्रष्फुटन गराई बालकेन्द्रित शिक्षण तथा कक्षा व्यवस्थापनका लागि प्रयोग गरिने सामाग्रीहरूको निर्माण तथा प्रयोगसम्बन्धी सिर्जनात्मक ज्ञान, सीप विकास गर्ने अवसर प्रदान गर्ने उद्देश्यले तालिम संचालन गरिएको थियो ।

२०७१ फागुन २१ गतेदेखि २३ गतेसम्म स्कुलमा संचालित तालिममा स्कुलका सबै शिक्षक तथा फिडर विद्यालयका एक एक जना शिक्षक सहभागी रहेका थिए । सहभागीलाई चिल्ड्रेन नेपालका सहजकर्ता दिपक रोका, कृष्ण पौडेल र दुमनाथ शर्माले तालिम दिनुभएको थियो ।

तालिमका शिक्षा शिक्षणसम्बन्धित विभिन्न शिक्षण कला गतिविधि र गणितीय खेल, कविता वाचन आदि संचालन गरिएको थियो । सहजकर्ताहरुले अडियो, भिडियो र स्थानीयस्तरमा पाईने सामाग्रीलाई प्रयोग गरेका थिए । तालिमले समुदायस्तरमा शिक्षाको पहूँच बढाउन र शिक्षालाई बालबालिकाका लागि उमेर सुहाउँदो, क्षमतानुसार रमाइलो र विद्यालय जाऔँ-जाऔँ भन्ने बनाउन सहयोगी भूमिका निर्वाह गरेको छ ।

तालिम बाल मैत्रि कक्षा संचालनका लागि उपयोगी हुने विश्वास

गरिएको छ । त्यसो त, बालमैत्री विद्यालय विकासको अवधारणा एक हो । यस अवधारणाले विद्यालयको न्यूनतम र अपेक्षित मापदण्ड के-के हुन् ? र, विद्यालय विकासमा क-कसको कस्तो भूमिका खेल्ने भन्ने कुरा निर्दिष्ट समेत गरिएको छ । यस्ता कार्यहरूबाट अभिभावकले बालबालिकाको पढाइप्रति चासो राख्ने र समुदायले समेत विद्यालय विकासमा महत्वपूर्ण भूमिका खेल्ने आशा राखिएको छ ।

भीमनाथ स्मृति पुस्तकालय : अध्ययन केन्द्र बन्ने अपेक्षा

पृथ्वी उच्च मावि अमलाचौरमा शिक्षक, विद्यार्थी र अभिभावकको पढ्ने बानीको विकास होस भन्ने उद्देश्यका भीमनाथ स्मृति पुस्तकालय खोलिएको छ ।

विद्यालय सञ्चालक समितिका भूतपूर्व अध्यक्ष एवं समाजसेवी स्वर्गीय भीमनाथ शर्माको स्मृतिमा उहाँका छोरा दक्ष पौडेलले पुस्तकालय स्थापना गर्नुभएको हो । पुस्तकालयमा स्कुले विद्यार्थी र शिक्षकलाई आवश्यक पर्ने सन्दर्भसामाग्रीदेखि विविध विधाका पुस्तकहरू राखिएको छ ।

कम्युनिटी बेसमा शिक्षा प्राप्त होस भनेर स्कुलको मातहतमा रहने गरी पुस्तकालय स्थापना गरेको पुस्तकालयका संस्थापक दक्ष पौडेलले बताउनुभयो । पुस्तकालयमा नियमित रुपमा पत्रपत्रिका पनि आउने गर्छन् । ९ लाख ४७ हजार खर्च गरेर २०६२ सालमा स्थापना गरिएको पुस्तकालयमा स्थापनाकालमै २ लाख ५० हजार रुपैयाँका विभिन्न पुस्तक राखिएको थियो । क्रमशः पुस्तकहरू थप्दै गएको संस्थापक पौडेलले जानकारी दिनुभयो । विद्यालयको मातहतमा रहने गरी विद्यालय हातामै स्थापना गरिएको भवनको भुईंतलामा रहेका तीनवटा सटरबाट उठ्ने भाडाले पुस्तकालय संचालन गरिएको छ ।

त्यसो त, पुस्तकालयलाई ज्ञानको भण्डार र खुला विश्वविद्यालय

समेत भनिन्छ । पुस्तक प्रयोग गरेरै संसारमा धेरै व्यक्तित्वहरू सफल भएका छन् । यसकारणले पुस्तकालयलाई एउटा माध्यम मानिन्छ । अमलाचौर अहिले आफैमा पनि शैक्षिक जनशक्तिको उर्बरा भूमि भएको छ । यो ठाउँमा खोलिएको पुस्तकालयलाई थप व्यवस्थित बनाउँदै सबैले पढ्न मिल्ने वातावरण बन्ने अपेक्षा गरिएको छ ।

पृथ्वी उच्च मा.वि. अमलाचौरबाट एस.एल.सी. पास गर्ने विद्यार्थीहरूको विवरण:-

२०४४

सि.नं.	नाम
१.	पूर्णानन्द शर्मा
२.	खगेश्वर शर्मा पौडेल
३.	पुष्पकमल पौडेल
४.	हिरादेवी शर्मा
५.	गंगादेवी पौडेल
६.	धर्मकुमारी ढकाल
७.	नन्दा शर्मा
८.	ताराप्रसाद चापागाईं
९.	खड्कबहादुर खड्का
१०.	हेमबहादुर केसी
११.	तेजेन्द्रबहादुर नेपाली
१२.	लिलाधर शर्मा
१३.	महेश्वर लामिछाने

२०४५

क्र.म	विद्यार्थीको नाम
१.	मणिरत्न शर्मा
२.	धनवहादुर परियार
३.	प्रेमप्रसाद रेग्मी
४.	तेजुराम वि.क.
५.	चूडामणि गौतम
६.	कृष्णप्रसाद ढकाल
७.	तेजराज चापागाई
८.	टीकाबहादुर चापागाई
९.	रामबहादुर गौतम
१०.	प्रेमलाल गौतम
११.	हेमबहादुर पौडेल
१२.	भुमिराज शर्मा

२०४६

क्र.म	विद्यार्थीको नाम
१.	गोविन्द शर्मा ढकाल
२.	गीतादेवी शर्मा
३.	बालकृष्ण गायक
४.	जगतबहादुर पाठक
५.	खगेश्वर पौडेल
६.	लक्ष्मी देवी शर्मा
७.	विष्णु देवी शर्मा
८.	लेखबहादुर हरिजन
९.	भविन्द्र के.सी.
१०.	हेमराज अधिकारी
११.	चन्द्रबहादुर खत्री
१२.	गोविन्द्रप्रसाद शर्मा
१३.	डोलेन्द्र ढकाल
१४.	सावित्रा कुमारी पौडेल
१५.	कृष्ण कुमारी शर्मा
१६.	कृष्णप्रसाद पौडेल
१७.	अप्सरा देवी पौडेल
१८.	मुक्तिराम आचार्य
१९.	मुक्तिनाथ शर्मा
२०.	कोपिलामणि ढकाल
२१.	रमाकान्त शर्मा
२२.	कृष्णप्रसाद शर्मा
२३.	खेमनाथ शर्मा
२४.	सूर्यप्रसाद ढकाल
२५.	मोहराज शर्मा
२६.	खड्कबहादुर भेटाल झड्क)

२०४७

क्र.म	विद्यार्थीको नाम
१.	मणिरत्न पौडेल
२.	कमलबहहादुर पाठक
३.	सुनिता शर्मा
४.	महेन्द्रप्रसाद पौडेल
५.	शारदा शर्मा
६.	हेमराज ढकाल
७.	विश्वबहादुर खड्का
८.	कुलप्रसाद चापागाई
९.	भगवानप्रसाद रेग्मी
१०.	गोकुलबहादुर गन्भर्व
११.	दीनानाथ पौडेल
१२.	वेदनाथ शर्मा
१३.	गङ्गाप्रसाद पौडेल
१४.	सूर्यप्रसाद पाठक
१५.	दक्षदेवी शर्मा
१६.	भुपेन्द्रप्रसाद पाठक
१७.	हेमराज पौडेल
१८.	यजेन्द्र पौडेल
१९.	तुलाराम पौडेल
२०.	विष्णुप्रसाद घिमिरे
२१.	नन्दलाल ढकाल

२२.	पार्वती शर्मा
२३.	थानेश्वर पौडेल
२४.	टेकप्रसाद ढकाल
२५.	एकराज पाठक
२६.	मनिराज परियार
२७.	तुलसीराम शर्मा
२८.	तारा देवी शर्मा
२९.	होमप्रसाद शर्मा
३०.	दिलिप पौडेल
३१.	चित्राकुमारी पौडेल
३२.	छविकला शर्मा
३३.	श्यामप्रसाद पौडेल
३४.	हिरादेवी शर्मा
३५.	लिलावती शर्मा
३६.	कृष्णप्रसाद शर्मा चपाई
३७.	कमला ढकाल

२०४८

क्र.म	विद्यार्थीको नाम
१.	हेमराज पौडेल
२.	उषा देवी शर्मा
३.	डिल्लीप्रसाद आचार्य
४.	मोतिलाल शर्मा
५.	बुद्धि पौडेल
६.	अनन्तप्रसाद आचार्य
७.	तेजनाथ शर्मा
८.	नारायणप्रसाद ढकाल
९.	गङ्गालाल वि.क.
१०.	रविन्द्र वि.क.
११.	चमत्कार पौडेल
१२.	निलप्रसाद शर्मा
१३.	मेघानाथ शर्मा
१४.	टुकनाथ घिमिरे

२०४९

क्र.म	विद्यार्थीको नाम
१.	कृष्णप्रसाद शर्मा
२.	सन्तोषकुमार शर्मा
३.	प्रेमप्रसाद शर्मा
४.	देवबहादुर गन्धर्व
५.	हेमबहादुर गन्धर्व
६.	मुरारीप्रसाद शर्मा
७.	कृष्णप्रसाद शर्मा
८.	खेमराज पाठक
९.	कल्पना शर्मा
१०.	वेदनिधि ढकाल
११.	चक्रपाणि पौडेल
१२.	दधिराम पौडेल
१३.	भवानीप्रसाद ढकाल
१४.	ज्ञानेन्द्र ढकाल
१५.	नारायणप्रसाद शर्मा
१६.	देवराज पौडेल
१७.	रामकृष्ण पोखरेल
१८.	रञ्जना शर्मा
१९.	याम कुमारी भेटाल
२०.	नारायणप्रसाद ढकाल
२१.	शर्मिला पौडेल
२२.	शेरबहादुर हमाल
२३.	तीर्थराज शर्मा

२०५०

क्र.म	विद्यार्थीको नाम
१.	बाबुराम पौडेल
२.	बासुदेव वि.क
३.	देवराज शर्मा
४.	इन्दु शर्मा
५.	कृष्ण पौडेल
६.	लिलाबहादुर वि.क
७.	महेन्द्र पौडेल
८.	मानबहादुर खत्री
९.	नारायणप्रसाद चापागाई
१०.	नारायणप्रसाद ढकाल
११.	तारादेवी बोहरा
१२.	ठगराज ढकाल
१३.	बलराम पौडेल
१४.	दुर्गाप्रसाद शर्मा
१५.	खगेश्वर पौडेल
१६.	रामचन्द्र पौडेल
१७.	खेमराज ढकाल
१८.	लक्ष्मीदत्त पाठक
१९.	माधव शर्मा
२०.	लक्ष्मी शर्मा
२१.	चिरञ्जिवी पौडेल
२२.	देवीकला शर्मा
२३.	ज्ञानेन्द्र पौडेल
२४.	तुलसीराम चापागाई
२५.	कोपिला देवी शर्मा
२६.	गीता देवी शर्मा
२७.	एकराज गौतम

२०५१

क्र.म	विद्यार्थीको नाम
१.	बद्रीनाथ गौतम
२.	पुष्पा आचार्य
३.	रोहित क्षेत्री
४.	रुद्रा देवी शर्मा
५.	गोविन्दबहादुर पौडल
६.	नारायणप्रसाद पौडेल
७.	रामप्रसाद चापागाई
८.	सावित्रा देवी शर्मा

९.	यदुनाथ शर्मा
१०.	योगेश ढकाल
११.	भद्रबहादुर पाठक
१२.	विमलप्रकाश नेपाली
१३.	सुमनबहादुर विश्वकर्मा
१४.	यादव शर्मा
१५.	सरस्वती शर्मा
१६.	घनश्याम पाठक
१७.	सूर्यकुमार समुन्द्रिया
१८.	चिन्तामणी अधिकारी
१९.	महेश्वरप्रसाद ढकाल

२०५२

क्र.म	विद्यार्थीको नाम
१.	दिपेन्द्र ढकाल
२.	हेरम्ब शर्मा
३.	झलक शर्मा ढकाल
४.	खगेन्द्र भेटाल
५.	लक्ष्मी देवी शर्मा
६.	प्रकाश शर्मा ढकाल
७.	रामबहादुर वि.क
८.	भूपेन्द्रप्रसाद पाठक
९.	भूमाकला शर्मा
१०.	दिपेन्द्र के.सी
११.	गंगा देवी खड्का
१२.	गंगा शर्मा
१३.	गोवन्द्रप्रसाद पौडेल
१४.	शोभा देवी शर्मा
१५.	रोशनी शर्मा

२०५३

क्र.म	विद्यार्थीको नाम
१.	भिमबहादुर जि.सी
२.	विनोदकुमार गन्धर्व
३.	देवप्रकाश घिमिरे
४.	दिनेश अधिकारी
५.	कमला देवी शर्मा
६.	गोविन्द वि.क
७.	केदारनाथ आचार्य
८.	शिवप्रसाद आचार्य
९.	सुरेन्द्र शर्मा ढकाल
१०.	इन्दिरा शर्मा
११.	जगन्नाथ पौडेल
१२.	विन्दु शर्मा
१३.	चन्द्रकला सापकोटा
१४.	महेन्द्र पौडेल
१५.	मातृकाप्रसाद शर्मा
१६.	नन्दलाल पोखरेल
१७.	पुष्पामणी शर्मा
१८.	तारानाथ आचार्य
१९.	टिका देवी शर्मा
२०.	यादव राज शर्मा
२१.	गंगा देवी शर्मा

२०५४

क्र.म	विद्यार्थीको नाम
१.	देवेन्द्रबहादुर कार्की क्षेत्री
२.	डिल्लीप्रसाद शर्मा
३.	गणेशप्रसाद शर्मा
४.	हिरोहिट पौडेल
५.	कल्पना हमाल
६.	कमला आचार्य
७.	कुमार हमाल
८.	नेत्रप्रसाद पौडेल
९.	प्रकाशचन्द्र पौडेल
१०.	पूर्णप्रसाद पोखरेल
११.	सरोजकुमार सुनार
१२.	सुरजकुमार समुन्द्रिया
१३.	सूर्यलाल वि.क.
१४.	दामोदर ढकाल
१५.	दिपक चपाई
१६.	होमनाथ शर्मा
१७.	लक्ष्मी देवी अधिकारी
१८.	नवराज पौडेल
१९.	पुष्पारानी शर्मा
२०.	देवेन्द्रप्रसाद आचार्य
२१.	कमला देवी शर्मा
२२.	नारायणप्रसाद पौडेल
२३.	प्रेमबहादुर परियाल
२४.	साजना के.सी
२५.	भिमप्रसाद ढकाल
२६.	रामप्रसाद शर्मा
२७.	समिक्षा शर्मा
२८.	बलबहादुर बोहोरा
२९.	भूमाकला शर्मा
३०.	भूमिश्वर पौडेल
३१.	विष्णु पौडेल
३२.	दयाराम पौडेल
३३.	दुर्गा देवी शर्मा
३४.	गंगा देवी शर्मा
३५.	जगन्नाथ चपाई
३६.	कमला देवी शर्मा
३७.	खगराज शर्मा
३८.	किरण परियार
३९.	पार्वती देवी भेटाल
४०.	सविन समुन्द्रिया
४१.	सम्झना क्षेत्री
४२.	सरस्वती शर्मा
४३.	शर्मिला शर्मा
४४.	सिता हमाल

४५.	सुजता शर्मा
४६.	गोपालप्रसाद पौडेल
४७.	लिलाबहादुर वि.क
४८.	पार्वती देवी शर्मा
४९.	प्रेमप्रसाद शर्मा
५०.	सिता देवी शर्मा
५१.	धनपति पाठक
५२.	लक्ष्मी शर्मा
५३.	प्रमोद आचार्य
५४.	संगीता शर्मा
५५.	सुशीला देवी रोका
५६.	दिपेन्द्र शर्मा

२०५५

क्र.म.	विद्यार्थीको नाम
१.	अर्जुन ढकाल
२.	विष्णुप्रसाद चापागाई
३.	चक्रपाणी शर्मा
४.	ध्रुवराज ढकाल
५.	ईश्वरी शर्मा
६.	कृष्णप्रसाद चापागाई
७.	मार्तण्ड शर्मा
८.	मिना कुमारी चापागाई
९.	मित्रप्रसाद शर्मा
१०.	रामचन्द्र के.सी.
११.	सरस्वती के.सी
१२.	सिर्जना शर्मा
१३.	साजन पौडेल
१४.	रविन्द्र ढकाल
१५.	देवराज ढकाल
१६.	दिपक परियार
१७.	हिरा देवी शर्मा
१८.	जगदिश ढकाल
१९.	जमुना पौडेल
२०.	रमेश ढकाल
२१.	सीता देवी शर्मा
२२.	ढाकाराम शर्मा
२३.	भगवती घिमिरे
२४.	भगवती शर्मा
२५.	विष्णु देवी आचार्य
२६.	भिमबहादुर मल्ल
२७.	चन्द्रबहादुर नेपाली
२८.	दुर्गाप्रसाद शर्मा
२९.	गंगा देवी शर्मा
३०.	कल्पना पाठक
३१.	लक्ष्मी देवी भेटाल
३२.	मञ्जु आचार्य
३३.	निमा कुमारी शर्मा
३४.	नन्दकली शर्मा
३५.	पदमनाथ शर्मा
३६.	राजेन्द्र पाठक
३७.	रामप्रसाद चापागाई
३८.	क्रषिराम शर्मा
३९.	रेशमप्रसाद ढकाल
४०	शारदा देवी ढकाल
४१.	शारदा देवी शर्मा
४२.	सिर्जना आचार्य
४३.	सिता देवी शर्मा
४४.	भवानी पौडेल
४५.	यसोदा शर्मा

२०५६

क्र.म.	विद्यार्थीको नाम
१.	विन्दु देवी शर्मा
२.	देवेन्द्र भेटाल
३.	गणेश चापागाई
४.	लक्ष्मण पौडेल
५.	लिलाप्रसाद शर्मा
६.	नारायण पौडेल
७.	शारदा शर्मा
८.	शिव प्रसाद गौतम
९.	तेजेन्द्र अधिकारी
१०.	तेजेन्द्र सुनार
११.	तिलक आचार्य
१२.	टुकनाथ शर्मा
१३.	भगवती परियार
१४.	कृष्णप्रसाद शर्मा
१५.	लक्ष्मी लामिछाने
१६.	राजु ढकाल
१७.	अम्बिका देवी शर्मा
१८.	वेदप्रसाद आचार्य
१९.	विष्णुदेवी शर्मा
२०.	गंगा देवी पौडेल
२१.	गिता देवी शर्मा
२२.	गोविन्द शर्मा आचार्य
२३.	गोमा ढकाल
२४.	जमुना देवी पौडेल
२५.	केदार चापागाई
२६.	खगेन्द्रप्रसाद ढकाल
२७.	कोपिलामणी ढकाल
२८.	कृष्णप्रसाद लामिछाने
२९.	माया देवी शर्मा
३०.	मिना देवी शर्मा
३१.	पवित्रा शर्मा
३२.	पार्वती ढकाल
३३.	रामप्रसाद शर्मा
३४.	रविचन्द्र आचार्य
३५.	सरस्वती ढकाल उपाध्यय
३६.	सावित्रा शर्मा
३७.	शशिधर पौडेल

३८.	सिता परियार
३९.	टीका देवी शर्मा
४०.	सविना ढकाल
४१.	विष्णु कुमारी के.सी.
४२.	मिना शर्मा
४३.	यशोदा पाण्डे
४४.	हरि भेटाल
४५.	हरिप्रसाद पौडेल
४६.	पुष्पराज शर्मा
४७.	सरस्वती शर्मा
४८.	सावित्री ढकाल
४९.	कला देवी ढकाल
५०.	किरण आचार्य

२०५७

क्र.म.	विद्यार्थीको नाम
१.	गिता वि.सी
२.	गोपाल चापागाई
३	मिना के.सी
४.	सरिता शर्मा
५.	अर्जुन घिमिरे
६.	दण्डपानी पाठक
७.	देवी पाठक
८.	दिपेन्द्र पौडेल
९.	कल्पना शर्मा
१०.	कमला देवी शर्मा
११.	खगेन्द्र के.सी
१२.	मिना देवी शर्मा
१३.	ओमप्रकाश पौडेल
१४.	पार्वती शर्मा
१५.	रामप्रसाद शर्मा
१६.	भूमा देवी शर्मा
१७.	दिल कुमारी शर्मा
१८.	गणेशबहादुर थापा
१९.	गिता देवी शर्मा
२०.	लक्ष्मी शर्मा ढकाल
२१.	मञ्जु परियार
२२	पूर्णबहादुर परियार
२३.	सिता पाठक
२४.	ताराराज पौडेल
२५.	सीता देवी शर्मा
२६.	अम्बिका पन्त
२७.	खगेन्द्र भेटाल
२८.	अमृत चापागाई
२९.	बलराम शर्मा
३०.	एकराज चापागाई
३१.	गणेश पौडेल
३२.	हरिप्रसाद चापागाई
३३.	कृष्णप्रसाद चापागाई
३४.	नवराज ढकाल
३५.	प्रकाश लामिछाने
३६.	राजेन्द्र पौडेल
३७.	रामबहादुर के.सी.
३८.	विष्णु रेग्मी
३९.	पार्वती पौडेल
४०.	राजु शर्मा
४१.	विन्दु ढकाल
४२.	गीता ढकाल
४३	गुमा देवी शर्मा

२०५८

क्र.म.	विद्यार्थीको नाम
१.	घनश्याम शर्मा
२.	गोपाल शर्मा
३.	मिनाबहादुर के.सी
४.	प्रकाश पौडेल
५.	राजेन्द्र रिजाल
६.	राजु शर्मा चापागाई
७.	राम रेग्मी
८.	सन्जीव पौडेल
९.	लक्ष्मी देवी ढकाल
१०.	सुमित्रा ढकाल
११.	नवराज पन्त
१२.	रामबहादर नेपाली
१३.	शान्ति देवी शर्मा
१४.	धर्मराज चपाई
१५.	दुगा देवी पौडेल
१६.	गीता देवी चापागाई
१७.	लक्ष्मी पाठक
१८.	सवित्रा देवी ढकाल
१९.	सीता शर्मा
२०.	तेजेन्द्रप्रसाद ढकाल
२१.	यशोदा देवी ढकाल
२२.	दुर्गा देवी शर्मा
२३.	शान्ति देवी शर्मा
२४.	यमकला शर्मा

२०५९

क्र.म.	विद्यार्थीको नाम
१.	हरिप्रसाद शर्मा
२.	किरणचन्द्र ढकाल
३.	महेन्द्रप्रसाद पौडेल
४.	राजेन्द्रबहादुर क्षेत्री
५.	राम पौडेल
६.	रमेश पाठक
७.	तोयनाथ शर्मा
८.	लक्ष्मी रिजाल
९.	लक्ष्मी देवी शर्मा
१०.	सोमन छन्त्याल
११.	अन्जना शर्मा

१२.	विन्दु के.सी
१३.	धर्मराज शर्मा
१४.	दुर्गा देवी ढकाल
१५.	गजेन्द्रबहादुर भेटाल
१६.	कमला देवी शर्मा
१७.	लक्ष्मी उपाध्याय
१८.	सुशिला देवी शर्मा
१९.	रामप्रसाद चापागाई
२०.	योगेश वि.क.
२१.	गीता शर्मा
२२.	कान्ता देवी शर्मा
२३.	नरिश्वर आचार्य
२४.	नवराज पौडेल
२५.	टीका क्षेत्री
२६.	उमेश आचार्य
२७.	देवी रिजाल

२०६०

क्र.म.	विद्यार्थीको नाम
१.	अम्बिका आचार्य
२.	अञ्जु देवी शर्मा
३.	विष्णु देवी शर्मा
४.	दिला देवी ढकाल
५.	गीता वि.क
६.	जमुना शर्मा
७.	राजेन्द्र खड्का
८.	सिता देवी पौडेल
९.	विकास के.सी
१०.	दिपक शर्मा
११.	कमला देवी शर्मा
१२.	खगराज आचार्य
१३.	माधव चापागाई
१४.	महेन्द्र खड्का
१५.	नविन आचार्य
१६.	प्रेमप्रसाद शर्मा पौडेल
१७.	राजु चापागाई
१८.	रमेश पौडेल
१९.	सिर्जना पाठक
२०.	विश्व रोका
२१.	धनबहादुर चापागाई
२२.	लक्ष्मण परियार
२३.	देवी माया शर्मा
२४.	दुर्गा देवी रेग्मी
२५.	गीता देवी शर्मा
२६.	गोमादेवी चपाई
२७.	गोमा देवी रोका
२८.	हर्कबहादुर गन्धर्व
२९.	हिरा देवी पौडेल
३०.	ईश्वरीप्रसाद ढकाल
३१.	झलक आचार्य
३२.	खोमनाथ अधिकारी
३३.	लक्ष्मी आचार्य
३४.	लक्ष्मी देवी शर्मा
३५.	मेनका शर्मा
३६.	मिना देवी पौडेल
३७.	मुक्तिश्वर शर्मा
३८.	पुष्पा देवी शर्मा
३९.	राधा देवी ढकाल
४०.	रुद्रबहादुर नेपाली
४१.	सीता पाठक
४२.	सुनिता शर्मा
४३.	टिकाराम नेपाली
४४.	भिमप्रसाद पौडेल
४५.	भोजराज ढकाल
४६.	विष्णु चापागाई
४७.	दिपेन्द्र पाठक
४८.	दुर्गा देवी शर्मा
४९.	एकराज लामिछाने
५०.	गणेशबहादुर नेपाली
५१.	गंगाबहादुर नेपाली
५२.	गुमा देवी शर्मा
५३.	गुमा गौतम
५४.	हेमबहादुर वि.क.
५५ .	इन्द्रबहादर नेपाली
५६.	कमला देवी शर्मा
५७.	कमला पौडेल
५८.	कमलप्रसाद ढकाल
५९.	कृष्ण पौडेल
६०.	कुलराज पौडेल
६१.	निर्मला ढकाल
६२.	फणिन्द्र चापागाई
६३.	प्रकाश पौडेल
६४.	राजन लामिछाने
६५.	राजन पाठक
६६.	सिता समुन्द्रिया
६७.	सुनिता शर्मा
६८.	अर्जुन पौडेल
६९.	भक्रबहादुर हमाल
७०.	देवेन्द्र भेटाल
७१.	ज्ञानेन्द्र वि.क.
७२.	केशव पौडेल
७३.	खगेश्वर वि.क.
७४.	राजु पौडेल
७५.	शारदा वि.क.
७६.	टंकनाथ पौडेल
७७.	कृष्ण पौडेल
७८.	महेन्द्र पौडेल
७९.	शान्ति देवी शर्मा
८०.	बद्रिमणि शर्मा
८१.	बलबहादुर वि.क
८२.	बालिका देवी लामिछाने
८३.	भगवती शर्मा

८४.	विरेन्द्र कार्की
८५.	देउरुपा शर्मा
८६.	धनकाली पौडेल
८७.	दिपक ढकाल
८८.	कमला अधिकारी
८९.	खिमा देवी ढकाल
९०.	माया देवी शर्मा
९१.	निर्मला देवी शर्मा
९२.	पवित्रा देवी पौडेल
९३.	पुष्पा देवी शर्मा
९४.	राजु आचार्य
९५.	सावित्री देवी पौडेल
९६.	शारदा देवी ढकाल
९७.	सरिता देवी उपाध्याय
९८.	टिका देवी शर्मा
९९	गोविन्दप्रसाद पौडेल

२०६१

क्र.म.	विद्यार्थीको नाम
१.	विन्दु शर्मा
२.	चमत्कार पौडेल
३.	हेम व. वि.क
४.	लिला देवी घिमिरे
५.	दीपक चापागाई
६.	दीपकराज पौडेल
७.	कुमार खड्का
८.	रविना शर्मा
९.	राजु रेग्मी
१०.	रेशमप्रसाद पन्त
११.	सुभाष पौडेल
१२.	युवकराज पौडेल
१३.	भुवन विश्वकर्मा
१४.	विन्दु देवी शर्मा
१५.	दीपक शर्मा
१६.	धिरेन्द्रराज ढकाल
१७.	दीपक आचार्य
१८.	गंगा देवी शर्मा
१९.	
२०.	हेमराज शर्मा
२१.	हिरा देवी घिमिरे
२२.	कमलप्रसाद ढकाल
२३.	कौशिला देवी ढकाल
२४.	खड्काबहादुर वि.क
२५.	किरण ढकाल
२६.	लक्ष्मी देवी शर्मा
२७.	लक्ष्मी देवी शर्मा
२८.	लक्ष्मीकान्त जैसी
२९.	लखनाथ शर्मा
३०.	मेघराज शर्मा
३१.	पार्वती घिमिरे
३२.	प्रेम लामिछाने
३३.	पुष्प कुमारी चापागाई
३४.	राजेन्द्र लामिछाने
३५.	षडानन्द पौडेल
३६.	शंकर शर्मा
३७.	दीपेन्द्र के. सी.
३८.	गंगा देवी चापागाई
३९.	हरिप्रसाद पाठक
४०.	निर्मला हमाल
४१.	शारदा पन्त
४२.	सृजना आचार्य
४३.	सूर्यलाल वि.क.
४४.	तुलबहादुर. नेपाली
४५.	चूडामणी शर्मा
४६.	शिव बहादुर अखेली

२०६२

क्र.म.	विद्यार्थीको नाम
१.	गीता प्रसाद शर्मा
२.	राजेन्द्र ढकाल
३.	राजु चापागाई
४.	शिव के.सी.
५.	सुरेन्द ढकाल
६.	टीका राम रिजाल
७.	भूमिश्वर शर्मा
८.	विष्णुमाया शर्मा
९.	छायादत्त शर्मा
१० .	दक्षुदेवी शर्मा
११.	दीपकराज चापागाई
१२	हिमालप्रसाद चापागाई
१३.	खगेश्वरप्रसाद पौडेल
१४.	प्रेमप्रसाद ढकाल
१५.	सीमा देवी के.सी.
१६.	शालिग्राम चापागाई
१७.	सुन्दर लामिछाने
१८.	सुरेश परियार
१९.	तारा अधिकारी
२०.	टीकाबहादुर.परियार
२१.	तोकबहादुर.नेपाली
२२.	टुकानाथ लामिछाने
२३.	विमला देवी शर्मा
२४.	तिलक शर्मा
२५.	तुलसीप्रसाद शर्मा
२६.	बद्रीनाथ पौडेल
२७.	दिनराज पौडेल
२८.	गणेशप्रसाद पौडेल
२९.	गुरुप्रसाद पौडेल
३०.	कमला पौडेल
३१.	कोपिल देवी शर्मा
३२.	कोपिला रेग्मी
३३.	लक्ष्मी देवी शर्मा

३४.	लिला अधिकारी
३५.	नवकान्त ढकाल
३६.	प्रकाश रेग्मी
३७.	सन्तोष के.सी
३८.	शान्ति देवी शर्मा
३९.	शारदा शर्मा
४०.	तेजेन्द्र शर्मा
४१.	टीका देवी शर्मा
४२.	
४३.	दीपक आचार्य
४४.	गुमा देवी शर्मा
४५.	पार्वती देवी शर्मा
५६.	रीता देवी ढकाल
४७.	प्रकाश वि.क.
४८.	शशीधर विश्वकर्मा
४९.	सूर्यप्रसाद पाठक

२०६३

क्र.म.	विद्यार्थीको नाम
१.	आशिष पौडेल
२.	विनोद ढकाल
३.	विनोद शर्मा
४.	विष्णुप्रसाद पोखरेल
५.	कृष्ण पौडेल
६.	कृष्णप्रसाद आचार्य
७.	प्रकाश परियार
८.	भीमाकला शर्मा
९.	विकास नेपाली
१०.	विन्दु देवी शर्मा
११.	विनोद पाठक
१२.	विष्णु कुमारी शर्मा
१३.	चन्द्रा देवी शर्मा
१४.	दीपक पौडेल
१५.	देवी कला शर्मा
१६.	दीपक सुनार
१७.	गणेश शर्मा
१८.	गीता देवी पौडेल
१९.	केदार चापागाई
२०.	कृष्णबहादुर.नेपाली
२१.	लक्ष्मी शर्मा
२२.	महेन्द्र वि.क.
२३.	माया देवी शर्मा
२४.	मिरा देवी शर्मा
२५.	निर्मला देवी चापागाई
२६.	निशा देवी शर्मा
२७.	राजन पौडेल
२८.	राजु सुनार
२९.	रीता देवी शर्मा
३०.	सविता शर्मा
३१.	सविता शर्मा
३२.	सावित्रा पाठक
३३.	सावित्री शर्मा
३४.	सागर ढकाल
३५.	सम्झना के.सी.
३६.	सरस्वती आचार्य
३७.	शान्ती आचार्य
३८.	शान्ती देवी शर्मा
३९.	शान्ती शर्मा
४०.	शान्ती शर्मा
४१.	सन्तोष पौडेल
४२.	शारदा गौतम
४३.	शर्मिला देवी शर्मा
४४.	शर्मिला शर्मा
४५.	शषबहादुर वि.क
४६.	सीता देवी शर्मा
४७.	सीता शर्मा
४८.	सुमित्रा देवी वि.क
४९.	सूर्य अधिकारी
५०.	सुशिला देवी शर्मा
५१.	तारा देवी शर्मा
५२.	तुलसी देवी शर्मा
५३.	उषा देवी शर्मा
५४.	उषा देवी शर्मा
४५.	भुमा देवी शर्मा
४६.	विमला हमाल
४७.	विष्णु देवी लामिछाने
४८.	चन्द्रमा आचार्य
४९.	चेतराम अधिकारी
५०.	दीपा शर्मा
५१.	गणेश पौडेल
५२.	गोपाल गायक
५३.	हिरा देवी शर्मा
५४.	होम कला सुनार
५५.	इन्दिरा शर्मा
५६.	इन्दु देवी ढकाल
५७.	ईश्वर रिजाल
५८.	जगन्नाथ चापागाई
५९.	जमुना चापागाई
६०.	जमुना शर्मा
६१.	कमल चापागाई
६२.	कमल चुँदारा
६३.	कमला शर्मा
६४.	खगेश्वर पौडेल
६५.	कृतिनाथ आचार्य
६६.	लक्ष्मी देवी वि.क.
६७.	मिना कुमारी वि.क.
६८.	नारायण आचार्य
६९.	नारायण पौडेल
७०.	पदमकली शर्मा
७१.	पार्वती देवी शर्मा
७२.	पर्वती शर्मा

७३.	राजु वि.क.
७४.	रीता देवी शर्मा
७५.	रीता गायक
७६.	सविता शर्मा
७७.	सागर आचार्य
७८.	शान्ति देवी वि.क.
७९.	शान्ति देवी शर्मा
८०.	शारदा वि.क.
८१.	शारदा पाठक
८२.	शर्मिला वि.क.
८३.	शिवबहादुर परियाल
८४.	सोभाखर पौडेल
८६.	सिर्जना देवी शर्मा
८८.	सीता देवी रेग्मी
८९.	सीता जैसी
९०.	
९१.	सुनिता शर्मा
९२.	सुनिता शर्मा
९३.	सूर्य परियार
४८.	सुरेन्द्र विश्वकर्मा
९४.	टंकनाथ रेग्मी
९५.	अमृतप्रसाद पौडेल
९६.	दुर्गा चापागाई
९७.	हरी देवी शर्मा
९८.	इन्द्रा देवी शर्मा
९९.	कमला देवी शर्मा
१००.	कृष्णप्रसाद शर्मा
१०१.	मिना कुमारी वि.क.
१०२.	नन्दबहादुर नेपाली
१०३.	निर्मला शर्मा
१०४.	रीता देवी लामिछाने
१०५.	सरस्वती देवी पौडेल
१०६.	सावित्री शर्मा
१०७.	शान्ति देवी ढकाल
१०८.	सीता देवी शर्मा
१०९.	तारा देवी गायक
११०.	तारा गायक

२०६४

क.म.	विद्यार्थीको नाम
१.	अर्जुन लामिछाने
२.	दिपेन्द्र शर्मा
३.	गंगाप्रसाद रेग्मी
४.	गीता देवी शर्मा
५.	गोपीकृष्ण लामिछाने
६.	जगतबहादुर वि.क
७.	कृष्ण पौडेल
८.	कृष्ण पौडेल
९.	नवीन पौडेल
१०.	निलाम्वर आचार्य
११.	सरस्वती शर्मा
१२.	अमृता के.सी.
१३.	अनिता लामिछाने
१४.	अरुण ढकाल
१५.	बद्री चापागाई
१६.	वसन्तकुमार गायक
१७.	भगवती शर्मा
१८.	भोजेन्द्र चापागाई
१९.	भूमिश्वर शर्मा
२०.	विदुर नेपाली
२१.	विमला देवी शर्मा
२२.	विमला पाठक
२३.	विनोद पौडेल
२४.	विन्दु देवी शर्मा
२५.	विरेन्द्र वि.क.
२६.	विष्णु देवी वि.क.
२७.	विष्णु देवी शर्मा
२८.	विष्णुप्रसाद पन्त
२९.	विश्वराज ढकाल
३०.	बुद्धिराम सुनार
३१.	देवी शर्मा
३२.	दिनेश शर्मा पौडेल
३३.	दुर्गाबहादुर वि.क.
३४.	दुर्गा देवी अखेली
३५.	दुर्गा देवी लामिछाने
३६.	हेमराज वि.क
३७.	हिमा देवी शर्मा
३८.	इन्दिरा देवी शर्मा
३९.	कल्पना घिमीरे
४०.	कल्पना शर्मा
४१.	कल्पना शर्मा
४२.	खगेश्वरी शर्मा
४३.	खिमा देवी पाठक
४४.	कृष्णबहादुर अखेली
४५.	किसान वि.क.
४६.	लक्ष्मी देवी चापागाई
४७.	मञ्जु शर्मा
४८.	नमुना देवी शर्मा
४९.	नरबहादुर हमाल
५०.	नवराज पाठक
५१.	पार्वती वि.क.
५२.	पार्वती परियार
५३.	राजु शर्मा
५४.	रामबहादुर. नेपाली
५५.	रमेश नेपाली
५६.	रमेश परियार
५७.	रेखा शर्मा
५८.	सविना लामिछाने
५९.	शारदा देवी शर्मा
६०.	सन्तोष लामिछाने
६१.	सन्तोष परियार

६२.	सन्तोष पौडेल
६३.	सन्तोष शर्मा
६४.	सरिता वि.क.
६५.	सरिता खड्का
६६.	शान्ति वि.क.
६७.	सरिता देवी शर्मा
६८.	सिर्जना देवी शर्मा
६९.	सुवाष ढकाल
७०.	सुगम लामिछाने
७१.	सुनिता पौडेल
७२.	सुरेश पौडेल
७३.	तेज कुमारी चापागाई
७४.	यामबहादुर हमाल
७५.	उषा लामिछाने
७६.	पार्वती देवी शर्मा
७७.	प्रकाश पौडेल
७८.	रीता देवी शर्मा
७९.	हिरा कुमारी हमाल
८०.	कृष्णप्रसाद शर्मा
८१.	खेमनाथ हमाल
८२.	रामुराज आचार्य
८३.	सिर्जना शर्मा
८४.	सविता शर्मा
८५.	अमृता वि.क.
८६.	अरुणा शर्मा
८७.	विष्णु घिमिरे
८८.	विष्णुदेवी शर्मा
८९.	चन्द्रमा आचार्य
९०	चन्द्रा परियार
९१.	देवी भेटाल
९२.	देवी कला शर्मा
९३.	धन कुमारी शर्मा
९४.	दुर्गा देवी शर्मा
९५.	धन कुमारी हमाल
९६.	दीपक ढकाल
९७.	गंगा देवी नेपाली
९८.	गंगा देवी शर्मा
९९.	गणेश अधिकारी
१००.	गुमा देवी ढकाल
१०१.	हरिप्रसाद पौडेल
१०२.	हेमराज वि.क
१०३.	कल्पना देवी वि.क
१०४.	कविराज नेपाली
१०५.	कृष्णबहादुर भेटाल
१०६.	किशोर आचार्य
१०७.	मिना देवी शर्मा
१०८.	मिना देवी शर्मा
१०९.	ओजिरा मिया
११०.	प्रेमबहादुर परियार
१११.	रीता नेपाली
११२.	सुमित्रा देवी शर्मा
११३.	सरिता देवी शर्मा
११४.	सुनिता देवी शर्मा
११५.	सावित्रा पौडेल
११६.	एकराज चापागाई
११७.	वसन्ती गायक

२०६५

क.म	विद्यार्थीको नाम
१.	विपिन आचार्य
२.	दलबहादुर अखेली
३.	दिपेन्द्र गायक
४.	इन्दु शर्मा
५.	लक्ष्मी शर्मा
६.	महेन्द्र ढकाल
७.	नविन ढकाल
८.	राजन हमाल
९.	रोशन चापागाईं
१०.	सागर रेग्मी
११.	सीता देवी शर्मा
१२.	सुरज पौडेल
१३.	अम्बिका लक्ष्मी लामिछाने
१४.	अप्सरा बिक
१५.	भगवती ढकाल
